पनौती नगरपालिका
काभ्रेपलाञ्चोक

# पनौती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**पनौती, काभ्रेपलाञ्चोक**
**३ नं. प्रदेश, नेपाल**


चैत्र, २०७७

## पनौती नगरपालिकाको ५ बर्षे बृहत्तर (एकिकृत) बिकास योजना

## Preparation of 5 Years Comprehensive (Integrated) Development Plan of Panauti Municipality

## (२०७७/२०७८-२०८१/२०८२)

# अन्तिम प्रतिवेदन




**परामर्शदाता :**

**ब्राईट फ्यूचर इन्टरनेशनल प्रा. लि.**
ठेगाना: का.म.पा. १०, मध्य-बानेश्वर, काठमाडौँ, नेपाल
सम्पर्क नं.: +९७७-०१-५१७२०७८, मोबाइल नं.: ९८५१०९७३३०/ ९८५१०६३१७७७७
ईमेल : bf.international2012@gmail.com
बेबसाईट : www.bfinepal.com

| | |
|---|---|
| दस्तावेजः | **पनौती नगरपालिकाको ५ बर्षे बृहत्तर (एकिकृत) विकास योजना (२०७७/२०७८-२०८१/२०८२)**<br>**Preparation of 5 Years Comprehensive (Integrated) Development Plan of Panauti Municipality (2077/78-2081/82)** |
| **प्रस्तावकः** | **पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,**<br>ठेगानाः पनौती, कार्भेपलाउञ्चोक, ३ नं. प्रदेश, नेपाल<br>सम्पर्क नं. ०११-४४०१३६/ ४४०१३८<br>ईमेल : info@panautimun.gov.np<br>बेबसाईट : http://www.**panauti**mun.gov.np |
| परामर्शदाताः | **ब्राईट फ्यूचर इन्टरनेशनल प्रा. लि.**<br>ठेगानाः का.म.पा. १०, मध्य-बानेश्वर, काठमाडौँ, नेपाल<br>सम्पर्क नं.: +९७७-०१-५१७२०७८, मोबाइल नं.: ९८५१०९७३३०/ ९८५१०६३१७७७७<br>ईमेल : bf.international2012@gmail.com<br>बेबसाईट : www.bfinepal.com |

# पनौती नगरपालिकाको ५ बर्षे बृहत्तर (एकिकृत) विकास योजना
# (२०७७/२०७८-२०८१/२०८२)

# अन्तिम प्रतिवेदन

स्विकृत गर्ने:

## पनौती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पनौति, कार्भेपलाञ्चोक, प्रदेश नं. ३
## २०७७

तयारी गर्ने:

## ब्राइट फ्यूचर इन्टरनेशनल प्रा. लि.
ठेगाना: का.म.पा. १०, मध्ये-बानेश्वर, काठमाडौँ, नेपाल

# पनौती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## पनौति, कार्भेपलाञ्चोक, प्रदेश नं. ३

## प्रकाशकीय

धन्यवाद ।।।

**भीम प्रसाद न्यौपाने**
नगर प्रमुख

# पनौती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### पनौति, कार्भेपलाञ्चोक, प्रदेश नं. ३

## मन्तव्य

धन्यवाद ॥

**गीता बञ्जरा**
नगर उप-प्रमुख

# पनौती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### पनौति, काभ्रेपलाञ्चोक, प्रदेश नं. ३

## दुई शब्द

धन्यवाद ॥।

**राम प्रसाद वाग्ले**
प्रमुख प्रशासकीय अधिकृत

# बिषय सूची

बिषय सूची ........ क
तालिका सूची ........ झ
चित्र सूची ........ ढ
अध्याय एक (१): भूमिका ........ १
१.१. पृष्ठभूमि ........ १
१.२. अध्ययनको उद्देश्य ........ २
१.३. अध्ययनको सीमा ........ २
१.४. कार्यविधि ........ ३
१.४.१ पूर्व तयारी बैठक ........ ४
१.४.२ तथ्याङ्क सङ्कलन ........ ५
१.४.२.१ द्वितीय तहको तथ्याङ्क सङ्कलन ........ ५
१.४.२.२ प्राथमिक तहका तथ्याङ्क सङ्कलन ........ ५
१.४.२.२.१ वडास्तरीय तथ्याङ्क सङ्कलन ........ ५
१.४.२.२.२ वडास्तरीय स्थलगत सर्वेक्षण ........ ६
१.४.२.२.३ नगरस्तरीय छलफल कार्यक्रम ........ ८
१.४.२.२.४ मुख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ता ........ ८
१.४.३ तथ्याङ्क अध्ययन तथा विश्लेषण ........ ९
अध्याय दुई (२): पनौती नगरपालिकाको विकासका अवधारणा तथा प्रयास ........ १०
२.१. परिचय ........ १०
२.२. स्थानीय तह विकास योजना र कानुनी प्रावधान ........ १०
२.३. पनौती नगरपालिकाको विकासका प्रमुख सभावना, समस्या तथा चुनौतीहरू ........ १३
२.३.१ पनौती नगरपालिका विकासका प्रमुख सम्भावनाहरू ........ १४
२.३.१.१ विकासका सम्भावनाहरू ........ १४
२.३.१.२ पनौती नगरपालिका विकासका प्रमुख सवाल तथा समस्याहरू ........ २४
२.३.२ पनौती नगरपालिकाको विगतका वार्षिक नीति तथा कार्यक्रम समीक्षा ........ २६
२.३.२.१ विगत वार्षिक योजनाको सबल पक्षहरू ........ २६
२.३.३.२ विगत वार्षिक योजनाको दुर्बल पक्षहरू ........ २७
२.४. पनौती नगरपालिका विकासको दीर्घकालीन सोच ........ २७
२.५. पनौती नगरपालिकाको विकासका निर्देशक सिद्धान्त ........ २८
२.६. अन्तर-पालिका तथा नगरपालिका सम्बन्ध ........ २९
२.७. बृहत्तर (एकीकृत) बिकास योजना र अन्य योजनाबीच अन्तरसम्बन्ध ........ २९
२.८. नगरपालिकाको विकासको समष्टिगत लक्ष्य ........ ३०
२.९. स्रोत तथा बजेट परिचालन रणनीति ........ ३१
अध्याय तिन (३): साहित्यको समीक्षा ........ ३३
३.१. अन्तराष्ट्रिय अवस्थाहरुको समिक्षा ........ ३३

३.१.१ दक्षिण अफ्रिका ............................................................ ३३
३.१.२ रोमानिया ............................................................ ३३
३.२. योजनाको पद्धती तथा बिधिको समिक्षा ............................................................ ३४
३.२.१ नगरपालिको विकासको लागि भिजनको रूपमा योजना ............................................................ ३४
३.२.२ केन्द्र र परिधिको वरीपरिमा लिंक: अगाडि-पछाडिको लिङ्कहरू ............................................................ ३५
३.२.३ बस्ती र बजार बीचको सामान र सेवाहरूको प्रवाह ............................................................ ३५
३.३. भवन निर्माण संहिताको समिक्षा ............................................................ ३६
३.३.१ काठमाडौं उपत्यकाको भवन विर्माण संहिता ............................................................ ३६
३.४. विधान , नीति, कानुन र मार्गनिर्देशनहरूको समीक्षा ............................................................ ३७
३.४.१ दसौं योजना ............................................................ ३८
३.४.२ त्रीवर्षीय आवधिक योजना ............................................................ ३९
३.४.३ तेह्रौं योजना ............................................................ ३९
३.४.४ चौंधौं विकास योजना ............................................................ ३९
३.४.५ राष्ट्रिय यातायात नीति, २०५७ ............................................................ ४१
३.४.६ राष्ट्रिय शहरी नीति, २००७ ............................................................ ४१
३.४.७ नगर विकास ऐन, १९८८ ............................................................ ४१
३.४.८ स्थानीय स्व प्रशासन ऐन, १९९९ ............................................................ ४१
३.४.९ राष्ट्रीय भू-उपयोग नीति, २०६९ ............................................................ ४२
३.४.१० व्यापार योजना, २०७१ ............................................................ ४२
३.४.११ राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ............................................................ ४२
३.४.१२ नेपालको एकीकृत शहरी विकास योजनाको लागि निर्माण संहिता, २०७४ ............................................................ ४३
३.४.१३ पर्यटन नीति, २०६५ ............................................................ ४३
३.४.१४ राष्ट्रिय औद्योगिक नीति, २०५७ ............................................................ ४३
३.४.१५ राष्ट्रिय कृषि नीति, २०६० ............................................................ ४३
३.४.१६ योजनाको मापदण्ड र स्तर, २०७० ............................................................ ४४
३.५. विकास योजनाका प्रयत्नहरुको समीक्षा ............................................................ ४४
३.५.१ राजबिराज, सप्तरी जिल्ला ............................................................ ४४
३.५.२ पोखरा, कास्की जिल्ला ............................................................ ४५
३.५.३ बिरेन्द्रनगर, सुर्खेत जिल्ला ............................................................ ४६
३.६. पुर्व योजनाको प्रभावहरू ............................................................ ४७
३.७. सेटलमेंट योजना, शहरी योजना, भवन निर्माण निर्देशिकाहरूको समिक्षा, २०७१ ............................................................ ४९
३.८. भवन निर्माण मोडेल संहिता, शहरी विकास मन्त्रालय, २०७१ ............................................................ ५१
३.९. नेपाल, समावेशी शहरहरूः घनिष्ठ समुदायहरू, शहरी विकास मन्त्रालय, २०७१ ............................................................ ५१
३.१०. राष्ट्रिय आवास योजना, २०७१ ............................................................ ५२
३.११. शहरी विकासः विशेष झलक- विश्व ह्विबटाट दिवस, २०६३ ............................................................ ५३
३.१२. खारेज गर्नः पाठ सिक्न ............................................................ ५३
अध्याय चार (४): पनौती नगरपालिकाको वस्तुगत स्थिति ............................................................ ५५
४.१. पनौती नगरपालिकाको नामकरण तथा ऐतिहासिकता ............................................................ ५५

४.२. भौगोलिक अवस्थिति ..... ५८
४.३. प्रशासनिक विभाजन ..... ६२
४.४. जनसांख्किय बिबरण..... ६४
४.४.१ मुख्य बस्तीहरु तथा घरधुरी ..... ६४
४.४.२ जनघनत्व..... ६४
४.४.३ जनसंख्याको प्रक्षेपण ..... ६५
४.४.४ जातजातिका आधारमा जनसंख्या..... ६६
४.४.५ बसाँईसराई..... ६७
४.४.६ खानेपानीको स्रोत ..... ६७
४.४.७ ईन्धनको प्रयोगको आधारमा घरधुरी ..... ६८
४.४.८ बत्ती प्रयोगको आधारमा घरपरिवार विवरण..... ६९
४.५. वन क्षेत्र ..... ७०
४.६. पनौती नगरपालिकामा भएका शैक्षिक संस्था ..... ७०
४.७. पनौती नगरपालिकामा भएका स्वास्थ्य संस्था..... ७३
४.८. पनौती नगरपालिकाको भू-उपयोग अवस्था ..... ७४
४.८.१ पनौती नगरपालिका, वडा नं १ को भू-उपयोग अवस्था..... ७५
४.८.२ पनौती नगरपालिका, वडा नं २ को भू(उपयोग अवस्था ..... ७६
४.८.३ पनौती नगरपालिका, वडा नं ३ को भू-उपयोग अवस्था..... ७७
४.८.४ पनौती नगरपालिका, वडा नं ४ को भू-उपयोग अवस्था..... ७८
४.८.५ पनौती नगरपालिका, वडा नं ५ को भू-उपयोग अवस्था..... ७९
४.८.६ पनौती नगरपालिका, वडा नं ६ को भू-उपयोग अवस्था..... ८०
४.८.७ पनौती नगरपालिका, वडा नं ७ को भू-उपयोग अवस्था..... ८१
४.८.८ पनौती नगरपालिका, वडा नं ८ को भू-उपयोग अवस्था..... ८२
४.८.९ पनौती नगरपालिका, वडा नं ९ को भू-उपयोग अवस्था..... ८३
४.८.१० पनौती नगरपालिका, वडा नं १० को भू-उपयोग अवस्था..... ८४
४.८.११ पनौती नगरपालिका, वडा नं ११ को भू-उपयोग अवस्था..... ८५
४.८.१२ पनौती नगरपालिका, वडा नं १२ को भू-उपयोग अवस्था..... ८६
४.९. पनौती नगरपालिकामा सडक संजाल..... ८७
४.१०. मानव विकास सूचकांक ..... ९४
अध्याय पाँच (५): विकास योजना ..... ९६
५.१. भौतिक विकास योजना..... ९६
५.१.१ यातायात तथा सडक विकास योजना..... ९६
५.१.१.१ पृष्ठभूमि..... ९६
५.१.१.२ अवसर ..... ९७
५.१.१.३ चुनौती ..... ९८
५.१.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि..... ९८
५.१.१.४.१ सोच..... ९८
५.१.१.४.२ लक्ष्य..... ९८

५.१.१.४.३ उद्देश्यहरु ......... ९८
५.१.१.४.४ रणनीतिहरु ......... ९८
५.१.१.४.५ कार्यनीतिहरु ......... ९९
५.१.१.४.६ प्रमुख कार्यक्रमहरु ......... १००
५.१.१.४.७ अपेक्षित उपलब्धिहरु ......... १०३
५.१.२ बस्ती (जग्गा) विकास योजना ......... १०४
५.१.२.१ पृष्ठभूमि ......... १०४
५.१.२.२ अवसर ......... १०५
५.१.२.३ चुनौती ......... १०५
५.१.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि ......... १०६
५.१.२.४.१ सोच ......... १०६
५.१.२.४.२ लक्ष्य ......... १०६
५.१.२.४.३ उद्देश्यहरु ......... १०६
५.१.२.४.४ रणनीतिहरु ......... १०६
५.१.२.४.५ कार्यनीतिहरु ......... १०६
५.१.२.४.६ प्रमुख कार्यक्रमहरु ......... १०७
५.१.२.४.७ अपेक्षित उपलब्धिहरु ......... १०८
५.१.३ सिँचाई योजना ......... १०८
५.१.३.१ पृष्ठभूमि ......... १०९
५.१.३.२ अवसर ......... १०९
५.१.३.३ चुनौती ......... १०९
५.१.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि ......... ११०
५.१.३.४.१ सोच ......... ११०
५.१.३.४.२ लक्ष्य ......... ११०
५.१.३.४.३ उद्देश्यहरु ......... ११०
५.१.३.४.४ रणनीतिहरु ......... ११०
५.१.३.४.५ कार्यनीतिहरु ......... ११०
५.१.३.४.६ प्रमुख कार्यक्रमहरु ......... १११
५.१.३.४.७ अपेक्षित उपलब्धिहरु ......... ११२
५.२. आर्थिक विकास योजना ......... ११३
५.२.१ कृषि तथा पशुपालन विकास योजना ......... ११४
५.२.१.१ पृष्ठभूमि ......... ११४
५.२.१.२ अवसर ......... ११५
५.२.१.३ चुनौती ......... ११६
५.२.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि ......... ११७
५.२.१.४.१ सोच ......... ११७
५.२.१.४.२ लक्ष्य ......... ११७
५.२.१.४.३ उद्देश्यहरु ......... ११७

५.२.१.४.४ रणनीतिहरु......................................................................................११७
५.२.१.४.५ कार्यनीतिहरु....................................................................................११७
५.२.१.४.६ प्रमुख कार्यक्रमहरु...........................................................................११९
५.२.१.४.७ अपेक्षित उपलब्धिहरु........................................................................१२१
५.२.२ पर्यटन विकास योजना ..........................................................................१२२
५.२.२.१ पृष्ठभूमि.......................................................................................१२२
५.२.२.२ अवसर ..........................................................................................१२३
५.२.२.३ चुनौती ..........................................................................................१२४
५.२.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि.............................१२५
५.२.२.४.१ सोच..........................................................................................१२५
५.२.२.४.२ लक्ष्य.........................................................................................१२५
५.२.२.४.३ उद्देश्यहरु....................................................................................१२५
४.२.२.४.४ रणनीतिहरु..................................................................................१२५
५.२.२.४.५ कार्यनीतिहरु................................................................................१२६
५.२.२.४.६ प्रमुख कार्यक्रमहरु ........................................................................१२८
५.२.२.४.७ अपेक्षित उपलब्धिहरु.....................................................................१३१
५.३. सामाजिक विकास योजना..........................................................................१३२
५.३.१ शिक्षा विकास योजना ............................................................................१३२
५.३.१.१ पृष्ठभूमि.......................................................................................१३२
५.३.१.२ अवसर ..........................................................................................१३३
५.३.१.३ चुनौती ..........................................................................................१३४
५.३.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि.............................१३५
५.३.१.४.१ सोच..........................................................................................१३५
५.३.१.४.२ लक्ष्य.........................................................................................१३५
५.३.१.४.३ उद्देश्यहरु....................................................................................१३५
५.३.१.४.४ रणनीतिहरु..................................................................................१३५
५.३.१.४.५ कार्यनीतिहरु................................................................................१३५
५.३.१.४.६ प्रमुख कार्यक्रमहरु.........................................................................१३७
५.३.१.४.७ अपेक्षित उपलब्धिहरु.....................................................................१३८
५.३.२ स्वास्थ्य विकास योजना..........................................................................१३९
५.३.२.१ पृष्ठभूमि.......................................................................................१३९
५.३.२.२ अवसर ..........................................................................................१४०
५.३.२.३ चुनौती ..........................................................................................१४०
५.३.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि.............................१४१
५.३.२.४.१ सोच..........................................................................................१४१
५.३.२.४.२ लक्ष्य.........................................................................................१४१
५.३.२.४.३ उद्देश्यहरु....................................................................................१४१
५.३.२.४.४ रणनीतिहरु..................................................................................१४१

५.३.२.४.५ कार्यनीतिहरु ........ १४१
५.३.२.४.६ प्रमुख कार्यक्रमहरु ........ १४२
५.३.२.४.७ अपेक्षित उपलब्धिहरु ........ १४३
५.३.३ बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक तथा खेलकुद विकास योजना ........ १४४
५.३.३.१ पृष्ठभूमि ........ १४४
५.३.३.२ अवसर ........ १४४
५.३.३.३ चुनौती ........ १४६
५.३.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि ........ १४६
५.३.३.४.१ सोच ........ १४६
५.३.३.४.२ लक्ष्य ........ १४६
५.३.३.४.३ उद्देश्यहरु ........ १४७
५.३.३.४.४ रणनीतिहरु ........ १४७
५.३.३.४.५ कार्यनीतिहरु ........ १४७
५.३.३.४.६ प्रमुख कार्यक्रमहरु ........ १४८
५.३.३.४.७ अपेक्षित उपलब्धिहरु ........ १५०
५.४ संस्थागत तथा वित्तीय विकास योजना ........ १५१
५.४.१ पृष्ठभूमि ........ १५१
५.४.२ अवसर ........ १५१
५.४.३ चुनौती ........ १५२
५.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि ........ १५२
५.४.४.१ सोच ........ १५२
५.४.४.२ लक्ष्य ........ १५२
५.४.४.३ उद्देश्यहरु ........ १५३
५.४.४.४ रणनीतिहरु ........ १५३
५.४.४.५ कार्यनीतिहरु ........ १५३
५.४.४.६ प्रमुख कार्यक्रमहरु ........ १५४
५.४.४.७ अपेक्षित उपलब्धिहरु ........ १५५
५.४ वन, बातावरण तथा बिपद व्यवस्थापन योजना ........ १५६
५.४.१ वन सम्पदा तथा जडीबुटी विकास योजना ........ १५६
५.४.१.१ पृष्ठभूमि ........ १५६
५.४.१.२ अवसर ........ १५६
५.४.१.३ चुनौती ........ १५७
५.४.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि ........ १५७
५.४.१.४.१ सोच ........ १५७
५.४.१.४.२ लक्ष्य ........ १५७
५.४.१.४.३ उद्देश्यहरु ........ १५७
५.४.१.४.४ रणनीतिहरु ........ १५७
५.४.१.४.५ कार्यनीतिहरु ........ १५८

५.४.१.४.६ प्रमुख कार्यक्रमहरु ............................................................ १५९
५.४.१.४.७ अपेक्षित उपलब्धिहरु............................................................१६०
५.४.२ विपद व्यवस्थापन तथा वातावरण संरक्षण योजना ........................................१६१
५.४.२.१ पृष्ठभूमि............................................................१६१
५.४.२.२ अवसर ............................................................१६१
५.४.२.३ चुनौती ............................................................१६१
५.४.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि..........................१६२
५.४.२.४.१ सोच............................................................१६२
५.४.२.४.२ लक्ष्य............................................................१६२
५.४.२.४.३ उद्देश्यहरु............................................................१६२
५.४.२.४.४ रणनीतिहरु............................................................१६२
५.४.२.४.५ कार्यनीतिहरु............................................................१६३
५.४.२.४.६ प्रमुख कार्यक्रमहरु............................................................ १६४
५.४.२.४.७ अपेक्षित उपलब्धिहरु............................................................१६६
अध्याय एक (६): योजनाको मूल्याङ्कन ............................................................ १६७
अनुसुची ............................................................१६८
अनसुची १: पनौती नगरपालीकाको वडागत योजना............................................१६९
अनसुची २: माईनुटहरु............................................................१८९
अनसुची ३: पनौती नगरपालिका अन्तर्गत गरिने निर्माण तथा योजना सम्बन्धी मापदण्ड, २०७७ १८९
अनसुची ४: तस्विर एवम चित्रहरु............................................................ २००
अनसुची ५: पनोती नगरपालिकाको बिबिध नक्साहरु ............................................ २०८

# तालिका सूची

तालिका नं.१: वडा छलफल कार्यक्रमको कार्यतालिका ........ ६
तालिका नं.२: नगरपालिकाको विकासका सम्भावनाहरू ........ १४
तालिका नं.३: शहरी क्षेत्रमा विधान संघीय ढाँचा ........ ३७
तालिका नं.४: शहरी क्षेत्रको विकासमा तेह्रौं योजना ........ ३९
तालिका नं.५: सेटलमेन्ट योजनाको मुख्य विशेषताहरु, शहरी योजना र भवन निर्माण मार्गदर्शन, २०१५४९
तालिका नं.६: पनौती नगरपालिकाको भू-उपयोग वर्गीकरण ........ ६०
तालिका नं.७: पनौती नगरपालिकाको वडागत संरचना र क्षेत्रफलको विवरण ........ ६३
तालिका नं.८: पनौती नगरपालिकाको मुख्य बस्ती तथा घरधुरी र घरधुरीको जनसंख्या आकार ........ ६४
तालिका नं.९: वडागत रुपमा जनघनत्व वितरण ........ ६४
तालिका नं.१०: पनौती नगरपालिकाको पन्ध्र वर्षसम्मको प्रक्षेपित जनसंख्याको विवरण ........ ६५
तालिका नं.११: जातजातिका आधारमा पनौती नगरपालिकाको घरधुरीको विवरण ........ ६६
तालिका नं.१२: बसाइँसराईका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण ........ ६७
तालिका नं.१३: खानेपानीको स्रोतका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण ........ ६७
तालिका नं.१४: ईन्धन प्रयोगका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण ........ ६८
तालिका नं.१५: बत्ती प्रयोगका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण ........ ६९
तालिका नं.१६: पनौती नगरपालिकाको वन स्वामित्व विवरण ........ ७०
तालिका नं.१७: पनौती नगरपालिकाको सामुदायिक विद्यालयको विवरण ........ ७०
तालिका नं.१८: पनौती नगरपालिकाको संस्थागत विद्यालयको विवरण ........ ७२
तालिका नं.१९: पनौती नगरपालिकामा स्वास्थ्य संस्थाको विवरण ........ ७३
तालिका नं.२०: पनौती नगरपालिकाको भू-उपयोग वर्गीकरण ........ ७४
तालिका नं.२१: पनौती नगरपालिकाको वडा नं. १ को भू-उपयोग वर्गीकरण ........ ७५
तालिका नं.२२: पनौती नगरपालिकाको वडा नं. २ को भू-उपयोग वर्गीकरण ........ ७६
तालिका नं.२३: पनौती नगरपालिकाको वडा नं. ३ को भू-उपयोग वर्गीकरण ........ ७७
तालिका नं.२४: पनौती नगरपालिकाको वडा नं. ४ को भू-उपयोग वर्गीकरण ........ ७८
तालिका नं.२५: पनौती नगरपालिकाको वडा नं. ५ को भू-उपयोग वर्गीकरण ........ ७९
तालिका नं.२६: पनौती नगरपालिकाको वडा नं. ६ को भू-उपयोग वर्गीकरण ........ ८०
तालिका नं.२७: पनौती नगरपालिकाको वडा नं. ७ को भू-उपयोग वर्गीकरण ........ ८१
तालिका नं.२८: पनौती नगरपालिकाको वडा नं. ८ को भू-उपयोग वर्गीकरण ........ ८२
तालिका नं.२९: पनौती नगरपालिकाको वडा नं. ९ को भू-उपयोग वर्गीकरण ........ ८३
तालिका नं.३०: पनौती नगरपालिकाको वडा नं. १० को भू-उपयोग वर्गीकरण ........ ८४
तालिका नं.३१: पनौती नगरपालिकाको वडा नं. ११ को भू-उपयोग वर्गीकरण ........ ८५

तालिका नं.३२: पनौती नगरपालिकाको वडा नं. १२ को भू-उपयोग वर्गीकरण ............................... ८६
तालिका नं.३३: पनौती नगरपालिकाको सडक संजाल बिबरण ................................................. ८७
तालिका नं.३४: यातायात तथा सडक विकास योजनाको प्रमुख कार्यक्रमहरु.............................. १००
तालिका नं.३५: अन्य भौतिक विकास योजनाको प्रमुख कार्यक्रमहरु........................................१०२
तालिका नं.३६: बस्ती (जग्गा) विकास योजनाको प्रमुख कार्यक्रमहरु .......................................१०७
तालिका नं.३७: सिँचाई योजनाको प्रमुख कार्यक्रमहरु ........................................................ १११
तालिका नं.३८: पनौती नगरपालिकाको तीन आर्थिक वर्षका आम्दानीको विवरण (रु हजारमा).......... ११३
तालिका नं.३९: पनौती नगरपालिकाको तीन आर्थिक वर्षका व्ययको विवरण (रु हजारमा)............... ११३
तालिका नं.४०: कृषि तथा पशुपालन विकास योजनाको प्रमुख कार्यक्रमहरु................................११९
तालिका नं.४१: पर्यटन विकास योजनाको प्रमुख कार्यक्रमहरु ................................................१२८
तालिका नं.४२: सामाजिक विकास योजनाको प्रमुख कार्यक्रमहरु ............................................१३७
तालिका नं.४३: स्वास्थ्य विकास योजनाको प्रमुख कार्यक्रमहरु ............................................ १४२
तालिका नं.४४: बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक तथा खेलकुद विकास योजनाको प्रमुख कार्यक्रमहरु ...........................................................................................१४८
तालिका नं.४५: संस्थागत तथा वित्तीय विकास योजनाको प्रमुख कार्यक्रमहरु............................. १५४
तालिका नं.४६: वन, बातावरण तथा बिपद व्यवस्थापन योजनाको प्रमुख कार्यक्रमहरु ....................१५९
तालिका नं.४७: विपद व्यवस्थापन तथा वातावरण संरक्षण योजनाको प्रमुख कार्यक्रमहरु................१६४

# चित्र सूची

चित्र नं.१: नगर स्तरीय भेला ........ ४
चित्र नं.२: वडा स्तरीय तथ्यांक संकलन ........ ६
चित्र नं. ३: स्थलगत सर्बेक्षण ........ ७
चित्र नं.४: नक्सा अवलोकन ........ ७
चित्र नं.५: नगरस्तरीय छलफल कार्यक्रम ........ ८
चित्र नं.६: योजना निर्माणको प्रक्रिया ........ १२
चित्र नं.७: पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास योजना ........ ३०
चित्र नं.८: पनौती नगरपालिकामा अवस्थित सांस्कृतिक धरोहरहरु ........ ५७
चित्र नं.९: पनौती नगरपालिकाको अवस्थिती नक्सा ........ ५८
चित्र नं.१०: पनौती नगरपालिकाको भू-उपयोग नक्सा ........ ५९
चित्र नं.११: पनौती नगरपालिकाको भौगोलिक अवस्थिति नक्सा ........ ६०
चित्र नं.१२: पनौती नगरपालिकामा अवस्थित सम्पदाहरु ........ ६२
चित्र नं.१३: पनौती नगरपालिकाको Google Map ........ ६२
चित्र नं.१४: पनौती नगरपालिकाको प्रशासनिक विभाजनको नक्सा ........ ६३
चित्र नं.१५: पनौती नगरपालिकाको जनघनत्व ........ ६५
चित्र नं.१६: पनौती नगरपालिकामा अवस्थित झरना ........ ६८
चित्र नं.१७: पनौती नगरपालिकामा अवस्थित विद्युतीकरण ........ ६९
चित्र नं.१८: पनौती नगरपालिकामा अवस्थित बन क्षेत्र ........ ७०
चित्र नं.१९: पनौती नगरपालिकामा अवस्थित शैक्षिक संस्थाहरु ........ ७१
चित्र नं.२०: पनौती नगरपालिकाको शैक्षिक सस्था वितरणको नक्सा ........ ७२
चित्र नं.२१: पनौती नगरपालिकामा अवस्थित स्वास्थ्य संस्था ........ ७३
चित्र नं.२२: पनौती नगरपालिकाको स्वास्थ्य संस्था वितरणको नक्सा ........ ७३
चित्र नं.२२: पनौती नगरपालिकाको भू-उपयोग नक्सा ........ ७४
चित्र नं.२४: पनौती नगरपालिकाको वडा नं. १ को भू-उपयोग नक्सा ........ ७५
चित्र नं.२५: पनौती नगरपालिकाको वडा नं. २ को भू-उपयोग नक्सा ........ ७६
चित्र नं.२६: पनौती नगरपालिकाको वडा नं. ३ को भू-उपयोग नक्सा ........ ७७
चित्र नं.२७: पनौती नगरपालिकाको वडा नं. ४ को भू-उपयोग नक्सा ........ ७८
चित्र नं.२८: पनौती नगरपालिकाको वडा नं. ५ को भू-उपयोग नक्सा ........ ७९
चित्र नं.२९: पनौती नगरपालिकाको वडा नं. ६ को भू-उपयोग नक्सा ........ ८०
चित्र नं.३०: पनौती नगरपालिकाको वडा नं. ७ को भू-उपयोग नक्सा ........ ८१
चित्र नं.३१: पनौती नगरपालिकाको वडा नं. ८ को भू-उपयोग नक्सा ........ ८२
चित्र नं.३२: पनौती नगरपालिकाको वडा नं. ९ को भू-उपयोग नक्सा ........ ८३
चित्र नं.३३: पनौती नगरपालिकाको वडा नं. १० को भू-उपयोग नक्सा ........ ८४
चित्र नं.३४: पनौती नगरपालिकाको वडा नं. ११ को भू-उपयोग नक्सा ........ ८५
चित्र नं.३५: पनौती नगरपालिकाको वडा नं. १२ को भू-उपयोग नक्सा ........ ८६

चित्र नं.३६: पनौती नगरपालिकाको सडक संजाल नक्सा ........ ८७
चित्र नं.३७: पनौती नगरपालिका वडा नं. १ को सडक संजाल नक्सा ........ ८८
चित्र नं.३८: पनौती नगरपालिका वडा नं. २ को सडक संजाल नक्सा ........ ८८
चित्र नं.३९: पनौती नगरपालिका वडा नं. ३ को सडक संजाल नक्सा ........ ८९
चित्र नं.४०: पनौती नगरपालिका वडा नं. ४ को सडक संजाल नक्सा ........ ८९
चित्र नं.४१: पनौती नगरपालिका वडा नं. ५ को सडक संजाल नक्सा ........ ९०
चित्र नं.४२: पनौती नगरपालिका वडा नं. ६ को सडक संजाल नक्सा ........ ९०
चित्र नं.४३: पनौती नगरपालिका वडा नं. ७ को सडक संजाल नक्सा ........ ९१
चित्र नं.४४: पनौती नगरपालिका वडा नं. ८ को सडक संजाल नक्सा ........ ९१
चित्र नं.४५: पनौती नगरपालिका वडा नं. ९ को सडक संजाल नक्सा ........ ९२
चित्र नं.४६: पनौती नगरपालिका वडा नं. १० को सडक संजाल नक्सा ........ ९२
चित्र नं.४७: पनौती नगरपालिका वडा नं. ११ को सडक संजाल नक्सा ........ ९३
चित्र नं.४८: पनौती नगरपालिका वडा नं. १२ को सडक संजाल नक्सा ........ ९३
चित्र नं.४९: पनौती नगरपालिका बजार सडक ........ ९६
चित्र नं.५०: पनौती नगरपालिकामा निर्माणाधिन सडक ........ ९७
चित्र नं.५१: पनौती नगरपालिकाको हालको बिधमान बस्ति ........ १०५
चित्र नं.५२: पनौती नगरपालिकामा सिँचाईको लागि नहर ........ १०९
चित्र नं.५३: पनौती नगरपालिकामा दूध उत्पादनको लागि राम्रो अभ्यासहरू कार्यान्वयन गरिंदै ........ ११४
चित्र नं.५४: पनौती नगरपालिकामा भैसी सुत्केरी भत्ता कार्यक्रम ........ ११५
चित्र नं.५५: पनौती नगरपालिकामा आलु खेती ........ ११६
चित्र नं.५६: पनौती नगरपालिकामा धान खेती ........ १२१
चित्र नं.५७: विश्व सम्पदाको रूपमा सूचीकृत पनौती ........ १२२
चित्र नं.५८: पनौती पर्यटनको एउटा गनतव्य नमोबुद्ध ........ १२३
चित्र नं.५९: पनौतीमा जात्रा-मेला ........ १२४
चित्र नं.६०: पनौतीको पर्यटन बिकासको लागि पुरानो शहरको रुपमा फोटो प्रदर्शनी ........ १२५
चित्र नं.६१: पनौतीमा पर्यटन बिकासमा अग्रसर सामुदायिक होम स्टे (Home Stay) ........ १३१
चित्र नं.६२: जनताको आँगनमा नगरपालिका कार्यक्रम ........ १३२
चित्र नं.६३: साक्षर नगरपालकाको रुपमा पनौती ........ १३३
चित्र नं.६४: पनौती नगरपालिकामा महिला स्वंयम सेविकाहरु ........ १३४
चित्र नं.६५: आगन्तुकका लागि नगरपालिका कार्यालयमा हात धुने ठाउंको व्यवस्था ........ १३९
चित्र नं.६६: पनौती नगरपालिकामा संचालित धरेलु सेनिटाईजर बनाउने तालिम ........ १४०
चित्र नं.६७: ज्येष्ठ नागरिक प्रति जिम्मेवार बन्दै पनौती नगरपालिका ........ १४४
चित्र नं.६८: पनौती नगरपालिका वडा नं २ र ३ बालमैत्री वडा घोषणा ........ १४४
चित्र नं.६९: पनौती फुटबल कप हेर्न उत्साहित दर्शकहरु ........ १४५
चित्र नं.७०: १२ औं राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको एक झलक ........ १४६
चित्र नं.७१: पनौती नगरपालिकामा बाल श्रम अनुगमन प्रणाली स्थापना ........ १५०
चित्र नं.७२: बिकासको मार्गमा पनौती नगरपालिका ........ १५१
चित्र नं.७३: पनौती नगरपालिकाको छैठौं नगर सभा को झलक ........ १५२

चित्र नं.७४: पनौती नगरपालिकाको वन कभर नक्शा ........................................................ १५६
चित्र नं.७५: पनौती नगरपालिकाको वन सम्पदा ................................................................ १५७
चित्र नं.७६: नगरपालिका कार्यालयमा अवस्थित विपद सुचना केन्द्र ......................................... १६१

# अध्याय एक (१): भूमिका

## १.१. पृष्ठभूमि

विकासका विभिन्न क्षेत्रहरूलाई अन्तरसम्बन्धित तथा अन्तरनिर्भर बनाई एकीकृत रुपमा लक्ष्य तथा उद्देश्य निर्धारण गरी तोकिएको समयसीमा भित्र सो प्राप्तिको लागि उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरिएको दस्तावेज नै एकीकृत विकास योजना हो । यसले स्थानीय वासीहरूको आर्थिक, सामाजिक, भौतिक, वातावरणीय विकास, वित्तीय विकास, सुशासन तथा विपद् व्यवस्थापनका योजनालाई एकीकृत गरी दिशा निर्देश गर्दछ ।

राज्य पुर्नःसंरचनापछि सामाजिक, आर्थिक, राजनैतिक विकासका अधिकार तथा जिम्मेवारीहरू स्थानीय तहमा आए । सोही अनुसार, विकासका योजना स्थानीय तहमा नै निर्माण गरी कार्यान्वयन गर्ने पहिलो अवसर अब नगरपालिकामा आएको छ । त्यसैले पनि स्थानीय तहमा आवधिक योजना, गुरुयोजना र एकीकृत योजनाको सान्दर्भिकता देखिन्छ । स्थानीय स्रोत साधनको सही सदुपयोग गरी समग्र सन्तुलित विकास गरी नगरपालिकावासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन का लागि एकीकृत विकास योजनाको आवश्यकता देखिन्छ । विकासका विभिन्न क्षेत्रहरू भौतिक पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, आर्थिक विकास एक-अर्काका अभिन्न अंग तथा परिपूरक हुन्छन् । तर विगतका केन्द्रीकृत योजनाहरू तथा क्षेत्रगत रुपमा छरिएका योजनाबाट विकासको उद्देश्य प्राप्ति हुन नसेकेको अवस्था छ । दीर्घकालीन योजनाको अभाव हुनु, बृहत्तर तथा एकीकृत योजना नहुनु आदिले स्थानीय तहमा समुचित विकास हुन सकेनन् । टोल, बस्ती हुँदै वडाबाट आएका विकासका समस्याहरूलाई एक अर्कासँगको अन्तरप्रभाव र अन्तरसम्बन्ध विश्लेषण गरी प्रक्रियागत ढंगबाट अन्ततः एकीकृत तथा बृहत्तर योजनाको स्वरूप धारण गर्ने भएकाले बृहत्तर-एकीकृत योजना नगरपालिकाको स्थानीय जनचाहनामुखी योजना हो । यसले राष्ट्रिय स्तरको समष्टिगत योजना तर्जुमामा स्थानीय स्तरको तुलनात्मक लाभ, जनचाहना, आवश्यकता र स्थानीय दृष्टिकोण प्रस्तुत गरी एकातिर राष्ट्रिय योजना र राष्ट्रिय नीति तर्जुमामा सहयोग पुऱ्याउँछ भने अर्कातिर राष्ट्रिय नीति र राष्ट्रिय योजनाले राखेको बृहत्तर लक्ष्य परिपूर्तिमा सहयोग पुऱ्याउँछ ।

नगरपालिकाको बृहत्तर-एकीकृत योजनाको राष्ट्रिय दृष्टिकोण, राष्ट्रिय नीति एवम् योजनाको बीचमा परिपूरकको सम्बन्ध रहन्छ । समग्रमा, दीर्घकालीन विकासका सोचहरू तथा एकीकृत योजनाहरूको अभावले नगरपालिकाको विकास कार्य छरिएर अप्रभावी जस्तो हुन गएको देखिन्छ । नगरपालिकाको विकासका प्रयासहरूको न्यून उपलब्धिपूर्ण र सीमित अवसरयुक्त साबित भएका छन् । भौतिक विकासले मात्र समग्र नगरवासीका सुख, समृद्धि आउन नसक्ने हुनाले भौतिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा मानव विकास सम्मिलित एकीकृत-बृहत्तर विकास आवश्यक भइरहेका सन्दर्भमा बृहत्तर-एकीकृत विकास योजना निर्माण गर्नु आवश्यक देखिन्छ । तसर्थ स्थानीय तहका योजनामा निम्नलिखित कुराहरू अपरिहार्य छन् ।

- बृहत्तर-एकीकृत विकास योजना स्थानीय समस्या, आवश्यकतासँग सम्बन्धित तथा अन्तरप्रभावी हुनुपर्छ ।
- बृहत्तर-एकीकृत र विकास योजनाले स्थानीय स्रोत, साधन, सम्पदा तथा वातावरणीय पक्षलाई समेटेको हुनुपर्छ ।
- बृहत्तर-एकीकृत विकास योजनामा समुदायका समस्याहरूको समाधानका लागि स्थानीय ज्ञान, सिप, अभ्यास, प्रविधि र रणनीतिको प्रयोगलाई आत्मसात् गरिएको हुनुपर्छ ।

- बृहत्तर-एकीकृत विकास योजना बटम अप (Bottom up) तथा टप डाउन (Top down) दुवै विधिलाई सम्मिश्रण गरी निर्माण हुनुपर्छ ।
- बृहत्तर-एकीकृत विकास योजना परस्पर संवाद, सहकार्य र सहयोगको आधारमा तय गरिनुपर्छ ।
- बृहत्तर-एकीकृत विकास योजनाले क्रमशः सबै सरोकारवालाहरूको क्षमता विकासको अवधारणा राखेको हुनुपर्छ ।
- बृहत्तर-एकीकृत विकास योजना पारदर्शी तथा कार्यान्वयन योग्य हुनुपर्छ ।
- बृहत्तर-एकीकृत र विकास योजनाले समाजका पिछडिएका वर्ग, क्षेत्र, विशेष गरी महिला, जनजाति, दलित, ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका लगायत सबैको भावना समेटेको हुनुपर्छ ।
- बृहत्तर-एकीकृत विकास योजना बहु-क्षेत्रगत सरोकारवाला, बहुआयामिक र बहुसरोकारवाला पक्षहरूको अन्तरनिकाय समन्वयात्मक सहयोग र सहकार्यमा आधारित हुनुपर्छ ।
- बृहत्तर-एकीकृत विकास योजनाले जनसहभागिता तथा सरोकारवालाहरूको सहभागिता, जबाफ देहिता र उत्तरदायित्व वहन लाई सुनिश्चित गर्नुपर्छ ।

यस परिप्रेक्ष्यमा समृद्ध पनौती नगरपालिकाको निर्माणलाई मध्यनजर राखी **पनौती नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) बिकास योजना** तर्जुमाका लागि पनौती नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नगरसभाबाट स्वीकृत योजना अनुरूप कुशल परामर्शदातृ संस्थाको चयन गर्ने क्रममा **पनौती नगरपालिका** र **ब्राइट फ्युचर ईन्टरनेशनल प्रा. लि., काठकाडौं** को बीच सम्झौता भए बमोजिम यो अध्ययनको प्रतिवेदन तयार गरिएको छ ।

## १.२. अध्ययनको उद्‌देश्य

प्रस्तावित बृहत्तर (एकीकृत) योजनाको समय सीमा ५ वर्षको रहेको छ र यसका उद्देश्यहरू निम्न अनुसार छन्ः

- विद्यमान स्रोतहरूको पहिचान तथा तिनका अधिकतम उपयोगको पहिचान गर्ने ।
- पनौती नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) योजना निर्माण गर्ने ।
- भौतिक, सामाजिक, कृषि, पर्यटन, उद्योग, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरू र तदनुरूप ती क्षेत्रहरुको लक्ष्य, सोच, दृष्टिकोण, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम, बजेट निर्धारण तथा सरोकारवालाहरूको पहिचानलाई समेत समेटी सहभागितामूलक अल्पकालीन तथा दीर्घकालीन योजना तयार गर्ने ।
- पनौती नगरपालिकालाई सुहाउँदो योजना मापदण्ड तथा निर्माण नियमावली तयार गर्ने ।
- भविष्यमा योजना कार्यान्वयनका निम्ति संस्थागत संरचना तयार गर्ने ।
- पुँजी लगानी योजना तर्जुमा तथा प्राथमिकीकरण सहितका कार्यक्रमहरू तयार गर्ने ।

## १.३. अध्ययनको सीमा

योजना भनेको भविष्यको अनिश्चिततालाई वस्तुगत आधारमा निश्चिततामा परिणत गरी भविष्यलाई आफूले चाहेको जस्तो अवस्था (दीर्घकालीन सोच र लक्ष्य) तर्फ उन्मुख गराउने पद्धति हो । पाँचवर्षे बृहत्तर-एकीकृत विकास योजनाले विकासको गति नगरपालिकाले चाहेका दिशातर्फ डोर्‍याउने काम गर्दछ । यस सन्दर्भमा नगरपालिकाको बृहत्तर (एकीकृत) योजनाको आन्तरिक वातावरण र बाह्य वातावरण गरी २ ओटा वातावरणहरू रहेका छन् । आन्तरिक वातावरण भनेको नगरपालिकाको कार्यक्षेत्र भित्र रहेको अर्थात् नगरपालिकाको विकास समितिको पूर्ण नियन्त्रणमा रहेको अवस्था हो । यस अन्तर्गत नगरपालिकाको प्रत्यक्ष अधिकार क्षेत्रमा पर्ने कार्यहरू, विषयगत कार्यालयका कार्यक्रमहरू र संघ र प्रदेश सरकारले नगरपालिकाको नियन्त्रण र रेखदेखमा सञ्चालन गरेका एवम् नगरपालिकाले हेर्ने भनी स्पष्ट तोकिएको अन्य योजना र कार्यक्रमहरू पर्दछन् । यसको हरेक पक्षलाई बृहत्तर-एकीकृत योजनाले समेट्दछ ।

यस प्रकार आफ्नो पूर्ण नियन्त्रणमा रहेका कुराहरूको हकमा बृहत्तर-एकीकृत योजनालाई विस्तृत रूपमा तर्जुमा गर्न सकेको खण्डमा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन योजना बनाउन सहज हुन्छ। यसै गरी बाह्य वातावरण भन्नाले नगरपालिकाले निर्णय गरी पूर्ण नियन्त्रण गर्न नसक्ने तर प्रभाव पार्न सक्ने, नीतिगत सुधारमा सहयोग सम्म गर्न सक्ने र मार्गनिर्देश गर्न सक्ने अवस्थालाई जनाउँछ। यसमा गैरसरकारी संस्था, सामुदायिक सङ्घ, सङ्गठन र निजी क्षेत्रका कार्यक्रमहरूका साथै केन्द्रीय स्तरबाट सञ्चालित योजना र कार्यक्रमहरू पर्दछन्। यस्ता योजना र कार्यक्रमलाई नगरपालिकाले सोझै नियोजन, नियमन र नियन्त्रण गर्न सक्दैन तर प्रभाव पार्न र नगरपालिकाको प्राथमिकता अनुसार दिशानिर्देश भने गर्न सक्दछ। यस अध्ययनमा प्राथमिक तथा द्वितीयांक तथ्याङ्क/सूचना दुवै सङ्कलन गरिएका छन्। दुवै तथ्याङ्कमा आधारित भई विश्लेषण गरिएका छन्। नगरपालिकाका तथ्याङ्क भिन्दाभिन्दै मिति वा तहका भएकाले विश्लेषण गर्दा सोही अनुरूप प्रक्षेपण गरिएको छ।

## १.४. कार्यविधि

परम्परागत रूपमा गरिने आवधिक योजनाको विधि पुरानो भएकोले यसमा सहभागितामूलक कार्य पद्धति र एकीकृत पद्धति अपनाइएको थियो। विद्यमान समस्या तथा समाधानहरुको पहिचानका लागि यस अध्ययन अन्तर्गत सहभागितामूलक प्रक्रिया अपनाइएको थियो। सोही अनुरूप हालका नीति र नगरस्तरीय योजनाहरूलाई सम्बोधन गर्दै योजना तथा कार्यक्रमहरू पहिचान गरिएको थियो। विद्यमान स्थिति पहिचान गर्नका निम्ति प्रथम तथा द्वितीय दुवै तहका तथ्याङ्क सङ्कलन विधिहरू अपनाइएको थियो। सोहीअनुरूप सबै खालका सम्बन्धित नौला प्रकाशित तथा अप्रकाशित तथ्याङ्क, सूचना, नक्सा तथा भू-उपग्रहबाट खिचिएका तस्बिरहरू प्रयोग गरिएको थियो। आधार नक्सा प्रयोग गरी भौतिक सर्वेक्षण, नक्साङ्कन तथा अन्तर्वार्ता मार्फत प्रथम तहका तथ्याङ्क विशेष गरी भू-उपयोग, नव निर्मित सडकहरू, तिनीहरूको तह, प्रकार तथा गुणस्तर, कृषि, सामाजिक, आर्थिक तथा वातावरणीय समस्याहरू सङ्कलन गरिएको थियो। वडास्तरीय समस्या एवम् सम्भावनाहरू निर्क्योल गर्नका निमित्त पिआरए (PRA) विधि अपनाएर हरेक वडाका उपयुक्त स्थानमा वडा भेला गरिएको थियो। आवधिक योजना तर्जुमाको उद्देश्य र कार्यक्षेत्रको राम्ररी अध्ययन पश्चात् सो कार्यलाई निर्दिष्ट समयमा सम्पन्न गर्नका निमित्त निम्नलिखित कार्यविधि अपनाइएको थियो।

१. तथ्याङ्क तथा सूचना सङ्कलन (Data, information collection)
२. सूचना विश्लेषण (Information analysis)
३. योजना तथा कार्यक्रम तर्जुमा (Planning and programming)
४. कार्यान्वयन योजना (Implementation design)

माथि उल्लेख भए अनुसार सर्वप्रथम तथ्याङ्कको सङ्कलन गरिसकेपछि त्यसलाई विश्लेषण गरी सूचनामा परिणत गरिएको थियो। बृहत्तर एकीकृत योजना तर्जुमा प्रक्रियामा प्रवेश गर्ने प्रमुख आधार तथ्याङ्क विश्लेषणबाट देखिएको सूचना थियो। यस प्रकारको सूचनामा प्रमुख रूपमा नगरपालिकाको सवाल र समस्याहरू, चुनौतीहरू, उपलब्ध अवसर र विकासका सम्भावनाहरू पर्दथिए। नेपालको संविधान २०७२ ले जनसहभागितामा आधारित विकास प्रक्रियाको अवलम्बनबाट आफ्नो आवश्यकता बमोजिम योजना, आयोजना, परियोजना, कार्यक्रम तथा बजेटको तर्जुमा, सञ्चालन, व्यवस्थापनमा स्वायत्तता सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नुपर्छ। यस आधारमा पनि पनौती नगरपालिकाको बृहत् एकीकृत योजना निर्माणका क्रममा सहभागितामूलक कार्य पद्धति अपनाइएको थियो। पुरानो कार्यपद्धतिको कमजोरी भनेको नै केन्द्रमा बसी स्थानीय

तहको योजना निर्माण गर्नु रहेको थियो। विद्यमान समस्या, सम्भावना र समाधान सम्बन्धी जानकारी तथा सूचना प्राप्तिका लागि सहभागितामूलक प्रक्रिया अपनाइएको थियो । सोही अनुरूप हालका नीति र नगरपालिका स्तरीय योजनाहरू तथा कार्यक्रमहरू तर्जुमा गर्नका निम्ति सूचना संकलन गरिएको थियो ।

## १.४.१ पूर्व तयारी बैठक

मिति २०७७/०६/०५ गते पनौती नगरपालिकाको कायालर्यमा नगरपालिकाको नगर प्रमुख श्री भीम न्यौपानेको अध्यक्षतामा पनौती नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) योजना तर्जुमा सम्बन्धी पूर्वतयारी बैठक आयोजना गरियो । उक्त बैठकमा योजना तुर्जमाको उद्देश्य र कार्ययोजनाबारे छलफल गरियो । कार्यक्षेत्र भ्रमणको टोली प्रमुख डा. भागवत रिमालले कार्यक्षेत्रको उद्देश्यहरू र कार्ययोजना बारे प्रस्तुती गर्नुभयो । उक्त बैठकद्वारा कार्य क्षेत्रगत भ्रमणका स्वीकृतिका साथ नगरपालिकाको कार्यालयबाट द्वितीय तथ्यांक संकलन गरियो । नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) योजना तर्जुमाका लागि वडास्तरीय तथ्यांक संकलन गर्ने र सोको आधारमा नगरपालिकास्तरीय छलफल गरी दीर्घकालीन सोच निर्धारण तथा विकास, विषयगत पक्षहरू, विषयगत समितिहरूबाट योजना प्रस्तुत गर्ने निर्णय गरियो ।



चित्र नं.१: नगर स्तरीय भेला

## १.४.२ तथ्याङ्क सङ्कलन

### *१.४.२.१ द्वितीय तहको तथ्याङ्क सङ्कलन*

तथ्याङ्क सङ्कलन अन्तर्गत कार्यक्षेत्रसँग सम्बन्धित वडास्तरीय तथा नगरपालिकाको सूचना, नक्सा तथा अन्य सम्बन्धित सूचना सङ्कलन गरिएको थियो । सङ्कलित नक्सा तथा तथ्याङ्कका आधारमा पनौती नगरपालिकाको आधार नक्सा तयार पारियो । आधार नक्सामा मुख्यतया बस्ती, बस्तीहरू जोड्ने सडक सञ्जाल, खोलानाला, नदीहरू साथै अन्य भौतिक तथा सामाजिक पूर्वाधारहरू देखाइएको थियो । सम्बन्धित ऐन, कानुन तथा नियमावलीहरू सङ्कलन गरी तिनीहरूको अध्ययन गरिएको थियो । जसअन्तर्गत निम्नलिखित शीर्षकहरूमा तथ्याङ्क सङ्कलन गरिएको थियो । क) जनसङ्ख्या विवरण जनसङ्ख्याको विभिन्न वर्षको आकार प्रकार, बसाइँ सराइ, सामाजिक-आर्थिक विवरण, वित्तीय, पेसागत तथा शैक्षिक अवस्था तथा कृषि आदि । ख) भौतिक पूर्वाधार तथा भू-उपयोग बस्तीहरू जोड्ने सडक सन्जाल, ढल, एकीकरण, विद्युत् तथा सञ्चार, सामाजिक शैक्षिक, वित्तीय, संस्थागत तथा स्वास्थ्यसँग सम्बन्धित संस्थाहरू, पुरातात्विक महत्वका क्षेत्रहरू, भू-उप्रयोग, प्रकोपजन्य बाडी पहिरो, भुक्ष्य आदि क्षेत्र । ग) वातावरण नदीहरू तथा तिनीहरूको भूमिका, पानीका प्रमुख स्रोतहरू, फोहोर मैला उत्पादन तथा व्यवस्थापन, बस्तीमा खुल्ला क्षेत्रहरू आदि ।

### *१.४.२.२ प्राथमिक तहका तथ्याङ्क सङ्कलन*

प्राथमिक तहका तथ्याङ्क सङ्कलनमा मुख्यतया कार्यशाला गोष्ठी, स्थलगत सर्वेक्षण, अन्तर्वार्ता र मुख्य सूचनादातासँगको अन्तर्वार्तामार्फत सूचना सङ्कलन गरिएको थियो ।

#### १.४.२.२.१ वडास्तरीय तथ्याङ्क सङ्कलन

वडास्तरीय आधार नक्सा प्रयोग गरी भौतिक सर्वेक्षण, नक्साङ्कन तथा अन्तर्वार्ता मार्फत प्रथम तहका तथ्याङ्क विशेष गरी भू-उपयोग, नव निर्मित सडकहरू, तिनीहरूको तह, प्रकार तथा गुणस्तर, आर्थिक, सामाजिक तथा वातावरणीय समस्याहरू सम्बन्धी सूचना सङ्कलन गरिएको थियो । वडास्तरीय समस्या एवम् सम्भावनाहरू निर्क्योल गर्नका निमित्त सहभागिमूलक दृष्टिकोण (Participatory approach) अपनाएर वडाका उपयुक्त स्थानमा वडा भेला गरिएको थियो । वडास्तरीय भेलाद्वारा समुदाय तथा वडामा रहेका समस्या तथा उपलब्ध सम्भावनाको पहिचान तथा प्राथमिकता निर्धारण गरी योजना तथा कार्यक्रमहरू छनोट गरिएको थियो । हरेक वडामा वडाका पदाधिकारी तथा सरोकारवालाहरूको भेला आयोजन गरियो । वडा भेला कार्यक्रम सञ्चालन गर्दा निम्न उद्देश्यहरूलाई ध्यान दिइएको थियो ।

१. वडा स्तरीय समस्याको पहिचान ।
२. वडा स्तरीय सम्भावनाका क्षेत्रहरू ।
३. वडा स्तरीय योजनाका प्राथमिकता निर्धारण ।
४. नगरको समुच्च विकासका लागि विकासकर्ता तथा सरोकारवालाहरूको भूमिका ।

यस क्रममा वडास्तरीय सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी वडाको नक्सांकन तथा विभिन्न क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू जस्तै– शैक्षिक विवरण, कृषि, पशुपालन, पर्यटकीय स्थल, पुरातात्विक तथा सांस्कृतिक महत्वका स्थलहरू, सडक, पुलपुलेसा, स्वास्थ्य, सरकारी कार्यालय, जग्गा एकीकरण, नदी तथा खोलानाला, शौचालय, गैरसरकारी संस्था, सहकारी संस्था, वन जङ्गल, प्राकृतिक स्रोत, विपद्, जोखिमयुक्त क्षेत्रसम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको थियो । यस प्रकार वडास्तरीय सूचना संकलनका लागि वडागत भेलाहरु आयोजना गरियो ।



चित्र नं.२: वडा स्तरीय तथ्यांक संकलन

तालिका नं.१: वडा छलफल कार्यक्रमको कार्यतालिका

| वडा नं. | मिति | समय | स्थान |
|---|---|---|---|
| १. | २०७७/०७/०२ | बिहान १०.३० | वडा कार्यालय |
| २. | २०७७/०७/०३ | बिहान ९.०० | वडा कार्यालय |
| ३. | २०७७/०७/०२ | दिउँसो १:०० | वडा कार्यालय |
| ४. | २०७७/०७/०३ | दिउँसो ४.०० | वडा कार्यालय |
| ५. | २०७७/०७/०४ | बिहान ९.०० | वडा कार्यालय |
| ६. | २०७७/०७/०४ | बिहान ९:०० | वडा कार्यालय |
| ७. | २०७७/०७/०३ | दिउँसो ३:०० | वडा कार्यालय |
| ८. | २०७७/०७/०२ | दिउँसो ३:०० | वडा कार्यालय |
| ९. | २०७७/०७/०३ | बिहान ११:०० | वडा कार्यालय |
| १०. | २०७७/०७/०३ | दिउँसो १:०० | वडा कार्यालय |
| ११. | २०७७/०७/०३ | दिउँसो ३:०० | वडा कार्यालय |
| १२. | २०७७/०७/०३ | दिउसो १:०० | वडा कार्यालय |

### १.४.२.२.२ वडास्तरीय स्थलगत सर्वेक्षण

स्थलगत सर्वेक्षणको क्रममा सर्वप्रथम हरेक नक्सा तथा नगरपालिका कार्यालयमा चेकलिस्टमा आधारित रहेर कार्यशाला गोष्ठीका क्रममा बनाइएका नक्साहरूको Verification गरी आधार नक्सा तयार गरिएको थियो । प्रत्येक वडामा अवस्थित विद्यालयहरू, स्वास्थ्य संस्था, वडा कार्यालय, मठमन्दिर, ऐतिहासिक तथा पुरातात्विक स्थलहरू, खानेपानीका टयाङ्की, कुलो, लघु जलविद्युत आयोजना स्थल, ढुंगा खानी, कोट, पार्क तथा सडक आदिको स्थलगत सर्वेक्षण गरी आधार नक्सा तयार गरियो ।



चित्र नं. ३: स्थलगत सर्बेक्षण

आधार नक्साको अद्यावधीकरण गर्नका निम्ति रेकी सर्भे गरियो । स्थलगत सर्वेक्षणद्वारा विद्यमान भौतिक पूर्वाधारहरू जस्तै– सडक सन्जाल, लघु विद्युत तथा सञ्चार साथै सामाजिक पूर्वाधारहरू जस्तै– शैक्षिक, वित्तीय, संस्थागत, स्वास्थ्यसँग सम्बन्धित संस्थाहरू तथा पुरातात्विक महत्वका क्षेत्रहरूको अवस्थिति साथै भू-उपयोगका किसिमहरू अद्यावधिक गरिएको थियो ।



चित्र नं.४: नक्सा अवलोकन

#### १.४.२.२.३ नगरस्तरीय छलफल कार्यक्रम

मिति २०७७०६।०५ गते पनौती नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) योजना तर्जुमा सम्बन्धी नगरपालिकास्तरीय प्रारम्भिक छलफल गरियो । मिति २०७७०८।०९ गते पनौती नगरपालिकाको कार्यालयको बैठककक्षमा नगरस्तरीय छलफल कार्यक्रम पनि आयोजना गरियो । उक्त छलफल कार्यक्रममा नगर प्रमुखको अध्यक्षतामा पाँचवर्षे बृहत्तर (एकीकृत) योजनाको वडास्तरबाट आएका सूचना तथा तथ्यांकहरुलाई प्रस्तुत गर्दै राय-सल्लाहा, सुझाव संकलन गरी दीर्घकालीन सोच सम्बन्धी छलफल गरियो । योजना तर्जुमाका टोली प्रमुख द्वारा योजना तर्जुमा कार्यको हालसम्मको प्रगति तथा सम्पन्न कार्यहरूको प्रस्तुतीकरण गरियो ।

मिति २००७७१०।०५ गते पनौती नगरपालिकाको पाँच वर्षे बृहत्तर (एकीकृत) विकास योजनाको प्रारम्भिक मस्यौदा प्रस्तुत गरी मस्यौदा उपर पनि छलफल गरियो । मिति २०७७११।११ गते पनौती नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) विकास योजना तुर्जमा सम्बन्धमा एकदिने कार्याशाला गोष्ठीमा परामर्शदाताले तयार पारिएको मस्यौदा प्रतिवेदन माथि छलफल गर्दै विविध विकास समितिले नगरपालिकास्तरीय विषयगत योजनाहरु प्रस्तुत गरियो । उक्त गोष्ठीमा पनौती नगरपालिकाको पाँच वर्षे बृहत्तर (एकीकृत) विकास योजनाको दूरदृष्टि (दीर्घकालीन सोच) 'कृषि, पर्यटन, कला र संस्कृति हरित, गौरवमय–समृद्ध पनौती' लाई सर्वसम्मत रुपमा पारित गरियो । दूरदृष्टिका आधारमा विकासका अग्रणी क्षेत्रका रुपमा कृषि र पर्यटन छानिए । जससँगै अन्तर-सम्बन्धित वन, सिँचाई, खानेपानी, शिक्षा, बजार, भौतिक विकास, सामाजिक विकास, वित्तीय विकास, सुशासन, सूचना तथा प्रविधि आदि विकासका क्षेत्रहरूलाई पनि एकीकृत गरियो ।



चित्र नं.५: नगरस्तरीय छलफल कार्यक्रम

#### १.४.२.२.४ मुख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ता

सम्बन्धित क्षेत्रका समस्या, सम्भावना, योजना तथा परियोजनाहरूको पहिचानका निम्ति Key informant interview गरियो । द्वितीय तहबाट सङ्कलित तथ्याङ्क तथा सूचनाहरूलाई पनि Key informant interview बाट अनुमोदित गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्ने क्रममा आर्थिक तथा सामाजिक तथ्याङ्क एवं नगरपालिकाको विगतका वर्षको आम्दानी, खर्च, तथा विकास बजेट तथा अन्य सूचना सङ्कलन गरिएको थियो । आधारनक्सा तथा विषयगत स्रोत नक्साहरू (जस्तैः भौतिक तथा सामाजिक पूर्वाधार, वातावरणीय संवेदनशीलता, विद्यमान भू-उपयोग, भूमिको कारोबार, बस्ती विस्तार प्रवृत्ति तथा प्रकोप नक्सा आदि) अद्यावधिक गर्दा मुख्य जानकार व्यक्तिसँगको सहयोग लिइयो । नगरपालिकामा कार्यरत विभिन्न साझेदार संस्थाहरू (जस्तैः शिक्षा, स्वास्थ्य आदि) सँग अन्तरक्रिया गरी समस्या, आवश्यकता, सम्भावनाहरूको पहिचान गरिएको थियो तथा त्यस्ता संस्थाहरूसँगबाट सम्बन्धित तथ्याङ्क सूचना, योजना तथा बजेट आदी पनि सङ्कलन गरियो ।

### १.४.३ तथ्याङ्क अध्ययन तथा विश्लेषण

प्राथमिक तथा द्वितीय तथ्याङ्क र सूचनाहरूलाई योजनाबद्ध ढङ्गले व्यवस्थित रूपमा राखिएको थियो । यी तथ्याङ्क र सूचनाहरूको आधारमा विषयगत नक्साहरू तयार पारिएको छ । समस्या तथा सम्भावनाहरू विश्लेषण गर्दै सम्बन्धित योजना तथा कार्यक्रमहरूको विस्तृत रूपमा अध्ययन गरिएको थियो । Key informant interview र स्थलगत सर्वेक्षणबाट आएका तथ्याङ्कहरूलाई द्वितीय तहका तथ्याङ्कसँग अन्तरसम्बन्धित गरिएको थियो । GIS को प्रयोगद्वारा नक्साको विश्लेषण गरिएको थियो । विश्लेषण गर्दा मुख्यतया सामाजिक, सांस्कृतिक, आर्थिक, भौतिक तथा वातावरणीय पक्षमा शहरी विस्तारलाई ध्यानमा राखिएको थियो । तथ्याङ्क तथा सूचनाको विश्लेषण तथा लक्षित समूहको छलफलबाट पहिचान भएका समस्या तथा आवश्यकताहरूको प्रस्तुति गरिनुका साथै सङ्कलित तथ्याङ्क सूचनाको आधारमा विकासका सम्भावना, बाधा, अवसर तथा कमी-कमजोरीहरूको पनि प्रस्तुतिहरू गरिएको थियो ।

नगरस्तरीय भेलामा नगरपालिकाको सम्भावित दीर्घकालीन सोच सम्बन्धी कार्यपत्र तयार तथा प्रस्तुत गर्न चयन भएका प्रस्तोताहरूद्वारा सम्भावित दीर्घकालीन सोचको सम्बन्धमा कार्यपत्रहरूको प्रस्तुतिहरू गरिनुका साथै प्रस्तुतिहरूमाथि छलफल पनि गरिएको थियो । दीर्घकालीन सोचमा सहमति गरी विकासका सिद्धान्त, रणनीति तथा अग्रणी क्षेत्रहरुको पहिचान गरिएका थिए । तथ्याङ्क, सूचना तथा विषयगत नक्सा विश्लेषणमा आधारित भएर रणनैतिक योजना तथा कार्यक्रमहरूको पहिचान गरिएको थियो । योजना तर्जुमा गर्दा जनसङ्ख्या वृद्धिको आधारमा पहिचान भएका समस्या तथा सम्भावनाहरूको तथा नगरपालिकाभित्र रहेका स्रोतहरूलाई मुख्य आधार मानिएको थियो, साथै नगरपालिकाको आगामी भू-उपयोग वर्गीकरणलाई प्रक्षेपण गरी भविष्यमा भू-उपयोगमा आउने परिवर्तनलाई विश्लेषण गरिएको थियो । यस अध्ययनका मुख्य उपलब्धिहरू निम्न छन् ।

- समस्या, आवश्यकता र सम्भावनाहरूको प्रारम्भिक छनोट ।
- पाँचवर्षे बृहत्तर (एकीकृत) योजना, कार्यक्रम तथा परियोजनाको तर्जुमा ।
- योजना छनोट तथा नगरपालिकाको बजेट ।

# अध्याय दुई (२): पनौती नगरपालिकाको विकासका अवधारणा तथा प्रयास

## २.१. परिचय

नगरपालिकाको विकास योजना स्थानीय विशेषताहरूमा आधारित भई स्थानीय समस्याको समाधान तथा सकारात्मक परिवर्तनतर्फ उन्मुख गराउनुपर्ने हुन्छ । पञ्चवर्षीय बृहत्तर (एकीकृत) योजना सहभागितात्मक, एकीकृत तथा बहु-विषयक अन्तरसम्बन्धित तथा अन्तरनिर्भर प्रकृतिका हुन्छ । योजनामा नगरपालिकाको दीर्घकालीन सोच, विकासका लक्ष्य तथा उद्देश्य निर्धारण गरिन्छ । निर्धारित उद्देश्य प्राप्तिका लागि आवश्यक नीति, रणनीति, कार्यक्रम तथा योजना तयार गरिन्छ । यसैले पञ्चवर्षीय बृहत्तर (एकीकृत) योजना नगरपालिकाको समष्टिगत विकासको भविष्यको मार्गचित्र हो । यो एक चरणबद्ध प्रक्रिया हो, यसमार्फत स्थानीय विकासका कर्ताहरू, साझेदार एवं सरोकारवालाहरूको भूमिका र उत्तरदायित्वलाई प्रभावकारी ढंगले संयोजन गर्न सकिन्छ ।

स्थानीय तहको पञ्चवर्षीय बृहत्तर (एकीकृत) बिकास योजनाको तत्कालीन आधार भनेको केन्द्रीकृत योजनाको असफल तथा असन्तुलित विकास हुन् । विगतका केन्द्रीकृत योजनाहरूले असहभागितामूलक प्रक्रिया र प्रक्रियामुखी हुँदै स्थानीय वस्तुस्थितिलाई सम्बोधन गर्न सकेनन् । योजनाहरू अप्रभावकारी रहे, स्थानीय तहको समस्या जस्ताको त्यस्तै अवस्थामा रहे । जनताका चाहना र सोच एवं गाउँ, ठाउँ र बस्तीको सम्भावना तथा आवश्यकताका आधारमा विकास हुन सकेनन् । शक्तिका आधारमा तजबिजे विकास, टुक्रे विकास तथा छरिएका योजनाहरूले जनताको आकांक्षा र चाहनाअनुसार विकासका कार्यक्रम निर्धारण गर्न सकनेन् । यसका लागि व्यवस्थित र प्रणालीगत रुपमा विकास गर्न पञ्चवर्षीय बृहत्तर (एकीकृत) योजनाको आवश्यक देखिन्छ । यस सन्दर्भमा स्थानीय आम जनताको आवश्यकता, समस्या तथा सम्भावनाको स्व-पहिचान गरी उत्साहजनक रुपमा विकासका कार्यान्वयनमा सहभागी तथा जिम्मेवारी बनाउने महत्वपूर्ण माध्यम पञ्चवर्षीय बृहत्तर (एकीकृत) योजना हो ।

## २.२. स्थानीय तह विकास योजना र कानुनी प्रावधान

नगरपालिकाको पञ्चवर्षीय बृहत्तर (एकीकृत) योजना तर्जुमाका कानुनी आधारहरू रहेका छन् । नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार, भाग ४, धारा ५९, भाग १९, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदनका आवधिक योजना तर्जुमाका कानुनी आधारहरू उल्लेख गरिएका छन् । गाउँपालिका तथा नगरपालिकाको मुख्य मुख्य काम, कर्तव्य र अधिकारहरू निम्न अनुसार छन् :

- सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ, पिउने पानी र सरसफाई, सामाजिक सुरक्षा, खेलकुद) सम्बन्धी विषय,
- आर्थिक क्षेत्र (कृषि, गैरकृषि उद्योग र सेवा एवम् पर्यटन व्यवसाय, सहकारी संस्था, हाट, बजार सञ्चालन, व्यवस्थापन) सम्बन्धी विषय,
- भौतिक पूर्वाधार निर्माण, सडक तथा यातायात सञ्जाल, सिँचाई, ऊर्जा र जलस्रोतको प्रयोग र उपयोग, सामाजिक पूर्वाधार (विद्यालय, स्वास्थ्य सेवा, सार्वजनिक भवन, सभागृह, ल्यान्डफिल साइट निर्माण आदि) स्थानीय ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्र भित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन आदि,


- सहरी विकास, बस्ती विकास, भूमि व्यवस्थापन, भू-उपयोग नक्सा, गुरुयोजना लगायत राष्ट्रिय भवन संहिताको अधीनमा रही स्थानीय मापदण्ड निर्धारण तथा परिपालना,
- ऐतिहासिक तथा सांस्कृतिक पूर्वाधारको विकास, संरक्षण र संवर्द्धन,
- सबैका सरोकारका विषयहरू (बालबालिका, लैङ्गिक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, विपन्न वर्ग, वातावरण मैत्री स्थानीय शासन),
- स्थानीय आर्थिक, प्राविधिक र स्रोत साधन व्यवस्था एवम् क्षमता विकास सम्बन्धी,
- स्थानीय कर र गैर-करको स्रोत पहिचान, आधार र दर निर्धारण, स्रोत परिचालन र व्यवस्थापन,
- मालपोत, भूमिकर, जग्गा धनी पुर्जा वितरण, स्थानीय सञ्चित कोष व्यवस्थापन लगायत आर्थिक प्रशासन सम्बन्धी कार्य,
- स्थानीय तहमा प्राकृतिक, भौतिक पूर्वाधार, ऐतिहासिक एवम् सांस्कृतिक लगायतका अचल, चल सम्पत्तिको अभिलेख, संरक्षण तथा व्यवस्थापन लगायतका कार्य,
- वन, वातावरण, भूसंरक्षण, जलाधार क्षेत्र, जलउत्पन्न प्रकोप तथा विपद् व्यवस्थापन,
- सुशासन तथा समावेशी विकास प्रवर्धन तथा विकास,
- स्थानीय तथ्याङ्क, सूचना, पार्श्वचित्र, स्रोतनक्सा आदिको व्यवस्थापनका साथै व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह आदिको दर्ता, तथ्याङ्क र प्रतिवेदन,
- सूचना, सञ्चार तथा प्रविधिको विकास र कागजरहित सेवाको प्रवर्धन, स्थानीय १०० वाटसम्मको एफ.एम. सञ्चालन तथा पत्रपत्रिका प्रकाशन स्वीकृति,
- स्थानीय सेवाको सञ्चालन, सेवा समूह गठन, संगठन विकास, समन्वय, कार्यालय स्थापना र व्यवस्थापन,
- (स्थानीय नीति, कानुन, मापदण्ड, योजना, नियमनका साथै समन्वय, सिफारिस) जस्ता विषयहरू,
- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना र नियमन,
- स्थानीय ज्यालाको दररेट निर्धारण,
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- न्यायिक समितिको गठन, मेलमिलाप एवम् मध्यस्थता तथा स्थानीय तहमा फैसला र कार्यान्वयन,
- आफ्नो क्षेत्रमा गाउँ प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण तथा निर्णय कार्यान्वयन, सञ्चालन, व्यवस्थापन तथा नियमन ।

यसैगरी राज्य पुनःर्संरचनापछि स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद, ६ दफा २४ को उपदफा १ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ भन्ने व्यवस्था गरेबाट सबै स्थानीय तहले कम्तीमा ५ वर्ष अवधिको आवधिक तथा एकीकृत योजना तर्जुमा गर्न सक्छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम कार्यपालिकाले अनुगमन समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्छ । यस कार्यका लागि स्थानीय तहले अनुगमन निर्देशिका बनाई लागू गर्नुपर्छ । स्थानीय तहको रणनैतिक योजनाको सोच तालिका अन्तर्गत प्रतिफल तहका सूचकहरूमा आएका परिवर्तनलाई नियमित रुपमा अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, पृष्ठपोषण गर्ने र सिकाइलाई संस्थागत गर्दै लैजाने प्रणालीको विकास गर्नुपर्ने हुन्छ ।

यसका साथै वार्षिक योजनाको कार्यान्वन चरण सुरु हुनासाथ प्रत्येक क्षेत्रगत योजनाका कृयाकलापहरू कार्यतालिका अनुरुप कार्यान्वयन भए नभएको, कामको गुणस्तरको अवस्था, स्रोत साधनको उपलब्धता, समयसीमा आदि विषयहरूको नियमित अनुगमन गर्ने प्रणालीको विकास गरिनु पर्छ । स्थानीय तह मार्फत

सञ्चालन भएका सम्पूर्ण योजना तथा कृयाकलापहरूको विस्तृत विवरण, चौमासिक लक्ष्य एवं प्रगति लगायत अन्य विवरण स्पष्ट रुपमा खुल्ने गरी एकीकृत रुपमा कम्प्युटरकृत गरी सुरक्षित ढंगले राख्ने व्यवस्था गरिनु पर्छ । प्रत्येक योजनाको लागि जिम्मेवार व्यक्ति वा निकायले मासिक र चौमासिक रुपमा तोकिएको ढाँचामा स्थानीय सरकारलाई प्रगति प्रतिवेदन बुझाउने प्रणालीको विकास गरिनुपर्छ ।

स्थानीय तहको योजना तथा बजेट तुर्जमा दिग्दर्शन, २०७४ ले पनि सहभागितामूलक प्रक्रिया, नतिजामूलक, स्थानीय तहको वस्तुस्थितिसँग मेल खानुपर्ने कुरालाई जोड दिएको छ । योजना तथा बजेट तर्जुमा गर्नका लागि विभिन्न संरचना जस्तै राजस्व समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र बजेट तथा कार्यक्रमको अनुगमन र मूल्यांकनका लागि स्थानीय विकास समस्या समाधान समिति रहने व्यवस्था छ । यसले स्थानीय तहको योजना निर्माण तथा कार्यान्वयन, अनुगमन र मूल्यांकनका लागि सम्पूर्ण शक्ति तथा अधिकार स्थानीय सरकार तथा स्थानीय जनतामा रहेको देखाउँछ । योजना निर्माणको प्रक्रिया स्पष्ट रुपमा चरणबद्ध बनाइएको छ जुन यस प्रकार छ ।




**चित्र नं.६: योजना निर्माणको प्रक्रिया**

स्थानीय तहको योजना तथा तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७४ ले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वडासमितिबाट आएका योजना तथा कार्यक्रमहरू निम्न विषयगत क्षेत्रहरू छुट्याउने उल्लेख गरेको छ। जस्तै: आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सेवा प्रवाह र वित्तीय व्यवस्थापन र सुशासन आदि क्षेत्रहरू रहेका छन् । राष्ट्रिय भूउपयो नीति, २०७२ तथा भू-उपयोग ऐन, २०७६ ले स्थानीय तहलाई भू-उपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तहमा एक स्थानीय भूउपयोग परिषद् रहने व्यवस्था गरेको छ । उक्त भू-उपयोग परिषद्ले स्थानीय भूउपयोग योजना स्वीकृत गर्ने, भूमिसम्बन्धी लगत संकलन, विश्लेषण र उपयोग गर्ने, स्थानीय तहको भूउपयोग योजना कार्यान्वयनका प्रक्रिया र मापदण्ड तयार गरी लागू गर्ने, भू-उपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, सार्वजनिक, सामुदायिक स्थलहरूको संरक्षण गर्ने आदि ।

दिगो विकासको लक्ष्य, २०३० को आधारमा रही कुनै पनि ठाउँको दीर्घकालीन विकासका लक्ष्यहरूलाई निर्धारण गर्न सकिन्छ । यसका लक्ष्यहरू छन्: गरिबी विहीन, भोकमरी शून्य, सुस्वास्थ्य र समृद्धि, गुणस्तर शिक्षा, लैंगिक समानता, स्वच्छ खानेपानी र सरसफाई, सुहाउँदिलो काम र आर्थिक वृद्धि, उद्योग, नवसोच र पूर्वाधार, असमानता घटाउनु, समुदायहरूको दिगो विकास, जबाफदेही उपभोग र उत्पादन, हावापानी परिवर्तन सम्बन्धी

कार्य, दिगो विकासका निम्ति सागरहरू, समुद्रहरू र सामुद्रिक स्रोतहरूको संरक्षण र दिगो उपयोग गर्नु, संरक्षण, पुनःर्प्राप्ति र भू-स्थलीय पर्यावरणको दिगो विकास गर्नु, दिगो विकासका लागि शान्ति र समावेशी समाजहरूको विकास गर्नु, सबैका लागि न्यायमा पहुँच उपलब्ध गराउनु, सबै तहमा प्रभावकारी, जबाफदेही, र समावेशी संस्थाहरू निर्माण गर्नु, लक्ष्य प्राप्तिका लागि विश्व साझेदारी विस्तार गरिनु आदि पर्दछन् ।

## २.३. पनौती नगरपालिकाको विकासका प्रमुख सभावना, समस्या तथा चुनौतीहरू

प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक दृष्टिले महत्वपूर्ण यस नगरपालिकाको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गति, लगानी अनुरुपको नतिजा तथा प्रभावकारिता प्राप्तिका लागि संरचना तथा पूर्वाधार तयार भइरहेको अवस्था छ । नगरपालिकालाई कृषि, पर्यटनको माध्यमबाट समृद्ध नगरपालिकाको बनाउन प्रचुर सम्भावना रहेको छ । नगरपालिकाका राजनीतिक दलहरूलगायत सम्बन्धित सरोकारवालाहरूबाट यस विषयमा विश्वास र प्रतिबद्धता साथ सहयोग प्राप्त हुँदै आएको छ । यस नगरपालिकाको उपलब्धिहरूको मूल्याङ्कन गर्दा नगरपालिकाको समष्टिगत सामाजिक, आर्थिक विकास सम्बन्धी विविध सभावना, अवसर, समस्या तथा चुनौतीहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छ ।

### २.३.१ पनौती नगरपालिका विकासका प्रमुख सम्भावनाहरू

#### *२.३.१.१ विकासका सम्भावनाहरू*

तालिका नं.२: नगरपालिकाको विकासका सम्भावनाहरू

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| १ | **ऐतिहासिकता तथा प्राचीनता** | ➢ प्राचीन मानव सभ्यता विकसित भएको स्थान,<br>➢ पुरातात्विक अध्ययन अनुसन्धान स्थल,<br>➢ प्राचीन पनौती बजार,<br>➢ प्रागैतिहासिक प्रमाणहरू भेटिएको स्थल,<br>➢ जनश्रुतिका आधारमा राजा महारथको राज्य, विराट राजाको राज्य,<br>➢ किरातकालीन नाम भएका स्थानहरू,<br>➢ लिच्छविकालीन लिखित इतिहास,<br>➢ मल्लकालमा विकसित नगर,<br>➢ प्राचीन मठमन्दिर, पाटीपौवा (वडा नं ९ को सुन्थान पाटी, सोह्रखुट्टे पाटी, वनपट्टि फर्केको पाटी), किल्ला (पृथ्वीगढ), दलिनचोक दरबार, लायकु दरबार, नदीनाला, डाँडा, कोट, जात्रामेला भएको स्थान,<br>➢ धेरै नामले परिचित क्षेत्र जस्तै : पुण्यवती पुरी, पुण्यवती, अश्मपुर, पनौतीग्राम, पाञ्चाल, पनाती, पलाँती, पनति, पानवती, अश्मनगर, पूर्णवती–विश्व सम्पदा सूचीमा सूचीकृत हुनका लागि प्रस्तावित |
| २ | **भौगोलिकता तथा प्राकृतिकता** | ➢ भगवान बस्ने डाँडा,<br>➢ भगवान हिँड्ने मार्ग,<br>➢ काभ्रे जिल्लाकै दक्षिणी ढोका,<br>➢ पनौती बजार एउटै प्लेटको ढुङ्गामा अवस्थित,<br>➢ फुलचोकी, खानीडाँडा, गुर्दुम डाँडा, नागीडाँडा, बाउसे बन, अमिलचौर, न्यौपाने डाँठा आदि जस्ताबाट कञ्चनजंघा हिमालदेखि माछापुच्छ्रे, धौलागिरि हिमशृंखलासम्म दृश्यावलोकन गर्न सकिने,<br>➢ पश्चिम तर्फका डाँडाहरूबाट काठमाडौं उपत्यकाको दृश्यावलोकनका लागि उपयुक्त<br>➢ जैविक विविधता युक्त महाभारत वन शृंखला, |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | ➢ नेपालमा मात्र पाइने चरा काँडे भ्याकुरको वासस्थान, पुतली प्रजातिको विविधता<br>➢ वर्ड वाचिङ र क्लाउड फरेष्टको फुलचोकी वन,<br>➢ ढुंगा खानीको प्रचुरता,<br>➢ पुण्यवती, रोशी, लिलावती, सैलेन्द्री खोला, लड्कु खोला, कलाँती खोला, मुरली खोला,<br>➢ त्रिवेणी घाटमा रहेको लुप्त नदी रुद्रावती नदी,<br>➢ रोशी खोलाको उद्गम स्थल,<br>➢ ललितपुर जिल्ला र भक्तपुर जिल्लासँग सिमाना जोडिएको,<br>➢ बीपी मार्गबाट काठमाडौं उपत्यका प्रवेशका लागि छोटो दूरी,<br>➢ प्राकृतिक झरना, छहरा, प्राकृतिक गुफा,<br>➢ फाँटहरूको प्रचुरता जस्तै– पनौती फाँट, नौबिसे फाँट, नरेफाँट, ओमफाँट आदि । |
| २ | **आर्थिक** | **(क) कृषि**<br>➢ पनौतीको आलुको प्रख्याति बढ्दै गएको,<br>➢ भैंसी सुत्केरी भत्ता कार्यक्रमले भैंसीपालनमा अभिवृद्धि भएको,<br>➢ काठमाडौं उपत्यकातर्फ दुध निर्यात उल्लेखनीय रुपमा निर्यात भइरहेको<br>➢ मकै बीउबिजन उत्पादनमा प्रचुर सम्भावना<br>➢ अलैंची खेतीको सम्भावना,<br>➢ सुन्तला खेती तथा रेसम खेती गरिएको स्थान,<br>➢ कागती, निबुवा, भोगटे, लप्सी, किबी, स्याउ, हलुवावेद को खेतीको सम्भावना,<br>➢ गाँलभेडा तथा बेमौसमी खेती तर्फ आकर्षण,<br>➢ ब्रोइलर, गिरिराज, कोइलर कुखुरा फर्म पालन तर्फ आकर्षण,<br>➢ ट्राउट माछा पालनको लागि उपयुक्त स्थान,<br>➢ बाख्रा फर्मको सुरुआत गरी बाख्रापालनको थालनी,<br>➢ बजार मागले गरिएको कृषि उत्पादन तथा कृषि सहकारीको व्यवस्था,<br>➢ पशुबिमाको सुरुवातीले व्यावसायिक पशुपालनको सम्भावना, |

| क.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | ➢ व्यावसायिक च्याउखेतीको सम्भावना,<br>➢ कृषि सहकारी संस्थाहरूको उपस्थितिले कृषि विकासको सम्भावना,<br>➢ पोलिहाउस वा टनेलमा तरकारी खेतीको सुरुआत,<br>➢ मौरीपालनका लागि सम्भाव्य स्थल,<br>➢ ४७ वटा कृषक समूह दर्ता गरिएको अवस्था,<br>➢ जैविक खेती गर्नलाई प्रोत्साहन तथा जैविक विषादी निर्माण केन्द्रको प्रवर्धन गर्ने नीति नगरको रहेको छ,<br>➢ एक गाउँ एक प्राविधिक अवधारणाको अवलम्बन गरिएको ।<br><br>**(ख) पर्यटन**<br>➢ धार्मिक तथा सांस्कृतिक पर्यटन,<br>➢ **देवता हिँड्ने मार्ग**, **भगवानडाँडा** (भगवान् बस्ने डाँडा) धार्मिक पर्यटनका लागि सम्भावना,<br>➢ किंवदन्ती अनुसार भगवान् इन्द्र आई तपस्या गरेको स्थान,<br>➢ नेपालकै प्राचीन महत्वको इन्द्रेश्वर महादेव मन्दिर क्षेत्र र प्राचीन पनौतीको सची तीर्थ त्रिवेणीघाट क्षेत्र,<br>➢ धार्मिक दृष्टिले महत्व धनेश्वर महादेव मन्दिर क्षेत्र,<br>➢ महासत्व नमोबुद्धको जन्मथलो,<br>➢ प्राचीन स्मारक क्षेत्र घोषणा ।<br><br>**(ग) मन्दिरैमन्दिरहरूको नगरपालिका पनौतीः**<br>वडा नं. १ मा शिव मन्दिर, सानो फुल्चोकी मन्दिर, बाघ भैरव मन्दिर र गुम्बा, वडा नं २ कुशादेवी मन्दिर, कृष्णमिन्दर, वडा नं. ३ मा पशुपति मन्दिर, वडा नं ४ मा शिव पार्वती मन्दिर, भीमसेन मन्दिर, गोठेदेवी मन्दिर, वडा नं. ५ मा धनेश्वर महादेवको मन्दिर, निलकण्ठेश्वर महादेव, बन्देवी, श्वेत गणेश मन्दिर, षड्भुजी विनायक, वडा नं ६ मा गोरखनाथ मन्दिर, वडा नं. ७ मा इन्द्रश्वर महादेव र सो परिसरभित्र रहेका तोला नारायण र उन्मत्त भैरवको मन्दिर, काठं कुमारी गणेश मन्दिर, मानेश्वरीमाई/बाराही मन्दिर, नाट्येश्वरी मन्दिर, भगवती मन्दिर, हरिसिद्धि द्यो छे, तलेजु भवानी, वंशगोपाल मन्दिर, रामजानकी मन्दिर, करुणा माईमन्दिर, गुप्तेश्वर महादेव, बद्रीनाथ मन्दिर, ब्रम्हायणी द्यो छें, जलेश्वर महादेव, भद्रकाली/चामुण्डा मन्दिर, गुह्येश्वरी मन्दिर, वडा नं ८ राधा कृष्ण मन्दिर, वडा नं ९ मा संकटा मन्दिर, वडा नं. १० मा ब्रम्हायणी मन्दिर एवं धनञ्जय वासुकी नाग, त्रिपुरा सुन्दरी, रंगनाथ मन्दिर, कालिका देवीदुर्गा मन्दिर, विष्णुपाञ्चायन, द्रौपदा देवीस्थान |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | मन्दिर, द्रौपदेश्वर महादेव, डोलेश्वर महादेव, फड्केश्वर महादेव, वडा नं ११ मा लड्केश्वर मन्दिर, वडा नं १२ मा सिमपानी देवी स्थान, भालेश्वर महादेव, ईन्द्रादेवी मन्दिर, पशुपतिनाथ मन्दिर (वडा-३/४), कमला देवी मन्दिर (वडा-१०/११), महालक्ष्मी मन्दिर (वडा-७/८), भिमसेन मन्दिर (वडा-७/५), श्रीकृष्ण मन्दिर (वडा-५/७/२/८)।<br><br>**(घ) जात्रामेलापर्वको नगरपालिका पनौती:**<br>➢ प्रत्येक बाह्र वर्षमा त्रिवेणी घाटमा माघ महिनामा लाग्ने १२ वर्षे मकर मेला,<br>➢ प्रत्येक बाह्र वर्षमा लाग्ने हरिसिद्धि जाात्रा,<br>➢ प्रत्येक वर्ष अक्षय तृतीयाका दिन त्रिवेणी घाटमा बेलविवाह,<br>➢ प्रत्येक वर्ष जेठ पूर्णिमाका दिन पनौतीमा (ज्याः पून्हि) पनौती जात्रा,<br>➢ प्रत्येक बडा दसैँमा फुलपाती भित्र्याई गरिने फूलपाती जात्रा,<br>➢ प्रत्येक बडा दसैँमा पनौतीमा देवी नाच,<br>➢ फुलचोकी जात्रा (चैत्र पूर्णिमा),<br>➢ कुशादेवी जात्रा (धान्य पूर्णिमा/योमरी पूर्णिमा),<br>➢ हरिशयनी एकादशीमा लड्केश्वर जात्रा,<br>➢ लाखेनाच, गाईजात्रा,<br>➢ नवदुर्गा जात्रा, भीमसेन जात्रा, कृष्ण जात्रा,<br>➢ बिस्केट जात्रा, नमोबुद्ध तथा दीपंकर जात्रा,<br>➢ गठेमंगल जात्रा,<br>➢ बाघभैरव जात्रा, संकटा माईको जात्रा, सकीमनापुन्ही जात्रा, कात्तिक भजन,<br>➢ नेवारी परिकार योमरीको प्रचलन प्रारम्भ स्थल,<br><br>**(ङ) प्राकृतिक तथा पर्यापर्यटन विकासका सम्भावना**<br>➢ गुर्दुम डाँडा प्याराग्लाइडिङका लागि सम्भावना,<br>➢ नागी डाँडा, गुर्दुम डाँडा भ्यू टावर निर्माणका लागि उपयुक्त,<br>➢ ठुला पोखरीको प्राकृतिक सुन्दरता, १४ वटा सार्वजनिक पोखरीहरू रहेको। |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | ➢ विभिन्न डाँडाहरू हिल स्टेसन निर्माणका लागि उपयुक्त जस्तैः खानीडाँडा, रानीकोट, बाउसेको वन, चामखर, सल्ले, देवीस्थान, नेपाने, अमिलचौर, गुर्दुम डाँडा आदि ।<br>➢ वर्ड वाचिङ र क्लाउड फरेष्टको, पुतली र गुराँस फूल अवलोकन सम्भावना ।<br>➢ प्राकृतिक झरना, छहरा, प्राकृतिक गुफा दृश्यावलोकन ।<br>➢ पनौती–कुशादेवी–फूलचोकी पर्यटन मार्ग (पैदल यात्रा) का लागि उपयुक्त ।<br>➢ रानीकोट, सेतीदेवी पिकनिक स्पट, खोर भन्ज्याङ, सहिद पार्क पर्यटकीय क्षेत्र ।<br>➢ कपालकोट पिकनिक स्पट ।<br>➢ अमिलचौरबाट दृश्यावलोकन गर्न सकिने ।<br>➢ झरना र गुफा दृश्योवलोक गर्न सकिने ।<br>➢ सहिद पार्क तथा बालउद्यान निर्माणाधीन अवस्थामा<br>➢ लड्कु खोला र रोशी दोभानमा बाँध बाँधी ठूलो ताल निर्माण गर्न सकिने ।<br><br>**(च) ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थानः**<br>➢ रानीकोट, पृथ्वीगढ, दलिनचोक दरबार, लायकु दरबार, विभिन्न मठमन्दिर कलाकृति अवलोकन, विश्व सम्पदा सूचीमा प्रस्तावित स्थानहरूको प्राचीनता तथा कलाकौशल अध्ययन<br>➢ कृषि पर्यटनको विकासका लागि सम्भावना ।<br>➢ नौ वटा होमस्टे सञ्चालनमा रहेको अवस्था ।<br><br>**(छ) खनिज तथा जलसम्पदा**<br>➢ ११ वटा रोडा ढुंगा उद्योग सञ्चालनको अवस्थामा रहेको ।<br>➢ नेपालकै दोस्रो र पहिलो ठूलो पनौती जलविद्युत योजना सञ्चालनमा रहेको ।<br><br>**(ज) उद्योग**<br>➢ होटेल लघु उद्यम अन्तर्गतका १० वटा, दर्ता भएका रेस्टुरेन्ट २ ध्वटा, होटेल एन्ड लज ४ र दर्ता भएका रिसोर्टहरू ३ वटा रहेका छन् । |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | ➢ फनिर्चर उद्योगहरू १० वटा, काष्ठ उद्योग २ वटा, प्लाइउड फ्याक्टी २, ह्यान्डी क्राफ्ट तथा क्युरियो सामान उत्पादन २, ब्लक उद्योग १, डेरी व्यवसाय २, अक्सिजन ग्याउ उद्योग १, कुखुराको दाना उद्योग १, मसला उद्योग १, कोल्ड स्टोरेज १, इँटा उद्योग १, राइस मिल ३, चिउरा मिल १, प्लास्टिक पाइप र घरेलु सामान उत्पादन २, चाउमिन उत्पादन उद्योग १, जुत्ता बनाउने उद्योग १, बाँसको मुडा बनाउने उद्योग आदि ।<br>➢ लामाडोल क्षेत्र उद्योग ग्राम निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्य अन्तिम चरणमा पुगेको छ ।<br><br>**(झ) प्राविधिक जनशक्ति**<br>➢ कृषि तथा पशु सम्बन्धी जनशक्ति ५६१, इन्जिनियरिङ सम्बन्धी जनशक्ति १३२, वन सम्बन्धी जनशक्ति ६३, मेडिसिन सम्बन्धी दक्ष जनशक्ति १४८, खाद्य प्रशोधन सम्बन्धी जनशक्ति २४, कानुनसम्बन्धी जनशक्ति ३२, पत्रकारितासम्बन्धी जनशक्ति १७ ।<br><br>**(ञ) बेराजगार**<br>➢ प्रधानमन्त्री बेरोजगार सेवा केन्द्रका आधारमा ٭क्ष्क मा सूचीकृत भएका बेरोजगार व्यक्तिहरू ३५४ रहेको छ ।<br><br>**(ट) वैदेशिक रोजगार**<br>➢ वैदेशिक रोजगारमा जानेको संख्याहरू १७७१ जना ।<br><br>**(ठ) स्थानीय हाट बजार**<br>➢ पनौती पुरानो बजार, मल्पी रोड बजार, पर्खालचौर दोभान बजार, बसपार्क क्षेत्रको बजार, खोपासी बजार, नमोबुद्ध रोड बजार, कुशादेवी बजार, कुशादेवी रोड बजार, रोशी बजार<br>➢ औपचारिक वित्तीय कारोबारका लागि बैक तथा सहकारी संस्थाको स्थानीय स्तरमा स्थापना |
| ३ | **भौतिक पूर्वाधार विकास** | काठमाडौँ उपत्यकाबाट यात्रुवाहक बसमा १ घण्टा ३० मिनेटमा पुग्न सकिने । –सूर्यविनायकबाट ३० मिनेटमा पुग्न सकिने, लुभु ललितपुरबाट १ घण्टामा पुग्न सकिने ।<br>➢ पनौतीबाट खोपासी यात्रुवाहक बस सेवा<br>➢ पनौती ढुंखर्क यात्रुवाहक बस सेवा<br>➢ पनौतीबाट ख्याकु, कामीडाँडा यात्रुवाहक बस सेवा<br>➢ पनौतीबाट शंखुपाटी चौर यात्रुवाहक बस सेवा |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | ➢ पनौतीबाट कुशादेवी, रयाले, मानेदोभान यात्रुवाहक बससेवा<br>➢ पनौतीबाट महेन्द्रज्योति भैंसेपाटी यात्रुवाहक बससेवा<br>➢ पनौतीबाट लुभु, लामाटार, लगनखेल यात्रुवाकह बससेवा<br>➢ पनौतीबाट रोशी जोरघट्ट बससेवा<br>➢ जडिन कुशादेवी पनौती सुन्थान शंखु सडक खण्डको स्तरवृद्धि कार्य भैरेहेको<br>➢ पनौती बनेपा सडकको स्तरोन्नति भैरहेको ।<br>➢ पनौती खोपासी सडकको स्तरोन्नति भैरहेको ।<br>➢ ख्याकु बल्थली कामीडाँडा सडक निर्माण सुरु भएको ।<br>➢ ३७९.५३ किमी सडक बाटो कुल नगरपालिकामा भएको ।<br>➢ वडा नं. ३ मोठस्थित चिल्डेन पार्क निर्माण भैरहेको ।<br>➢ वडा नं. १ मा सहीद पार्कको निर्माण भैरैहेको ।<br>➢ बिपी मार्गबाट उपत्यका प्रवेश गर्ने छोटो दूरी बाटो हुन सक्ने<br>➢ निजी जग्गामा अव्यवस्थित रुपमा भएको प्लटिङलाई निरुत्साहित गर्ने नीति ।<br>➢ सबै वडाका बस्तीहरूलाई जोड्न ट्र्याक खोलिसकिएको छ ।<br>➢ काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना निर्माणाधीन ।<br>➢ ढल प्रशोधन केन्द्रको प्रारम्भिक अध्ययन भएको<br>➢ वडा कार्यालय भवन वडा नं ३ र ४ को निर्माणाधीन अवस्थामा रहेको ।<br>➢ सहरी स्वास्थ्य केन्द्र दलिन्चोक र अन्टेटार (कुशादेवी निर्माणाधनी) अवस्थामा रहेको ।<br>➢ बालअधिकार संरक्षण केन्द्रको भवन निर्माणसम्बन्धी कार्य अघि बढिरहेको ।<br>➢ भूमिडाँडा स्वास्थ्य चौकी भवन निर्माणाधीन ।<br>➢ सिँचाई योजनाहरू – गौडाल पोखरी सिँचाई योजना, जुगेनी खोल्सी सिँचाई योजना , झ्याम्सी फाँट सिँचाई योजना, बस्थली मकैटार सिँचाई योजना, शंखु उपत्यका लिफ्ट सिँचाई योजना आदि सञ्चालित । र कुशादेवी डुकाउ फाँट सिँचाई योजना प्रस्तावित ।<br>➢ पनौती बस पार्क सञ्चालनमा रहेको ।<br>➢ राष्टिय विद्युत प्रसारण लाइनको लाइन सुधार तथा स्तरवृद्धि कार्यक्रम । |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| ४ | **सामाजिक क्षेत्र** | ➢ २७ वटा आधारभूत सामुदायिक विद्यालय र ३ वटा संस्थागत सामुदायिक विद्यालय – १२ सामुदायिक मावि र १६ वटा सामुदायिक मावि, तीन वटा क्याम्पस सञ्चालित<br>➢ प्रारम्भिक वाल विकास केन्द्रको स्थापना र सञ्चालन<br>➢ १२ कक्षाको मावि सम्मको शैक्षिक संस्थाहरू सामुदायिक तफ ६ वटा छन् ।<br>➢ निजी क्षेत्रबाट पनौती प्राविधिक शिक्षालयको सञ्चालन (अटोमोबाइल सबओभरसियर) ।<br>➢ साक्षर पनौती नगर घोषणा २०७६ मंसिर २० गते ।<br>➢ अंग्रेजी, गणित तथा विज्ञान विषयगत शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालयका लागि नगरपालिकाले अनुदान व्यवस्था गरेको ।<br>➢ विद्यालयमा विद्युतीय हाजिरी जडान भइसकेको ।<br>➢ सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षासेवी र विद्यार्थी सम्मानित कार्यक्रमको प्रारम्भ ।<br>➢ सी उत्कृष्ट विद्यार्थी, कक्षा ८ को उत्कृष्ट तथा जेहेन्दार छात्रवृत्ति प्रदान गरिएको ।<br>➢ पठन संस्कृतिको पूर्वाधार पुस्तकालयको विकास र विस्तार भन्ने मूल नाराका साथ ज्ञान विकास पुस्तकालय स्थापना र लाइब्रेरीको स्थापना ।<br>➢ बालमैत्री विद्यालय घोषणाका लागि  विभिन्न कार्यक्रमहरू गरिएको ।<br>➢ अंग्रेजी शिक्षकहरूका लागि तालिम कार्याशाला सञ्चालन गरिएको ।<br>➢ विद्यालयहरूलाई आई.सि.टी., विज्ञान प्रयोगशाला, पुस्तकालय साथै पानी सहितको शौचालयको लागि ८ विद्यालयलाई अनुदान दिइएको ।<br>➢ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई सनेटरी प्याड वितरण गरिएको ।<br>➢ सामुदायिक क्याम्पस तथा नमुना विद्यालय सञ्चालन अनुदान ।<br>➢ सामुदायिक विद्यालय बस सञ्चालनका लागि अनुदान वितरण ।<br>➢ प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी ८ वटा, नगर स्वास्थ्य क्लिनिक १, क्लिनिक/औषधी पसल १४, महिला स्वास्थ्य स्वयंसेविका १२० जना<br>➢ पनौती स्वास्थ्य चौकीमा बर्थिङसेन्टर र प्रयोगशाला सञ्चालन ।<br>➢ खोपासी स्वास्थ्य केन्द्रमा रेबिज विरुद्धको खोप सञ्चालन गरिएको ।<br>➢ ३३ वटा स्वास्थ्य शिविरहरू सञ्चालन गरिएको । |

| क.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| | | ➢ डेंगु रोग नियन्त्रण कार्यक्रम<br>➢ कोभिड नियन्त्रण तथा रोकथाम कार्यक्रम<br>➢ कडा रोगीहरूलाई उपचार खर्च वितरण ।<br>➢ मोतियाबिन्दु रोगीको उपचार गरिएको<br>➢ खोप सेवाका सहज पहुँच पुऱ्याइएको ।<br>➢ तिज कार्यक्रम आयोजना, ज्येष्ठ नागरिक दिवस मनाएको, लैंगिक हिँसाविरुद्धको सोह्र दिवसीय अभियान गरिएको, अपांगता दिवस मनाएको, अपांगत परिचय पत्र वितरण गरिएको, ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको, सामाजिक सुरक्षा भत्ता वितरण, विशेष सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।<br>➢ बालमैत्री स्थानीय शासन कार्यक्रम नगरपालिकाका सबै वडाहरूमा सञ्चालन गरिएको । वडा नं १ बालमैत्री वडाका रुपमा घोषणा भइसकेको अवस्था छ ।<br>➢ नगर बालसञ्जाल कार्यक्रम प्रारम्भ गरिएको । |
| ५ | **वन तथा वातावरण** | ➢ वन क्षेत्र विनाश हुने गरी सडक, उद्योग आदिको विकास नगरी वनमैत्री विकास गर्ने नगरको नीति तथा कार्यक्रम रहेको देखिन्छ ।<br>➢ घरनक्सा पास हुँदा प्रत्येक घरले कम्पाउन्डभित्र ५ वटा बिरुवा रोप्नुपर्ने ।<br>➢ शुभ कार्य तथा कसैको स्मृतिमा रुख रोप्ने संस्कारको विकास गराउन उत्प्रेरित गर्ने नगरको नीति तथा कार्यक्रम ।<br>➢ निजी घर, पसल वा उद्योगबाट निस्कने विषादीजन्य फोहोर र ढल सिधै खोलामा मिसाउन निषेध गरिएको । |
| ६ | **सुशासन तथा संस्थागत** | ➢ विकासकार्यमा जनसहभागिता तथा परिचालनको अभ्यास<br>➢ नगरकार्यपालिका, विषयगत शाखा, समितिको गठन र सञ्चालन<br>➢ सेवाग्राहीलाई सेवा सर्वसुलुभ रुपले लिन पाउने व्यवस्था हुँदै<br>➢ जनताको आँगनमा नगरपालिका कार्यक्रम लागू भइरहेको<br>➢ गैससको विकास कार्यमा संलग्नता<br>➢ स्थानीय ऐन, नियमावली, निर्देशिका र कार्यविधि बनाइएको<br>➢ न्यायिक समितिले स्थानीय जग्गा विवादसम्बन्धी ४ वटा, घरेलु हिंसासम्बन्धी ३ वटा, भौतिक संरचना सुरक्षा सम्बन्धी ४ वटा निवदेनहरूको न्याय सम्पादन गरिसकेको ।<br>➢ सबै वडाहरूमा मेलमिलाप समिति गठन गरिसकेको । |

| क्र.सं. | विषय क्षेत्र/उप-क्षेत्र | सम्भावना |
|---|---|---|
| ७ | **वित्तीय विकास** | ➢ सहकारीको एकीकरण, सूचीकरण, विनियम संशोधन र नयाँ दर्ता गरिएको अवस्था ।<br>➢ वाणिज्य बैंक तथा विकास बैंकका शाखा कार्यालयहरू सञ्चालन भएको ।<br>➢ सहकारी संस्थालाई आर्थिक कारोबारका आधारमा करको दायरामा ल्याउने गृहकार्य भएको ।<br>➢ सहकारी संस्थाहरूको अनुगमन तथा नियमन व्यवस्थालाई प्रभावकारी बनाउने नीति । |
| ८ | **विपद् व्यवस्थापन** | ➢ वन्यजन्तुले बालीनाली क्षति गरेको अवस्थामा राहतको व्यवस्था गरिएको ।<br>➢ विपद् सूचना केन्द्रलाई प्रभावकारी बनाउने नीति लिइएको ।<br>➢ एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्य भएको ।<br>➢ वन्यजन्तु तथा मानवबीचको द्वन्द्व र वन्यजन्तुबाट सिर्जित समस्या समाधानका लागि एकीकृत प्रयासको थालनी भएको ।<br>➢ वारुणयन्त्रको व्यवस्था गर्नका लागि आवश्यक पहलकदमी ।<br>➢ कोभिड १९ को रोकथामका लागि ६० बेडको क्वारेन्टाइन स्थापना गरिएको । प्राथमिक स्वास्थ्य केन्दै खोपासीमा १० र इन्द्रेश्वर माविमा ५० बेड । हेल्थ डेस्क र फिभर क्लिनिक सञ्चालन गरिएको । सबै वडाहरूका मुख्य बस्ती,चोक र पनौती बसपार्कमा गाडीहरूमा क्लोरिन स्प्रे गरिएको ।<br>➢ उद्धार सामग्री भण्डार केन्द्रको संरक्षण र उपयोगको उचित व्यवस्था गर्ने नीति लिइएको ।<br>➢ पनौती नगरपालिकाद्वारा सञ्चालन गरिएको फुड बैंकद्वारा राहत वितरण गरिएको । |
| ९ | **सूचना प्रविधि** | ➢ नेपालको पहिलो सूचना प्रविधि पार्क अवस्थित क्षेत्र ।<br>➢ नगरपालिकाम भएका विभिन्न गतिविभिहरू वेबसाइट लगायत अन्य सामाजिक सन्जालमा अपलोड गरिएको<br>➢ ग्रुप एस.एम.एस, इहाजरी अद्यावधिक लगायतका प्रणालीहरूलाई निरन्तरता दिइएको<br>➢ फुड बैंक मा प्राविधिक सहयोग गरिएको |

पनौती नगरपालिका रणनीतिक तथा दीर्घकालीन विकासका सम्भावनाहरू बोकेको महत्वपूर्ण स्थान हो । नगरपालिकाले विगत देखि गर्दै आएका विकासका अभ्यास, प्रयत्न, सहभागितात्मक छलफल, बहस र उपलब्धिका आधारमा विश्लेषण गर्दा यस क्षेत्रका विकासका भावी सम्भावनाहरूलाई यस प्रकार उल्लेख गरिएको छ ।

### २.३.१.२ पनौती नगरपालिका विकासका प्रमुख सवाल तथा समस्याहरू

**प्राचीनता तथा ऐतिहासिकता**

- पुरातात्विक अध्ययन अनुसन्धानलाई आकर्षित गर्न नसक्न;
- प्राचीन पनौती बजारको कलाकृति, महिमालाई यथावत् राख्दै व्यवस्थित गर्न आवश्यक;
- प्राचीन मठमन्दिर, पाटीपौवा (वडा नं ९ को सुन्थान पाटी, सोह्रखुट्टे पाटी, वनपटि फर्केको पाटी), किल्ला (पृथ्वीगढ), दलिनचोक दरबार, लायकु दरबार, नदीनाला, डाँडा, कोट, जात्रामेला भएको स्थानहरूको सूचीकृत गरी यथोचित संरक्षण तथा संवर्धन आवश्यक ।

**भौगोलिक विशेषता**

- भगवान बस्ने डाँडा, भगवान हिँड्ने मार्गलाई समुचित रुपमा विकास गर्न आवश्यक;
- फुलचोकी, खानीडाँडा, गर्दुम डाँडा, नागीडाँडा, बाउसे बन, अमिलचौर, न्यौपाने डाँठाको समुचित उपयोग गर्न आवश्यक;
- जैविक विविधतायुक्त महाभारत वनशृंखलाको समुचित उपयोग नगरिएको ;
- नेपालमा मात्र पाइने चरा काँडेभ्याकुरको वासस्थान, पुतली प्रजातिको विविधता, वर्ड वाचिङ र क्लाउड फरेष्टको फुलचोकी वन आदिको समुचित समुचित उपयोग नगरिनु;
- पुण्यवती, रोशी, लिलावती, सैलेन्द्री खोला, लड्कु खोला, कलाँती खोला, मुरली खोला, त्रिवेणी घाटमा रहेको लुप्त नदी रुद्रावती नदी, प्राकृतिक झरना, छहरा, प्राकृतिक गुफा अधिक उपयोग गरिनु आवश्यक ।

**आर्थिक विकासका सम्भावना तथा अवसर**

**कृषि**

- पनौतीको आलु खेतीमा आधुनिकीरकण हुन नसकेका;
- व्यावसायिक भैँसीपालनमा कमी;
- दूधजन्य पदार्थमा आधारित उत्पादन गर्ने उद्योगको कमी;
- मकै बीउबिजन उत्पादन प्रक्रिया थालनी नभएको ;
- अलैँची खेतीमा बेवास्ता गरिएको ;
- पहिले सुन्तला खेती राम्रो भएको भूकम्पपछि नफल्ने, मर्दै गएको रोग निदान गर्न नसकिएको ;
- रेसम खेती गरिएको स्थान तर रेसमबाट उत्पादन नगरिएको ;
- कागती, निबुवा, भोगटे, लप्सी, किबी, स्याउ, हलुवावेद खेतीको व्यावसायीकरण हुन नसकेको ;
- गोँलभेडा तथा बेमौसमी खेती तर्फ आकर्षण भए पनि बृहत् रुपमा खेती गर्न नसकेको ;
- ब्रोइलर, गिरिराज, कोइलर कुखुराफर्म पालनतर्फ आकर्षण भए पनि आधुनिकीकरण गर्न र ठूलो मात्रामा गर्न नसकिएको ;
- ट्राउट माछा पालनको लागि उपयुक्त स्थान भए पनि धेरै उत्पादन गर्न नसकिएको;
- बाखाफर्म सुरुआत गरी बाखापालनमा आधुनिकरण आवश्यक;
- मौरी पालन गर्दा तरकारी बालीमा लगाइएको विषादी, धूलो आदिले मर्ने गरेको समस्या देखिएको;
- एक गाउँ एक प्राविधिक अवधारणाको अवलम्बन गरिए पनि पूर्ण हुन नसकेको;
- कृषि बजार, संकलन केन्द्र, चिस्यान केन्द्र, कोल्ड स्टोरजको अभाव;
- युवालाई कृषि तथा पशुपालनमा आकर्षित गर्न नसक्नु;

- कृषिभूमिमा प्लटिङ गर्ने तथा काठमाडौँ उपत्यकाका मानिसले किनी बाँफो राख्ने प्रचलन बढ्दै गएको ।

**पर्यटन**

- धार्मिक तथा सांस्कृतिक पर्यटन विकासका लागि दीर्घकालीन सोच र गुरुयोजना निर्माण हुन नसकेको ।
- देवता हिँड्ने मार्ग, भगवानडाँडा (भगवान् बस्ने डाँडा), इन्द्रेश्वर महादेव मन्दिर क्षेत्र र प्राचीन पनौतीको सची तीर्थ त्रिवेणीघाट क्षेत्र, धनेश्वर महादेव मन्दिर क्षेत्र, महासत्व नमोबुद्धको जन्मथलो, प्राचीन स्मारक क्षेत्र घोषणा, मन्दिरैमन्दिरहरूको नगरपालिका पनौती आदिको प्रचारप्रसारको कमी रहेको र पनौती नगरपालिकामा पर्यटकीय सूचना केन्द्रको आवश्यकता पुरा हुन नसकेको ।
- जात्रामेलापर्वको नगरपालिका पनौती समुचित व्यवस्थापनमा चुनौती रहेको देखिन्छ ।
- पर्यटकीय स्थानहरूको नक्सांकन गरी पर्यटकीय नक्सा प्रकाशन नभएको अवस्था छ । मन्दिर, मेलापर्व, कलाकौशल, मूर्तिकला, काष्ठकला, फोटोहरू प्रकाशन गर्न आवश्यक देखिन्छ ।
- पनौती पर्यटकीय गाइडबुक प्रकाशन नभएको अवस्था छ ।
- दक्ष जनशक्ति, सुरक्षा, बासस्थल, पर्यटकले लाने वस्तुको उत्पादन पर्याप्त हुन नसकेको अवस्था छ ।

**खनिज तथा जलसम्पदा**

- रोडा ढुंगा उद्योगहरू आधुनिकीकरण र व्यवस्थित गर्नमा कमी रहेको छ ।
- जलविद्युत उत्पादनका लागि अन्य क्षेत्रमा अध्ययन आवश्यक छ ।

**उद्योग**

- भइरहेका उद्योगहरूले पर्याप्त रोजगारी र आयआर्जनका अवसर उपलब्ध गराउन सकेका छैनन् ।
- स्थानीय कच्चा पदार्थका आधारमा उद्योग खोलिनु आवश्यक छ ।
- लामाडोल क्षेत्र उद्योग ग्राम निर्माण कार्यले द्रुत रुप लिन सकेको छैन ।

**भौतिक पूर्वाधार विकास**

- बसहरूको नियमित सञ्चालन, व्यवथित बस स्टप, बस भाडादर, समय कार्ड आदिको अभाव रहेको छ ।
- बस्ती जोड्ने बाटाहरू सबै कच्ची भएकाले पक्की सडक बनाउन समस्या रहेको छ । हिउँद महिनामा मात्र पहुँच पुग्ने सडक बाटाहरू छन् ।
- डाँडाका बस्तीहरूमा सिँचाई समस्या रहेका छन् । कतिपय स्थानहरूमा खानेपानीको समस्या रहिरहेको छ । विद्युत पोल सडकबाटोको छेउबाट विस्तार गर्नुपर्नेमा अन्यत्रबाट भएकाले बाटो किनारमा सार्नुपर्ने छ ।

**सामाजिक क्षेत्र**

सामुदायिक र संस्थागत विद्यालयबीचको खाडल एक समस्या भएको छ । संस्थागत विद्यालयको गाडीले बच्चाहरूलाई बोकेर लान्छ । सामुदायिक विद्यालयमा विद्यार्थीका अभाव हुने समस्या रहेको छ । निजी क्षेत्रबाट पनौती प्राविधिक शिक्षालयको सञ्चालन (अटोमोबाइल सबओभरसियर) भए पनि समन्वयको अभाव छ । साक्षर पनौती नगर घोषणा भए पनि अफै विपन्न, गरिबका बालबालिका विद्यालयमा टिकाउ हुन सकेका छैनन् । क्याम्पस स्तरीय शिक्षा लिनका लागि उपत्यका तर्फ जाने गरेको पाइन्छ ।

**सुशासन तथा संस्थागत**

- विकासकार्यमा जनसहभागिता तथा परिचालनमा तीव्र रुपमा नभएको देखिन्छ ।
- जनताको आँगनमा नगरपालिका कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- गैससको विकास कार्यमा संलग्नतालाई अनुगमन र नियमन गर्नुपर्ने देखिन्छ ।
- स्थानीय ऐन, नियमावली, निर्देशिका र कार्यविधि बनाइए पनि जनतालाई त्यसबारे चेतना कम रहेको छ ।

**वातावरण**

- एक्साभेटरले मोटर ट्र्याक खोल्दा पहिरो जाने समस्या भएको देखिन्छ । प्रत्येक घरले कम्पाउन्डभित्र ५ वटा बिरुवा रोप्नुपर्ने कुरा प्रभावकारी कार्यान्वयन नभएको देखिन्छ । उपयुक्त ढल निकासको व्यवस्था नभएको पाइन्छ । ढुंगा खानी वरपर र ढुंगा बोक्ने टिपरहरूले वातावरणमा प्रतिकूल प्रभाव पारिरहेको छ । त्रिवेणी धाम क्षेत्रमा प्रदूषित पानी बगिरहेको देखिन्छ ।

**वित्तीय विकास**

- सहकारी संस्थाहरूको अनुगमन तथा नियमन व्यवस्थालाई प्रभावकारी बनाउने कार्य अपर्याप्त छ ।

**विपद् व्यवस्थापन**

- वन्यजन्तुले बालीनाली क्षति गर्ने समस्यालाई न्यूनीकरण गर्न सकिरहेको छैन ।
- विपद् सूचना केन्द्रलाई प्रभावकारी बनाउने नीति लिइएको भए पनि प्रभावकारी नभएको अवस्था छ ।
- सबै वडाहरूमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्य अपर्याप्त छ ।

**सूचना प्रविधि**

- नेपालको पहिलो सूचना प्रविधि पार्क अवस्थित क्षेत्र भए अधिकतम लाभ लिन नसकेको । पेपरलेस नगरपालिका बनाउन नसकिएको अवस्था छ ।
- नगरपालिकाम भएका विभिन्न गतिविधिहरू वेबसाइटहरूलाई अपडेट तथा नगरपालिकाका सबै चिनारीहरूलाई राख्नुपर्ने ।

## २.३.२ पनौती नगरपालिकाको विगतका वार्षिक नीति तथा कार्यक्रम समीक्षा

### *२.३.२.१ विगत वार्षिक योजनाको सबल पक्षहरू*

राज्य पुनःसंरचित भएपछि स्थानीय तहको पहिलो वार्षिक नीति तथा कार्यक्रम कर्मचारी मार्फत भयो भने स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि जननिर्वाचित प्रतिनिधिद्वारा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भई कार्यान्वयन हुँदै आएका छन् । विगतका वार्षिक बजेटमा प्रस्तुत भएर कार्यान्वयन भइसकेका र भइरहेका नगरपालिकाको विकास योजनाका प्रमुख सबल पक्षहरू निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- पूर्वाधार विकास र संरचनागत विकासमा प्राथमिकता राखिएको;
- सहभागितामूलक विधि अवलम्बन गरी योजना तर्जुमा गरिएको;
- स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार वार्षिक योजना तर्जुमा गरिएको;
- नगरपालिका विकासका विषयगत समितिहरू बनाई विषयगत योजनालाई समेटिएको;
- राजस्व अनुमान तथा बजेट व्यवस्थापन गरी नीति तथा कार्यक्रम बनाइएको;
- तथ्याङ्क तथा सूचनाको आधारमा योजना तर्जुमा गर्ने प्रयास भएको;

- नीति तथा कार्यक्रमलाई समावेशी विकासको सिद्धान्तलाई अवलम्बन गरिएको;
- जनचाहना अनुरुप भौतिक र पूर्वाधारका विषयलाई पहिलो प्राथमिकतामा राखेर योजना तर्जुमा गरिएको;
- योजनामा प्रमुख कार्यक्रम तथा कार्यनीति समावेश गरिएका;
- योजना समय सापेक्ष रुपमा तर्जुमा गरिएको र क्रमागतका आधारमा छनोट गरिएका;
- कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन अनुगमन तथा नियमन पक्षलाई जोड दिइएको ;
- वडागत गौरवका योजना छनोटको थालनी भएको ।

### *२.३.३.२ विगत वार्षिक योजनाको दुर्बल पक्षहरू*

पनौती नगरपालिकाको विकास कार्यहरुका प्रमुख कमजोरीलाई निम्न अनुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

- नगरपालिकाको वस्तुस्थिति चित्रण विश्लेषण गहिरो रुपमा नभएको तथा स्रोत नक्सा नभएको;
- विकास सोच अनुसार नगरपालिकाका विकासका विषय क्षेत्रहरू तर्कबद्ध रुपमा एकीकृत गरी प्रस्तुत नभएको;
- नतिजामूलक योजना खाँका (योजना सोंच तालिका) मा योजना तयार नगरिएको;
- बृहत्तर (एकीकृत) योजना निर्माण नगरी विकास योजना निर्माण गरिएको;
- विकास मापनको स्पष्ट सूचक तयार नगरिएको;
- भूउपयोग वर्गीकरणका आधारमा योजना निर्माण नगरिएको;
- वार्षिक योजना तथा नीतिको कार्यान्वयन निरन्तरतामा कमी;
- योजना कार्यान्वयनमा अनुगमन र नियमनको तीव्रतामा कमजोरी;
- सम्बन्धित विषयगत क्षेत्रमा निजी क्षेत्र र समुदायको संलग्नतालाई जोड्न नसक्नु;
- कतिपय कार्यक्रमको कार्यान्वयनको थालनी नै नहुनु;
- छरिएका योजनाहरू र टुक्रे बजेट विनियोजनले प्राथमिकता पाएको;
- एक अर्कामा अन्तरसम्बन्धित र अन्तरप्रभावी विकास योजनाहरूलाई एकीकृत रुपमा योजना निर्माण गर्न नसक्नु ।

## २.४. पनौती नगरपालिका विकासको दीर्घकालीन सोच

**कृषि, कला र संस्कृति हाम्रो चिनारी, हरित पर्यटकीय गौरवमय समृद्ध पनौती**

एकीकृत योजनाबद्ध विकासले उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन गरी विकास कार्यक्रमलाई उपलब्धिमूलक र प्रभावकारी बनाउँछ । यसर्थ विकासका निश्चित लक्ष्य, उद्देश्य, उपलब्धि र नतिजा निर्धारण गरी निश्चित अवधिभित्र सो प्राप्त गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवं परिभाषित गरिनुपर्छ । पनौती नगरपालिकाको विकासका अग्रणी क्षेत्रका रुपमा कृषि र पर्यटनलाई छनोट गरी यी दुई क्षेत्रलाई प्रभाव पार्ने तथा अन्तरसम्बन्धित हुने क्षेत्रहरू वन, सडक, स्वास्थ्य, शिक्षा, साना उद्योग, आर्थिक विकास, सामाजिक तथा सुशासन, सूचना प्रविधि आदिलाई एकीकृत गरी योजना तर्जुमा गरिएको छ । वर्तमान अवस्था, सम्भावना र भावी गन्तव्यलाई दृष्टिगत गरी नगरपालिकाको पाँच वर्षे एकीकृत बृहत्तर योजनाको दीर्घकालीन सोंच (Long Term Vision) "कृषि, कला र संस्कृति हाम्रो चिनारी, हरित पर्यटकीय गौरवमय समृद्ध पनौती" **"Agriculture, Arts and Culture, Our Identity, Green Tourism, Glory and Prosperity"** तय गरिएको छ ।

## २.५. पनौती नगरपालिकाको विकासका निर्देशक सिद्धान्त

पनौती नगरपालिका विकासको लागि दूरदृष्टितर्फ उन्मुख हुन, लक्ष्य (Goal) प्राप्तिमा अधिकतम योगदान पुऱ्याउन तथा उद्देश्य (Purpose) हासिल गर्नका लागि संचालन हुने विकासका योजनाबद्ध प्रयासहरूमा देहायका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिएको छ ।

**जनकेन्द्रित विकास तथा समावेशी विकास**

- महिला, बालबालिका र पिछडिएको वर्ग एवं समुदायको सशक्तीकरण गरी जनसहभागितालाई सुदृढीकरण गरिनेछ ।
- लोकतान्त्रिक सिद्धान्तलाई अवलम्बन गरी विकास प्रक्रियामा नागरिक तथा समुदायको संलग्नता वृद्धि गरिनेछ ।
- संरचनागत सुधार र क्षमता विकासको माध्यमबाट स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका तथा दलितको संलग्नतालाई सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाइनेछ ।

**वातावरण सन्तुलन तथा दिगो विकास**

- भौतिक पूर्वाधार विकास, साना उद्योग विकास, पर्यटन विकास, जलविद्युत् तथा खानीजन्य क्षेत्रमा विकास गर्दा वातावरण सन्तुलन तथा दिगो विकासलाई आत्मसात् गरिनेछ ।
- रैथाने तथा लोपोन्मुख बाली, वन्यजन्तु, पक्षीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरी विकास कार्यलाई वातावरणमैत्री तथा दिगो बनाइनेछ ।

**स्थानीय सुशासन तथा नतिजामूलक व्यवस्थापन**

- सूचनामा आधारित नतिजामूलक योजना, अनुगमन तथा मूल्याङ्कन प्रणाली अभ्यास गरी विकास व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- स्थानीय सुशासनका लागि नागरिकको संलग्नता, निगरानी, उत्तरदायित्व र पारदर्शिताका कार्यहरू सञ्चालन गरिनेछ ।
- विकास कार्य सञ्चालनको प्रमुख रणनीति संस्थागत सुदृढीकरण, गुणस्तरीयता, पारदर्शिता र दिगोपनालाई अपनाइनेछ ।
- कानुनी शासनको माध्यमबाट संस्थागत सुशासन कायम गर्दै भ्रष्टाचारमुक्त कार्यविधि अपनाइनेछ ।
- नागरिक बडापत्र, सूचनाको हक र गुनासो सुनुवाई आदी सम्बन्धी प्रावधानको उपयोगका लागि आवश्यक संयन्त्रको विकास गरी नागरिकको सार्वजनिक सेवा सम्बन्धी हकको सुनिश्चितता गरिनेछ ।

**भू-उपयोग र व्यवस्थित एकीकृत बस्तीको विकास**

- भू-उपयोग योजना अनुसार एकीकृत तथा व्यवस्थित बस्ती विकास गरिनेछ ।
- वन तथा वातावरणमा प्रतिकूल असर नहुने तथा जोखिम न्यूनिकरण हुने गरी बस्ती विकास गरिनेछ ।

**समुदाय, निजी क्षेत्र एवं गै.स.स. साझेदारी**

- विकासकर्ताका रुपमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्बन गरिनेछ ।

- निजी क्षेत्रलाई आकर्षण गर्न लगानीमैत्री वातावरण निर्माण गरी बाह्य स्रोत तथा साधनको अधिकतम परिचालन गरिनेछ ।

## २.६. अन्तर-पालिका तथा नगरपालिका सम्बन्ध

नगरपालिकाको विकासको उद्देश्य तथा उपलब्धि प्राप्त गर्न अन्तर नगरपालिका सहयोग तथा सहकार्य आवश्यक हुन्छ । कतिपय स्थानीय समस्या तथा सम्भावनाहरू अन्तर गाउँपालिका तथा नगरपालिकाहरूको सामूहिक विषय बनेका हुन्छन् । यी पक्षहरूमा अन्तर पालिका र नगरपालिकाको सम्बन्ध, सहकार्य र समन्वय गरी विकासका लक्ष्य पूर्ति गर्न आवश्यक हुन्छ । नगरपालिकाको कुनै आवश्यकीय क्षेत्रको तुलनात्मक लाभका विषयगत क्षेत्रमा अन्तर पालिका तथा नगरपालिकाहरूको सामूहिक लगानीको आवश्यकता पहिचान गरी लगानी गर्नुपर्छ । यस्ता तुलनात्मक लाभ दिने सम्भावित क्षेत्रहरूमा सम्बन्धित पालिका र नगरपालिकाहरूले सङ्घीय तथा प्रादेशिक योजनाहरूका लागि एकाकार भई योजना माग गर्न सक्नेछन् ।

**अन्तरपालिका सम्बन्धको लागि निम्न क्षेत्रहरू पहिचान गरिएका छन् ।**

१. कृषि उत्पादन;
२. पर्यटन विकास र प्रवर्धन;
३. संरक्षण क्षेत्र व्यवस्थापन;
४. वन तथा चरिचरन क्षेत्र व्यवस्थापन तथा विकास;
५. भौतिक पूर्वाधार विकास;
६. सीप प्रवर्धन तथा मानव संसाधन विकास ;
७. बजार प्रवर्धन;
८. प्राकृतिक सम्पदामा आधारित उद्योग स्थापना ।

## २.७. बृहत्तर (एकीकृत) बिकास योजना र अन्य योजनाबीच अन्तरसम्बन्ध

आवधिक नगरपालिका विकास योजनाको राष्ट्रिय योजना, राष्ट्रिय स्तरमा विषयगत दीर्घकालीन योजनाहरू, प्रदेश स्तरीय विषयगत गुरुयोजना सँग तादाम्यता, नीतिगत र कार्यगत समन्वय एवं उचित सम्बन्धमा कायम हुन आवश्यक छ । नगरपालिका एकातर्फ स्थानीय चाहना, आवश्यकता र मागले योजनाको प्रारुप प्राप्त गर्ने र अर्कोतर्फ राष्ट्रिय नीति, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरू वास्तविक रुपमा कार्यान्वयन हुने हुँदा स्थानीय योजना र राष्ट्रिय नीति, योजना र कार्यक्रम भेट हुने साझा थलो हो । तसर्थ, स्थानीय र केन्द्रीय योजना बीच उचित तालमेल, सम्बन्ध र एकीकरण हुन जरुरी छ ।


नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) योजनालाई लागि राष्ट्रिय नीति, पन्ध्रौं योजनाको आधारपत्र, विभिन्न राष्ट्रिय विषयगत गुरुयोजना तथा प्रदेशका विषयगत योजनाहरूको परिपूरक तथा परिपोषकको रुपमा प्रस्तुत गरिएको छ । बृहत्तर (एकीकृत) पँचवर्षीय योजना तर्जुमा गर्दा निम्न नीति, योजना तथा कार्यक्रम पुनरावलोकन एवं आधारको रुपमा लिइएको छ ।

- सम्बन्धित ऐन, नियम, निर्देशिकाहरू (स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन, शिक्षा, जनस्वास्थ्य ऐन तथा नियमावली, वन ऐन, संरक्षण क्षेत्र आदि);
- गरिबी निवारण रणनीति पत्र (दसौं योजना);
- पन्ध्रौं योजनाको आधार पत्र;
- कृषि विकास रणनीति;
- दीर्घकालीन कृषि योजना;

- वन विकास गुरुयोजना;
- दीर्घकालीन स्वास्थ्य योजना;
- विभिन्न राष्ट्रिय नीतिहरू (स्थानीय पूवार्धार, पर्यटन, जलस्रोत, वातावरण, विद्युत, भू-उपयोग, सार्वजनिक निजी साझेदार, सिंचाइ, उद्योग, खानेपानी र सरसफाइ, ऊर्जा, लैंगिक तथा सामाजिक समावेशीकरण आदि);
- प्रदेश स्तरीय विषयगत योजनाहरू (पर्यटन, यातायात, क्षमता विकास, स्वास्थ्य शिक्षा, बालबालिका, जलाधार व्यवस्थापन, राष्ट्रिय संरक्षण क्षेत्र व्यवस्थापन आदि);
- सामाजिक परीक्षण प्रतिवेदन;
- वार्षिक समीक्षा तथा अनुगमन प्रतिवेदन आदि;
- नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, योजना कार्यक्रमहरू ।

बृहत्तर (एकीकृत) विकास योजना राष्ट्रिय योजना, विभिन्न विषयगत राष्ट्रिय तथा नगरपालिकाका योजनाहरूबीच देहायका पक्षहरूमा एक अर्कामा परिपूरक तथा परिपोषक हुने गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नीतिगत एवं कार्यगत समन्वय, अन्तरसम्बन्ध र एकीकरण गरिएको छ ।

यस प्रकार योजनाहरूबीच नीतिगत तथा कार्यगत अन्तरसम्बन्ध, समन्वय तथा एकीकरण गरी एक अर्काका परिपूरक तथा परिपोषकको पद्धतिलाई तल प्रस्तुत गरिएको छ ।




चित्र नं.७: पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास योजना

## २.८. नगरपालिकाको विकासको समष्टिगत लक्ष्य

यस योजनाले निम्न उल्लेखित लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

**"कृषि तथा पर्यटनको तीव्र विकास गरी सामाजिक, आर्थिक, मानवीय विकासमा अभिवृद्धि ल्याई जीवनस्तर सुखी समृद्ध भएको हुनेछ ।"**

पालिकाको उपरोक्त लक्ष्य प्राप्तिमा योजनाले पुऱ्याउने योगदान देहायका सूचकहरूबाट मापन गरिनेछ । योजना अवधिको अन्त्य सम्ममा :

- गरिबीको रेखामुनीको जनसंख्या उल्लेखनीय रुपमा घटेको हुनेछ ।

- पालिका बासीले जीवनस्तर समृद्ध भएको महसुस गर्नेछन् ।
- मानव विकास सुचकाङ्क अभिवृद्धि भएको हुनेछ ।
- जलवायु परिवर्तन अनुकुलन तथा विपद उत्थानशिलतामा वृद्धि भएको हुनेछ ।
- शैक्षिक स्थितिका सूचकहरूमा उल्लेखनीय सुधार भएको हुनेछ ।

## २.९. स्रोत तथा बजेट परिचालन रणनीति

स्रोत तथा बजेट परिचालन गर्न आन्तरक श्रोत पहिचान र परिचालन समेत देहाय बमोजिमका रणनीति अबलम्बन गरिनेछ ।

**क.) आन्तरिक स्रोत र साधनको पहिचान तथा परिचालन**

- आन्तरिक श्रोत (राजस्व, कर, सेवा तथा शुल्ल) का क्षेत्र पहिचान गरिचालन गर्ने ।
- नगरपालिकाको संभावित कर, राजस्व र शुल्कका श्रोतहरूलाई करको दायरामा ल्याउने ।
- आवश्यकता अनुसार राजस्व संकलन केन्द्रको स्थापना गर्ने तथा साझेदारीमा राजस्व संकलन गर्ने ।
- विषयगत कार्यालयहरू (जस्तै वन कार्यालय, पशुसेवा कार्यालय, कृषि विकास कार्यालय) र अन्य व्यावसायिक निकायहरूसँग समन्वय गरी स्रोत परिचालनमा साझेदारी गर्ने ।
- ढुङ्गा, गिटी र बालुवा उपलव्ध हुने क्षेत्रसम्म मोटर पुग्ने लिङ्क बाटो निर्माण गरी थप राजस्व सङ्कलन गर्न सकिने ।
- नगरपालिकाले राजस्व अभिबृद्धि गर्ने सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन गरी दुई किसिमका नीति अख्तियार गर्ने ।
- विस्तार हुँदै गरको नयाँ बजार केन्द्र (Growth Centres) को पहिचान गरी राजस्व परिचालनको योजना तर्जुमा गर्ने ।
- घर जग्गा रजिष्ट्रेसनबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकममा वृद्धि गर्न मालपोत कार्यालयबाट तोकिने न्यूनतम मूल्यांकनलाई बढी व्यावहारिक बनाउने ।
- नगरपालिकाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिसमा लिने दस्तुरको पुनरावलोकन गरी थप राजस्व प्राप्त गर्न सकिने ।
- स्थानीय सेवा शुल्क नीति तयार गरी लागू गर्ने ।
- स्थानीय सेवा, शुल्लक तथा राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने ।

**ख.) अन्य स्रोत परिचालन तथा व्यवस्थापन**

- सम्भाव्यताका आधारमा दीर्घकालीन आयोजनाहरू सञ्चालनमा लगानी गर्न प्राथमिकता दिने ।
- विकास साझेदार, गैसस तथा निजी क्षेत्रसँग साझेदारी वृद्धि गर्ने ।
- केन्द्र तथा प्रदेश मन्त्रालयहरूसँग थप स्रोतको लागि अनुरोध गर्ने ।
- स्थानीय श्रम, स्रोत र साधन परिचालन तथा जनसहभागिता वृद्धि गर्ने ।
- सेवा प्रवाहमा निजी क्षेत्र, गैसस परिचालन तथा साझेदारीमा जोड दिने ।
- नगरपालिका र निजी क्षेत्र बीच संयुक्त लगानीका क्षेत्रको खोजी गर्ने ।
- विषयगत क्षेत्र योजनाको लागि लगानी वृद्धि गर्ने ।
- एकीकृत क्षेत्र विकास कोष सञ्चालन गर्ने ।
- भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन तथा विकासको लागि लगानी वृद्धि गर्ने ।

- पर्यटन विकासको लागि नेपाल पर्यटन बोर्ड, सम्बन्धित मन्त्रालयहरू, छिमेकी पालिकाहरूसँग सहकार्य गर्ने ।
- वाणिज्य क्षेत्रको विकास तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि निजी क्षेत्रको लगानी वृद्धि गर्ने ।
- स्वास्थ्य क्षेत्र विकासको लागि सामुदायिक तथा निजी क्षेत्रको लगानी वृद्धि गर्न प्रोत्साहन गर्ने ।
- प्राविधिक जनशक्ति उत्पादनका निजी तथा केन्द्रीय लगानी वृद्धि गर्न पहपल गर्ने ।
- प्राविधिक शिक्षालय स्थापना र संचालनमा निजी क्षेत्रको लगानी वृद्धि गर्न प्रोत्साहन गर्ने ।
- खेलकुद विकास र प्रवर्द्धनमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।
- युवाहरूको क्षमता वृद्धि तथा स्वरोजगार प्रवर्द्धनको लागि विकास साझेदारसँग साझेदारी गर्ने ।
- वन पैदावरमा आधारित उद्योग व्यवसाय संचालनमा निजी क्षेत्रलाई आकर्षण तथा प्रोत्साहन गर्ने ।
- गैसस तथा सामुदायममा आधारित संस्थाहरूसँग साझेदारी र सहयोग परिचालन गर्ने ।
- स्थानीय श्रोत, साधन तथा जनसहभागिता बृद्धि गर्ने ।
- सेवा प्रवाहमा निजी क्षेत्रको परिचालन तथा साझेदारीमा जोड दिने ।

# अध्याय तिन (३): साहित्यको समीक्षा

यस अध्ययनलाई वैज्ञानिक र वैध बनाउन को लागि विभिन्न मामिला, दस्तावेजहरु र साहित्यहरुको समीक्षा गरिएको छ ताकि पनौती नगरपालिकाको **पाँच वर्षे बृहत्तर (एकीकृत) बिकास योजना** यथार्थवादी र कार्यान्वयन योग्य हुनेछ। यहाँ एकीकृत विकास योजना संग सम्बन्धित दृष्टिकोणहरु व्यावहारिक र सैद्धान्तिक विचारहरु सहित विभिन्न मामिलाहरुको पनि समीक्षा गरिएको छ।

## ३.१. अन्तराष्ट्रिय अवस्थाहरुको समिक्षा

### ३.१.१ दक्षिण अफ्रिका

दक्षिण अफ्रिकी नगरपालिका बासीहरूले एक कठोर रवैयाको सामना गर्दै १२ बर्षको एकीकृत विकास योजना लागु गरि अगाडी बढ्दै तत्कालीन अवस्थामा गरिबी र सु-शासन बिचको असमानतालाई घटाउने प्रयास गरिएको थियो। नगरपालिकाहरूमा सेवाको वितरण मन्त्रिपरिषद्को स्थानीय सरकार भित्रको Bureaucratic सेटिङहरू बाट केही परियोजनाहरुसँग जोडिएको थियो। दक्षिण अफ्रिकामा गरीबहरूका निम्ति लक्षित सेवाको अवधारणात्मक विकास गर्नुका साथै स्थानीय सरकारले समुदायहरूको सहभागितामा गरिबीको समस्याको बिरुद्ध आन्तरिक रूपमा स्थानीय प्रशासनको क्षमतालाई प्रभावकारी रूपमा लागु गरि विकासका चुनौतीहरुलाई स्थानीय सरकारहरूले सामना गर्ने नयाँ मोडको रुपमा अगाडी सारेको थियो।

स्थानीय विकासमा रोजगारीको लागि सहयोग र समन्वय गर्ने चुनौतिहरुलाई पनि स्थानीय विकासको उपयोगमा स्पष्ट प्रमाण सहित प्रकट गरिएको थियो । जसले प्रभावकारी नियन्त्रित विधिहरुलाई बढावा दिई गरीबीको समस्या र सामुदायिक विकासको लागि बहु-क्षेत्रीय दृष्टिकोणको आधारमा एक एकीकृत स्थानीय विकास योजनाको प्रक्रियामा सहयोग गर्दथ्यो। तसर्थ, दक्षिण अफ्रिकामा एकीकृत विकास योजनाले सामाजिक रुपान्तरणको आधारमा मात्र ध्यान केन्द्रित गरेको थियो र त्यसैले गरीबीको कमी बढेको छ र सामाजिक-आर्थिक विकास स्थिर भयो।

### ३.१.२ रोमानिया

रोमानियाको शहरहरूले संक्रमणको उल्लेखनीय चरणहरुको अनुभव गरिरहेका थिए, जुन तिनीहरुको अभ्यास र दर्शनहरूमा पनि देखा परे। यसको ऐतिहासिक पृष्ठभूमि एक केन्द्रित रूपमा बजारमा आधारित अर्थव्यवस्थाबाट परिवर्तन भएको थियो। परिवर्तनको यो प्रक्रिया २० वर्ष पहिले रोमानियन क्रान्ति र Ceausescu शासनको अन्तको साथमा सुरु भयो र यसले अझै पनि राम्रो संतुलन, जीवनको गुणस्तर र स्थायी रूपमा विकासको ठोस उदाहरण प्राप्त गर्न सकेको थिएन। त्यसैले रोमानिया तथा पूर्वी यूरोपियन देशहरूमा अझै पनि धेरै महत्वपूर्ण सम्बन्धित क्षेत्रहरूको गतिमा ढिलाई भईरहेको थियो। शहरहरू त्यहांको पूर्वाधार, सेवा, अर्थव्यवस्था र वातावरणीय पक्षको संरक्षणमा पछि लागेका छन्। रोमानियाका नागरिकहरूको जीवनको गुणस्तरीय पक्षहरूमा अझै कमी रहेको थियो। रोमानियाको वर्तमान शहरी अवस्थामा योगदान पुर्‍याउने थुप्रै कारकहरू छन् भने रोमानियाका शहरहरू गत २० वर्षको अवधिमा विकसित भएको हो।

**रोमानियाको एकीकृत विकास योजनाको कमजोरीलाई यसरी प्रस्तुत गरिएको छ।**

- एक कमजोर योजना प्रणाली जुन तत्काल आवश्यक अभिनव योजना उपकरण (शहरी रूपान्तरण प्रबन्धको लागी उपयुक्त नियन्त्रित उपकरणको कमी) संग।

- राजनैतिक एजेन्डाहरू (केन्द्रीय र स्थानीय तहमा), जुन महत्वपूर्ण शहरी प्रश्नहरूको रूपमा विचार गर्दैनन् ।
- नगरपालिकाहरूमा राजनीतिज्ञ र पेशेवरहरू बीच रणनीतिक दृष्टिविहीनताको एक दुर्लभ प्रसार ।
- देशमा स्थानीय सरकारी सुधारहरू (विकृतिकरण, शक्तिको विलम्ब, र निजीकरण) राम्रोसँग परिभाषित छैन र प्रायः तिनीहरु निष्कृय छन् ।
- अधिक स्थानीय स्वतन्त्रता, नागरिक सहभागिता तथा सार्वजनिक र निजी क्षेत्रको भूमिकाको पुनःरुत्थानको परिचयमा अनावश्यक प्रयास ।

रोमानियाको संदर्भ संग तालमेल गर्दा नेपाल धेरै पछाडी परेको जस्तो देखिन्छ किनभने यहांको राजनीतिक स्थिरता नै संक्रमणको चरणमा छ र देशले लामो समय संघीय संविधानको लेखनमा विताएको थियो । यस्तो संक्रमणकालीन चरणमा, नगरपालिकाको एकीकृत विकास योजना एक स्थायी विकास योजनाको लागि अर्को चुनौती हुन सक्छ जुन पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) विकास योजना (सिआईडीपी) लागु एवम कार्यान्वयन गर्दा विचार गरिनुपर्दछ ।

## ३.२. योजनाको पद्धती तथा बिधिको समिक्षा

योजनाको विधि, पद्धती तथा प्रक्रियाहरूको बारेमा साहित्यहरुको समीक्षा निम्नानुसार गरिएको छ :

### ३.२.१ नगरपालिको विकासको लागि भिजनको रूपमा योजना

*If you give a man a fish, you will feed him once*
*If you take a man fishing, you will feed him for a week*
*If you teach a man to fish, he will never be hungry*

**(Leo Tse)**

Similarly, there is an Oriental saying:

*Where the vision is one year, cultivate flowers.*
*Where the vision is ten years, cultivate trees.*
*Where the vision is eternity, cultivate people.*

**(Oriental saying)**

माथिको कथनले प्रत्यक्ष योजना र विकास गतिविधिमा दिइएको सामाजिक-आर्थिक सन्दर्भको साथ दृष्टि उन्मुख विकास योजना अप्नाउन मद्दत पुऱ्याउँदछ । यसले यो पनि संकेत गर्दछ कि एक योजनाकारले स्थानीय संदर्भ र स्थितिको बारेमा जान्नुपर्छ ताकि योजना अवधारणालाई क्षेत्रीय विकास परिप्रेक्ष्यमा अपनाउन सकोस् । योजनाकारले मुख्य र सम्भावित समस्याहरूलाई हेर्नु र पत्ता लगाउनु आवश्यक छ जसले शहरी क्षेत्रको योजनामा प्रत्यक्ष रूपमा निर्देशन पुऱ्याउन सक्छ । सोही अनुसार भविष्यको लागि योजनाको मार्ग तय गर्नु जसले सरोकारवालाहरू सँग काम गर्न निर्देशित गर्दछ । नेपालको नगरपालिका विकासको सन्दर्भमा शहरी योजनाले नगरपालिकाको स्थायी कार्यको लागि संरचनात्मक साथै कार्यात्मक योजना तयार गर्नुपर्छ जसले अन्ततः विकास प्रवर्तकहरूलाई मद्दत गर्दछ । नगरपालिकाको विकास योजनाको सन्दर्भमा एक बृहत तथा एकीकृत तरिकाबाट दृष्टि, लक्ष्य, मिशन र उद्देश्य संग लामो समयको विकास योजना आवश्यक छ । यसैले, यो दस्तावेज पनौती नगरपालिकाको देखिरहेको बिषयगत र बस्तुगत आधार तथा सरचनाहरूको व्यवस्थित विकास योजनाको लागि सहायक हुनेछ ।

### ३.२.२ केन्द्र र परिधिको वरीपरिमा लिंक: अगाडि-पछाडिको लिङ्कहरू

नगरको व्यवसायिक केन्द्रहरू जसले यसको आसपासका क्षेत्रमा सेवाहरू प्रदान गर्छन्, यी केन्द्रहरूले विशेषगरी सामानहरू र सेवाहरू यहांको नागरिकलाई प्रदान गर्छन् । यसैले, व्यवसायिक केन्द्रलाई केही रणनीतिक स्थानको रुपमा विकास गर्नुपर्दछ र जसका कारण त्यसको नजिकमा बस्ने नागरिकहरूले सेवा पाउनेछन् । क्रिस्टेलर, १९३३ (केन्द्रीय स्थानको सिद्धान्त) द्वारा प्रस्तावित गरे अनुसार केहि व्यवसायिक केन्द्रहरूले विशेष केन्द्रका रूपमा कार्य गर्न सक्छन् र केहि अन्य विशेष प्रक्रिया पनि गर्न सक्छन् । त्यसैले एक क्षेत्रमा आवासिय बन्दोबस्तिलाई पदानुक्रम विकास गर्दै जांदा साना तथा ठूला व्यवसायिक तथा बाजारिक शहरहरूको अध्ययनमा यो सम्झौता प्रणाली र व्यवसायिक केन्द्रको बारेमा ध्यान दिनुपर्छ । सम्भवत: विकासशील क्षेत्रहरूको निपटान नजिकै झन् झन् झल्किन्छ, जसलाई बजारको अध्ययन गर्दा विचार गर्नुपर्दछ । त्यसैले, क्रिस्टेलरको केन्द्रीय स्थानको सिद्धान्त लागू हुंदा जब विकासका् सन्र्दभमा व्यवसायिक केन्द्रको अध्ययन र नगरपालिकाको परिधिमा यसको लिङ्कलाई जोडिएको हुन्छ, जहां विकास केन्द्र स्थापित हुनेछ र यसको बाहिरी इलाका र अन्य बस्तीहरू पनि हिटरल्याण्डका रुपमा रहनेछन् ।

यस दृष्टिकोण भित्रको विचार यो हो कि प्रस्तावित नगरपालिका विकासको केन्द्र हुनेछ र वरपरका बासिन्दाहरू हिंटरल्याण्ड हुनेछन् । विकास केन्द्रले यसको आसपासको क्षेत्रमा उत्पादन र श्रमबाट लाभदायक हिटरल्याण्ड सम्म सेवा प्रदान गर्दछ । यसैले यस क्षेत्रको सम्पूर्ण आवासिय बन्दोबस्ति र सेटलमेन्टको विकासमा संतुलन मिलाउनेछ ।

### ३.२.३ बस्ती र बजार बीचको सामान र सेवाहरूको प्रवाह

ग्रामीण-शहरी सम्बन्ध दुई ग्रामीण शहरी सेवा बिचको आदान प्रदानको लागि सबैभन्दा लोकप्रिय छ । शहरी बन्दोबस्तिले श्रमको काम, ग्रामीण उत्पादन र अन्य कार्यको लागी ग्रामीण आबासिय सम्म बजार प्रबर्धन गर्दछ । जसले शहरी बस्तीमा सामानहरू र सेवाहरू उपलब्ध गराउन महत्वपूर्ण छन् । त्यसैगरी, ग्रामीण उत्पादनलाई शहरी बजार केन्द्र सम्म बेच्न सक्छन् र यी दुई बस्ती सामानहरू र सेवाहरूद्वारा जोडिदै जान्छन् ।

परम्परागत रूपमा, विकास नीति र सम्बन्धित अनुसन्धानहरूले ग्रामीण र शहरी क्षेत्रहरूको सरलिकृत अवधारणालाई अपनाएको छ । शब्दहरुमा ग्रामीण **"ग्रामीण क्षेत्रमा अधिक"** क्षेत्रहरु र शहरी **"भीड भरिएका शहरहरु"** लाई उल्लेख गरिएको छ । प्रत्येक स्थानलाई असर पार्ने समस्याहरू परिणामस्वरूप गरीबीको कमजोरीमा अन्तर(लिङ्कहरूको पहिचान गर्न असफल भए, जुन दुई रिक्त स्थानहरु र रिक्त स्थानहरुको धेरै भिन्नताहरु बिच अवस्थित छ । वास्तविकतामा, कृषि र खेती क्षेत्रहरू (अत्यन्त ग्रामीण) र मेगासिटी (शहरी) बहुसंख्यक प्रवाहको साथसाथै निरंतरता र ती दुई स्थानहरू बीचमा सम्बन्ध रहेको छ ।

विकास केन्द्रको रूपमा कार्भे स्थित नगरको अध्ययन गर्दा, सामान र सेवाहरुको साना र ठूलो बजार केन्द्रहरु र उनको कार्यको बीचको प्रवाह हेर्नुपर्छ । यदि यो दृष्टिकोणले बस्तुको विकासको लागि नगरपालिकाको अध्ययन गर्न लागू गरिसकेको छ भने ग्रामीण बस्तीहरूले वस्तु र सेवाहरू आदान-प्रदान गर्दछन् र अन्तमा विकसित शहरको रूपमा रहनेछ, त्यसपछि हामीलाई स्थायी शहरी विकासको लागि योजना चाहिन्छ । यो दृष्टिकोण हिंटरल्याण्ड र विकास केन्द्र बीचको वस्तु विनिमय र अध्ययन केन्द्रको अध्ययनको लागी मात्र लागू हुनेछ । जसले रोजगारी, भौतिक विकास, पूर्वाधार योजना, शहरी अवधारणाको विकास र स्थायी शहरी विकास सिर्जना गर्दछ । यस पृष्ठभूमि भित्र यो दृष्टिकोण लागू हुनेछ र हामी यो दृष्टिकोणलाई नगरपालिकाको योजनाको रूपमा विचार गर्नु पर्दछ ।

## ३.३. भवन निर्माण संहिताको समिक्षा

भवन निर्माण संहिता लागु गर्न निम्न लिखित अवयवहरूलाई प्रोत्साहन दिन सकिन्छ :

**क) भू-उपयोगको पूर्व संगठन, पूर्वाधार तथा संरचनाहरुको उच्चतम ग्यारेन्टी**

- आर्थिक परिणाम;
- सामाजिक स्थिरता र सहनशीलताको परिणाम;
- सौंदर्य र सांस्कृतिक परिणाम;
- वतावरणीय, पर्यावरणीय तथा परिस्थितिक परिणाम; र
- एक, केहि, सबै तथा निष्पक्षताको क्रमको आकस्मिकता ।

**ख) शहरमा उपयुक्त सामाजिक अभ्यास र कार्यहरुको खोजी**

- निजी नागरिक;
- निजी निगम;
- सार्वजनिक निकायहरू; र
- माग अनुरूप गर्नु, कारण खोज परिणाम तथा परिणाम खोज्नुको कारणले यिनीहरूमा बाधा नपुग्नु ।

यसको अर्थ भवन निर्माण संहिताको लागि उपयुक्त सामाजिक व्यवहार र कार्य खोज्नु हो । यसले भू-उपयोग, पूर्वाधार र संरचनाको लागि अधिकतम आर्थिक परिणाम, सामाजिक स्थिरता र सद्भाव परिणाम, सौंदर्यशास्त्र र सांस्कृतिक परिणाम, पर्यावरण र पारिस्थितिक परिणाम र स्वस्थ विकसित शहरको योजना बनाउन मद्दत गर्दछ । नेपालको सन्दर्भमा, भवन निर्माण संहितालाई सहि तरिकाले कार्यान्वयन गरिएको छैन् । पनौती नगरपालिकाको हकमा, भवन निर्माण संहिताको तयारी गरि कार्यान्वयन गर्नु आवश्यक छ । यसले नियोजित रुपमा सहरी विकास र बिस्तारलाई जोड दिन्छ ।

यसअघि नेपाल सरकारले नेपालका प्रमुख क्षेत्रहरुमा नयाँ सम्भावित शहरहरूको विकास गर्ने योजना बनाएको छ । यसका लागि सुरुदेखि नै भवन निर्माण संहिताको कार्यान्वयन गर्नु आवश्यक छ । यो भु-उपयोग योजना, क्षेत्रीय योजना, स्थानिक योजना, पूर्वाधार योजना र अन्ततः स्थायी रूपमा विकासशील शहरको लागि उपयोगी हुनेछ ।

### ३.३.१ काठमाडौं उपत्यकाको भवन विर्माण संहिता

भवन निर्माण संहिता तयार गर्नु पनि एक त्यस्तो प्रमुख कारक हो, जसले शहरी स्वरूप र वातावरण निर्माण गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । मानिसहरु शहरी स्वरूप र निर्माण वातावरणको अधिक प्रभाव बारेमा जान्न खोज्दछन् । अधिकांश शहरहरुमा आधुनिक प्रविधिहरुको थालनि भएको छ । जसले गर्दा निर्माण कोडहरुलनई विकसित गरियो, जसले अप्राकृतिक शहरी विकासलाई नियंत्रित गर्नको लागि मद्दद गर्दछ र एक सुन्दर र स्वस्थ शहरी स्वरूप तथा वातावरणको निर्माण गर्दछ । तर, काठमाडौं शहरको अवस्थामा, भवन निर्माण सहिंता र नियमहरू फ्लोर क्षेत्र अनुपात (FAR), ग्राउन्ड कभरेज, ढिलाई, भवनको उचाई र अधिकारको सही बाटो (ROW) सँग सीमित छ, जसले केवल भवनको भौतिक घटकहरूको नियन्त्रण गर्दछ । साथै, सबै कानुन र कोडहरू व्यक्तिगत र व्यवसायिक भवनका लागि मात्र निर्दिष्ट छन् ।

शहरी ढांचाको विभिन्न मुद्दाहरू **जस्तैः** भवनहरू, शहरी स्वरूप, सार्वजनिक दायरा, सडकको आकार, सार्वजनिक खुला ठाउँ आदि जस्ता विभिन्न समस्याहरू समाधान गर्न कुनै पनि किसिमबाट ढाँचाबद्ध गरिएको

छैन । विकासको कुनै पनि क्षेत्रमा शहरी ढाँचाको दृष्टिकोण अझ पनि स्थापित भएको छैन । स्केल, घनत्व, शहरी सौंदर्य, भवनहरू बीचको स्थान, जनसख्या, ले-आउट प्लान, ल्यान्डस्केपको स्थानहरू आदि को बारेमा आवश्यक ध्यान राखिएन् साथै यो पनि पाइयो कि जब नियमहरु पेश गरियो, यो कुनै पनि विभागहरु जस्तै: सड़कं, भवन तथा आवास, कृषि, वन, खानेपानि तथा सरसफाई, सिंचाई आदिसंग परामर्श बिना गरियो जो सबै एक-आपसमा सम्बन्धित छन् ।

यसले गर्दा काठमाडौंको शहरी विकास वर्तमान परिदृश्यमा रहेको छ, जसले धेरै आश्चर्य पार्नुका साथै अनियन्त्रित पनि देखिन्छ । त्यसैले यहाँ यस्ता थुप्रै मुद्दाहरू छन् तथा वर्तमान भवन निर्माण सहिंताहरू र नियमहरूको सम्बन्धमा ती प्रश्नहरू उठाइएका पनि छन् जहां अझ सम्म शहरको राम्रो छवि पाउनका लागि शहरी स्वरुपंलाई दिशानिर्देश गरि परिचित गर्दै संशोधन र पुन: ढाँचा गर्नुपर्छ ।

वर्तमान अध्ययनले शहरी योजनालाई विशेष गरी शहर निर्माण सहिंताको लागि विनियमन गर्न मुख्य समस्याहरूमा ध्यान केन्द्रित गर्नुपर्छ । शहरको भवन निर्माण सहिंता तयार गर्नु मात्र शहरी स्वरूप हुदैन तर एक योजनाबद्ध तरिकाबाट स्थायी शहरी विकासको लागि नेतृत्व विकास गर्दछ । त्यसैले नगरपालिकाको सुरुवात पूर्वबाट नै तयार गरी लागु गर्नु आवश्यक छ ।

## ३.४. विधान , नीति, कानुन र मार्गनिर्देशनहरूको समीक्षा

हालैका वर्षहरूमा नेपालको आधुनिकीकरणको बाटोमा **"शहरीकरण"** एक लोकप्रिय विकास नाराको रुपमा देखिन्छ । यसरी शहरमा आधारित विकास परिमार्जनको कारण ग्रामीण-शहरी बसाईसराई बढेको छ । एउटा अध्ययनबाट यो पनि पाईएको छ कि नेपालमा लगभग ३९ प्रतिशत शहरी जनसंख्याहरु सो क्षेत्रहरुमा ग्रामीण जिल्ला एवम क्षेत्रहरु तथा अन्यत्रबाट बसाईसराई गरि आएका छन् । सामान्यतया: नेपालका शहरी केन्द्रहरूले पूर्व-पश्चिम राजमार्ग, ग्रिड वा काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरूमा ध्यान केन्द्रित गरेको छ । तिनीहरूमध्ये धेरै अप्ठ्यारो वा उचित योजना बिनाको ढाँचाको साथमा बढ्दै छन् । स्पष्ट रूपमा यस्ता केन्द्रहरू बढ्दै गर्दा धेरै सामाजिक, आर्थिक र पर्यावरणीय समस्याहरू तथा शहरी ईलाकाहरूमा अस्वस्थ वातावरण देखिन्छ । शहरी पुर्वाधार, सेवाहरु र रोजगारीका अवसरहरुको साथसाथै अन्य आवश्यक मांगका कारण शहरीकरणमा तेजी भएकोले बिभिन्न समस्या तथा मुद्दाहरूं सिर्जना भएका छन् । यस्ता मुद्दाहरूलाई सम्बोधन गर्नको लागि, नेपालमा शहरीकरणको विकास सगैं त्यसता विकास योजनाका थुप्रै प्रक्रियाका लागि थुप्रै कार्यहरू, निती-नियम र दिशानिर्देशहरू प्रस्तुत गरी सोही अनुसारका प्रयासहरू सिर्जना गरिएको छ ।

**तालिका नं.३: शहरी क्षेत्रमा विधान संघीय ढाँचा**

| बर्ष (Year) | ऐन/ नियम/ विनियम/ दिशानिर्देशहरू (Acts/Rules/Regulation/Guidelines) |
|---|---|
| २०३० (१९७३) | नगर योजना कार्यान्वयन ऐन (Town Plan Implementation Act) |
| २०३२ (१९७५) | नगर विकास योजना कार्यान्वयन विनियमन (Town Development Planning Implementation Regulation) |
| २०३९ (१९८२) | बिकेन्द्रिकरण ऐन (Decentralization Act) |
| २०४५ (१९८८) | नगर विकास अधिनियम (Town Development Act) |
| २०४५ (१९८९) | काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन (Kathmandu Valley Development Authority Act) |
| २०४५ (१९८९) | नगर विकास ऐन (Town Development Act) |
| २०४८ (१९९२) | नगरपालिका ऐन तथा नियम (Municipal Act and Rules) |

| बर्ष (Year) | ऐन/ नियम/ विनियम/ दिशानिर्देशहरू (Acts/Rules/Regulation/Guidelines) |
|---|---|
| २०५३ (१९९७) | नगर विकास कोष ऐन तथा नियम (Town Development Fund Act and Regulation) |
| २०५५ (१९९८) | भवन ऐन (Building Act) |
| २०५६ (१९९९) | स्थानीय स्व प्रशासन ऐन (Local Self Governance act) |
| २०५७ (२०००) | स्थानीय स्व प्रशासन अधिनियम (Local Self Governance Regulation) |
| २०५७ (२००१) | राष्ट्रिय यातायात नीति (National Transport Policy) |
| २०६० (२००४) | राष्ट्रिय कृषि नीति (National Agriculture Policy) |
| २०६३ (२००७) | राष्ट्रिय शहरी नीति (National Urban Policy) |
| २०६४ (२००८) | पर्यटन नीति (Tourism Policy) |
| २०६७ (२०११) | राष्ट्रिय औद्योगिक नीति (National Industrial Policy) |
| २०६८ (२०११) | काठमाडौं उपत्यका विकास प्राधिकरण अधिनियम (Kathmandu Valley Development Authority Regulation) |
| २०६८ (२०१२) | राष्ट्रिय भु-उपयोग नीति (National Landuse Policy) |
| २०६९ (२०१३) | योजना मापदण्ड र मानक (Planning Norms and Standard) |
| २०७१ (२०१४) | राष्ट्रिय निपटान नीति (National Settlement Policy) |
| २०७१ (२०१४) | व्यवसाय योजना (Business Plan) |
| २०७२ (२०१५) | राष्ट्रिय शहरी विकास रणनीति- अन्तिम ड्राफ्ट (National Urban Development Strategy- Final Draft) |
| २०७४ (२०१७) | एकीकृत शहरी विकास आचार सहिंता (Integrated Urban Development Byelaws) |

नेपालले सन् १९४४ देखिका केहि सम्झौताहरुमा योजना बनाई पुनर्स्थापीत गर्ने प्रयास गरेको थियो; त्यस्तैगरि राजविराजले पनि त्यहांको जनतालाई मानवनगरमा पुनर्स्थापीत गर्ने योजना गरेको थियो । सन् १९५७ (बि.स. २०१३) को पाँचवर्षीय योजना (राष्ट्रिय आवधिक योजना) मा नेपालले शहरी विकासलाई अनुभव गरेको थिपो । तर शहरी विकास योजनाको शुरुवात भने तेस्रो राष्ट्रिय योजना (२०६७-७१) को साथसाथै विशेष गरी आवास र नगर योजनाको लक्ष्यको माध्यमले योजना अनुसार निर्दिष्ट गरिएको छ ।

काठमाडौ उपत्यकाको शहरी क्षेत्रहरूको विकास गर्न क्रमश: काठमाडौं र ललितपुरमा एक गुरुयोजना तयार गरिएको छ । साथै छिमेकी शहरहरुको लागि पनि यस गुरुयोजनाको अवधि भरमा योजना तयार हुनेछ । त्यस्ता योजनाहरूको आधारमा काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा सुधार गर्न कदम चाल्नेछ । विशेष गरी मध्यम र निम्न आय समूहहरूको प्रयोगको लागि काठमाडौंमा ४०० नयाँ घर निर्माण गर्न त्यहांको स्थानिय सरकारले निजी क्षेत्रलाई आवश्यक प्रोत्साहन दिएको छ । यसको अतिरिक्त गुरुयोजनाको अवधिको समयमा ५१.२८ हेक्टर जमीनको नयाँ भू-भाग प्राप्त गरिने छ । खानेपानी, बिजुली, स्कूल, सडक आदि जस्ता उपयोगिताहरूलाई यस भूमिमा व्यवस्थित गरिनेछ र घरहरू निर्माण गरि सम्बन्धित व्यक्तिहरूलाई बेच्ने गरिन्छ । यदि आवश्यक भएमा, भूमिलाई एक किस्ताको आधारमा पनि बेचिनेछ ।

### ३.४.१ दसौं योजना

**शहरी विकासको लागि दसौं योजना** (२००२-२००७) को उद्देश्य **"शहरी क्षेत्रहरूको विकास र आधुनिक भौतिक सुविधाहरू प्रदान गरी ग्रामिणि तथा शहरी सम्बन्धहरूलाई बलियो बनाउने तथा सांस्कृतिक, पर्यटक र ऐतिहासिक क्षेत्रहरूलाई तिनीहरूको वर्तमान स्वरूपको आधारमा संरक्षण र प्रर्वधन गर्ने"** रहेको छ । सोहि अनुसार ग्रामीण-शहरी सम्बन्धलाई बलियो बनाइयो । त्यसैगरि ग्रामीण-शहरी क्षेत्रीय साझेदारीलाई बढावा

दिन विकसित रणनीतिहरुमा भौतिक विकास योजना, काठमांडौं उपत्यकाको आसपासका शहरहरु, उप-शहर, निजी क्षेत्र र स्थानीय निकायहरुको निर्माण, संचालन र प्रबंर्धन संग शहरी बुनियादी ढांचाको प्रबंर्धनमा केंद्रित गरियो ।

### ३.४.२ त्रीवर्षीय आवधिक योजना

**त्रीवर्षीय आवधिक योजना (शहरी क्षेत्रको विकास)** (२०६७/२०६८-२०६९/२०७०) को उद्देश्य सुरक्षा, स्वच्छ र आर्थिक रूपमा व्यवस्थित शहरी केन्द्रहरुको विकास गर्ने रहेको थियो । जसअनुसार १० नगरपालिकाको विकास योजनाको कार्यक्रम एक मुख्य कार्यक्रमका रुपमा समावेश गरिएको थियो ।

### ३.४.३ तेह्रौं योजना

**तेह्रौं योजना (शहरी क्षेत्रको विकास)** (२०७०/२०७१-२०७२/२०७३) मा पर्याप्त आधारभूत संरचना, सुरक्षा, स्वच्छ र व्यवस्थित शहरी क्षेत्रहरू प्रदान गरी शहरी गुणस्तरमा सुधार गर्ने लक्ष्य राखेको थियो । योजनाले निम्न दृष्टि, उद्देश्य र रणनीतिहरू तयार गरेको थियो ।

तालिका नं.४: शहरी क्षेत्रको विकासमा तेह्रौं योजना

| दीर्घकालीन सोच | : | शहरीकरणलाई व्यवस्थित गरी ग्रामीण क्षेत्रसँगको अन्तर्सम्बन्ध सुदृढ गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासमा सघाउने । |
|---|---|---|
| **उद्देश्य** | : | पर्याप्त पूर्वाधार सहित सुरक्षित, स्वच्छ, व्यवस्थित र आर्थिक रूपमा समृद्ध शहरहरूको विकास गर्ने । |
| **रणनीति** | : | नयाँ नगरपालिका तथा शहरोन्मुख गाउँहरूको व्यवस्थित शहरी विकासको लागि शहरी पूर्वाधारको उपयुक्त कार्यक्रम तर्जुमा गर्ने । शहरी क्षेत्रको व्यवस्थित विकास गर्नका लागि आवश्यक पूर्वाधार तयार गर्दै जाने । |

त्यसैगरी, तेह्रौं योजनाको मुख्य कार्य नीतिहरूमा व्यवस्थित शहरी केन्द्रहरू विकास गर्ने र मुख्य राजमार्गको व्यवस्थापन गर्नका लागि शहरी केन्द्रहरू मध्य पहाडी राजमार्गमा विकास गरी सेटलमेन्ट गरिएको थियो । त्यसैगरी, एक मुख्य कार्यक्रममा एकीकृत कार्य योजना तैयार गरिएको थियो जहां शहरी नक्सा, आवधिक योजना, भौतिक विकास योजना, परियोजनाहरुको विस्तार, ईन्जिनियरिङ् डिजाइन, परियोजनाहरु आदिको व्यवहारिकता र प्रभावकारिताको अध्ययन समावेश गरिएको थियो ।

### ३.४.४ चौंधौं विकास योजना

**चौंधौं विकास योजना Fourteenth Development Plan** (२०७३/२०७४-२०७५/२०७६) ले शहरी विकास क्षेत्रलाई निरन्तर एकीकृत शहर विकास गर्नमा जोड दिएको छ। त्यसैगरि चौंधौ त्रीवर्षीय आवधिक बिकास योजनामा उपयोगि एकीकृत कार्य योजना र कार्यक्रमको कार्यान्वयन संगै शहरी क्षेत्रको क्षमता अभिबृद्धि, अवधारणात्मक विकास तथा शहरी, उप-शहरी र ग्रामिण क्षेत्रका बीचमा राम्रो अन्तरसम्बन्ध तथा अन्तरक्रिया सम्बन्धी एकीकृत योजना बनाई शहरी विकासका लागि भवन निर्माण संहिता तथा स्मार्ट एवम नमुना गांउहरु देशका विभिन्न भागहरुमा विकास गर्ने रहेको छ ।

चौंधौ त्रीवर्षीय आवधिक विकास योजना (२०७३/२०७४-२०७५/२०७६) मा लागू भएका प्रमुख कार्यक्रमहरू यस प्रकार रहेका छन् ।

**१४ औं आवधिक योजनाको कार्यविधिहरू:**

१. एकीकृत शहरी विकास योजनालाई राष्ट्रीय राजमार्गमा स्थित नगरपालिकाहरुमा लागू गरिनेछ;
२. प्रमुख शहरहरूमा पुर्वाधारहरुको सुधार गरिनेछ;
३. नगरपालिकाहरूमा भू-उपयोग योजना र नीतिहरूमा आधारित रहेर विकास गरिनेछ;
४. शहरी विकास योजनाको तयारीमा स्थानीय निकायहरूको क्षमता विकास गरिनेछ; र
५. पीपीपी र निजी क्षेत्रको सहभागिताहरुलाई प्रोत्साहन गरी शहरी अवधारणाहरु र सेवाहरुको निर्माण र विकासको लागि प्रभावी ढंगले अगाडी बढाईने छ ।

**१४ औं आवधिक योजनाको प्रमुख कार्यक्रमहरू:**

(क) **एकीकृत शहरी विकास**

१. आवधिक विकास योजना र नगरपालिकाको एकीकृत अवधारणागत विकास योजनाद्वारा पहिचान गरिएको कार्यक्रम र परियोजनाहरु;
२. **"एक शहर एक पहिचान"** कार्यक्रम शहरको अधिक क्षेत्रमा लागु गर्ने;
३. एक एकीकृत शहरी विकास, खाद्य हरियाली नगर, स्मार्ट सिटी र मेगा सिटीको पहिचान;
४. एकीकृत गहन समाधानको विकास, यसको पहिचानको साथै हरित र शहरी क्षेत्रको विकास सुनिश्चत र सुरक्षित गर्ने;
५. जनताहरुका लागि एकीकृत शहरी सेवा केन्द्रको बिकास र स्थापना गरि एकीकृत शहरी सेवा प्रदान गर्ने; र
६. स्थिर शहरी सूचकहरूको तयारी र प्रबर्धन गर्ने ।

(ख) **एकीकृत योजना तथा यसको कार्यान्वयन**

१. कार्यान्वयन र नगरपालिकाको आवधिक विकास योजनाको तयारी;
२. नयाँ घोषित नगरपालिकाहरूको एकीकृत शहरी विकास योजनाको तयारी; र
३. विभिन्न महत्त्वपूर्ण स्थानहरुको सम्भाव्यताको अध्ययन, विभिन्न शहरी विकास अवधारणाहरुको विस्तृत ईन्जिनियरिङ् प्रतिवेदन, विभिन्न शहरी नक्साहरु, डिजाइन र चित्रको उन्नयन र अध्ययन ।

(ग) **शहरी पुर्वाधारहरुको क्षमतामा सुधार**

१. जिल्ला मुख्यालयको अवधारणात्मक विकास जुन नगरपालिकाको रुपमा घोषित नगरिसकेकोमा एकीकृत विकासका लागि ग्रामीण बस्ति र पुर्वाधारको विकास;
२. शहरमा हरित पार्क, तलाउ, सतही जल निकास, सडक र भूमि, पूल निर्माण र भूमि विकास कार्यक्रमको स्तरवृद्धि;
३. भू-उपयोग योजनाहरूमा आधारित नगरपालिकाहरूको अवधारणात्मक विकास;
४. काठमाडौ उपत्यकामा बाहिरी चक्र पथ निर्माणको थालनी गर्नु;
५. शहरी क्षेत्रमा सेवा केन्द्र र वरिष्ठ नागरिक पार्कको निर्माण र विकास; र
६. नगरपालिकाहरूको शासन क्षमतामा बृद्धि ।

(घ) **अन्य कार्यक्रमहरू**

१. एकीकृत विकास योजनाको गठन, नगरपालिकाहरूको भवन निर्माण सहिंताको विकास, देश भित्रका विभिन्न शहरहरु र गाँउहरुका बीचमा अन्तरसम्बन्धलाई बढावा दिनु र बलियो बनाउनु । देशका विभिन्न भागमा स्मार्ट गाँउहरूको विकास ।

**चलिरहेका १४ औं आवधिक योजनाको अपेक्षित परिणाम:**

१. ३५ वटा बसपार्कको निर्माण;
२. ३७७ किलोमिटर सतह/ धरातलीय प्रणालीको निर्माण;
३. ४०० किलोमिटर ढल जल निकास प्रणाली आयोजनाको निर्माण;
४. ५०० किलोमिटर सडकहरुको उत्तरोन्ती;
५. १०० हेक्टर भूमिमा भूमि विकास कार्यक्रम;
६. देशका १८ वटा शहरहरूमा एक शहरको एक कार्यक्रम पहिचानलाई निष्पादित गरिनेछ;
७. देशमा कमसेकम १३ वटा शहरहरूमा स्मार्ट शहरको अवधारणा लागू गरिनेछ;
८. ३ वटा शहरहरूमा तटस्थता ग्रीन फूड अवधारणा लागू गरिनेछ;
९. सात एकीकृत शहरी विकास सेवा केन्द्र लागू गरिनेछ; र
१०. २० वटा शहरी पार्क र तलाउ (पोखरी) विकसित गरिनेछ ।

## ३.४.५ राष्ट्रिय यातायात नीति, २०५७

**राष्ट्रिय यातायात नीति, २०५७** (२००१) को उद्देश्यले देशको सामाजिक र आर्थिक विकासलाई सुदृढ बनाउन स्थायी शहरी यातायात प्रणाली विकसित गर्ने प्रयास गरेको छ । यस नीतिलाई बिशेषगरि मध्य-पहाडी राजमार्ग सहित उत्तर-दक्षिणी र पूर्वी-पश्चिमी लिङ्कहरूमा जोड दिइएको थियो ।

## ३.४.६ राष्ट्रिय शहरी नीति, २००७

**राष्ट्रिय शहरी नीति, २००७** नेपालका लागि शहरी विकासको एक मार्गदर्शक दस्तावेजको रुपमा यसको उद्देश्य एक संन्तुलित राष्ट्रिय शहरी ढाँचाको विकास गर्ने, स्वस्थ र आर्थिक रूपमा सक्रिय शहरी वातावरणलाई बढावा दिने तथा प्रभावकारी शहरी व्यवस्थापनलाई बलियो बनाउने हो । नीतिले हालको शहरी वातावरण र प्रशासन परियोजनालाई पनि निर्देशित गरेको छ । जसमा उदाहरणका रुपमा माध्यमिक नगर शहरी वातावरण सुधार परियोजना (STUEIP), एकीकृत शहरी विकास परियोजना (IUDP), शहरी प्रशासन र विकास परियोजना (UGDP) आदि हुन् । तर राष्ट्रिय शहरी नीतिले विभिन्न क्षेत्रका योजनाहरू र कार्यक्रमहरूका बिच सन्तुलन कायम गर्न सकेन र साथै अंतर शहरी र शहरी परिध्यात्मक सम्बन्धका बीचमा पनि लिङ्कहरू गर्न असमर्थ रह्यो ।

## ३.४.७ नगर विकास ऐन, १९८८

**नगर विकास ऐन, १९८८** को कार्यान्वयनले नगर विकास योजनाको लागि कानूनी आधार प्रदान गर्दछ । ऐनले शहर र स्थानीय योजनाहरुको गठन र अनुमोदन संगै नगर विकास समिति (टीडीसी) को गठन र कार्य समिति, कार्यभार र समितिहरुको अधिकार तय गर्दछ ।

## ३.४.८ स्थानीय स्व प्रशासन ऐन, १९९९

**स्थानीय स्व प्रशासन ऐन, १९९९** ले जिल्लामा जिल्ला विकास समिति (हालको जिल्ला समन्वय समिति), नगरपालिका तथा गाउँ विकास समिति (हालको गाउंपालिका) र उनीहरूको निर्माण प्रक्रिया, प्रत्येक स्थानीय निकायको भूमिका र जिम्मेवारीलाई परिभाषित गरिएको छ । यस कार्यले स्थानीय प्राधिकरणहरुलाई स्थानीय प्राकृतिक स्रोतसाधनको प्रयोग गरी योजना निर्माण र कार्यान्वयन गर्ने तथा विकास परियोजनाको निगरानी गर्न पर्याप्तता प्रदान गरी प्राधिकरणका अधिकारीहरुलाई अधिकार दिएको छ । यस कार्यले माहानगरपालिका,

उप- माहानगरपालिका, नगरपालिका र गाउंपालिकाको पूर्व प्रचलित मापदंडमा आधारित रहने गरि परिभाषित गरेको छ । सबैभन्दा महत्वपूर्ण कुरा भनेको यस कार्यले स्थानीय सरकारहरूलाई पनि स्वायत्त निकाय बनाएको छ । अधिनियमले निश्चित नगरपालिकाहरूलाई शहरी क्षेत्रको रूपमा मान्यता दिएको थियो, जहां धेरै साना शहरहरू र बजार केन्द्रहरू छन् जसलाई हाल नगरपालिकाको रूपमा परिभाषित गरिएको छ तथा मध्य पहाडी राजमार्गको साथै अन्य बस्तिहरुलाई पहिचान गर्न पनि आवश्यक छ। त्यसैगरि शहरी विकास र भवन निर्माण विभाग (DUBDC) ले २३ वटा आवासीय क्षेत्रहरु मध्य पहाडमा उच्च क्षमताको वृद्धिदर सहित पहिचान गरेको छ र साथै पहिचान गरिएको नगरपालिकाहरुमा दस प्रमुख क्षेत्रहरू पनि विकास गरिनेछ । वर्तमानमा २९२ नगरपालिकाहरूलाई नगरपालिकाको रूपमा मानिएको छ । तथापि बसन्तपुर, खुर्कोट, चौरझारी र रुकमकोट आदि जस्ता लाई नगरपालिकाको रुपमा मध्य पहाडि राजमार्गमा बिकसित गरि १० नगरपालिकाको रुपमा पनि विकास गरिएता पनि सोको स्तर नगरपालिकाको जस्तो भने छैन् ।

### ३.४.९ राष्ट्रीय भू-उपयोग नीति, २०६९

**राष्ट्रीय भू-उपयोग नीति, २०६९** (२०१२) नेपालका सात स्रोतहरु जस्तैः कृषि, आवासीय क्षेत्र, वन, औद्योगिक, वाणिज्य, सार्वजनिक सेवा क्षेत्र र अन्य भूमिहरुको वर्गीकरणको माध्यमले भूमिको संसाधनहरुको अधिकतम उपयोगको संदर्भमा यो एक धेरै उपयोगी दस्तावेज हो । तदनुसार यो भू-उपयोग नियंत्रणको लागी एक प्रभावी दस्तावेज पनि हो । नीतिले भूमि विच्छेदनलाई पनि निरुत्साहित गर्यो र उपयुक्तता तथा उचितता अनुसार भू-उपयोगमा जोड दिएको छ। सामान्यतया, कृषि भूमिलाई संरक्षित गर्नु आवश्यक छ, जहां यसले सुरक्षित आवासिय बन्दोबस्ती स्थानमा प्रोत्साहित गर्दछ ।

### ३.४.१० व्यापार योजना, २०७१

DUBDC द्वारा तयार गरिएको **व्यापार योजना, २०७१** (२०१४) आवास, शहरी विकास र भवन निर्माण गतिविधिका लागि प्रभावकारी कार्यान्वयनको एक धेरै उपयोगी दस्तावेज हो । यो योजना दिर्घकालिन दृष्टिकोण, मिशन, लक्ष्य र उद्देश्यका आधारमा कार्यान्वयनको लागी सम्भावित स्रोतहरुलाई जुटाउनको लागी महत्वपुर्ण रहेको छ । यस दस्तावेजमा संभावित बाधाहरू र जोखिमहरू पनि परिभाषित गरिएका छन् र वैकल्पिक रुपमा समाधान दिने प्रयास पनि गरिएको छ ।

### ३.४.११ राष्ट्रिय शहरी विकास रणनीति, २०७३

**राष्ट्रिय शहरी विकास रणनीति, २०७३** (२०१७) को अन्तिम मस्यौदाले संतुलित र समृद्ध राष्ट्रिय शहरी प्रणालीको बिकासका रुपमा तयार गरेको छ । तथा अर्को १५ वर्ष (सन् २०३० सम्म) को लागि वांञ्छनीय अवस्था र रणनीति पनि प्रदान गर्दछ । नेपालमा विद्यमान परिदृश्यको विश्लेषणमा शहरी क्षेत्र र शहरीकरणको प्रवृतिको महत्वपूर्ण विषय जस्ता क्षेत्रहरुमा शहरी क्षेत्रको ढाँचा, वातावरण, शहरी प्रणाली, शहरी वित्त, शहरी अर्थव्यवस्था, लगानी, भूमि व्यवस्थापन र प्रशासन आदिमा सुधार गरेको छ । यस रणनीतिको प्रतिवेदनले शहरी क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणलाई पनि संकेत गरेको छ । प्रत्येक रणनीतिले प्रत्येकको नेतृत्व र सहायक निकायहरूलाई सरकारी, गैर सरकारी संस्थाहरू र निजी क्षेत्रहरूमा विभिन्न प्रकारका अनुशांसित र स्वस्थ गतिविधिहरूको अनुसरण गर्न समर्थन प्रदान गर्दछ ।

यी कार्यहरू, योजना र नीतिहरूको मुख्य उद्देश्य सन्तुलीत राष्ट्रिय शहरी ढाँचा बनाउने तथा स्वस्थ र आर्थिक रूपमा सक्रिय शहरी वातावरणलाई बढावा दिन प्रभावकारी शहरी व्यवस्थापनलाई बलियो बनाइन्छ । यद्यपि, नेपालका शहरी क्षेत्रहरू अझ पनि अचेतनशील हुँदैछन् ।

### ३.४.१२ नेपालको एकीकृत शहरी विकास योजनाको लागि निर्माण संहिता, २०७४

**नेपालको एकीकृत शहरी विकास योजनाको लागि निर्माण संहिता,** २०७४ मा शहरी विकास क्षेत्रका प्राधिकरण र निकायहरुका बीच समन्वय र सहकार्यको वातावरणलाई अझ बलियो बनाउनुका साथै सुदृढ गर्न प्रोत्साहित गरिएको छ । परिणामस्वरूप शहरी विकास क्षेत्रको विकासका लागी अधिक प्रभावकारी र सक्रिय हुनेछ । त्यसो त, नेपालको शहरी, उप-शहरी र पुर्व-शहरी क्षेत्रको पछिल्ला भूकम्पको पुनर्निर्माणमा आवश्यक योजना, सतर्क र व्यवस्थित हुने छ ।

### ३.४.१३ पर्यटन नीति, २०६५

**पर्यटन नीति, २०६५** (२००८) ले पर्यटनमा आधारित उद्योग, पर्यटनको उत्पादन, उद्यमी र पर्यटकहरूलाई मानकको रुपमा दिशानिर्देशन प्रदान गरेको थियो । यसले सम्बन्धित मुद्दाहरू जस्तैः ग्रामीण पर्यटन, वातावरणीय तथा पर्यावरणीय पर्यटन, कृषिमा आधारित पर्यटन, साहसिक पर्यटन, शैक्षिक पर्यटन तथा स्वास्थ्य पर्यटनलाई सम्बोधन गरेको छ र पर्यटन उद्यमीहरूको बीमालाई पनि प्राथमिकता दिएको छ । नीतिले पर्यटन विविधताको उत्पादनहरु र सेवाहरूलाई नयाँ क्षेत्रहरूमा बिस्तार गरी पर्यटन बढाउने उद्देश्य राख्दछ ।

### ३.४.१४ राष्ट्रिय औद्योगिक नीति, २०५७

**राष्ट्रिय औद्योगिक नीति, २०५७** (२००१) को मुख्य उद्धेश्य बिशेषगरी राष्ट्रिय औद्योगिक विकास निर्माणको लागि नेपालको समग्र आर्थिक तथा सामाजिक क्षेत्रहरुमा सकारात्मक परिवर्तन ल्याउनु रहेको थियो । यो नीतिले औद्योगिक विकास गतिविधिलाई बढावा दिन, रोजगारी को अवसर सिर्जना गर्न, साथै यसको लागि यो सुनिश्चित गर्दथ्यो कि औद्योगिक क्षेत्रको बिकासमा एक प्रमुख क्षेत्रको रूपमा राष्ट्रिय अर्थतन्त्रलाई योगदान दिन्छ । यस नीतिले यस्तो दृढता निर्धारण गरेको छ कि राष्ट्रिय अर्थव्यवस्थामा स्थायी, औद्योगिक विकासको माध्यमबाट व्यापक आधार, सार्वजनिक, निजी र सहकारी क्षेत्रहरूको प्रभावकारी, समन्वय र सहकार्य साझेदारीमा गरीबीको कमजोरीको समर्थन गर्न उल्लेखनीय योगदान दिन्छ ।

यस नीतिको मुख्य उद्देश्यमा औद्योगिक उत्पादनको वृद्धि गरी निर्यात बढ्ाउनु तथा राष्ट्रिय आय र रोजगारीको गुणस्तर, प्रतिस्पर्धी औद्योगिक उत्पादन र उत्पादकत्व क्षमता बढाउनु पनि रहेको छ । साथै यसका अन्य उद्देश्यहरूमा स्थानीय स्रोत, कच्चा पदार्थ, कौशल र साधनहरूमा पनि प्रेरित गरि सन्तुलित राष्ट्रिय र क्षेत्रीय विकासमा औद्योगिक क्षेत्रको योगदान बढाउनु रहेको थियो ।

नवीनतम् प्रविधि र वातावरणको प्रयोग गरी औद्योगिक र उद्यमी व्यवसायीको स्थापना गर्नु तथा अनुकूल उत्पादन प्रक्रिया बढाउनु पनि यस नीतिको अर्को उद्देश्य यियो । औद्योगिक विकासको लागि आवश्यक उत्पादक, मानव संसाधनको विकास र विकासको लागि एक बलियो आधारभूत लगानी सिर्जना गर्दै नेपाललाई दक्षिण एसियाली क्षेत्रमा लगानीको लागि आकर्षक स्थान र साथै विश्वमा पनि औद्योगिक बौद्धिक सम्पत्तिको अधिकार संरक्षण गर्नु नीतिको अन्य उद्देश्यहरू थिए ।

### ३.४.१५ राष्ट्रिय कृषि नीति, २०६०

**राष्ट्रिय कृषि नीति, २०६०** (२००४) ले व्यवसायीक तथा प्रतिस्पर्धी खेती प्रणालीमा बिकास गर्दै वर्तमान निर्वाहमा आधारित खेती प्रणलीमा परिवर्तन गरी नेपालको स्थायी विकास तथा नेपालीको जीवनस्तर सुधार गर्ने अवसर सिर्जना गरिएको थियो । नीतिले उत्तर-दक्षिण राजमार्गहरू र फीडर सडकहरुसँगको नजिक

क्षेत्रमा उच्च कृषि उत्पादन मूल्यको विकासमा विशेष प्राथमिकता राख्दछ, र टाढाको क्षेत्रमा कम तौल वजन र उच्च मूल्य कृषि उत्पादनको बृद्धिगरेको थियो । यस नीतिमा निम्न तीन प्रमुख उद्देश्यहरू रहेका थिए ।

१. कृषि उत्पादन र उत्पादकता बढाउनु;
२. एक व्यावसायिक र प्रतिस्पर्धी खेती प्रणालीको आधारहरु विकसित गरिनेछ र क्षेत्रीय भूमि विश्व बजारमा प्रतिस्पर्धी बनाउन; र
३. प्राकृतिक स्रोतका साथै वातावरण तथा जैविक विविधतालाई संरक्षित, प्रर्वधन तथा सहि तरिकाले प्रयोग गरिनेछ ।

### ३.४.१६ योजनाको मापदण्ड र स्तर, २०७०

**योजनाको मापदण्ड र स्तर, २०७० (२०१३)** ले नेपालमा शहरी विकास कार्यको योजनाका लागि आधारभूत सिद्धान्तहरू प्रदान गर्दछ । शहरी विकास परियोजनाको योजना निर्धारणका लागि शहरी विकास तथा भवन निर्माण विभागले सन् २०१३ मा एक एकल योजना मापदण्ड र मानकस्तर तयार पारी एक उपकरणको रूपमा प्रयोग गरेको छ । यो राष्ट्रिय र अन्तर्राष्ट्रिय योजना बनाउने कागजातहरू, वर्तमान मापदण्डहरू र मानकहरू तथा शहरी विकास सम्बन्धी निकायहरूको नीतिहरुको विस्तृत साहित्य समीक्षा पूरा गरे पछि तयार भएको थियो । साथै, सम्बन्धित नियन्त्रित संस्थाहरूको विशेषज्ञहरूसँग छलफल र बैठकहरू पनि आयोजित गरिएको थियो ।

पूरा योजना मापदण्ड र स्तरहरूका तीनवटा प्रमुख शीर्षकहरू रहेका छन्, जस्मा आधारभूत संरचना मापदण्डहरू र स्तरहरू, भू-उपयोग मापदण्डहरू र मानकहरू तथा शहरी ढाँचा मापदण्डहरू र स्तरहरू आदि । यद्यपि, योजनाको मापदण्ड र स्तर, २०१३ को मात्रा आधारभूत संरचनाहरुमा रहेको छ ।

## ३.५. विकास योजनाका प्रयत्नहरुको समीक्षा

### ३.५.१ राजबिराज, सप्तरी जिल्ला

नेपालको यो पहिलो शहर हो, जसले शहरी योजना बनाएको थियो र तराईमा पहिलो एयरलाइन्स मध्येको एक पनि यहि छ । तथापि, बिरगंज र विराटनगर जस्ता सीमावर्ती शहरहरू यस भन्दा अगाडि बढे तर राजबिराज पूर्व-पश्चिम राजमार्गमा भए पनि एक स्थिर शहर बनेको छ । राजबिराज पछि पर्नुको धेरै कारणहरु छन् । जसमध्यें विकास योजनाको कार्यान्वयनको कमी एक हो ।

सप्तरी जिल्लाको सदरमुकाम, राजबिराजमा देशको नै सबैभन्दा पुरानो योजना बनाइएको थियो । सन् १९३८ मा यसलाई प्रणालीगत रूपमा डिजाईन गरि यसलाई सन् १९५८ मा नगरपालिकाको रुपमा घोषणा गरिएको थियो । राजबिराजले हुलाकी राजमार्गको कारण अर्थव्यवस्थामा एक प्रमुख स्थान हासिल गरिरहेको व्यापारिक केन्द्रको रूपमा सेवा गर्‍यो । राजबिराजले पनि लोकतान्त्रिक आन्दोलनको पालना गरेको थियो, जसमा राणा विरोधीहरुको आलोचनाहरू नजिकैको हनुमाननगर जेलको राजनैतिक कैदीहरुद्वारा जेलका कममा भएको थियो ।

यहाँ एक यस्तो सहमति भएको थियो, जसले गर्दा पूर्व-पश्चिम राजमार्गको निर्माणको गतिले शहरको खस्कदो अवस्थाको लागि प्रमुख भूमिका खेलेको थियो । अझ पनि यस क्षेत्रका स्थानीयहरूले के विश्वास गर्छन् कि यदि सडकले शहर पार गरि लहानको उत्तरतिर पुग्यो भने राजबिराज एक व्यस्त आर्थिक केन्द्र हुनेछ । लहान अहिले ठूलो शहर र राजमार्गको रूपमा फैलिएको छ ।

इन्जिनियरिङ प्रविधिको कमीको कारण र अन्य आधारभूत सेवाहरूको कारण उद्योगपति राजबिराजमा लगानी गर्न अनिच्छुक छन् । यहांको उपजाऊ भुमि सम्म सिंचाईको पहुँच साथै सीमाना सम्म नगदे बालीको व्यापारको लागि एक प्रमुख केन्द्र हुनु पर्छ, तर यहांको खेती भने स्थिर रहेको छ । गरीब किसानहरू केवल एक सिजन देखि अर्को सिजन सम्म बाँच्नका लागि संघर्ष गर्न तथा संघर्षरत छन् । जथाभावी पार्किङ, अव्यवस्थित सडक, बस पार्क, ढल निर्माण प्रणली र अनियन्त्रित मानव सेटलमेन्ट शहरी क्षेत्र भित्रको ठूलो समस्याहरू हुन् ।

खासगरी सडक र राजमार्ग वरपरका क्षेत्रमा पूर्व नियोजित नगर विकासको लागि पछि लाग्नु यहांको मुख्य कारण थियो । तथापि, यो स्थिर शहरको रुपमा हुनुको प्रमुख कारणमा राजनीतिक स्वार्थ, जनताको मनोवृत्ति र मध्ययम-निम्नस्तरका नागरिकहरुको जागरूकताको कमीका कारण हो । यसैले, यहां दीर्घकालिन दृष्टिकोणसंगै योजनाको कार्यान्वयन लागी राम्रो योजनाको निर्माण गर्नु आवश्यक छ ।

## ३.५.२ पोखरा, कास्की जिल्ला

पोखरालाई एक राम्रो र व्यवस्थित शहरको रुपमा विकसित गर्न एक गुरुयोजना सन् १९७४ मा तयार भएको थियो । जसलाई अहिले सम्म पनि पूर्ण रूपमा निष्पादित गरिएको छ । गुरुयोजनाले पर्यटकीय शहरलाई हरित र नियोजित शहरको रूपमा विकासीत गर्ने प्रयास थालेको थियो । योजनाको प्रमुख जोडका क्षेत्रहरुमा हरित शहर नै थियो । पर्यटन शहरको साथमा स्वास्थलाई जोडेर शहरी मापदंण्डहरुलाई लागू गर्न नियम, सही तरिका र अधिकार, सुरक्षाका उपायंहरु आदिलाई पनि यसमा जोड दिएको थियो ।

यसको अर्को एकीकृत कार्य योजनामा पर्यावरण संरक्षण र संवर्धनलाई पनि जोड दिई तयार गरिएको थियो । पहिलो योजनाको गुरुयोजनाको उद्देश्यको कार्य योजनामा **जस्तै:** पोखरीको संरक्षण, पर्यावरणीय व्यवस्थापन, स्वस्थ जीवनशैली युक्त शहर बनाउनको लागी जोखिमहरुको अवस्थामा ध्यान केन्द्रित गरिएको थियो ।

त्यस्तै, दुई वर्ष पहिले अर्को पोखरा उपत्यकामा निर्माण मानक पनि अस्तित्वमा आयो । लगभग एक दशक पछि ADB को आर्थिक ऋण सहयोगमा भू-उपयोग नीति पनि बनाइयो । यद्यपि यो नीतिले के उल्लेख गरेको थिपो भने वार्ड नम्बर १०, १४ र १८ का अधिकतम भू-भागहरू कृषि उत्पादनको उद्देश्यको लागि उपयुक्त थिए, र तर ती क्षेत्रमा घरहरू र भवनहरू निर्माण गरिएका छन् ।

तथापि, पोखरामा नयाँ सडकको गुरुयोजना एक भागको रूपमा अन्तिम चार दशक सम्मको एक मात्र गतिविधि थियो । विगतमा पोखराको शहर विकास समितिले योजना पनि तैयार गरेको थियो । तर, पोखरालाई व्यवस्थित तरिकाले राम्रो शहरको रूपमा विकास गर्ने सबै योजनाहरूको उद्देश्य थियो । यस योजनाको निष्पादनमा असफल भएको तथ्यलाई स्पष्ट योजनाहरु केवल एक समयमा नामांकन गर्न सीमित भएको छ, जबकि पोखरामा शहरी विकास मन्त्रालयको अनुसार, मानव निवासहरुको १४ शहरहरु मध्ये १० शहरहरुको स्थानमा नियुक्त गर्दछ ।

हालै, शहरी विकास मंत्रालयले पोखरा उपत्यकाको लागि २० वर्षको दिर्घकालिन योजना तयार पारेको छ । यस योजनाको प्रमुख बिषयहरूमा वातावरण संरक्षण, क्षेत्र तथा नगरको विकास, पर्यटन अनुकूल आधारभूत संरचना, निर्माण सहिंता, कोड र मापदण्डको कार्यान्वयन, जोखिम संवेदनशील योजनाको कार्यान्वयन र पोखरालाई पश्चिमी विकास क्षेत्रको क्षेत्रीय प्रशासनिक केन्द्रको रूपमा विकास गर्न थालेको थियो ।

पोखराको शहरी योजनाहरुको समीक्षाले के सुझाव दिएको छ भने पोखरामा योजनाहरुलाई तैयार गर्नको लागी कुनै समस्या नभएपनि यसको कार्यान्वयनमा भने कमी रहेको छ । यहां सम्म कि पोखरामा पर्यटन

विकासको ठूलो सम्भावना रहेको छ तथा पोखरामा पर्यटन पूर्वाधार विकास गर्न सम्बन्धित लाभग्राहिहरू पछि लागेका छन् । यसबाहेक पोखरामा जोखिम संवेदनशील भू-उयोग योजनाको कार्यान्वयनको कमीले पोखरालाई थप जोखिम-प्रकोपको शहरको रुपमा औंल्याएको छ ।

### ३.५.३ बिरेन्द्रनगर, सुर्खेत जिल्ला

नेपालको प्रशासनिक संरचनाको समीक्षा बिक्रम सम्बत २०१९ मा संशोधन गरि गरिएको थियो । जसको परिणाम, नेपाललाई १४ अंचल र ७५ जिल्लाहरुमा विभाजित गरिएको थियो । नयाँ संशोधित नेपालको यस प्रशासनिक ढाँचा अनुसार क्षेत्रीय (अंचलस्तरीय) र जिल्ला प्रशासनिक केन्द्रहरु स्थापित गरियो । सोहि अनुसार प्रारम्भिक रुपमा सुर्खेत जिल्लालाई जिल्ला प्रशासनिक केन्द्रका रूपमा चयन गरि सुर्खेत उपत्यकाको चौहानचौरमा स्थापित गरियो जसलाई पछि बिरेंद्रनगर नगरपालिकाको रुपमा बिकसित गरियो ।

बि.स.२०२८ मा नेपालले क्षेत्रीय विकासको दृष्टिकोणलाई आत्मसात गर्‍यो र नेपाललाई ५ विकास क्षेत्रमा विभाजित गरिएको थियो । सोहि अनुसार मध्य-पश्चिम विकास क्षेत्रको बीचमा रहेको बरेन्द्रनगर नगरपालिका (सुर्खेत) लाई क्षेत्रीय मुख्यालयको रूपमा चयन गरिएको थियो । बि.स. २०२३ मा यहां मलेरिया उन्मूलन कार्यक्रम संचालन गरिएको थियो । पहिले-पहिले यहांको नागरिकहरुको दिनचर्या कृषि र खेतीपातीमा नै बित्दथ्यो । उनिहरु बसोबास स्थानका लागि काम गर्ने क्षेत्र देखि लगभग चार किलोमीटरको दुरीमा रहेको बिशेषगरि आसपासका कटकुवा, गोठिका, जारबुता, बेक्लडांडां र राम्रीडांडांको जस्ता स्थानमा फर्कन्थे । जबकि, धेरै कम नागरिकहरु राजी समुदाय र थारु समुदायले उपत्यका लाई नै बाँच्ने थलो बनायका थिए ।

यहां बि.स. २०२२ मा विमानस्थलको निर्माण र सञ्चालन गरिएको थियो भने बि.स. २०३८ मा रत्न राजमार्गको निर्माण पछि बिरेंद्रनगरबाट जुम्ला, हुम्ला, मुगु, डोल्पा र कर्णाली क्षेत्र, कालिकोट साथै दैलेख, जाजरकोट र अछाम जिल्लाहरुको लागि बजार केन्द्रको रूपमा बृद्धि भयो । बिरेंद्रनगर पहिले चौहानचौरको रूपमा चिनिन्थ्यो भने यसको नामकरण बि.स. २०२९ मा बिरेन्द्रनगरको रूपमा गरिएको थियो । सोहि वर्षमा नै बिरेंद्रनगर नगरपालिकाको लागि गुरुयोजना अनुमोदन र कार्यान्वयन गरिएको थियो । बिरेंद्रनगर एक पुरानो नगरपालिकाहरु मध्येको एक हो र नेपालको लागि एक योजना बनाई बिकसित शहरको रूपमा रहेको बरेन्द्रनगरको पूर्वी भागमा तत्कालिन जराबुता गाविस रहेको छ ।

सन् २००७ मा शहरी विकास तथा भवन निर्माण विभागले बिरेंद्रनगर नगरपालिकाको विकासको लागि आवधिक योजनाको एक अवधारणाको प्रस्तुत गरेको थियो । आवधिक योजनाले तल देखि माथिको दृष्टिकोणसंगै आवश्यकता पहिचान प्रक्रियाको लागि गुरुयोजनालाई बढी भन्दा बढी सम्बेदनशिल बनाएको थियो । तर गुरुयोजनामा भने आवधिक योजना अनुसार यसको समग्रताको दृष्टिकोणको कार्यान्वयनको लागि अवरोध रहेको छ किनभने वार्ड स्तरीय समस्याहरू गुरुयोजनाद्धारा संबोधित हुँदैन किनभने यस्तो समस्यालाई कम गर्नका लागि एक ठोस कार्ययोजनाको आवश्यकता पर्दछ ।

गुरुयोजनामा बिशेषगरी तीव्र शहरीकरण, स्रोतहरूको कमी र स्थानीय निकायहरूको कमवोर संस्थागत क्षमता र राजनीतिक उत्थानहरू जस्ता कारणहरु लाई योजनामा लागू गर्न गाह्रो भयो, जसले गर्दा यो पाठमा मात्र सीमित भयो । त्यसैले यसका लागि आवधिक योजना आवश्यक थियो । बिरेंद्रनगर नगरपालिकाको आवधिक योजनाले व्यवस्थित शहरी क्षेत्रको गतिशीलताको लागि सुझाव दिएको थियो र सांस्कृतिक महत्वहरुको संरक्षणको समयमा मंगलगढि चौकको आसपासको मुख्य शहरी क्षेत्र, बाहिरको ठाँउमा शहरी बस्तिको विकासको लागि समन्वय गर्‍यो ।

सन् २००८ मा शहरी विकास तथा भवन निर्माण विभागले सुर्खेत उपत्यकाको समीक्षाको लागि गुरुयोजनाको रूपमा एक अन्य कार्यक्रमको शुभारंभ गर्‍यो । जसमा त्यहां स्थित क्षेत्रीय सम्बन्धहरुको बारेमा जानकारी गराईएको थियो । सुर्खेत उपत्यकाको मौजूदा योजनामा क्याटाडस्ट्रल नक्साचित्र सहित योजना निर्माणको लागि समग्रताको दृष्टिकोणको रूपमा शहरी विकास केन्द्रको उत्तराधिकारीका लागि लतिकोइली शिव मंदिर क्षेत्र, उत्तरगंगा क्षेत्र र पुरानो धुसरा क्षेत्रको विकासमा तत्कालिन गाउं विकास समिति र बिरेंद्रनगर नगरपालिकालाई बिशेष ध्यान पुर्‍याउन सिफारिसहरू गरेको थियो । यस्तै परियोजनाले मुख्य मुख्य शहरी लाईनको रूपमा मंगलागडी चौकको आसपासमा विकास गर्ने पनि सिफारिश गरिएको थियो । रत्न राजमार्गको बाईपासको रूपमा चक्रपथ को विकास र सडकमा सामेल अन्य सडक उपत्यकाको दक्षिणी भागसम्म पुग्ने सडकमा सामेल गरेको थियो ।

सुर्खेत उपत्यकाको योजनाको समीक्षाले यो पनि थाहा पाईएको छ कि यस नगरपालिकाले योजनाका लागि लामो समयदेखि तयारी गरिरहेको थियो तर स्थिति यो भयो कि यस्ता योजनाहरूको उचित कार्यान्वयन नै एक प्रमुख चुनौती का रुपमा रह्यो । अहिले सुर्खेतले शहरी योजना र विकासको लागि थुप्रै चुनौतिहरूको सामना गरिरहेको छ । खासगरि उच्च शहरीकरण हुनुको कारण यसलाई भीड र अव्यवस्थित शहर बनाएको छ । त्यसैले दीर्घकालीन विकासको दृष्टिकोणको पुनरुत्थान गर्नु आवश्यक छ र बिरेन्द्रनगरको शहरी क्षेत्रको व्यवस्थापनको लागि योजना र कार्यक्रमहरूको उचित कार्यान्वयन हुनु आवश्यक छ ।

साथै, DUDBC ले प्रमुख शहरहरु, नगरहरु र नेपालको साना शहरहरुको भौतिक विकास योजनाको तैयारी गर्दै छ । अधिकांश भौतिक विकास योजनाहरु र DUDBC को गुरुयोजनाहरुलाई निम्नलिखित मुद्दाहरुमा ध्यान केंद्रित गरेको छ ।

- साधारण पार्श्वचित्र, समस्याहरू र क्षमताहरू;
- अवस्थिति विश्लेषण;
- पूर्वाधार योजना, सडक, खानेपानी तथा निकासी, सिचाई, जलविद्युत, उपयोगि अवधारणा (विद्यमान र भविष्यको विस्तार संग);
- भू-उपयोग योजना (अवस्थित र भविष्य);
- वातावरणीय अवस्था र योजना; र
- शहरी मानदण्डहरू, विनियमन र मानकको कार्यान्वयन ।

## ३.६. पुर्व योजनाको प्रभावहरू

नेपालमा व्यवस्थित योजना विकासको सुरुवात सन् १९५० बाट भएको थियो, सोहि अनुसार प्रथम पटक प्रधानमन्त्रीको अध्यक्षतामा योजना आयोगको नाम ले एक राष्ट्रिय आधिकारिक योजना निकाय नेपालमा सन् १९५६ को समयमा गठन गरिएको थियो । जसलाई थप सक्षम र प्रभावकारी बनाउनको लागि योजना ढांचा (एक भौतिक योजना) अनुसारको योजना नमुना ऐन, १९५७ मा यसको तैयारीको काम पनि यसैको साथ यसै बर्षमा भएको थियो । यस योजना नमुनालाई सन् १९६० मा विभिन्न कार्यकारी शक्तिहरुमा सुम्पिएको थियो भने त्यसपछिको पंचायती राजनीतिक प्रणालीको शुरुवात संगै तत्कालिन लोकतान्त्रिक प्रणालीको व्यवस्थापन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषदको गठन गरि भएको थियो । परिषद्को निर्णय कैबिनेटको बराबरको अभ्यास थियो । परिषदलाई आर्थिक योजना र नीतिहरूको क्षेत्रमा उच्चतम अधिकार प्राप्तको रूपमा मानिनथ्यो । सुरुमा परिषदको छुट्टै सचिवालय स्थापित गरि सेवा प्रदान गरिएको थियो भने सन् १९६२ मा आर्थिक मामिला मन्त्रालयको रुयमा पनि स्थापित गरिएको थियो । सोहि अनुसार मन्त्रालयले

बाहिर रहेको सचिवालय संगै सहकार्यमा लगेको थियो । बजेट र विदेशी सहायताको विकास गर्न सम्बन्धित विभिन्न गतिविधिहरु सीधा राष्ट्रिय योजना परिषद्को जनादेश अर्न्तगत थियो ।

सन् १९६३ मा राष्ट्रिय योजना परिषदको विघटन संगै एक नयाँ केन्द्रीय भौतिक योजनाका नामले मन्त्रीपरिषदको अध्यक्षको अध्यक्षता अन्तर्गत गठन गरिएको थियो । यसमा सबै मन्त्रीहरु तथा पूर्व-अधिकारीहरु सदस्यका रुपमा थिए र पछि अर्थ मन्त्रालयलाई योजना मंत्रालयको रूपमा पुनः नामाकरण गरिएको थियो ।

सन् १९६८ मा, योजना मन्त्रालयद्वारा बजेट र विदेशी आर्थिक सहायतालाई विकास गरी सम्बन्धित सबै कामको लागि आर्थिक मन्त्रालयलाई खटाइयो । मन्त्री परिषदको अध्यक्षको अध्यक्षता अन्तर्गत नै राष्ट्रिय योजना परिषदलाई पछि प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोगद्वारा प्रतिस्थापित गरिएको थियो र एक अलगै सचिवालय स्थापित गरि सेवा प्रदान गरिएको थियो ।

केन्द्रीय योजना निकायको जिम्मेवारी सगैं सन् १९७२ मा एउटा व्यापक अध्ययन प्रतिवेदनको तयारीको परिणाम स्वरुय राष्ट्रिय योजना आयोगलाई तदनुसार पुनर्गठन गरिएको थियो ।

सन् १९७२ मा योजना गतिविधिहरु केन्द्रीय योजना निकाय अनुसार लागु भएको थियो । सन् १९८७ को प्रतिवेदन पछि केही सानातिना परिवर्तन गरि राष्ट्रिय योजना आयोगको संरचना शुरू गरिएको थियो । सन् १९९० को जनआन्दोलन र देशमा संवैधानिक राजतन्त्रको स्थापना तथा लोकतन्त्रको पुर्नस्थापना संगै प्रधानमन्त्रीद्वारा सन् १९९१ मा राष्ट्रिय योजना आयोगको संरचना र संगठनमा केही परिवर्तनहरू गरिएको थियो । प्रधानमन्त्रीद्वारा पुनर्गठन आयोगलाई अगाडि सारियो । जसमा एक उपाध्यक्ष, पाँच सदस्य, एक सदस्य-सचिव तथा/पुव मुख्य सचिव, पूर्व अर्थ सचिवको र पूर्व- अधिकारीहरु सदस्यका रूपमा समावेश थिए ।

केही अन्य सरकारी निकाय र विभाग बाहेक, स्थानीय निकायहरु लगातार पछिल्लो चार दशक देखि शहरी र ग्रामीण विकास योजनाको क्षेत्रहरुमा काम गरिरहेको छन् । नेपालमा एकीकृत कार्य योजना, गुरु योजना, आवधिक योजना, स्थानीय क्षेत्र विकास योजना, भौतिक विकास योजना, कार्य योजना जस्ता प्रमुख योजनाहरुको प्रयासका बीच नेपाल सरकारद्वारा कार्यान्वयन गरिएको छ । यी सबै माथि उल्लेखित योजना गरिबी, भौतिक पूर्वाधार, सामाजिक र आर्थिक क्षेत्रको विकासमा काम गर्नु नै यसको उद्देश्य थियो । सरकारले लागू गर्ने यस्ता योजनामा बिशेषगरी रणनैतिक कार्यान्वयनको कमी, राजनीतिक अस्थिरता, कुशल प्रशासनको अभाव, आर्थिक कोषको कमी र आवश्यक सार्वजनिक सहभागितामा कमी जस्ता विभिन्न कारणहरूले गर्दा यिनिहरु अपेक्षित रूपमा सफल हुन सकेका छैनन् वा भनौ तिनीहरूको उद्देश्य हासिल गर्न सकिएको छैन् ।

गुरुयोजनामा दीर्घकालीन दृष्टिकोणसंगै योजनाको विस्तृतिकरण र योजना गतिविधिहरुको विवरण (सूची) समावेश हुन्छ । तर यसको उद्देश्य अनुसार वास्तवमा गुरुयोजना कार्यान्वयन हुन सकेन् । यस अवस्थामा धेरै गुरुयोजनाहरुले आफ्नो उद्देश्य हासिल गर्न सकेनन् । वा यसको कारण अस्पष्ट उद्देश्य, विशाल बजेट र महत्वकांछी योजना लागू गर्नु थियो । त्यसैले धेरै गुरुयोजना सरकारको तखतामा बस्न बाध्य भए र कार्यान्वयन चरण पार गर्न कहिल्लै सकेन् । सरकारले धेरै स्थानीय क्षेत्रहरुमा योजनाहरु शुरू गर्न, तिनीहरूको भौगोलिक अवस्था र वास्तविक भूमि समस्याहरुलाई सम्बोधन गर्न थप प्रभावकारी हुन सकेन् ।

तर पछि, सन् १९९९ मा स्थानीय स्व-प्रशासन ऐनको गठन पछि, तत्कालिन जिल्ला विकास समिति (DDC) र नगरपालिका जस्तैः स्थानीय सरकारले आवधिक विकास योजनाहरु तयार गर्न सुरु गरेका छन् । आवधिक योजनाले पाँच वर्षको लागि बहु-क्षेत्रीय विकास योजना (सामाजिक, आर्थिक र भौतिक पूर्वाधार) तयार गर्ने उद्देश्य राखेको हुन्छ ।

केही आवधिक योजनाको उचित कार्यान्वयनमा रणनीतिको अभाव संगै ती परियोजनाहरू केवल एक किनमेल सूचीको रुपमा मात्र रहयो । अर्कोतर्फ भौतिक विकासमा मूलतः मात्र भौतिक तथा अन्य क्षेत्रको विकास योजना भन्दा पूर्वाधार विकास योजनामा मात्र केन्द्रित छ । तसर्थ, नेपाल सरकारले देशमा नगरपालिकाको लागि एकीकृत शहरी विकास योजना (IUDP) शुरू गरेको छ । नगरपालिकाको समग्र विकासका लागि यस एकीकृत शहरी विकास योजनाले दीर्घकालीन भौतिक विकास योजना, भू-उपयोग योजना, सामाजिक-सांस्कृतिक, आर्थिक-वित्तीय र संस्थागत विकास योजना, पर्यावरण र जोखिम संवेदनशील योजना, जलवायु परिवर्तनको दृष्टिकोण योजना, बहु-क्षेत्रीय लगानीको लागि योजना तयार गर्ने लक्ष्य लिएको छ ।

## ३.७. सेटलमेंट योजना, शहरी योजना, भवन निर्माण निर्देशिकाहरूको समिक्षा, २०७१

सन् २०१५, अप्रिलको विनाशकारी भूकम्पमा मृत्यु हुने मानिसहरुको संख्या ९००० र ३०,००० भन्दा बढी मानिसहरु घाइते भएका थिए र हजारौं मानिसहरु बेघर पनि भएका थिए । देशका धेरै गाँउहरुको धेरै क्षेत्रहरु नष्ट भए । भू-वैज्ञानिक र अन्य विशेषज्ञहरूलें पनि यो चेतावनी दिएका थिए कि नेपाल घातक भूकम्पको जोखिममा थियो । विशेषगरी यसले भौगोलिक, शहरीकरण र वास्तुकलामा पनि प्रभाव पारेको थियो । विनाशकारी भूकम्प र पछिल्ला अफ्ठेराहरूको कारण राष्ट्रिय अर्थव्यवस्था, भौतिक पूर्वाधार र सम्पत्तिको क्षतिको कारण गुमाएको सम्पत्ति पुनः प्राप्त गर्न, भौतिक सम्पत्ति बहाल गर्न र मानिसहरूको जीवनशैलीमा सुधार गर्न अरबौं डलर खर्च गरिदैंछ ।

तत्कालिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA) ले भौतिक पूर्वाधारको पुनर्निर्माणको लागि लगानी गर्दा विकास योजना, विकास प्रक्रिया, शहरी योजनामा निर्माण मार्गदर्शन, २०१५ लाई अनुमोदित गरेको थियो । यो भवन निर्माण सहितालाई व्यवस्थित बनाउनका लागि तयार गरिएको निर्देशन तल दिईएको छ । तल दिइएको मार्गदर्शन का मुख्य विशेषताहरू निम्न छन् ।

**तालिका नं.५: सेटलमेन्ट योजनाको मुख्य विशेषताहरु, शहरी योजना र भवन निर्माण मार्गदर्शन, २०१५**

| | |
|---|---|
| **Road Width (सडक चौडाइ)** | ▪ ६ मीटरको न्यूनतम चौडाइ;<br>▪ सडक साइड १.५ मीटर बाट बायाँको सडकको न्यूनतम कल ब्याक;<br>▪ ६ मीटरको न्यूनतम अधिकार;<br>▪ काठमाण्डौ उपत्यका र शहरी क्षेत्रको बाहिरी पहाडमा, पहाडी र कोमल ढलान पहाडी मैदानमा, ४ मिटर सडकबाट सडकको न्यूनतम रिजर्व;<br>▪ सडक चौडाइ भन्दा कम से कम २०% भन्दा बढि वा सडकको मोडको न्यूनतम त्रिज्या;<br>▪ एक सडकको रूपमा सार्वजनिक भूमिलाई भवन डिजाइनले स्वीकृत गर्न सकिदैन । |
| **Land to be vacant (खाली हुने भूमि)** | ▪ आवासीय भवन २५० वर्ग मीटर क्षेत्रमा निर्माणको लागि ३०% खाली क्षेत्र । |

| | |
|---|---|
| | ▪ भवन निर्माणको लागि खाली क्षेत्र २५० वर्ग मीटर र अधिक क्षेत्र छ ।<br>▪ सरकारी, अर्धसरकारी र सार्वजनिक भवन निर्माणको लागि ५०% खाली क्षेत्र । |
| **Open space (खुल्ला ठाउँ)** | ▪ हरियाली पार्कको रूपमा सार्वजनिक, आंशिक र ऐलानी भूमिको विकास;<br>▪ क्याबिनेटको अनुमति बिना कुनै पनि सार्वजनिक भूमि प्रदान नगर्नु । |
| **Basic information at construction site (निर्माण स्थलमा आधारभूत जानकारी)** | ▪ होर्डिंग बोर्ड र निर्माण स्थलको लागि A र B वर्ग निर्माणको भवन निर्माण;<br>▪ अनुमतिपत्र, डिजाईन नक्सा, भ्यालखाना, ग्राउन्ड कवरेज अनुपात, फ्लोर क्षेत्र अनुपात आदि। |
| **Outside Valley Criteria (बाहिर घाटी मापदंड)** | ▪ काठमाडौं उपत्यका बाहिर: नगरपालिकाको शहरी क्षेत्रको विकास द्वारा २०७१ निर्माण कोड निर्माण गर्नु । |
| **Land Plotting (भूमि प्लोटिंग)** | ▪ सम्बन्धित प्राधिकरणबाट योजना अनुमति लिन;<br>▪ ठूलो सडक चौडाई ८ मीटर;<br>▪ न्यूनतम सडक चौडाइ ६ मीटर र १.५ मीटर फ्यालब्याक;<br>▪ उपयुक्त स्थानमा ठाउँ खोल्नु;<br>▪ प्लोटिंग को लागि स्थानीय प्राधिकरणद्वारा आवश्यक न्यूनतम क्षेत्र;<br>▪ स्थानीय प्राधिकरणले भूमि प्लोटिंग व्यवस्थापन गर्ने नियमहरू तयार गर्दछ;<br>▪ पिउने पानीको ट्याप, बिजुली र अन्य पूर्वाधार निर्माणमा बाधा पुर्‍याइनेछ, यदि स्वीकृत मापदण्ड पूरा भएन र भूमि रजिस्ट्रेशनमा बाधा आयो भने । |
| **Compound Wall (मिश्रित भित्री पर्खाल)** | ▪ कम्पाउन्ड पर्खालको लागी भ्यालखाना छोड्नु;<br>▪ पर्खालको लम्बाइ कम्तीमा ४ मिटर र अधिकतम ३ फिट शुद्ध पर्खाल माथिको उचाई;<br>▪ कम्पाउन्डको भित्री नाक्सा पास अनिवार्य छ ।<br>▪ जग्गा र सम्पत्तिको सुरक्षाको लागि रोपण ।<br>▪ जोखिमपूर्ण पर्खाल तुरुन्तै खारेज गर्नु । |
| **Safety Tank (सुरक्षा ट्यांक)** | ▪ नक्सा पासमा सुरक्षा टैंक समावेश गर्नुहोस् । |
| **Banking and Insurance (बैंकिंग र बीमा)** | ▪ कुनै बैंकिंग र बीमा निर्माण कागज बिना पूरा हुदैन । |
| **Restriction of building construction in risk areas (जोखिम क्षेत्रहरूमा निर्माण प्रतिबन्ध)** | ▪ ३०० भन्दा बढी ढलान भूमिमा निर्माण निषेध गरिएको छ ।<br>▪ भूमि, खनिज विभाग र जिल्लामा प्राकृतिक आपत उद्धार समितिले अनुमति निषेधित इलाकामा निर्माण भवनलाई अनुमति छैन । |
| **Changing purpose (द्देश्य परिवर्तन)** | ▪ आवासीय भवनलाई व्यावसायिक भवनमा परिवर्तन गर्न कुनै प्रावधान छैन ।<br>▪ यदि आवासीय भवन व्यावसायिक उद्देश्यको लागि प्रयोग गरिन्छ भने पुरा घर व्यावसायिक भवनको रूप मा लिइनेछ । |
| **Building construction permission around runway (रनवे वरपर भवन निर्माण अनुमति)** | ▪ नागरिक विमान प्राधिकारी नियमहरू सडक वरपर चलिरहेको बेला भवन निर्माणको लागि लागू हुनेछ ।<br>▪ नागरिक विमान प्राधिकारी नियमहरू बोर्डर भन्दा ५०० मिटर टाढाको भवन र १७ मिटर लामो भवनका लागी लागू हुनेछ । |

## ३.८. भवन निर्माण मोडेल संहिता, शहरी विकास मन्त्रालय, २०७१

तत्कालमा नेपालमा जम्मा २१८ नगरपालिकाहरू थिए । तीमध्ये केवल ८ नगरपालिकाहरूले मात्र भवन निर्माण संहिताको प्रावधानलाई कार्यान्वयन गरेका छन्, जहाँ निर्माण कोड, निर्माण सहिता र अधिनियमको कार्यान्वयन समान छैन् । त्यसैले, शहरी विकास मन्त्रालयले स्थायी, स्वच्छ, स्वस्थ वातावरण र अनुकूल तथा आधारभूत शहरी भवनको संरचनाको विकासको लागि भवन निर्माण मोडेल तथा निर्माण सहिंता तयार गरेको छ । यस निर्माण सहिंताको प्रमुख उद्देश्यहरूमा स्वस्थ, हरियाली, स्वच्छ र स्थायी शहरी वातावरणको लागि सबै नगरपालिकाहरूलाई भवन निर्माण कोड र दिशानिर्देश प्रदान गर्नु तथा नियन्त्रित पूर्वाधारको विकास गर्नु हो । शहरी विकास मन्त्रालयले यस मोडेललाई निर्माण सहिंताको रुपमा व्यवस्था गरि कम्तीमा पनि सबै नगरपालिकाहरूले सबै शहरी क्षेत्रमा लागू गर्ने अपेक्षा गरेको छ ।

भवन निर्माण सहितालाई जम्मा पाँच अध्यायमा उल्लेख गरिएको छ । निर्माण सहिताको तैयारी र कार्यान्वयनका साथै निर्माण कोडको महत्व, कार्य र निर्माण सहितालाई पहिलो अध्याय देखि नै स्पष्ट रूपमा उल्लेख गरिएको छ । निर्माण कोडको अधिकार र त्यसको उपयोगर्लाइ पनि दोस्रो अध्यायमा वर्णन गरिएको छ । त्यसैगरि अध्याय ३ मा आवासीय र गैर-आवासीय दुवै क्षेत्रमा विकास र निर्माण प्रावधानहरूको बारेमा उल्लेख गरिएको छ । खासगरि धरोहरी (Heritage) भवन र राष्ट्रिय संरक्षण क्षेत्रको निर्माण सहिंताका बारेमा अध्याय ४ मा पनि छलफल गरिएको छ । अन्तमा, आग्नी सुरक्षा र नियन्त्रण सम्बन्धी प्रावधानहरू अध्याय ५ मा उल्लेख गरिएको छ ।

## ३.९. नेपाल, समावेशी शहरहरूः घनिष्ठ समुदायहरू, शहरी विकास मन्त्रालय, २०७१

सन् २०११ को राष्ट्रिय जनगणना अनुसार, नेपालको कुल जनसंख्याको १७.१ प्रतिशत मात्र जनसंख्या शहरी क्षेत्र वा नगरपालिकाहरूमा रहेका छन् । हाल नेपालमा सन् २०१४ को १३३ थप नयाँ नगरपालिकाहरूको गठन पश्चात सार्क देशहरूमा नेपाली शहरीकरणको स्तर ३८.२६% बृद्धि सगैं माथिल्लो स्थानमा रहेको छ । सन् २०११ को जनगणना अनुसार देशको कुल जनसंख्या र शहरी जनसंख्या क्रमशः २६,४९४,५०४ र ४,५२३,८२० थियो । नेपालको शहरी जनसंख्या आज अनुमानित १०,३५५,९०० पुगेको छ । सामान्यतया, नेपालमा नगरपालिकाको विकास दरमा देशको जनसंख्या वृद्धिदर भन्दा अधिक छ र यो वर्तमानमा स्पष्ट छ । यसैले, शहरी नियमनमा सीमित संसाधनहरुसंग जनसंख्या बढ्नु, तथा सुरक्षित, सहज र पर्यावरण अनुकूल सेवा प्रदान गर्न धेरै चुनौतीपूर्ण एवम जटिल रहेको छ । यस तथ्यलाई ध्यान दिँदै, शहरी विकास मन्त्रालयले अध्ययन गरी सन् २०१५ मा "**समावेशी शहरहरूः घनिष्ठ समुदायहरू**" नामक दस्तावेज तयार गरेको थियो ।

यस अध्ययनले शहरी जनसांख्यिकी, उपलब्ध भूमि र वातावरण, आवास र आधारभूत शहरी सेवा र सुविधाहरूको सन्दर्भमा शहरी योजनामा छोटो छलफल गरेको छ । अध्ययनले पहिचान गरेको केहि चुनौतीहरू तल उल्लेख गरिएको छ :

- शहरी क्षेत्रहरुमा अनौपचारिक बस्तिहरुको बढ्दो प्रवृत्ति,
- कम शहरी घनत्व, जो शहरी सेवा प्रदान गर्न र लगानी लागत बढाउनमा कठिनाई सिर्जना हुन्,
- भाडाको आवासको लागि ठूलो माग,
- बढ्दो आवास कलोनी र अपार्टमेन्ट,
- अपर्याप्त खानेपानि आपूर्ति र स्वच्छता,

- शहरी क्षेत्रहरुमा घरेलू ऊर्जाको उच्च मांग, र
- कम सडक घनत्व र मानक वा शहरी यातायात ।

**यी क्षेत्रहरूमा पहिचान गरिएका चुनौती र मुद्दाहरू निम्न हुन् :**

- नयाँ संविधानको निर्माण पछि बिभिन्न शहरहरु संगको दोहोरो सम्बन्ध र अन्य विभिन्न ठाउँहरुको प्रवर्द्धनको लागि एक ठूलो चुनौती,
- बढ्दो शहरी जनसंख्या तथा एकल परिवार प्रणलिको कारण ठूलो मात्रामा घरहरुको मांग,
- पिउने पानीको स्रोत घट्दै जानु,
- स्वच्छ र नवीकरणीय ऊर्जाको बढ्दो माग हुनु, र
- छिटो र ठूलो यातायात सेवा कसरी प्रदान गर्ने ।

**यी क्षेत्रबाट सिकेको पाठ :**

- शहरको अनौपचारिक सेटलमेन्ट हटाउन तथा आवासीय स्थितिमा सुधारको लागि एक उपयुक्त भुक्तानी योजना बनाउनु,
- कम आय भएका समूहहरूको लागि आवासको निर्माण र संचालनको सहकारी आवासीय दृष्टिकोण,
- आवास इकाईको माग पूरा गर्न प्रमुख शहरी क्षेत्रहरूमा भाडाको आवास सञ्चालन,
- वर्षातको जल संकलन र भू-जल रिचार्ज,
- शहरी पूर्वाधार विकासको माध्यमबाट निजी क्षेत्रको लागि व्यवसायिक अवसर,
- घरेलु सौर्य प्रणाली र जैविक ग्याँस संयंत्र स्थापना, र
- धेरै बिजुली वाहनहरू र सार्वजनिक बसहरू ।

## ३.१०. राष्ट्रिय आवास योजना, २०७१

राष्ट्रिय आवास योजनाद्वारा लक्षित लक्ष्य हासिल गर्न सेटलमेन्टको प्रबंधनको लागि, नेपाल सरकार, शहरी विकास मन्त्रालयले **राष्ट्रीय आवास योजना, २०७१** (२०१४) को तैयार गरेको थियो । यस योजनामा देशमा सेटलमेन्टको वर्तमान स्थितिमा संक्षेपमा चर्चा गरिएको छ। उच्च, मध्यम र निम्न वर्गको लागि सेटलमेन्टको माग र आपूर्ति स्पष्ट रुपमा यस नीतिमा जाँच गरिएको छ । त्यस्तै, उपयुक्त प्रविधि र पूर्वाधार, विस्थापन योजनामा विभिन्न समयको सेटलमेन्ट नीति र अन्तर्राष्ट्रिय अनुभवहरूको पनि स्पष्ट रूपमा जाँच गरी यसमा छलफल गरिएको थियो । सेटलमेन्ट योजनाको अन्य महत्वपूर्ण भागहरु वित्तीय व्यवस्था **जस्तै:** सेटलमेन्ट योजनाहरुमा सम्बन्धित हितधारकहरुको भूमिकाको लागि सेटलमेन्ट योजना, २०१४ मा छलफल गरिएको थियो ।

यस योजनाले राष्ट्रको सम्पूर्ण नागरिकहरूको लागि सुरक्षित, पर्याप्त र आधारभूत अवस्थिति सेटलमेन्ट प्रदान गर्ने उद्देश्य राखेको थियो । यस योजनाले छरपष्ट भएका र अनौपचारिक बस्तीहरूमा बाँचिरहेका नागरिकहरुलाई आवरण गर्न र गरीबीको स्तरमा बस्ने नागरिकहरुलाई छोप्न खोजेको थियो। यस योजनाको तीन प्रमुख उद्देश्य निम्नानुसार छन् ।

- सबै तहका नागरिकहरूलाई उपयुक्त, सुरक्षित र वातावरण अनुकूल सम्झौता प्रदान गर्नु र वर्तमान सम्झौताको गुणस्तर बढाउनु ।
- सेटलमेन्ट क्षेत्रको आर्थिक स्रोतमा प्रभावकारी गतिशीलता प्रदान गर्नु । र
- संगठनात्मक सुधार र सरकारी, गैर-सरकारी, निजी क्षेत्र र सेटलमेन्ट क्षेत्रमा काम गर्ने समुदायको भूमिकालाई पहिचान गर्नु ।

## ३.११. शहरी विकासः विशेष झलक- विश्व ह्बिटाट दिवस, २०६३

शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) ले विश्व आवास दिवसको अवसरमा बि.स. २०६३ मा **"शहरी बिकास"** (Urban Development (SAHARI BIKASH): Special Issue on World Habitat Day - 2063) भनिने विशेष मुद्दा (दस्तावेज) प्रकाशित गरेको थियो । यस मुद्दाका धेरै लेखहरु बिशेषगरी संग्रह कोड, शहरी योजना, विभागको भूमिका, शहरी मनोविज्ञान र वातावरण, शहरी ढांचा र सेटलमेन्ट, विकास लक्ष्य र शहरी विकास योजनासंग सम्बन्धित धेरै बिषयहरु नेपाली र अंग्रेजीमा लेखिई एक संग्रहको रुपमा तयार पारिएको हो। यो मुद्दा एक महत्वपूर्ण कागजात हो, जसले योजनाकारहरू, शोधकर्ताहरू, नीति निर्माताहरू, सरकारी तथा गैर-सरकारी र व्यावसायिक संस्थाहरूको भविष्यका लागि मार्गदर्शनको रुपमा काम गर्नेछ । कार्यान्वयन सम्बन्धी दृष्टिकोणहरूमा घरको सहि अधिकार, शहरी वास्तुकला, लैंड पूलीङ्ग र विकास योजनामा विकसित परियोजनाहरु, भवन निमाण सहिंता तथा कोड, आवास र विकासमा निजी संगठनहरुको भूमिका, शहरी वातावरण, हरित शहर, राम्रो प्रशासन, शहरी गरीबी, सुरक्षित शहर, जोखिमको कमी आदि छलफलको मुख्य विषय हो ।

## ३.१२. खारेज गर्नः पाठ सिक्न

नेपालमा देश विकासको आधारमा विकासको लागि प्रयास भईरहेको छ। हालसम्म थोरै मात्र राष्ट्रिय आवधिक योजनाहरू पूरा भएको छ । यस्ता योजनाहरूको आधारमा हजारौं पूर्वाधारहरु पनि सिर्जना गरिएको छ । नेपालमा विकासलाई बढावा दिनको लागि व्यापक सम्भावना रहेको छ भने यसले एक पक्षमा विकासको बाटोमा आफ्नो चुनौती कम गर्न सक्छ भने अर्को पक्षमा नागरिकहरूको सहभागिता बढाउन सक्छ। यद्यपि, यसको चुनौतीहरू सधैं समान रुपमा भने छैनन्। उदाहरणको लागि वर्तमानका प्रमुख चुनौतिहरूमा विभिन्न प्रकारका संघर्षहरूको उपस्थिति, देशी र विदेशी लगानीकर्ताहरूको अभाव र आवश्यक कानूनी शासनको कमीले देशको सबै भागहरूमा बिध्वंश उत्पन्न भएको छ । समयको परिवर्तन संगै देशमा रहेका यस्ता चुनौतीहरू अवसरहरूको रुपमा पनि हुन सक्छन्। अवसरहरू र चुनौतीहरूको परिवर्तनको स्वभावका कारण नेपालमा विकास योजनाहरूलाई समयमै नयाँ मोडमा ल्याइनुपर्छ। अहिलेसम्म, नेपालको नियन्त्रित विकासको इतिहासमा तीन प्रमुख मोडहरू भेटिए । **पहिला मोडः** पाँचौं योजनासँग जोडिएको छ जुन मूलभूत क्षेत्रमा मात्र ध्यान केन्द्रित गर्न र पार्टी कम पंचायत प्रणालीको नीतिद्वारा आर्थिक गतिविधिमा सरकारी नियन्त्रणको संलग्नतालाई बलियो बनाइएको थियो। त्यसैगरि, **दोस्रो मोडः** आठौं योजनाको सुरुवात संग भएको पाइन्छ, जुन नेपालमा लोकतान्त्रिक पुर्नस्थापना पछिको पहिलो थियो । यसले निजीकरण र आर्थिक उदारीकरणको अवधारणालाई ध्यान दिएको थियो । यसैगरी, **तेस्रो मोडः** त्रीवर्षीय अन्तरिम योजनाको रूपमा रहेको थियो, जुन सन् १९८३ को ऐतिहासिक जनताको आलोचनाको कारण राजाको पतनपछि सुरु भएको थियो ।

योजना प्रयासहरूको आधारभूत उद्देश्यको विश्लेषण गर्दा एक पक्षमा रणनैतिक योजनाको कमी तथा अन्य देशमा भएको सामाजिक-राजनीतिक अवस्थाको परिवर्तनका कारण विकास योजनाहरूमा प्रभाव परेको छ। साथै, जबसम्म यस्ता पक्षहरुमा सुधार गरिदैन् तबसम्म यसमा सकारात्मक आर्थिक परिणामहरू उत्पन्न हुँदैन् । तबमात्र योजनाहरुको प्रभाव सकारात्मक हुनेछ । यद्यपि यी अपेक्षाहरु सोचे जस्तो अपेक्षाकृत र प्रभावकारी छैन्। यसका लागि विभिन्न कारकहरू जिम्मेवार छन्। तथापि, विभिन्न स्तरहरूमा उत्तरदायित्वको कमी, कुशल प्रशासनको अभाव र वांञ्छित हदसम्म मानिसहरूको सहभागिताको कमी नै विकास योजनाहरूको बाटोमा रहेका केही प्रमुख बाधाहरू हुन्।

**यसको लागि, निम्न पक्षहरू सिकिएका थिए र साहित्य समीक्षाको माध्यमबाट परीक्षण गरियो :**

१. प्रायः योजनाहरुलाई बृहत (एकीकृत) योजना नभई भौतिक संरचनाको विकास योजनाको प्रयासहरुका रुपमा ध्यान केंद्रित गरेको छ ।
२. स्थानीय स्तरको स्थल योजनाहरूको उचित कार्यान्वयनमा रणनीति बिनाको परियोजनाका आधारमा सूचीकृत एवम क्रमबद्ध गरिएका छन् ।
३. यो सहभागीतामुलक योजना हो र यसैले योजनाको बनावटमा व्यापक सार्वजनिक सहभागिताको स्थानीय दायरामा आधारित हुनुपर्छ ।
४. विकास योजनाहरूमा क्षेत्रीय एकीकरणको कमी भए तापनि आवधिक योजनाहरूमा क्षेत्रीय योजनाहरूलाई एकीकृत गर्नमा केही प्रावधानहरू रहेका छन् ।
५. योजनाको विविध विषयहरूमा व्यवस्थित शहरी योजना र विकासमा विचार गरिएको छ ।
६. अन्तर र आन्तरिक निकायको बीचमा समन्वय बलियो हुनु पर्छ ताकि योजनाको बनावट र कार्यान्वयन सही ढंगबाट व्यवस्थित गर्न सकियोस् ।
७. योजनाको सम्बन्धमा महत्वपूर्ण मुद्दा पहिचान भएको छ र प्रयासहरूलाई योजनाहरूमा एकीकृत गर्न खोजिएका छन् ।
८. विशेष गरी शहरी विकास र भवन निर्माणको मार्गनिर्देशनहरू (MoFAGA, MoUD / DUDBC) मा हालै शहरी विकास सम्बन्धि दिशानिर्देशहरू तयार गरी योजना निर्माणको लागि आधार प्रदान गरिएको छ । र
९. वास्तवमा धेरै योजनाहरूको समस्या यसको भौतिक पक्षको सट्टा कार्यान्वयनको कमी हुनु हो ।

# अध्याय चार (४): पनौती नगरपालिकाको वस्तुगत स्थिति

## ४.१. पनौती नगरपालिकाको नामकरण तथा ऐतिहासिकता

पनौती मानव सभ्यताको विकास भएको एक स्थल हो । जनश्रुति, किंवदन्तीका आधारमा पनौती आदिभूमि हो भन्ने कुरा प्रष्ट हुन्छ । यसको प्राग्ऐतिहासिकता हेर्ने हो भने पनौती, खोपासी र बल्थली जस्ता स्थानहरुमा ढुङ्गे युगका हातहतियार पाइएको कुरा केदार प्रधानले **'पनौतीको ब्रह्मायणीजात्रा'** नामक पुस्तकमा उल्लेख गरेका छन् । वासुकी नागराज सम्बन्धी जनश्रुति, देवराज इन्द्रसँग सम्बन्धित जनश्रुति र ब्रह्माणी जात्रासँग सम्बन्धित जनश्रुतिहरु आदिले पनौती प्राचीन सहर हो भन्न सकिन्छ । किंवदन्ती अनुसार पनि अहिलेको **जलादे** भन्ने स्थान नै प्राचीन बस्ती हो, यस बस्तीमा उडुसहरु फैलिएर बस्न नसक्ने भएपछि हालको स्थानमा बस्ती विस्तार भएको हो । राजा महारथले राज्य गरेको तथा महाभारतकालीन विराट राजाको राजधानी पनौती भेगमा रहेको भनाइले पनि प्राचीन राज्य हो भन्ने अनुमान गर्न सकिन्छ ।

पनौतीलाई आदिम देवभूमि एवं तीर्थस्थलका रुपमा चिनिन्छ । हालको पनौती स्मारक क्षेत्र रहेको स्थानमा त्यस बेलाको प्रसिद्ध तीर्थस्थल थियो । पनौतीको प्रसिद्धि **'देवता हिँड्ने बाटो'** ले अझ उँचो बनाएको छ । किंवदन्ती अनुसार हालको जेलाँपाटी भन्ने स्थानलाई प्राचीन समयमा **'द्योलाँ:दे'** भनिन्थ्यो । नेपाल भाषाको **'द्योलाँ'** शब्दको शाब्दिक अर्थ **'देवताको बाटो'** भन्ने हुन्छ र यही बाटो भएर परापूर्वकालमा देवताहरु पनौती आउने जाने गर्दथे । हिजोआजसम्म भक्तपुरबाट नवदुर्गा र माधव नारायणलाई यही बाटोबाट पनौतीमा ल्याइन्छ । पनौतीमा **भगवान् डाँडा**को महिमा अझ गरिमामय छ । हाल टौखालमा रहेको यस डाँडामा भगवान्को घर वा वासस्थान रहेको विश्वास थियो । पनौतीको **'कैलाश'** भनेर चिनिने हालको दलिन चोकको तीनतले दरबार भएको क्षेत्र हो । जेलाँदे र भगवान् डाँडामा पुरातात्विक उत्खनन गर्दा प्राचीन अवशेष, मूर्ति तथा मुद्राहरु पाइएका थिए । यस उत्खननले अझ पनौतीको ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्वलाई प्रामाणिक बनाएको छ । त्यसतै, पनौती गौतम बुद्धको पूर्वजन्म **नमोबुद्ध**को जन्मथलो हो । नमोबुद्धको जन्म पाञ्चाल देशमा आजभन्दा करिब ४१३८ वर्ष पहिले राजकुमार महासत्वका रुपमा भएको भनाइले पनि पनौतीको प्राचीनतालाई चिनाउँछ ।

नेपालको प्राचीनकालीन इतिहासमा पनौतीको प्रशस्त उल्लेख भेटिन्छ । किरातकालीन इतिहासमा पनौती लगायत आसपासका स्थानहरु नाला, बनेपा, खोपासी र पलाञ्चोकलाई क्रमश: नालङ्ग, भुजङ्ग कुर्पासी, पिराखचो जस्ता किराँतकालीन नामहरु प्रयोग भएबाट पनौती किराँतकालीन सहर हो भन्न सकिन्छ । लिच्छविकालमा पनौती एक विकसित सहर भइसकेको थियो । यहाँका ढुङ्गाका मूर्तिहरुमा लिच्छविकालीन कलाकृति देखिन्छ । पनौतीको खोपासीमा लिच्छविकालीन राजा शिवदेव प्रथम र अंशुवर्माका समयको अभिलेख तथा मुद्रा पाइएको थियो । वि.सं. २०४२ सालमा पनौती–खोपासी सडक खन्दा अंशुवर्माको पालाको मुद्रा पाइएको थियो ।

शिवदेव प्रथमले संवत् ५२० मा खोपासीमा एउटा शिलापत्र स्थापित गराएका थिए । संवत् ५२० लेखिएको उक्त शिलापत्रमा द्वारोद्घाटन गर्दा र कैलाश यात्रा चलाउँदा यहाँका जनताले करका रुपमा सेतो माटो (कमेरो) बुझाउनु पर्ने उल्लेख छ । यी ऐतिहासिक प्रमाणले पैनाती पनि एक मानव सभ्यताको उद्गम स्थल हो भन्न सकिन्छ । आनन्द मल्लको शासनकालमा पनौती विकसित नगर भएको थियो । पनौती धेरै नामले सम्बोधन गरिँदै आएको एक नगर हो । ऐतिहासिक कालखण्डहरुमा पनौतीलाई **पुण्यवती पुरी, पुण्यवती, अश्मपुर, पनौतीग्राम, पाञ्चाल, पनाती, पलाँती, पनति, पानवती, अश्मनगर, पूर्णवती** आदि नामले सम्बोधन गरिँदै आएको देखिन्छ ।











चित्र नं.८: पनौती नगरपालिकामा अवस्थित सांस्कृतिक धरोहरहरु

पनौती नामकरण सम्बन्धमा विभिन्न भनाइहरु पाइन्छन् । पनौतीको नामकरण देवराज इन्द्रले गरेका हुन् । उनले यहाँ तपस्या गरी पाप बाट मुक्त भई इनद्रेश्वर महादेवको स्थापना गरी बस्ती बसाले । पद्मावती, लीलावती र गुप्त रुपमा बहने रुद्रवती तिनै नदीलाई बस्ती बसाल्नका लागि केही पर हट्न अनुरोध गरे । तिनै वटा नदीहरुले ठाउँ उपलब्ध गराइदिएकोमा पद्मावती नदीको पहिलो अक्षर **'प'**, लीलावतीको दोस्रो अक्षर 'ला' र रुद्रावतीको अन्तिम अक्षर 'ती' निकालेर 'पलाती' नाम राखियो । नेपाल भाषामा यसको अर्थ **'पाइला टेक्नु'** भन्ने हुन्छ । यही **'पलाती'** शब्द अपभ्रंश भइ 'पलाँती' हुँदै **'पनौती'** भएको हो । नेवार समुदायमा **'पलाँती'** नाम अझैसम्म प्रचलित छ । ब्रह्मायणी मन्दिरको ताम्रपत्रमा पनि **'पलाँती'** नाम उल्लेख छ ।

पवित्र नदी पुण्यवतीको नामबाट यो बस्तीको नाम '**पुण्यवती**' राखिएको अर्को भनाइ छ । संवत ८३६ को ब्रह्मायणी मन्दिरको अभिलेखमा पनि '**पुण्यवती**' नाम उल्लेख भएको पाइन्छ । यही 'पुण्यवती' शब्द अपभ्रंश भई '**पुण्यवती**', 'पनाती' हुँदै 'पनौती' भएको हो । पनौतीभन्दा फरक नाम अश्मपुरले यो बस्तीलाई सम्बोधन गरिएको कुरा इनदेश्वर मन्दिरभित्रको सुवर्णपत्रमा लेखिएको पाइन्छ । **'अश्मपुर'** को अर्थ 'राम्रो र असल सहर' हो । अश्मनगर बारे फरक भनाई पनि छ । अश्मको अर्थ ढुङ्गा हो । पनौती सहर एउटै विशाल ढुङ्गामा रहेको छ । अहिले पनि पनौतीमा घर बनाउँदा ढुङ्गा नभेटिएसम्म जग खन्ने चलन छ ।

पनौतीलाई **पँचुली** पनि भनिएको पाइन्छ । कसैले पाञ्चाल पनि भन्ने गर्थे । सुकेको बाँस पलाएको स्थल भएकाले पँचुली नाम राखिएको हो । किंवदन्ती अनुसार राजकुमारले अज्ञानतावश पिता महाराजलाई हत्या गरेपछि गुरुको सल्लाह बमोजिम सुकेको बाँस टेक्तै हिँडे । यस स्थानमा आइपुगेपछि सुकेको बाँसमा प्राण आई बाँस पलाएको थियो । नेपाल भाषामा 'पँ' भनेको बाँस हो, 'चुली' भनेको पलाउनु हो । 'पँचुली' शब्द पछि अपभ्रंश भएर 'पँचाल' भएको अड्कल काट्न सकिन्छ । पनौती नामकरणका पछाडि तीन कुराहरु जस्तै सुकेको बास पलाएको, एउटै ढुङ्गामा अवस्थित र पवित्र तीर्थस्थललाई मानिएको छ । नेपाल भाषामा बाँसलाई '**पँ**', शिलालाई '**ल्वँ**' र तीर्थ स्थललाई '**ती**' भनिन्छ । यी तीन महत्वपूर्ण विषयलाई समेटी यसको नाम **'पलाँती'** हुँदै **'पनौती'** नाम रहन गएको भनाइ पनि छ ।


## ४.२. भौगोलिक अवस्थिति




चित्र नं.९: पनौती नगरपालिकाको अवस्थिती नक्सा

भौगोलिक अवस्थितिका हिसाबले पनौती नगरपालिका २७ डिग्री ३३ मिनेट ४६.७२ सेकेन्ड देखि २७ डिग्री ३४ मिनेट ३९.३९ सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २३ मिनेट १२.५१ सेकेन्ड देखि ८५ डिग्री ३३ मिनेट ५६.५६ सेकेन्ड पुर्वी देशान्तर र पुर्व पश्चिम १७.४२ कि.मी.तथा उत्तर दक्षिण ११.३४ कि.मीमा फैलिएको छ। काठमाडौं उपत्यकादेखि दक्षिण पुर्वमा पर्ने यो नगरको केन्द्र काठमाडौंबाट ३२ कि.मी. दुरीमा रहेको छ। यो नगरपालिका समुद्री सतहबाट १३४० मी. देखि २७८२ मी. को उचाईमा छ। काभ्रेपलाञ्चोक जिल्लाको पश्चिमी भागमा रहेको यस नगरपालिकाको पुर्वमा धुलिखेल न.पा., पश्चिममा ललितपुर जिल्ला र भक्तपुर जिल्ला, उत्तरमा बनेपा न.पा. र भक्तपुर जिल्ला, दक्षिणमा बेथानचोक गा.पा. र ललितपुर जिल्ला रहेका छन्। मुलतः समशीतोष्ण हावापानी पाइने यो नगरपालिकामा अधिकतम ३२ डिग्री से. देखि न्युनतम ० डिग्री से.सम्म तापक्रम रहने गर्छ भने औसत वर्षा वार्षिक १२०० मि.मि. सम्म हुन्छ।

कुल क्षेत्रफल ११८.१६ वर्ग किमीमा फैलिएको यस नगरपालिकाको वडागत क्षेत्रफल अनुसार सबैभन्दा ठुलो वडा नं १२ (२५.९५ वर्ग किमी), सबैभन्दा सानो वडा नं ७ (१.८२ वर्ग किमी) रहेको छ। यसै गरी दोस्रो ठुलो वडा नं १ र दोस्रो सानो वडा नं. ६ रहेको छ। वडा नं. १ को वडा कार्यालय समुद्र सतहदेखि १६०० मिटर उचाईमा अवस्थित छ। वडा नं. २ को वडा कार्यालय समुद्र सतह देखि १५४५ मिटर उचाईमा अवस्थित छ। वडा नं ४ को वडा कार्यालय समुद्र सतह देखि १४५० मिटर उचाईमा रहेको छ। वडा नं. ६ को वडा कार्यालय अवस्थित रहेको स्थानको उचाई समुद्र सतह देखि १५७७ मिटर छ। भ-ूउपयोग वर्गीकरणका आधारमा पनौती नगरपालिकालाई ११ प्रकारमा विभाजन गरिएको छ,, जसमध्ये वनजंगल क्षेत्रले ओगटेको भुभाग अधिक रहेको छ। तलको तालिकामा पनौती नगरपालिकाको भू-उपयोग वर्गीकरणलाई देखाइएको छ।





चित्र नं.१०: पनौती नगरपालिकाको भू-उपयोग नक्सा

तालिका नं.६: पनौती नगरपालिकाको भू-उपयोग वर्गीकरण

| क.स. | भूउपयोग प्रकार | क्षेत्रफल वर्ग किमीमा | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | ७१.५१ | ६०.५२ |
| २. | कृषिक्षेत्र | ४१.४० | ३५.०४ |
| ३. | बसोबास क्षेत्र | २.२३ | १.८९ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | १.७२ | १.४६ |
| ५. | जलक्षेत्र | ०.४६ | ०.३९ |
| ६. | खानी तथा खनिज क्षेत्र | ०.४२ | ०.३६ |
| ७. | व्यापारिक क्षेत्र | ०.३५ | ०.३० |
| ८. | औद्योगिक क्षेत्र | ०.०४ | ०.०३४ |
| ९. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०२ | ०.०१७ |
| १०. | अन्य | ०.००३ | ०.००२ |
|  | कुल जम्मा | ११८.१६ | १००.०० |

***स्रोत:*** *भूउपयोग विश्लेषण सन् २०२० ।*




चित्र नं.११: पनौती नगरपालिकाको भौगोलिक अवस्थिति नक्सा











चित्र नं.१२: पनौती नगरपालिकामा अवस्थित सम्पदाहरु




चित्र नं.१३: पनौती नगरपालिकाको Google Map

## ४.३. प्रशासनिक विभाजन


बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्लामा विद्यमान ६ नगरपालिका र ७ गाउँपालिका गरी १३ स्थानीय तह मध्ये पनौती नगरपालिका पनि एक हो । यो नगरपालिकामा १२ वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको केन्द्र साबिकको पनौती नगरपालिकाको कार्यालय हालको वडा नं ४ मा रहेको छ । वि.सं. २०५३ साल माघ ११ गते घोषणा भएको पनौती नगरपालिका वि.सं. २०७३ फागुन २७ मा साविकको अवस्थाबाट पुनः संरचित भई साविकको पनौती नगरपालिका तथा कुशादेवी, रयाले विहावर, कलाती भूमिडाँडा, बल्थली, शारदा बतासे

(३, ४, ९) र शङ्खुचौर (४) गा.वि.स.लाई समावेश गरी हालको पनौती नगरपालिकाको रुपमा गठन भएको छ । यस नगरपालिका चार वटा साबिक गाविसहरुका सबै वडाहरु र २ वटा गाविसका केही वडाहरु र पनौती नगरपालिका मिली विभिन्न वडाहरु बनेका छन्, जुन तालिका नं.७ मा दिइएका छन् ।

**तालिका नं.७: पनौती नगरपालिकाको वडागत संरचना र क्षेत्रफलको विवरण**

| नयाँ वडा | समावेश गाविस/नगरपालिका | जनसंख्या | क्षेत्रफल (वर्ग किमी) |
|---|---|---|---|
| १ | रयाले विहावर (१-९) | ४३०२ | २४.६९ |
| २ | कुशादेवी (४-८) | ३३६८ | १६.८४ |
| ३ | कुशादेवी (१-३, ९ ) | ३७४६ | ६.३६ |
| ४ | पनौती (३-४) | ५१४७ | ५.४९ |
| ५ | पनौती (१-२) | ४६८४ | ६.३१ |
| ६ | पनौती (११) | २४६६ | २.३४ |
| ७ | पनौती (५-७) | ४८८८ | १.८२ |
| ८ | पनौती (८-९) | ३३३६ | ३.९४ |
| ९ | पनौती (१०) र शारदाबतासे (३,४,९० | ३८३१ | ५.३७ |
| १० | पनौती (१२-१३) र शङ्खुपाटीचौर(४) | ४४९४ | ९.३४ |
| ११ | बल्थली (१-९) | २६९५ | ९.५३ |
| १२ | कलाती भूमिडाँडा (१-९) | ३६३८ | २५.९५ |
| **जम्मा** | | ४६५९५ | १००.०० |

***स्रोत:*** *संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७३ ।*




चित्र नं.१४: पनौती नगरपालिकाको प्रशासनिक विभाजनको नक्सा

## ४.४. जनसांख्यिकय बिबरण

### ४.४.१ मुख्य बस्तीहरु तथा घरधुरी

पनौती नगरपालिको बस्ती तथा घरधुरीहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.८: पनौती नगरपालिकाको मुख्य बस्ती तथा घरधुरी र घरधुरीको जनसंख्या आकार

| वडा नं | मुख्य बस्ती | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रयाले, फलामेबिर्ता, ढाडाचौर, सिमलचौर, खानीडाँडा, बुढापोखरी | ११२५ | १०.३७ |
| २ | कुशादेवी, कामीडाँडा, चाम्लेबजार, अन्तेटार, नयाँ गाउँ, लाकुरीभन्ज्याङ | ९३२ | ८.५९ |
| ३ | पुछारी, चालिसे, फापरचौर, पाटीचौर | ९६४ | ८.८८ |
| ४ | टौखाल/ठाडो बाटो, मानेश्वरी, ऐपाटार, चामखर, टोखाल | १०२८ | ९.४७ |
| ५ | सुब्बागाउँ, चौकोट | ९४३ | ८.६९ |
| ६ | दलिनचोक, | ६१८ | ५.७० |
| ७ | पनौती बजार, एलाञ्छेटोल, सिरानचौर | ८२९ | ७.६४ |
| ८ | खरिबोट, मल्पी, डिहिकाचौर, यलाछेटोल, पमाडिटोल | ८०२ | ७.३९ |
| ९ | सुन्थान, फिरफिरे डाँडा, नौबिसे, ओमडाँडा | ९०१ | ८.३० |
| १० | खोपासी, पाटीखर्क, वसन्तनगर, किटिनी, पस्थली | ९०२ | ८.३१ |
| ११ | बल्थली,ख्याकु, देवीस्थान, नेपाने, कोलभन्ज्याङ | ८७० | ८.०२ |
| १२ | रोशी/भूमिडाँडा, कलाँती, खारखोला, सिम्पानी, घिसिङगाउँ | ९३७ | ८.६३ |
| **जम्मा** | | **१०८५१** | |

***स्रोतः** पनौती नगरपालिका वस्तुगत विवरण २०७५ ।*

### ४.४.२ जनघनत्व


जनघनत्वले प्रति वर्ग कि.मि. मा मानिसको अवस्थितिलाई बुझाउँछ । पनौती नगरपालिकाको जनघनत्व नेपालको जनघनत्वभन्दा उच्च रहेको देखिन्छ । तलको तालिकामा वडागत रुपमा पनौती नगरपालिकाको जनघनत्वलाई प्रस्तुत गरिएको छ ।

तालिका नं.९: वडागत रुपमा जनघनत्व वितरण

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. मा | जनसंख्या | जनघनत्व |
|---|---|---|---|
| १ | २४.६९ | ६७७१ | २७४.२४ |
| २ | १६.८४ | ४४८२ | २६६.१५ |
| ३ | ६.३६ | ४८५५ | ७६३.३६ |
| ४ | ५.४९ | ५४४८ | ९९२.३५ |
| ५ | ६.३१ | ४९६८ | ७८७.३२ |
| ६ | २.३४ | ३२५८ | १३९२.३१ |
| ७ | १.८२ | ५०८२ | २७९२.३१ |
| ८ | ३.९४ | ३८३७ | ९७३.८६ |
| ९ | ५.३७ | ४५५४ | ८४८.०४ |
| १० | ९.५४ | ४५२६ | ४७४.४२ |
| ११ | ९.५३ | ३८७२ | ४०६.३० |
| १२ | २५.९५ | ४८७६ | १८७.८३ |
| **जम्मा** | **११८.१८** | **५६५२९** | **४७८.३३** |

***स्रोतः** पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*

माथिको तालिका ९ अनुसार वडा नं ७ को जनघनत्व सबैभन्दा धेरै रहेको छ जसको जनघनत्व ९७३.८६ प्रति वर्ग किमी रहेको छ भने वडा नं. १२ मा जनघनत्व थोरै रहेको छ जसको जनघनत्व १८७.८३ प्रति वर्ग किमी रहेको छ ।




चित्र नं.१५: पनौती नगरपालिकाको जनघनत्व

## ४.४.३ जनसंख्याको प्रक्षेपण

पनौती नगरपालिकाको पन्ध्र वर्षसम्मको जनसंख्याको प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ । २०६८ को जनसंख्यालाई आधार मानी पनौती नगरपालिकाको वस्तुगत विवरणसँग तुलना गरी जनसंख्याको प्रक्षेपण गरिएको छ ।

तालिका नं.१०: पनौती नगरपालिकाको पन्ध्र वर्षसम्मको प्रक्षेपित जनसंख्याको विवरण

| वडा | २०६८ सालको जनसंख्या | २०७५ सालको नगर वस्तुगत विवरणको जनसंख्या | जनसंख्या वृद्धिदर | २०८० सालको जनसंख्या | २०८५ सालको जनसंख्या | २०९० सालको जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | ४३०२ | ६७७१ | ८.० | ९४७९ | १२१८८ | १४८९६ |
| २ | ३३६८ | ४४८२ | ५.० | ५६०२ | ६७२३ | ७८४४ |
| ३ | ३७४६ | ४८५५ | ४.२ | ५८२६ | ६७९७ | ७७६८ |
| ४ | ५१४७ | ५४४८ | ०.८४ | ५६६६ | ५८८४ | ६१०१ |
| ५ | ४६८४ | ४९६८ | ०.८७ | ५१९२ | ५४१५ | ५६३९ |
| ६ | २४६६ | ३२५८ | ४.५८ | ४०७२ | ४८८७ | ५७०२ |
| ७ | ४८८८ | ५०८२ | ०.५७ | ५२३४ | ५३८७ | ५५३९ |
| ८ | ३३३६ | ३८३७ | २.१४ | ४२४० | ४६४३ | ५०४६ |
| ९ | ३८३१ | ४५५४ | २.६८ | ५१६९ | ५७८४ | ६३९८ |

| वडा | २०६८ सालको जनसंख्या | २०७५ सालको नगर वस्तुगत विवरणको जनसंख्या | जनसंख्या वृद्धिदर | २०८० सालको जनसंख्या | २०८५ सालको जनसंख्या | २०९० सालको जनसंख्या |
|---|---|---|---|---|---|---|
| १० | ४४९४ | ४५२६ | ०.१० | ४५४९ | ४५७१ | ४५९४ |
| ११ | २६९५ | ३८७२ | ६.२३ | ५०७२ | ६२७३ | ७४७३ |
| १२ | ३६३८ | ४८७६ | ४.८६ | ६०७१ | ७२६५ | ८४६० |
| | ४६५९५ | **५६५२९** | ३.०५ | ६५००८ | ७३४८८ | ८१९६७ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २०६८ र पनौती नगरपालिकाको वस्तुगत विवरण २०७५ ।*

माथिको तालिका नं १० अनुसार पनौती नगरपालिकाको जनसंख्या वृद्धिदर ३.०५ रहेको छ । २०८० सालमा अनुमानित जनसंख्या ६५,००८ हुनेछ, २०८५ सालमा कुल जनसंख्या ७३,४८८ र २०९० सालमा ८१९६७ पुग्ने अनुमान गरिएको छ ।

### ४.४.४ जातजातिका आधारमा जनसंख्या

पनौती नगरपालिकामा क्षेत्री, ब्राह्मण र दलित जातको बसोबास रहेको देखिन्छ, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.११: जातजातिका आधारमा पनौती नगरपालिकाको घरधुरीको विवरण

| क.स. | जातजाति | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राह्मण | ३१४२ | २८.९६ |
| २. | क्षेत्री | ३००८ | २७.७२ |
| ३. | तामाङ | २०१७ | १८.५९ |
| ४. | नेवार | १७८९ | १६.४९ |
| ५. | दमाई | २१३ | १.९६ |
| ६. | कामी | १२६ | १.१६ |
| ७. | सार्की | १२५ | १.१५ |
| ८. | भुजेल | ८० | ०.७३ |
| ९. | मगर | ७७ | ०.७१ |
| १०. | सन्यासी | ७४ | ०.६८ |
| ११. | राई | ६५ | ०.५९ |
| १२. | पहरी | ६२ | ०.५७ |
| १३. | गुरुङ | १९ | ०.१७ |
| १४. | थामी | १३ | ०.११ |
| १५. | सुनुवार | ७ | ०.०६ |
| १६. | लोहार | १ | ०.० |
| १७. | यादव | १ | ०.० |
| १८. | अन्य | २५ | ०.२३ |
| १९. | नखुलेको | ७ | ०.०६ |
| | जम्मा | १०८५१ | १००.०० |

*स्रोत : पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*

तालिका नं ११ अनुसार पनौती नगरपालिकामा ब्राह्मणको बसोवास अधिक रहेको छ, जुन २८.९६ प्रतिशत रहेको छ । ब्राह्मणपछि क्षेत्रीको बसोबास उल्लेखनीय देखिन्छ । यसको प्रतिशत २७.७२ छ । पनौती नगरपालिकामा जातजातिमा विविधता रहेको देखिन्छ । जनजातिमा तामाङको जनसंख्या उच्च रहेको छ । यहां

तामाङ, नेवार, भुजेल, मगर, राई, पहरी, मगर, गुरुङ, थामी, सुनुवार आदि जनजातिको बसोबास छ। दलितहरुको जनसंख्या सबैभन्दा कम रहेको छ ।

## ४.४.५ बसाँईसराई

यस नगरपालिकाको जम्मा घरधुरीको ८.२७ प्रतिशत घरपरिवार अर्थात ८९७ घरपरिवारहरु यस नगरपालिकामा बसाइँ सरेर आएका छन् । जसमध्ये ४९४ (५५.०७ प्रतिशत) परिवार यस नगरपालिका भन्दा बाह्य स्थानबाट नगरपालिकामा बसाइँ सरेर आएका छन् भने ४०३ (४४.९२ प्रतिशत) घरपरिवार यही नगरपालिकाभित्रका विभिन्न ठाउँहरुबाट वसाइँ सरेर सुविधा भएको ठाउँमा बसोवास गरिरहेका छन् । बसाइँसराइका आधारमा पनौती नगरपालिकाको घरधुरीलाई तालिका नं १२ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.१२: बसाइँसराईका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण

| क्र.स. | बसाइँसराइको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बसाइँ सरेर आएको | ८९७ | ८.२७% |
| २ | बसाइँ नसरेको | ९९४७ | ९१.६७% |
| ३ | नखुलेको | ७ | ०.०६ |
| जम्मा | | १०८५१ | १००.०० % |

*स्रोत : पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*

## ४.४.६ खानेपानीको स्रोत

स्वच्छ खानेपानीको पहुँच नभई स्वस्थ नागरिक बन्न सकिँदैन । खानेपानीको पहुँचका आधारमा विकासलाई मापन गर्न सकिन्छ। खानेपानीको स्रोतका कारण स्वच्छ खानेपानीको पहुँचलाई निर्धारण गर्ने भएकाले तालिका नं १३ मा यस नगरपालिकाको खानेपानीको स्रोतको आधारमा घरधुरीको विवरण दिइएको छ।

तालिका नं.१३: खानेपानीको स्रोतका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण

| क्र.स. | खानेपानीको स्रोतहरु | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक पाइपधारा | ५२३२ | ४८.२२ |
| २ | निजी पाइपधारा | ३२१३ | २९.६१ |
| ३ | डिप बोरिङ इनार | १०९३ | १०.०७ |
| ४ | कुवा, मूल धाराको पानी | १०१६ | ९.३६ |
| ५ | नदी, कुलो, पोखरीको पानी | १५६ | १.४४ |
| ६ | अन्य | १०३ | ०.९५ |
| ७ | नखुलेको | ७ | ०.०६ |
| **जम्मा** | | **१०८५१** | **१००** |

*स्रोत : पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*

तालिका नं. १३ अनुसार सार्वजनिक पाइपधारा प्रयोग गर्ने घरधुरी कुल घरधुरी मध्ये ४८.२२ प्रतिशत अर्थात् ५२३२ घरधुरी रहेको छ। निजी पाईपधारा हुने घरधुरी २९.६१ प्रतिशत रहेको छ। यसले खानेपानीको पहुँच सबै घरधुरीमा पुगि नसकेको अवस्था देखाउँछ। पाईपधारा खानेपानीको स्रोत नभएकाहरुका लागि खानेपानी व्यवस्थापन गर्नको लागि पनि श्रम तथा समय खर्चनुपर्ने र स्वच्छ खानेपानीको पहुँच नहुने भएको देखिन्छ । अन्य स्रोतमा आश्रित घरधुरी अझै रहेकाले स्वच्छ खानेपानीको पहुँच विस्तारमा विकास योजना बनाउनुपर्ने देखिन्छ।



चित्र नं.१६: पनौती नगरपालिकामा अवस्थित झरना

### ४.४.७ ईन्धनको प्रयोगको आधारमा घरधुरी

ईन्धनको प्रयोगका आधारमा घरधुरीको आर्थिक अवस्थालाई देखाउन सकिन्छ। ईन्धनको प्रयोगका जोखिम तथा विपद्लाई विश्लेषण गर्नुपर्ने हुन्छ। ईन्धनको प्रयोगका कारणले लाग्न सक्ने रोगहरुको विश्लेषण गर्न सकिन्छ। जस्तै दाउराको प्रयोग गर्ने घरमा धूवाँका कारण श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्दछ। दाउरा उपभोग गर्नका लागि वनक्षेत्रमा भार पर्न सक्छ। तसर्थ ईन्धनको प्रयोगका आधारमा पनौती नगरपालिकाको घरधुरीलाई तालिका नं. १४ मा प्रस्तुत गरिएको छ।

तालिका नं.१४: ईन्धन प्रयोगका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण

| क्र.स. | इन्धनको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एल पि.ग्यास | ५६६१ | ५२.१७ |
| २ | दाउरा | ४९३६ | ४५.४९ |
| ३ | गोबरग्यास | १२७ | १.१७ |
| ४ | विद्युत | ५१ | ०.४७ |
| ५ | गुइठा | ४० | ०.३७ |
| ६ | मट्टितेल | २७ | ०.२५ |
| ६ | उल्लेख नभएको | ९ | ०.८२ |
| जम्मा | | १०८५१ | १००.०० |

***स्रोत :*** *पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*

तालिका नं. १४ अनुसार दाउरा प्रयोग गर्ने घरधुरी संख्या ४५.४९ रहेको छ। यसले भान्सामा काम गर्नेहरुका लागि श्वासप्रश्वास जन्य रोग लाग्न सक्ने सम्भावना छ। यसका लागि कम दाउरा खपत गरी बनजंगल संरक्षण गर्नुपर्ने आवश्यकता पनि रहेको छ। यसका लागि सुधारिएका चुला, दाउराका लागि वृक्षरोपण जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ। एल.पी. ग्यास प्रयोग गर्ने घरधुरी संख्या ५२.१७ प्रतिशत छ। यसले गर्दा यसको प्रयोग गर्दा हुने सम्भावित जोखिम सम्बन्धी जनचेतना जगाउन आवश्यक देखिन्छ।

## ४.४.८ बत्ती प्रयोगको आधारमा घरपरिवार विवरण

बत्ती प्रयोगका आधारमा विकासको मापन गर्न सकिन्छ । उद्योगको विकासका लागि विद्युतीकरण आवश्यक पर्दछ । नगरपालिकाभित्र रहेका ऊर्जाका स्रोतहरुको उपयोग कसरी भइरहेको रहेको छ, सो अवस्थालाई बत्ती प्रयोगका आधारमा विश्लेषण गर्न सकिन्छ । तसर्थ तालिका नं. १५ मा बत्ती प्रयोगका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण दिइएको छ ।

तालिका नं.१५: बत्ती प्रयोगका आधारमा पनौती नगरपालिकाको घरधुरी विवरण

| क.स. | बत्तीको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विजुली | ९०५६ | ८३.४६ |
| २. | सोलार | १४४६ | १३.३३ |
| ३. | मट्टीतेल | १६२ | १.४९ |
| ४. | वायोग्यास | ११७ | १.०८ |
| ५. | जेनेरेटर | ६१ | ०.५६ |
| ६. | उल्लेख नभएको | ९ | ०.०८ |
| **जम्मा** | | **१०८५१** | **१००%** |

***स्रोत :*** *पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*



चित्र नं.१७: पनौती नगरपालिकामा अवस्थित विद्युतीकरण

## ४.५. वन क्षेत्र

वन उपयोगको आधारहरुमा वनलाई सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, सरकारी संरक्षित वन आदिमा विभाजन गरिएको छ । जसमा पनौती नगरपालिकामा स्वामित्वका आधारमा वनका प्रकारलाई तलको तालिकामा दिइएको छ ।

तालिका नं.१६: पनौती नगरपालिकाको वन स्वामित्व विवरण

| क.स. | विवरण | संख्या | क्षेत्रफल (हे.) |
|---|---|---|---|
| १. | सामुदायिक वन | ४७ | १८६४.७४ |
| २. | कबुलियती वन | ५३ | ३६८.१ |
| ३. | जम्मा | १०० | २२३२.८४ |

*स्रोत : पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*



चित्र नं.१८: पनौती नगरपालिकामा अवस्थित बन क्षेत्र

## ४.६. पनौती नगरपालिकामा भएका शैक्षिक संस्था

मानव विकासको प्रमुख आयाम मध्येको एक शिक्षा हो । शैक्षिक संस्थाहरुको उपलब्धतामा सहज पहुँच भएमा शैक्षिक स्थिति सुधार गर्ने आधार तय हुन्छ। शैक्षिक संस्थाहरुको उपलब्धता नभएमा चाहेर पनि शैक्षिक अवस्था सुधार गर्न सकिँदैन । तसर्थ, पनौती नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण तल तालिका नं. १७ दिइएको छ ।

तालिका नं.१७: पनौती नगरपालिकाको सामुदायिक विद्यालयको विवरण

| वडा | आधारभूत विद्यालय | | | माध्यमिक विद्यालय | | क्याम्पस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | १–३ | १–५ | १–८ | १–१० | १–१२ | | |
| १ | १ | ३ | – | १ | १ | | ६ |
| २ | – | १ | २ | – | १ | १ | ४ |
| ३ | – | १ | १ | | | | २ |
| ४ | १ | - | १ | १ | | | ३ |
| ५ | | | २ | | | | २ |

| वडा | आधारभूत विद्यालय | | | माध्यमिक विद्यालय | | क्याम्पस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | | |
| ७ | | | २ | १ | १ | | ४ |
| ८ | | २ | १ | | १ | | ४ |
| ९ | | | १ | | १ | | २ |
| १० | | | १ | १ | १ | | ३ |
| ११ | | २ | १ | १ | | | ४ |
| १२ | | २ | १ | १ | | | ४ |
| जम्मा | २ | ११ | १३ | ६ | ६ | | ३८ |

***स्रोत :*** *पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५।*

तालिका नं १७ अनुसार पनौती नगरपालिकामा सामुदायिक विद्यालय आधारभूत तहको सबैभन्दा बढी रहेको देखिन्छ । कुल विद्यालय संख्यामा प्राvि तहका विद्यालयहरु २६ वटा रहेका छन् ।  माध्यमिक विद्यालय तहका पनि कक्षा १० सम्म सचालन भएका ६ वटा र कक्षा १२ सम्म सञ्चालन भएका ६ वटा रहेका छन् । वडागत विद्यालयको वितरण हेर्दा वडा नं २, ७, ८, ११, १२ मा चारचारवटा विद्यालयहरु रहेका छन् । वडा नं १ मा विद्यालय संख्या सबै वडाहरुमा भन्दा बढी रहेको छ ।





चित्र नं.१९: पनौती नगरपालिकामा अवस्थित शैक्षिक संस्थाहरु

संस्थागत विद्यालयको उपस्थिति पनि यस नगरपालिकामा उल्लेखनीय रहेको छ । निजी तर्फका विद्यालय आधारभूत र माध्यमिक दुवै प्रकारका रहेका छन् । तलको तालिकामा वडागत रुपमा संस्थागत विद्यालयको विवरण दिइएको छ ।

तालिका नं.१८: पनौती नगरपालिकाको संस्थागत विद्यालयको विवरण

| वडा | आधारभूत विद्यालय | | | माध्यमिक विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | क | ख | ग | क | ख | ग | |
| १ | – | १ | – | – | १ | – | २ |
| २ | – | – | – | – | १ | – | १ |
| ३ | – | – | – | – | – | – | – |
| ४ | – | - | – | – | ३ | १ | ४ |
| ५ | – | – | – | २ | २ | – | ४ |
| ६ | – | – | – | – | १ | – | १ |
| ७ | – | १ | – | – | – | २ | ३ |
| ८ | – | – | – | १ | १ | – | २ |
| ९ | – | – | – | – | – | १ | १ |
| १० | – | – | १ | – | – | – | १ |
| ११ | – | १ | – | – | – | – | १ |
| १२ | – | – | – | – | – | – | – |
| जम्मा | – | ३ | १ | ३ | ९ | ४ | २० |

***स्रोत :*** *पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५।*




चित्र नं.२०: पनौती नगरपालिकाको शैक्षिक संस्था वितरणको नक्सा

## ४.७. पनौती नगरपालिकामा भएका स्वास्थ्य संस्था

पनौती नगरपालिकामा २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी ८ वटा र नगर स्वास्थ्य केन्द्र १ वटा रहेका छन् ।


तालिका नं.१९: पनौती नगरपालिकामा स्वास्थ्य संस्थाको विवरण

| क.स. | स्वास्थ्य संस्था | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र | २ | |
| २. | स्वास्थ्य चौकी | ८ | |
| ३. | नगर स्वास्थ्य केन्द्र | १ | |
| | जम्मा | ११ | |

*स्रोत : पनौती नगरपालिकाको वस्तुगत विवरण, २०७५ ।*



चित्र नं.२१: पनौती नगरपालिकामा अवस्थित स्वास्थ्य संस्था




चित्र नं.२२: पनौती नगरपालिकाको स्वास्थ्य संस्था वितरणको नक्सा

## ४.८. पनौती नगरपालिकाको भू-उपयोग अवस्था


पनौती नगरपालिकाको भू-उपयोग अवस्थाले भू-उपयोग योजना तथा विकास योजना निर्माणका लागि सहयोग गर्दछ । जसले विकासका लागि अग्रणी क्षेत्र छुट्याउनका मद्दत गर्दछ । यसर्थ, तलको तालिकामा पनौती नगरपालिकाको भू-उपयोग वर्गीकरण प्रस्तुत गरिएको छ ।

तालिका नं.२०: पनौती नगरपालिकाको भू-उपयोग वर्गीकरण

| क्र.स. | भूउपयोग प्रकार | क्षेत्रफल वर्ग किमीमा | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | ७१.५०९ | ६०.५२ |
| २. | कृषिक्षेत्र | ४१.४०० | ३५.०४ |
| ३. | बसोबास क्षेत्र | २.२३४ | १.८९ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | १.७१८ | १.४५ |
| ५. | जलक्षेत्र | ०.४५८ | ०.३९ |
| ६. | खानी तथा खनिज क्षेत्र | ०.४२२ | ०.३६ |
| ७. | व्यापारिक क्षेत्र | ०.३५३ | ०.३० |
| ८. | औद्योगिक क्षेत्र | ०.०४३ | ०.०४ |
| ९. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०२१ | ०.०२ |
| १०. | अन्य | ०.००३ | ०.००३ |
| | कुल जम्मा | ११८.१६३ | १००.०० |

***स्रोतः*** *भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं. २० अनुसार पनौती नगरपालिकाको भू-उपयोग हेर्दा वनजंगलको आधिपत्य रहेको छ । कृषिक्षेत्रका रुपमा भू-उपयोगको स्थिति दोस्रो स्थानमा रहेको छ । यो कुल भूमि मध्येको ३५.०४ प्रतिशत रहेको छ, तसर्थ कृषि र वन सम्पदाको सही सदुपयोग गरी आर्थिक विकास गर्न सकिने सम्भावना यहां रहेको छ ।




चित्र नं.२३: पनौती नगरपालिकाको भू-उपयोग नक्सा


## ४.८.१ पनौती नगरपालिका, वडा नं १ को भू-उपयोग अवस्था

तालिका नं.२१: पनौती नगरपालिकाको वडा नं. १ को भू-उपयोग वर्गीकरण

| क.स. | भूउपयोग प्रकार | क्षेत्रफल वर्ग किमीमा | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | १६.११० | ६५.२४ |
| २. | कृषिक्षेत्र | ७.८८२ | ३१.९२ |
| ३. | बसोबास क्षेत्र | ०.३०२ | १.२२ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.३३७ | १.३६ |
| ५. | जलक्षेत्र | ०.०३७ | ०.१५ |
| ६. | खानी तथा खनिज क्षेत्र | ०.०१५ | ०.०६ |
| ७. | व्यापारिक क्षेत्र | ०.००९ | ०.०४ |
| ८. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००९ | ०.००३ |
| कुल जम्मा | | २४.६९२ | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।*

वडागत रुपमा पनौती नगरपाकिाको भूउपयोग वर्गीकरणलाई विश्लेषण गर्दा वडा नं १ को सबैभन्दा बढी क्षेत्र वनजंगलले ढाकेको देखिन्छ। कृषि क्षेत्र ३१.९२ प्रतिशत रहेको छ। बसोबास क्षेत्रले १.२२ प्रतिशत मात्र ओगटेको छ। यसले गर्दा कृषि क्षेत्रको विकासको योजना बनाउन सान्दर्भिक देखिन्छ। यहां खानी तथा खनिज क्षेत्रको पनि उपयोग भएको देखिन्छ। यसले आर्थिक विकासमा सहयोग पुग्ने देखिन्छ।




चित्र नं.२४: पनौती नगरपालिकाको वडा नं. १ को भू-उपयोग नक्सा


## ४.८.२ पनौती नगरपालिका, वडा नं २ को भूउपयोग अवस्था

तालिका नं.२२: पनौती नगरपालिकाको वडा नं. २ को भू-उपयोग वर्गीकरण

| क.स. | भूउपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | १२.७७१ | ७५.८२ |
| २. | कृषिक्षेत्र | ३.४०२ | २०.२० |
| ३. | बसोबास क्षेत्र | ०.१४८ | ०.८८ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१८८ | १.१२ |
| ५. | जलक्षेत्र | ०.०३० | ०.१८ |
| ६. | खानी तथा खनिज क्षेत्र | ०.२९७ | १.७६ |
| ७. | व्यापारिक क्षेत्र | ०.००५ | ०.०३ |
| ८. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००४ | ०.००२ |
| ९. | औद्योगिक क्षेत्र | ०.०००१ | ०.०००५ |
| कुल जम्मा | | १६.८४३ | १००.०० |

स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।

माथिको तालिकाले वडा नं २ को भू-उपयोगको बर्गीकरणलाई देखाउँछ । वडा नं २ को एक तिहाई भ-ुभाग वनजंगलले ढाकेको छ। कुल भूमिको २०.२० प्रतिशत मात्र कृषि भूमिको रुपमा उपयोग गरिएको छ। सार्वजनिक उपयोग गरिएको भूमि पनि यस वडामा राम्रो नै देखिन्छ। जसको प्रतिशत १.१२ प्रतिशत छ ।




चित्र नं.२५: पनौती नगरपालिकाको वडा नं. २ को भू-उपयोग नक्सा


## ४.८.३ पनौती नगरपालिका, वडा नं ३ को भू-उपयोग अवस्था

तालिका नं.२३: पनौती नगरपालिकाको वडा नं. ३ को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | १.५१३ | २३.८० |
| २. | कृषिक्षेत्र | ४.५०० | ७०.७९ |
| ३. | बसोबास क्षेत्र | ०.१७१ | २.६९ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१४३ | २.२५ |
| ५. | जलक्षेत्र | ०.०२६ | ०.४१ |
| ६. | व्यापारिक क्षेत्र | ०.००३ | ०.०५ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००१ | ०.०२ |
| **कुल जम्मा** | | ६.३५७ | १००.०० |

स्रोतः भूउपयोग विश्लेषण सन् २०२० ।

वडा नं. ३ को भू-उपयोग वर्गीकरणमा कृषि क्षेत्रको उपयोग धेरै भएको छ। कुल भूमि मध्ये ७०.७९ प्रतिशत भूमिमा कृषि कार्य गरिएको देखिन्छ। यसले गर्दा कृषि सम्बन्धी उपयुक्त बृहत्तर एकीकृत योजना निर्माण गर्न आवश्यक छ।




चित्र नं.२६: पनौती नगरपालिकाको वडा नं. ३ को भू-उपयोग नक्सा


## ४.८.४ पनौती नगरपालिका, वडा नं ४ को भू-उपयोग अवस्था

तालिका नं.२४: पनौती नगरपालिकाको वडा नं. ४ को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | १.३४१ | २४.४६ |
| २. | कृषिक्षेत्र | ३.६५३ | ६४.९८ |
| ३. | बसोबास क्षेत्र | ०.२६८ | ४.८९ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१६६ | ३.०३ |
| ५. | जलक्षेत्र | ०.०१६ | ०.२९ |
| ६. | व्यापारिक क्षेत्र | ०.०३७ | ०.६७ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००७ | ०.०१ |
| ८. | अन्य | ०.००२ | ०.०४ |
| कुल जम्मा | | ५.४८३ | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं. २४ अनुसार, वडा नं ४ मा कृषि क्षेत्रका लागि सबैभन्दा बढी भूमि उपयोग गरिन्छ । कुल वडा नं ४ को भूमि मध्ये कृषिका रुपमा उपयोग गरिएको भूमि ६४.९८ प्रतिशत रहेको छ । यस वडामा कृषिको व्यावसायीकरण गर्न सकिने सम्भावना रहेको छ । वन जगल क्षेत्रले ओगटेको भाग ०.२९ प्रतिशत मात्र रहेकाले सिँचाई सम्बन्धी व्यवस्थाका लागि योजना निर्माण गर्नुपर्ने देखिन्छ ।




चित्र नं.२७: पनौती नगरपालिकाको वडा नं. ४ को भू-उपयोग नक्सा


## ४.८.५ पनौती नगरपालिका, वडा नं ५ को भू-उपयोग अवस्था

तालिका नं.२५: पनौती नगरपालिकाको वडा नं. ५ को भू-उपयोग वर्गीकरण

| क्र.स. | भूउपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | २.३१२ | ३६.६५ |
| २. | कृषिक्षेत्र | ३.४०७ | ५४.०० |
| ३. | बसोबास क्षेत्र | ०.२६३ | ४.१७ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१८३ | २.९० |
| ५. | जलक्षेत्र | ०.०१७ | ०.२७ |
| ६. | व्यापारिक क्षेत्र | ०.०९१ | १.४४ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००३ | ०.०५ |
| ८. | औद्योगिक क्षेत्र | ०.०३० | ०.४८ |
| ९. | खानी तथा खनिज | ०.००३ | ०.०५ |
| **कुल जम्मा** | | ६.३०९ | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२०।*

मथिको तालिका आधारमा वडा नं ५ कृषि क्षेत्रका लागि उपयुक्त हुने देखिन्छ। कुल भूमि मध्ये ५४ प्रतिशत भूमि कृषिका लागि उपयोग गरिएको छ। वन जंगल क्षेत्रले ओगटेको भूमिको प्रतिशत दोस्रो स्थानमा रहेको छ। बसोबास क्षेत्रले ओगटेको भूमिको प्रतिशत हेर्दा बस्ती बढ्दै गएको देखिन्छ।




चित्र नं.२८: पनौती नगरपालिकाको वडा नं. ५ को भू-उपयोग नक्सा


## ४.८.६ पनौती नगरपालिका, वडा नं ६ को भू-उपयोग अवस्था

तालिका नं.२६: पनौती नगरपालिकाको वडा नं. ६ को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | ०.५७४ | २४.५५ |
| २. | कृषिक्षेत्र | १.५८५ | ६७.७९ |
| ३. | बसोबास क्षेत्र | ०.१०१ | ४.३२ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ० ०४९ | २.०९ |
| ५. | जलक्षेत्र | ०.०१० | ०.४३ |
| ६. | व्यापारिक क्षेत्र | ०.०१९ | ०.८१ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००३ | ०.०१ |
| **कुल जम्मा** | | २.३३८ | १००.०० |

स्रोतः भूउपयोग विश्लेषण सन् २०२० ।

तालिका नं. २६ का अनुसार कृषि क्षेत्रले ओगटेको भूमिको अधिकता रहेको देखिन्छ । जसको प्रतिशत ६७.७९ रहेको छ । त्यसैले, कृषि विकासका योजनाहरु एकीकृत रुपमा निर्माण गर्न आवश्यक रहेको देखिन्छ । वनजंगलको क्षेत्रले आगेटेको भूमि पनि सन्तोषजनक अवस्थामा रहेको छ ।




चित्र नं.२९: पनौती नगरपालिकाको वडा नं. ६ को भू-उपयोग नक्सा


## ४.८.७ पनौती नगरपालिका, वडा नं ७ को भू-उपयोग अवस्था

तालिका नं.२७: पनौती नगरपालिकाको वडा नं. ७ को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | ०.१३९ | ७.६६ |
| २. | कृषिक्षेत्र | १.३१७ | ७२.६० |
| ३. | बसोबास क्षेत्र | ०.०९२ | ५.०७ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१०१ | ५.५७ |
| ५. | जलक्षेत्र | ०.०३९ | २.१५ |
| ६. | व्यापारिक क्षेत्र | ०.११९ | ६.५६ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००७ | ०.३९ |
| **कुल जम्मा** | | १.८१४ | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं. २७ मा उल्लेख भए अनुसार वडा नं. ७ मा व्यापारिक क्षेत्र हुँदाहुँदै पनि कृषिक्षेत्रको पाी अधिकता रहेको छ । वनजंगलले आगटेको क्षेत्र भने न्यून रहेको देखिन्छ ।




चित्र नं.३०: पनौती नगरपालिकाको वडा नं. ७ को भू-उपयोग नक्सा


## ४.८.८ पनौती नगरपालिका, वडा नं ८ को भू-उपयोग अवस्था

तालिका नं.२८: पनौती नगरपालिकाको वडा नं. ८ को भू-उपयोग वर्गीकरण

| क्र.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | १.६६७ | ४२.३२ |
| २. | कृषिक्षेत्र | १.९१९ | ४८.७२ |
| ३. | बसोबास क्षेत्र | ०.१५६ | ३.८८ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.०९८ | २.४९ |
| ५. | जलक्षेत्र | ०.०२८ | ०.७१ |
| ६. | व्यापारिक क्षेत्र | ०.०३९ | ०.९९ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००८ | ०.०२ |
| ८. | खानी तथा खनिज | ०.३०१ | ७.६४ |
| कुल जम्मा | | ३.९३९ | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं. २८ अनुसार वडा नं. ८ को भू-उपयोगलाई वर्गीकरण गर्दा कृषि क्षेत्र र वनजंगल क्षेत्र झन्डैझन्डै बराबरीको अवस्था भए पनि कृषिक्षेत्रको रुपमा भूमिको उपयोग धेरै भएको देखिन्छ । यस वडामा सार्वजनिक उपयोग क्षेत्रको पनि राम्रै अवस्था रहेको देखिन्छ ।




चित्र नं.३१: पनौती नगरपालिकाको वडा नं. ८ को भू-उपयोग नक्सा


## ४.८.९ पनौती नगरपालिका, वडा नं ९ को भू-उपयोग अवस्था

तालिका नं.२९: पनौती नगरपालिकाको वडा नं. ९ को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | २.२३६ | ४१.६७ |
| २. | कृषिक्षेत्र | २.८२१ | ५७.५७ |
| ३. | बसोबास क्षेत्र | ०.१५९ | २.९६ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१०६ | १.९८ |
| ५. | जलक्षेत्र | ०.०२५ | ०.४७ |
| ६. | व्यापारिक क्षेत्र | ०.००५ | ०.९३ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००६ | ०.०१ |
| ८. | औद्योगिक क्षेत्र | ०.०१२६ | ०.२३ |
| **कुल जम्मा** | | ५.३६६ | १००.०० |

स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।

तालिका नं. २९ अनुसार वडा नं. ९ मा कृषिक्षेत्रले ओगटेको जमिन धेरै रहेको छ । जसको प्रतिशत ५७.५७ प्रतिशत रहेको छ । यस पछि वनजंगलले ओगटेको भूमि धेरै रहेको छ । यस पनि बसोबास क्षेत्रले आगेटेको भूमि आउँछ जुने २.९६ प्रतिशत रहेको छ । यसमा पनि सार्वजनिक जग्गाहरुको उपलब्धता रहेको देखिन्छ ।




चित्र नं.३२: पनौती नगरपालिकाको वडा नं. ९ को भू-उपयोग नक्सा


## ४.८.१० पनौती नगरपालिका, वडा नं १० को भू-उपयोग अवस्था

तालिका नं.३०: पनौती नगरपालिकाको वडा नं. १० को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | ३.७५७ | ३९.३८ |
| २. | कृषिक्षेत्र | ५.२०५ | ५४.५६ |
| ३. | बसोबास क्षेत्र | ०.३०१ | ३.१६ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.१४३ | १.५० |
| ५. | जलक्षेत्र | ०.१०४ | १.०९ |
| ६. | व्यापारिक क्षेत्र | ०.०१६ | ०.१७ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.००५ | ०.०५ |
| ८. | औद्योगिक क्षेत्र | ०.०००१ | ०.००१ |
| ९. | खानी तथा खनिज | ०.००८ | ०.०८ |
| | **कुल जम्मा** | ९.५४० | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं. ३० अनुसार वडा नं. १० को भू-उपयोगलाई हेर्दा कृषिक्षेत्रको बाहुल्यता रहेको छ । दोस्रो स्थानमा वनजंगलले ओगटेको क्षेत्र रहेको छ । यसैगरी तेस्रो स्थानमा बसोबास क्षेत्रका रुपमा भू-उपयोग गरिएको देखिन्छ ।




चित्र नं.३३: पनौती नगरपालिकाको वडा नं. १० को भू-उपयोग नक्सा


## ४.८.११ पनौती नगरपालिका, वडा नं ११ को भू-उपयोग अवस्था

तालिका नं.३१: पनौती नगरपालिकाको वडा नं. ११ को भू-उपयोग वर्गीकरण

| क्र.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | ६.२५६ | ६५.६९ |
| २. | कृषिक्षेत्र | २.८९१ | ३०.३६ |
| ३. | बसोबास क्षेत्र | ०.१५० | १.५८ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.११९ | १.२४ |
| ५. | जलक्षेत्र | ०.१०३ | १.०८ |
| ६. | व्यापारिक क्षेत्र | ०.००३ | ०.०३ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००६ | ०.००६ |
| ८. | अन्य | ०.००१ | ०.०१ |
| कुल जम्मा | | ९.५२३६ | १००.०० |

*स्रोत: भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं. ३१ का अनुसार वडा नं. ११ को भूउपयोग वगीकरणमा वनजंगल क्षेत्रले धेरै भूभाग ओगटेको छ। यसले गर्दा वनजंगलबाट लाभ लिन सकिने प्रकारका योजनाहरु निर्माण गर्नुपर्ने हुन्छ। कृषिक्षेत्रले ३०.३६ प्रतिशत भू-भाग मात्र ओगटेको छ। बसोबास क्षेत्रले १.५८ प्रतिशत ओगटेको छ।




चित्र नं.३४: पनौती नगरपालिकाको वडा नं. ११ को भू-उपयोग नक्सा


## ४.८.१२ पनौती नगरपालिका, वडा नं १२ को भू-उपयोग अवस्था

तालिका नं.३२: पनौती नगरपालिकाको वडा नं. १२ को भू-उपयोग वर्गीकरण

| क.स. | भू-उपयोग प्रकार | क्षेत्रफल वर्ग कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १. | वनजंगल क्षेत्र | २२.८२९ | ८७.९७ |
| २. | कृषिक्षेत्र | २.८१४ | १०.८४ |
| ३. | बसोबास क्षेत्र | ०.१२१ | ०.४७ |
| ४. | सार्वजनिक उपयोग क्षेत्र | ०.०९३ | ०.३६ |
| ५. | जलक्षेत्र | ०.०२१ | ०.०८ |
| ६. | व्यापारिक क्षेत्र | ०.००४ | ०.०२ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | ०.०००८ | ०.०००३ |
| ८. | खानी तथा खनिज | ०.०६६ | ०.२४ |
| कुल जम्मा | | २५.९५२० | १००.०० |

*स्रोतः भूउपयोग विश्लेषण सन् २०२० ।*

तालिका नं ३२ अनुसार वडा नं १२ को भूउपयोग वर्गीकरणमा वडा नं. १२ मा सबैभन्दा बढी भूभाग वनजंगलले ओगटेको छ । जसको प्रतिशत ८७.९७ प्रतिशत रहेको छ । कृषिक्षेत्र केवल १०.८४ प्रतिशत भूभागमा मात्र गरिएको छ ।





चित्र नं.३५: पनौती नगरपालिकाको वडा नं. १२ को भू-उपयोग नक्सा


## ४.९. पनौती नगरपालिकामा सडक संजाल

तालिका नं.३३: पनौती नगरपालिकाको सडक संजाल बिबरण


| वडा | सडक लम्बाइ | प्रतिशत |
|---|---|---|
| १ | ८०.६३७ | २१.२४ |
| २ | ४०.०५८ | १०.५५ |
| ३ | ३४.७४९ | ९.१६ |
| ४ | ३६.७४६ | ९.६८ |
| ५ | ३०.५०५ | ८.०३ |
| ६ | १३.६२६ | ३.५९ |
| ७ | १३.३९४ | ३.५३ |
| ८ | २२.३५६ | ५.८९ |
| ९ | २२.९०४ | ६.०३ |
| १० | ३६.४५० | ९.६० |
| ११ | २५.७५० | ६.७८ |
| १२ | २२.३५० | ५.८९ |
| **जम्मा** | **३७९.५३** | **१००.००** |





चित्र नं.३६: पनौती नगरपालिकाको सडक संजाल नक्सा





चित्र नं.३७: पनौती नगरपालिका वडा नं. १ को सडक संजाल नक्सा





चित्र नं.३८: पनौती नगरपालिका वडा नं. २ को सडक संजाल नक्सा





चित्र नं.३९: पनौती नगरपालिका वडा नं. ३ को सडक संजाल नक्सा





चित्र नं.४०: पनौती नगरपालिका वडा नं. ४ को सडक संजाल नक्सा





चित्र नं.४१: पनौती नगरपालिका वडा नं. ५ को सडक संजाल नक्सा





चित्र नं.४२: पनौती नगरपालिका वडा नं. ६ को सडक संजाल नक्सा





चित्र नं.४३: पनौती नगरपालिका वडा नं. ७ को सडक संजाल नक्सा





चित्र नं.४४: पनौती नगरपालिका वडा नं. ८ को सडक संजाल नक्सा





चित्र नं.४५: पनौती नगरपालिका वडा नं. ९ को सडक संजाल नक्सा




चित्र नं.४६: पनौती नगरपालिका वडा नं. १० को सडक संजाल नक्सा




चित्र नं.४७: पनौती नगरपालिका वडा नं. ११ को सडक संजाल नक्सा




चित्र नं.४८: पनौती नगरपालिका वडा नं. १२ को सडक संजाल नक्सा

## ४.१०. मानव विकास सूचकांक

वर्तमानमा नेपालको मानव विकास सूचकांकमा सामान्य सुधार आएको छ । राष्ट्रिय योजना आयोगले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा सार्वजनिक गरेको **'मानव विकास प्रतिवेदन-२०२०'** मा नेपालको अवस्थामा सामान्य सुधार आएको हो । राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको नेपाल मानव विकास प्रतिवेदन-२०२० अनुसार नेपालको मानव विकास सूचकांक मूल्य ०.५८७ अंक पुगेको छ । सन् २०१९ को प्रतिवेदनमा यो सूचकांक मूल्य ०.५७९ थियो । जसका कारण अहिले नेपाल मध्यम मानव विकासको सूचीमा परेको छ ।

मानव विकास सूचकांकमा सुधार आए पनि नेपाल सान् २०२२ सम्ममा विकासशील मुलुकमा स्तरोन्नति हुन भने कठिन छ । नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुन प्रतिव्यक्ति कुल राष्ट्रिय आय १२३० डलर भन्दा माथि हुनुपर्ने प्रावधान छ । राष्ट्रिय योजना आयोगको तथ्यांक अनुसार मानव विकास सूचकांक, २०२० ले सन् २०१९ मा ८६० डलर र सन् २०२० मा ९११ डलर प्रतिव्यक्ति आय रहेको देखाएको थियो । तथ्यांक अनुसार नेपालले प्रतिव्यक्ति कुल राष्ट्रिय आम्दानीमा अझै मापदण्ड पूरा हुन नसक्दा प्राविधिक समस्या परेको हो ।

स्तरोन्ततिका लागि प्रतिव्यक्ति आय, मानव सम्पत्ति सूचक र आर्थिक जोखिम सूचकमा तोकिएको मापदण्ड पार गरेको हुनुपर्छ । २०२१ भित्र मानव सम्पत्ति सूचंक र आर्थिक जोखिम सूचक मात्र पूरा हुने भएको छ । मानव विकास सूचकांक ६६ भन्दा माथि र आर्थिक जोखिम सूचकांक ३२ भन्दा तल हुनपर्ने मापदण्ड छ । यी तिन स्तरोन्नतिको प्रमुख आधार हुन् ।

मानव विकासको सूचकांकका लागि अत्यावश्यक मानिने आम्दानीको अवस्थामा अपेक्षित रूपमा सुधार आउन नसके पनि प्रतिवेदनले सम्पत्ति र आर्थिक जोखिमका सूचकमा भने सामान्य सुधार भएको देखाएको छ । यस प्रतिवेदनले नेपालीको प्रतिव्यक्ति आम्दानी गत वर्षभन्दा ५१ डलर बढेको देखाएको छ । गत वर्ष ८६० डलर रहेको प्रतिव्यक्ति आम्दानी अहिले वृद्धि भई ९११ अमेरिकी डलर १ लाख ७ हजार रुपैयाँ पुगेको देखाएको छ ।

यो हिसाबले पनि यस वर्ष प्रतिव्यक्ति आम्दानी ५१ डलर अर्थात् ६ हजार २३ रुपैयाँ बढेको देखिएको हो । हाल नेपाल राष्ट्र बैंकले तोकेको विदेशी मुद्रा विनिमय दर अनुसार यस्तो सूचकांक तयार पारिएको हो । आयोगका अनुसार नेपाल अहिले विश्वमा मध्यम मानव विकासको स्तरमा छ र सन् २०२२ मा नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुन दुई मापदण्ड पूरा हुनेछ । स्तरोन्ततिका लागि प्रतिव्यक्ति आय, मानव सम्पत्ति सूचक र आर्थिक जोखिम सूचकमा तोकिएको मापदण्ड पार गरेको हुनुपर्छ । यसलाई आधार मान्दा सन् २०२१ भित्र मानव सम्पत्ति सूचक र आर्थिक जोखिम सूचक मात्र पूरा हुनेछ ।

नेपालले अतिकम विकसित मुलुकका रूपमा अहिले अन्तर्राष्ट्रिय सहयोग, सहायता र व्यापार छुट-सुविधा पाइरहेको छ । विकासशील भएपछि यो छुट तथा सुविधा पाउँदैन । आयोगका अनुसार वस्तुका लागि प्राथमिकता प्राप्त बजार पहुँच (ड्युटी फ्रि, कोटा फ्रि) लगायत सेवा छुटमा पाइरहेको सुविधा नपाउने सम्भावना हुन्छ । अहिले अस्ट्रेलिया, युरोपेली संघ, जापान र अमेरिका लगायत मुलुकमा नेपालले व्यापार प्राथमिकता उपयोग गरिरहेको छ । अब स्तरोन्नति हुने क्रममा यो सुविधा सकिन्छ । विश्व बैंक, एसियाली विकास बैंक सहितका बहु-पक्षीय वित्तीय संस्थाले अतिकम विकसिमत भएका आधारमा दिने सहुलियतपूर्ण ऋणहरू भने स्तरोन्नति पछि पनि राष्ट्रिय आयका आधारमा जारी राख्दछ । जसले नेपाललाई आर्थिक विकासमा बाध्य बनाउन सहयोग पर्‍याउनेछ ।

नेपालको प्रतिव्यक्ति राष्ट्रिय औसतः आयमा बाग्मती प्रदेश बाहेक सबै प्रदेश कमजोर पाइएको छ । यसले औसतः प्रतिव्यक्ति आय वृद्धिमा नकारात्मक प्रभाव परेको छ । बाग्मती प्रदेशको प्रतिव्यक्ति राष्ट्रिय आय १६८.४

प्रतिशत छ । सबभन्दा कमजोर कर्णाली प्रदेशको प्रतिव्यक्ति राष्ट्रिय आय आय ४९.८१ प्रतिशत मात्र देखिएको छ । त्यसपछि क्रमशः प्रदेश २, सुदूरपश्चिम, लुम्बिनी, प्रदेश १ र गण्डकी प्रदेश छन् ।

यसले मानव विकास सूचकांकमा नेपालको क्षेत्रगत असमानता देखिएको छ । ग्रामीण र सहरी क्षेत्र तथा प्रदेश बीच मानव विकासमा असमानता रहेको छ । स्तरोन्नतिको मापदण्डलाई आधार मानेर प्रदेश स्तरको तुलना गर्दा मानव विकास सूचकांकमा बाग्मती प्रदेश बाहेक अरू प्रदेश औसत भन्दा पछाडि रहेका छन् ।

बाग्मती प्रदेशको प्रतिव्यक्ति राष्ट्रिय आय १४४८ अमेरिकी डलर पुगेको छ, त्यस्तै मानव सम्पत्ति सूचक ७४.० र आर्थिक जोखिम सूचक ३०.५ रहेको छ ।

मानव विकास सूचकांकमा मध्यमाञ्चलको आस्था राम्रो देखिए पनि जिल्लागत मानव विकास सूचकांक फरक फरक रहेको छ । युएनडिपी सन् २०१४ का अनुसार काभ्रेपलाञ्चोक जिल्लाको मानव विकास सूचकांक राष्ट्रिय मानव सूचकांक (०.४९) भन्दा थोरै माथि रहेको छ । यस नगरपालिकाको मानव विकास सूचकांक ०.५२ रहेको छ । यसले पनि विकासको आधारलाई देखाउँछ ।

# अध्याय पाँच (५): विकास योजना

## ५.१. भौतिक विकास योजना

भौतिक योजना विकासको पूर्वाधार हो यस अन्तर्गत सडक, खानेपानी, सिँचाई, बस्ती विकास योजना, भू-उपयोग योजना राखिएको छ । कृषि तथा पर्यटन विकासका लागि उचित भौतिक विकास भएको हुनुपर्छ । भौतिक पूर्वाधार विकास निर्माण गर्दा स्थानीय भ-ूबनोट, विशेषता, स्थानीय साधन स्रोत, ज्ञान, सिपलाई आधार मानी गर्नुपर्छ । काठमाडौँ उपत्यकासँग जोडिने, अन्तरवडा, अन्तरपालिका र घना बस्ती जोड्ने सडकहरुलाई प्राथमिकतामा राखी योजना बनाइएको छ । भौतिक पूर्वाधार सडक, खानेपानी, सिँचाई, बस्ती विकास योजना बनाउँदा विशेष ध्यान दिनुपर्ने आधारहरुलाई अनुसूची १ मा प्रस्तुत गरिएका छन् ।

### ५.१.१ यातायात तथा सडक विकास योजना

#### *५.१.१.१ पृष्ठभूमि*

यातायात तथा सडक विकास बाह्य ठाँउ सँग सम्पर्क गराउने र जोड्ने एक महत्वपूर्ण माध्यम हो । यातायात तथा सडक विकासले आवातजावत तथा ढुवानी सेवामा पहुँच तथा भौगोलिक जोडबन्दी बढ्दै जान्छ । मानिस, वस्तु तथा सेवाको छिटो र सरल तरिकाले आवातजावत हुन्छ । यातायात तथा सडकको विकासले बजार, कृषि क्षेत्र, पर्यटन क्षेत्र, स्वास्थ्य क्षेत्र, शिक्षा तथा आर्थिक विकास गर्न महत्वर्पूण आधार दिन्छ । जनसंख्या, वर्तमान माग र भविष्यमा आउन सक्ने मागलाई आधार मानी पनौती नगरपालिकाको सडकको योजना तर्जुमा गरिएको छ । पनौती नगरपालिका क्षेत्रभित्र वर्तमान सडक सञ्जालको अवस्था ३७९.५३ किमी रहेको छ ।




चित्र नं.४९: पनौती नगरपालिका बजार सडक

यस नगरपालिकाका सबै वडाहरूका बस्तीहरुमा धूले सडक पुगे तापनि सबै मौसम र समयमा यातायातका साधन चल्न सक्दैनन् । धेरैजसा सडकमा नाली नहुँदा बाह्रैमास यातायातका साधन चल्न सक्ने अवस्था छैन । कतिपय मोटरबाटो ग्राभेल भएका छन् तर किनारामा नालीकटानको उचित व्यवस्था गरिएको छैन । सडक किनारामा ढलबिनाको ग्राभेल टिकाउ र दीर्घकालीन नहुने देखिन्छ । पनौती बजारमा नै बसपार्कको उचित व्यवस्था नहुँदा भीडभाड र फोहोरमैला बढेको देखिन्छ । त्यस्तै पार्किङ्गको उचित व्यवस्था नहुँदा सडकको जताततै पार्किङ्ग भएको देखिन्छ । विभिन्न बस्ती तथा वडा जोड्ने पुलहरुको अभाव रहेको छ । अझै पनि ग्रामीण कृषि सडक पर्याप्त मात्रामा निर्माण भएका छैनन् । यहाँ गुड्ने सवारी साधनहरूको वर्गीकरण तथा टायम कार्डको व्यवस्था गरिएको छैन ।

### *५.१.१.२ अवसर*

पनौती नगरपालिकालाई केन्द्रीय स्तरका सडकहरुले जोडेको छ । बनेपा-बर्दिबास सडक, बनेपा-पनौती खोपासी सडक, मानेदोभाने-पनौती-नमोबुद्ध आदिले काठमाडौं उपत्यका तथा नेपाल भरिका अन्य जिल्लाहरुसँग सञ्जाल जोड्न सकेका छन् । जिल्लास्तरीय सडकहरु ज्यालापाटी मार्ग, मल्पी मार्ग लज्जावती महांकाल मार्ग, भालेश्वर मार्ग, नारायण मार्ग वसन्त नगर मार्ग आदिले अन्तर जिल्ला र अन्तर ँपालिका जोड्ने अवसर दिएको छ । पनौती नगरपालिकाको चक्रपथ निर्माण प्रारम्भ भएको अवस्थामा केही सडकहरु चक्रपथमा समावेश भइसेकका छन् । खोपासी-फडकेश्वर मार्ग, सिंगेपाटी मार्ग, स्थली मध्यमार्ग, पस्थली-फड्केश्वर मार्ग, क्यान मार्ग, पीपलबोट मोठमार्ग, नौबिसे जाकीडोल हुँदै बि.पी मार्ग जोड्ने चक्रपथ आदि छन् । सडकको दायाँबायाँ छोड्नुपर्ने भाग जिल्लास्तरीय सडकका लागि सडकको केन्द्रबिन्दुबाट ७ मिटर, ६ मिटर र ५ मिटर आदि निर्धारण गरिएको छ । नगर चक्रपथका लागि सडकको केन्द्रबिन्दुबाट ८ मिटर तोकिएको छ । वठा सडकमा सडकको प्रकृतिअनुसार सडकको केन्द्रबिन्दुबाट ३ मि. देखि ७ मिटरसम्म दायाँबायाँ छाड्नुपर्ने सडक मापदण्ड तोकिएको छ । वर्षायाममा कच्ची सडक बिग्रेभत्के पनि भदौदेखि काठमाडौं उपत्यकालाई बजारकेन्द्र मानी सबै वडाहरुका कच्ची सडकहरुलाई मर्मत सम्भार गरी गाडी चलाउने व्यवस्था गरिएको छ ।



चित्र नं.५०: पनौती नगरपालिकामा निर्माणाधिन सडक

### *५.१.१.३ चुनौती*

पनौती नगरपालिकाका वासीहरुलाई गुणस्तरीय यातायात सेवा सुविधामा सहज पहुँच पुऱ्याउनु प्रमुख चुनौती छ। किनभने सडकको ट्र्याक खोल्ने कार्यहरु धेरै भएकाले धुले सडकको बाहुल्यता रहेको छ। पक्की सडकले सबै वडाहरुलाई जोड्न सकेको छैन। कतिपय सडकहरुमा आवश्यक पुलपुलेसा, सडकका चौडाइ, घुम्तीमा चौडाइ, किनारको ढल आदि निर्माण कार्यहरु बन्न बाँकी नै छन्। सडकको आवश्यकता अनुसार संघको बजेट व्यवस्था नहुनु, भौगोलिक कठिनाई, ढिलासुस्ती आदि चुनौतीका रुपमा देखिन्छन्। यस सडकको छेउछाउमा केही घरहरु सडक मापदण्ड ख्याल नगरी बनेका देखिन्छन्। केही वडाहरुमा नयाँ ट्र्याक खोल्न अझै बाँकी रहेको छ। काठमाडौं उपत्यका प्रवेश गर्ने मानेदोभान ग्वार्को हुँदै लगनखेलको सडक चौडा गर्ने क्रम भए पनि महालक्ष्मी नगरपालिकाको क्षेत्रतर्फ चौडा बनाउन नसकिएको अवस्था छ। सूर्यविनायक र वडा नं १ को रानीकोट हुँदै पनौती जोड्ने सडक पनि कच्ची अवस्था र चौडा धेरै सानो रहेकाले काठमाडौं उपत्यकालाई बजार केन्द्र सहज रुपमा बनाउन नसकेको अवस्था रहेको छ। बर्खायाममा भत्केबिग्रेका कच्ची सडकहरु वर्षपिच्छे मर्मतसम्भार गरी काठमाडौं उपत्यकामा सहज आवातजावात गराउने समस्या दीर्घकालीन र खर्चिलो बनेको देखिन्छ।

### *५.१.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

#### ५.१.१.४.१ सोच

**"पनौती नगरपालिकाको सडक यातायातको विकास र विस्तार : कृषि, पर्यटन विकासको आधार"**

#### ५.१.१.४.२ लक्ष्य

१. पनौती नगरपालिकाको प्रत्येक वडाहरुमा सडक सञ्जाल विस्तार गरी काठमाडौं उपत्यकासँगको सञ्जाल अभिवृद्धि गर्ने।

#### ५.१.१.४.३ उद्देश्यहरु

२. पनौती नगरपालिकाको काठमाडौं उपत्यकासँगको यातयात सम्पर्कता सुदृढ बनाउनु।
३. पनौती नगरपालिकामा प्रत्येक वडाका बस्तीहरुमा सडक पहुँच विस्तार गर्नु।
४. पनौती नगरपालिकामा कृषि, पर्यटन तथा औद्योगिक ग्राम विकास गर्नका लागि सडक यातायातको प्रचुर मात्रमा विकास गर्नु।

#### ५.१.१.४.४ रणनीतिहरु

५. काठमाडौं उपत्यका प्रवेश गर्ने सडकहरुलाई पक्की सडक बनाउने।
६. प्रत्येक वडाहरु वडा कार्यालयसम्म पक्की सडक बनाउने।
७. प्रत्येक वडाहरु एकअर्कावीच सम्पर्कता वृद्धिका लागि नयाँ ट्र्याक खोल्ने।
८. कृषि उत्पादन तथा कृषि बजार विस्तार गर्नका लागि सडक स्तरोन्नति गर्ने।
९. अन्तरपालिका तथा अन्तरवडा सम्पर्कता बढाउन नयाँ सडक ट्र्याक खोल्ने।
१०. पुल, कल्भर्ट, ढलनिकासयुक्त सडक विकास गर्ने।
११. पर्यटकीय मार्गको विकास गर्ने।
१२. पनौती नगरपालिकाको नगरचक्रपथको निर्माण गर्ने।
१३. पनौती नगरपालिकाको नगर बस निर्माण गर्ने।
१४. गुर्धुम फुलचोकी केबल कार निर्माण गर्ने।

१५. मानेदोभानदेखि ढुंगिनसम्म सुरुङ मार्ग निर्माण गर्ने ।

### ५.१.१.४.५ कार्यनीतिहरु

१६. काठमाडौँ उपत्यका प्रवेश गर्ने सडकहरुलाई पक्की सडक बनाइनेछ ।
१७. प्रत्येक वडाहरुका वडा कार्यालयसम्म पक्की सडक बनाइनेछ ।
१८. कृषि उत्पादन तथा कृषि बजार विस्तार गर्नका लागि सडक स्तरोन्नति गर्ने
१९. प्रत्येक वडाहरु एकअर्काबीच सम्पर्कता वृद्धिका लागि नयाँ ट्र्याक खोलिनेछ ।
२०. आवश्यक स्थानहरुमा पुल, कल्भर्ट तथा ढल निकासको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।
२१. नगर स्तरीय बसपार्क निर्माण गरिनेछ ।
२२. धूले सडकहरुलाई ग्राभेल सडक बनाइनेछ ।
२३. सबै वडाहरुको पर्यटकीय महत्वपूर्ण स्थानहरुलाई जोड्दै पर्यटकीय मार्ग निर्माण गरिनेछ ।
२४. नगरचक्रपथको यथाशीघ्र निर्माण गरिनेछ ।
२५. गुर्धुम फुलचोकी केबल कार निर्माण गरिनेछ ।
२६. मानेदोभान देखि ढुंगिन सम्म सुरुङ मार्ग निर्माण गरिनेछ ।

### ५.१.१.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.३४: यातायात तथा सडक विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | काठमाडौँ उपत्यका प्रवेश मार्ग सडक कालोपत्रे योजना | वडा नं. १ | ५,००० | २ | २,५०० | २,५०० | – | – | – | २०७८ | २०८० | संघ तथा प्रदेश | |
| २. | सडक विस्तार तथा स्तरोन्नति योजना अन्तर्गत प्रत्येक वडा कार्यालय सम्म कालोपत्रे योजना | नपा | १०,००० | ५ | २,००० | २,००० | २,००० | २,००० | २,००० | २०७८ | २०८३ | संघ तथा प्रदेश | |
| ३. | पर्यटकीय मार्ग निर्माण योजना | नपा | ५,००० | ४ | १,२५० | १,२५० | १,२५० | १,२५० | – | २०७८ | २०८२ | नपा | |
| ४. | अन्तरगाउँपालिका, अन्तरनगरपालिका तथा अन्तरवडा सम्पर्कता बढाउने नयाँ सडक ट्र्याक खोल्ने योजना | नपा | ४,००० | ४ | १,००० | १,००० | १,००० | १,००० | – | २०७८ | २०८२ | नपा | |
| ५. | त्रिवेणीघाट खोपासी वैकल्पिक मोटरबाटो निर्माण योजना | नपा | ३००० | २ | – | १,५०० | १,५०० | – | – | २०७८ | २०८० | नपा | |
| ६. | नगरचक्रपथ (वडा नं ७ लाई केन्द्र मानी १२ वटा वडालाई जोड्ने) निर्माण योजना | नपा | २०,००० | ५ | – | ४,००० | ४,००० | ४,००० | ४,००० | २०७९ | २०८३ | प्रदेश तथा नपा | |
| ७. | प्रत्येक वडाकेन्द्रबाट नगरचक्रपथसम्म लिंक सडक निर्माण योजना | नपा | ४,००० | ५ | – | ८०० | ८०० | ८०० | ८०० | २०७९ | २०८३ | नपा | |
| ८. | नगरपालिकास्तरीय बस पार्क निर्माण कार्यक्रम वडा नं भीमसेनथान | वडा नं. ४ | ४,००० | ३ | – | – | १,५०० | १,००० | १,००० | २०८० | २०८३ | नपा | |
| ९. | नयाँ पुल– घ्याल्कु–आशापुरी बाटो कालोपत्रे | वडा नं. ३ | ३,००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | नपा | |
| १०. | मानेदोभान देखि ढुंगिनसम्म सुरुङ मार्ग निर्माण योजना | वडा नं. १ | ० | टि.बि.डी | – | – | – | – | – | | | संघ | |
| ११. | लीलावती खोला तथा रामदुवाली खोला पुल निर्माण योजना | वडा नं १ | ४,००० | ४ | १,००० | १,००० | १,००० | १,००० | – | २०७८ | २०८२ | प्रदेश | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | चालिसे नयाँगाउँ, गोलडाँडा चापाबोट चाम्ले सडक व्यवस्थित गरी पिच | वडा नं २ | २,००० | ४ | ५०० | ५०० | ५०० | ५०० | – | २०७८ | २०८२ | नपा | |
| १३. | सडक ढल सन्जाल निर्माण योजना | नपा | ३,००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | नपा | |
| १४. | पनौती–भैँसेपाटी सडक स्तरोन्नति योजना | वडा नं. ४ | २,००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| १५. | बि.पी.मार्ग पुरानो खण्ड हुँदै गढीथुम्का–ढल्मले निस्कने, बनेपा सडकबाट बाँसघारी काभ्राबोट हुँदै वनको कछाड नैकिनटार हुँदै धनेश्वरसम्मको चक्रपथ निर्माण योजना | वडा नं. ५ | ५,००० | ४ | – | – | २,००० | १,५०० | १,५०० | २०८० | २०८३ | नपा | |
| १६. | गणेशथान–देवीस्थान– बिपी मार्ग बाटो स्तरोन्नति योजना | वडा नं. ६ | २,००० | ३ | १,००० | ५०० | ५०० | – | – | २०७८ | २०८१ | नपा | |
| १७. | त्रिवेणी घाट सौन्दर्यकरण योजना | वडा नं. ७ | २,००० | ३ | १,००० | ५०० | ५०० | – | – | २०७८ | २०८१ | नपा | |
| १८. | इन्द्रेश्वर मावि–खरिबोट पक्की सडक योजना | वडा नं ८ | ३,००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | नपा | |
| १९. | ओमफाँट खल्थली च्यानडाँडा हुँदै पस्थली सडक स्तर वृद्धि | वडा नं. ९ | ४,००० | ४ | १,००० | १,००० | १,००० | १,००० | – | २०७८ | २०८२ | नपा | |
| २०. | नागेचौर–बल्थली सडक पक्की योजना | वडा नं १० | २,००० | २ | १,००० | १,००० | | – | – | २०७८ | २०८० | नपा | |
| २१. | वडा कार्यालयबाट माझ्फटोल हुँदै शङ्खु जाने बाटो स्तरोन्नति (५ वर्ष) | वडा नं. ११ | २,५०० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २०७८ | २०८३ | नपा | |
| २२. | रोशी–गोठखोला–फुर्केसल्ला–चिन्डु–चालिसे बाटो स्तरोन्नति | वडा नं. १२ | २,५०० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २०७८ | २०८३ | नपा | |
| २३. | कलाती रोशी सडक स्तरोन्नति | वडा नं १२ | ३,००० | ४ | ७५० | ७५० | ७५० | ७५० | – | २०७८ | २०८२ | नपा | |
| २४. | गुर्धुम फुलचोकी केबल कार निर्माण योजना | नपा | २०,००० | ५ | ४,००० | ४,००० | ४,००० | ४,००० | ४,००० | २०७८ | २०८३ | संघ तथा प्रदेश | |
| | **जम्मा** | | **११५,०००** | | **२५,०००** | **२५,५००** | **२६,०००** | **२२,०००** | **१६,५००** | | | | **११५,०००** |

**द्रष्टव्यः** कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

## विद्युत, सामुदायिक भवन तथा खानेपानी योजना

तलको तालिकामा विद्युत, सामुदायिक भवन तथा खानेपानी योजनाहरुलाई प्रस्तुत गरिएको छ।

तालिका नं.३५: अन्य भौतिक विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र. सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **विद्युत** | | | | | | | | | | | | | |
| १. | खोपासी जलविद्युत आयोजनाको संरक्षण तथा संवर्धन | नपा | २,००० | २ | १,००० | १,००० | - | - | - | २०७८ | २०८० | नपा | |
| २. | सम्पूर्ण टोल बस्तीमा विद्युतीकरण तथा स्तरोन्नति योजना | नपा | १,००० | २ | ५०० | ५०० | - | - | - | २०७८ | २०८० | नपा | |
| ३. | विद्युतीय शवदाह निर्माण योजना | नपा | २,००० | ४ | ५०० | ५०० | ५०० | ५०० | | २०७८ | २०८२ | नपा | |
| **सामुदायिक भवन** | | | | | | | | | | | | | |
| ४. | नगर सिटी हल निर्माण योजना | नपा | १०,००० | ३ | ४,००० | ३,००० | ३,००० | | | २०७८ | २०८१ | प्रदेश तथा नपा | |
| **खानेपानी** | | | | | | | | | | | | | |
| ५. | काभ्रे उपत्यका एकीकृत खोनपानी योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ६. | कुशादेवी बृहत् खानेपानी योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ७. | दाहालटार ख्याकु खानेपानी योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ८. | कलाती भूमेडाँडा एकीकृत खानेपानी योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ९. | शारदा (साबिक वडा नं ३, ४ र ९) खानेपानी योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| १०. | ख्याकु लिफ्ट खानेपानी योजना | नपा | ३,००० | ४ | ७५० | ७५० | ७५० | ७५० | - | २०७८ | २०८२ | नपा | |
| ११. | भुत्या दह खानेपानी | वडा नं.४ | २,००० | ३ | - | १,००० | ५०० | ५०० | - | २०७८ | २०८१ | नपा | |
| **जम्मा** | | | २०,००० | | ६,७५० | ६,७५० | ४,७५० | १,७५० | | | | | २०,००० |

द्रष्टव्यः कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ।


### ५.१.१.४.७ अपेक्षित उपलब्धिहरु


यस योजनाको कार्यान्वय पश्चात् काठमाडौं उपत्यका प्रवेश गर्ने सडकहरुलाई पक्की सडक बनाइएको हुनेछ। प्रत्येक वडाहरुको वडा कार्यालय सम्म पुग्ने सडक पक्की सडक भएको हुनेछ। कृषि उत्पादन तथा कृषि बजार विस्तार गर्नका लागि सडक स्तरोन्नति भई कृषि क्षेत्रको विकास सडक सन्जालयुक्त भएको हुनेछ। प्रत्येक वडाहरु एकअर्काका बीचमा सम्पर्कता वृद्धिका लागि नयाँ ट्र्याक खोलिएको हुनेछ। आवश्यक स्थानहरुमा पुल, कल्भर्ट तथा ढल निकासको व्यवस्था गरिएको हुनेछ। नगर स्तरीय बसपार्क निर्माण भई व्यवस्थित यातायात सन्जालको विकास भएको हुनेछ। धूले सडकहरुको स्तरोन्नति भएको हुनेछ। सबै वडाहरुको पर्यटकीय महत्वपूर्ण स्थानहरुलाई जोड्दै पर्यटकीय मार्ग निर्माण भएको हुनेछ। नगरचक्रपथको यथाशीघ्र निर्माण गरिएको हुनेछ। गुर्धुम फुलचोकी केबल कार निर्माण भएको हुनेछ। मानेदोभान देखि ढुंगिनसम्म सुरुङ मार्ग निर्माण गरिएको हुनेछ। खोपासी जलविद्युत आयोजनाको संरक्षण तथा संवर्धन गरिएको हुनेछ। विद्युतीय शवदाह निर्माण भएको हुनेछ। नगर सिटी हल निर्माण भएको हुनेछ। काभ्रे उपत्यका एकीकृत खोनपानी योजना सम्पन्न भएको हुनेछ। कुशादेवी बृहत् खानेपानी योजना सम्पन्न भएको हुनेछ। दाहालटार ख्याकु खानेपानी योजना सम्पन्न भएको हुनेछ।

## ५.१.२ बस्ती (जग्गा) विकास योजना

### *५.१.२.१ पृष्ठभूमि*

जग्गा एकीकरणका कार्यक्रमहरु गरी बस्ती विकास योजना तर्फ ध्यान दिँदा सहरीकरण व्यवस्थित हुन्छ । बस्ती विकास सुरक्षित तथा व्यवस्थित बस्ती विकास गर्नुका साथसाथै कृषि भू-भागको संरक्षण गर्नु पनि हो । खेतीयोग्य जग्गाहरू भएको ठूला क्षेत्रहरूमा बस्ती बसाउनुभन्दा खेती प्रयोजनका लागि नै उपयोग गर्नु उपयुक्त हुन्छ । स्वतर्स्फूत वृद्धि हुँदै गएको बस्तीले अव्यवस्थित बस्ती निर्माण भएको देखिन्छ । भू-उपयोग योजना कार्यक्रम अन्तर्गत कृषि क्षेत्र, बजार क्षेत्र, सेवा केन्द्र क्षेत्र, बाटो, घर, सार्वजनिक स्थल आदि छुट्याउन आवश्यक हुन्छ । यसले गर्दा बाटो, घर, सार्वजनिक स्थल जस्तै अपरिवर्तित उपयोगको रुपमा कृषि क्षेत्र पनि संरक्षित हुनेछ । कृषियोग्य भूमिमा बस्ती विकास गर्दा कृषि उत्पादन घट्न जान्छ । पनौती नगरपालिकाको कृषि तथा अन्य भू-भागलाई व्यवस्थित जग्गा विकास (Land Pooling) गरी भविष्यमा सुन्दर नगर विकास गर्ने लक्ष्य राखिएको छ । यस नगरपालिकाको समुचित विकास गर्न तथा विकास खर्चलाई घटाउनका लागि जोखिम क्षेत्रमा रहेका बस्तीहरु तथा छरिएर रहेका बसोबासलाई उपयुक्त स्थानको पहिचान गरी बस्ती विकास गर्नका लागि बस्ती विकास योजना आवश्यक हुन्छ । बस्ती विकास तथा बजार विस्तारका लागि बाढी, पहिरो, भू-क्षय, भौगोलिक जोखिमरहित क्षेत्र, पूर्वाधार विकास सम्भावना भएको, वन जङ्गलसँग सिमाना नजोडिएको र उर्वराशक्ति कम भएको क्षेत्र छनोट गर्नुपर्दछ । कृषि योग्य तथा सिंचित खेतबारीहरूमा जथाभाबी रुपमा प्लटिङ गरी घडेरी बनाउने प्रचलनलाई निरुत्साहित गरिनुपर्छ । जनसंख्या वृद्धिलाई आधार मानी जग्गा विकास (Land Pooling) गरिनुपर्छ । जग्गा विकासका विभिन्न संयन्त्रहरू प्रयोग गरी योजनाबद्ध जग्गा विकास कार्यक्रम लागू गर्न बस्ती विकास योजना अपरिहार्य हुन्छ ।







चित्र नं.५१: पनौती नगरपालिकाको हालको बिधमान बस्ति

### ५.१.२.२ अवसर

बनेपा–पनौती–खोपासी सडक खण्डमा बस्ती विकास भइरहेको अवस्था छ । सडकको दायाँबाँया रिबनबेल्ट शैलीमा बस्ती विकास भइरहेको अवस्था छ। मानेदोभान-पनौती-नमोबुद्ध सडक खण्डमा पनि माथिल्लो भेगमा बस्नेहरु भूकम्पपछि तल सडकको छेउछाउमा घर निर्माण गरी बस्ने थालनी गरेको अवस्था छ। यस नगरपालिको भू-उपयोग वर्गीकरण अनुसार कुल भू-भागको १.८९ प्रतिशत मात्र बसोबास क्षेत्रले ओगटेको छ। वडा नं ७ पुरानो बस्तीका रुपमा चिनिन्छ, साथै वडाको कुल क्षेत्रफल मध्ये बसोबास क्षेत्रले ओगटेको भू-भागको प्रतिशत यस वडाले लिएको छ । वडा नं ४, ५ वडा नं ६ मा पनि बस्ती बढ्दै गएको देखिन्छ । पनौती नपाले सबै वडाहरुबाट सरकारी र सार्वजनिक जग्गाको पहिचान गर्ने, लगत उतार गर्ने नीति लिएको छ । पनौती नगरपालिकाको बजेट, नीति तथा कार्यक्रम २०७७/०७८ मा भूमि बैंकको अवधारणा ल्याएको पाइन्छ। उक्त अवधारणामा नगरक्षेत्र भित्रको बाँझो जमिनलाई उपयोग गर्न भूमि बैंक स्थापना गरिनेछ । यस कार्यक्रममा बाँझो जमिनलाई वडागत एकत्र गर्ने, वडागत रुपमा प्राप्त जमिनको उपयोगको बारेमा नपाले प्राविधिक रुपमा परीक्षण गर्ने आदि रहेका छन् । पनौती नगरपालिकाको बजेट, नीति तथा कार्यक्रम २०७६/७७ मा लुमन्ती लगायतका सामाजिक संस्थाको समन्वय एवम् उपलब्ध बैंक तथा वित्तीय संस्थाको सहकार्यमा तोकिएको आर्थिक अवस्था कमजोर भएका घरपरिवारलाई आवासको उचित व्यवस्था गर्न नगरवासी स्वयंको दायित्वमा सहुलियतपूण कर्जा उपलब्ध गराउने नीति लिएको देखिन्छ।

### ५.१.२.३ चुनौती

पातलो र छरिएको बस्तीहरूमा खानेपानी, ढल निकास, बिजुली जस्ता आधारभुत पूर्वाधारहरूको सहज र सुलभ उपलब्ध गराउन खर्चिलो हुन्छ। यस नगरपालिकाको डाँडाकाँडा अथवा माथिल्लो क्षेत्रमा बसोबास गर्नेहरु सडक किनार छेउछाउ तथा तल झर्नाले माथिल्ला क्षेत्रहरुमा बस्ती पातलिँदै गएको अवस्था छ। त्यसैगरी करिब ३०

प्रतिशत जति घरधुरीहरुको काठमाडौं उपत्यकामा घर भएकाले उतै बस्ने हुनाले घर रित्तिँदै गएको छ । नयाँ सहर र पर्यटकीय महत्व बोकेका स्थानहरु कृषियोग्य जमिन बाह्य जग्गा व्यवसायीहरु आई टुक्रने क्रम भइरहेको अवस्था छ । अत: यस योजनाले व्यवस्थित बसोबास विकास गर्न आधारहरुको परिकल्पना गरेको छ । यस नगरपालिकाले पर्यटन क्षेत्रलाई प्रमुख आर्थिक विकासको अग्रणी क्षेत्र मानेकाले निश्चित स्थानमा स्थानीय कलाकाशैल र संस्कृति झल्कने खालका घरहरु निर्माण गरी बस्ती विकास गने चुनौती रहेको छ ।

### *५.१.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

#### ५.१.२.४.१ सोच

**"पनौती नगरपालिकाको प्राचीन सहरको संरक्षण, व्यवस्थित तथा सुरक्षित बस्ती विकास"**

#### ५.१.२.४.२ लक्ष्य

१. प्राचीन सहरको संरक्षण, सुरक्षित बस्ती विकास तथा सुरक्षित आवास निर्माण योजना ।

#### ५.१.२.४.३ उद्देश्यहरु

२. पनौती नगरपालिकाको प्राचीन सहरको परिचयलाई संरक्षण तथा संवर्धन गर्दै एक सांस्कृतिक सहरको रुपमा विकास गर्नु ।
३. पनौती नगरपालिकाको जोखिमयुक्त तथा छरिएर रहेका बस्तीहरुको अध्ययन एवम उचित व्यवस्थापन गर्नु ।
४. पनौती नगरपालिकामा बजार केन्द्र तथा नमुना बस्ती विकास गर्नु ।

#### ५.१.२.४.४ रणनीतिहरु

५. गदैपनौती नगरपालिकाका प्राचीन गरिमा बोकेका सहरहरुको संरक्षण तथा संवर्धन गर्दै सांस्कृतिक सहरको रुपमा विकास गर्नु ।
६. जोखिमयुक्त बस्तीहरु तथा अति छरिएर रहेका बस्तीहरुको तथ्यांक संकलन गर्ने ।
७. बस्ती विकासका लागि उपयुक्त स्थान तथा जग्गा एकीकरण कार्यक्रम गर्नु ।
८. स्थानीय कला, संस्कृति सम्पदा झल्कने गरी आकर्षित बस्ती विकास गर्ने ।
९. सडक क्षेत्रहरुमा बढिरहेको अव्यवस्थित बस्तीलाई व्यवस्थित गर्ने ।
१०. भवन आचार संहिता तथा मापदण्ड निर्देशिकालाई नतिजामुखी रुपमा कार्यान्वयन गर्ने ।

#### ५.१.२.४.५ कार्यनीतिहरु

११. पनौती नगरपालिकाका प्राचीन गरिमा बोकेका सहरहरुको संरक्षण तथा संवर्धन गर्दै एक सांस्कृतिक सहर निर्माण गरिनेछ ।
१२. जोखिमयुक्त बस्तीहरु तथा अति छरिएर रहेका बस्तीहरुको तथ्यांक संकलन गरिनेछ ।
१३. एकीकृत भू-उपयोग योजना निर्माण गरिनेछ ।
१४. बस्ती विकासका लागि उपयुक्त स्थान, सार्वजनिक जग्गा पहिचान तथा जग्गा एकीकरण कार्यक्रम लागू गरिनेछ ।
१५. स्थानीय कला, संस्कृति सम्पदा झल्कने गरी आकर्षित नमुना बस्ती विकास गरिनेछ ।
१६. सडक क्षेत्रमा बढिरहेको अव्यवस्थित बस्तीलाई नियन्त्रण गरिनेछ ।
१७. भवन आचारसंहिता तथा मापदण्ड निर्देशिका प्रभावकारी कार्यान्वयन गरिनेछ ।
१८. वडा कार्यालय अवस्थित क्षेत्रहरुमा बजार विकास गरिनेछ ।

### ५.१.२.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.३६: बस्ती (जग्गा) विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क.सं. | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्राचीन गरिमा बोकेका सहरहरुको संरक्षण तथा संवर्धन योजना (वडा नं. ७ पनौती, वडा नं १० खोपासीलाई प्राचीन सांस्कृतिक सहर निर्माण) | वडा नं. ७ | १०,००० | ३ | ४,००० | ३,००० | ३,००० | – | – | २०७८ | २०८१ | संघ र प्रदेश | |
| २. | जोखिमयुक्त बस्ती तथा अति छरिएर रहेका बस्ती तथ्यांक संकलन योजना तथा बस्ती स्थानान्तरण कार्यक्रम | नपा | ३,००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | नपा | |
| ३. | सार्वजनिक जग्गा पहिचान तथा जग्गा एकीकरण कार्यक्रम | नपा | १,००० | २ | ५०० | ५०० | – | – | – | २०७८ | २०८० | नपा | |
| ४. | आकर्षित बजार तथा नमुना बस्ती विकास (वडा नं ४ को टेलिकम वरिपरिको क्षेत्रमा सेटलाइट सिटी, वडा नं ९ को भीमसेनस्थान तथा वडा नं. ५ र ६ को उपयुक्त क्षेत्र) | नपा | २०,००० | ५ | ४,००० | ४,००० | ४,००० | ४,००० | ४,००० | २०७८ | २०८३ | संघ तथा प्रदेश | |
| ५. | सडक क्षेत्रका बस्ती विकास नियन्त्रण कार्यक्रम | नपा | १,००० | २ | ५०० | ५०० | – | – | – | २०७८ | २०८० | नपा | |
| ६. | भवन आचारसंहिता तथा मापदण्ड निर्देशिका प्रभावकारी कार्यान्वयन योजना | नपा | २०० | १ | २०० | | – | – | – | २०७८ | २०७९ | नपा | |
| ७. | वडा कार्यालय नजिकैको क्षेत्रहरुमा हाटबजार विकास कार्यक्रम | नपा | १,००० | ४ | २५० | २५० | २५० | २५० | – | २०७८ | २०८२ | नपा | |
| | **जम्मा** | | ३६,२०० | | १०,०५० | ८,८५० | ७,८५० | ४,८५० | ४,६०० | | | नपा | ३६,२०० |

द्रष्टव्य: कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

### ५.१.२.४.७ अपेक्षित उपलब्धिहरु

यस योजना अवधिको अन्तिम वर्षमा यस नगरपालिकामा जोखिमयुक्त तथा अति छरिएर रहेका बस्तीहरुको तथ्यांक संकलन गरिएको हुनेछ। प्राचीन गरिमा बोकेका सहरहरुको संरक्षण तथा संवर्धन भएको हुनेछ। एकीकृत भू-उपयोग योजना निर्माण गरिएको हुनेछ । यस नगरपालिकाभित्र रहेका सार्वजनिक जग्गा पहिचान गरिएको हुनेछ तथा जग्गा एकीकरण कार्यक्रम गरिएको हुनेछ। आकर्षक बजार तथा नमुना सेटलाइट सिटी योजना सरु गरिएको हुनेछ। सडक क्षेत्रमा वरिपरि रहेको अव्यवस्थित भवन निर्माण कार्यहरुलाई नियन्त्रण गरिएको हुनेछ । भवन आचारसंहिता तथा मापदण्ड निर्देशिका प्रभावकारी कार्यान्वयन लागू भएको हुनेछ । वडा कार्यालय नजिकैको क्षेत्रहरुमा हाटबजाऱ सञ्चालन गरी स्थानीय स्तरको उत्पादन बिक्रीवितरण भएको हुनेछ । बजार क्षेत्रको वरिपरि व्यवस्थित ढल निकास गरिएको हुनेछ। आकर्षित बजार तथा नमुना बस्ती विकास (वडा नं ४ को टेलिकम वरिपरिको क्षेत्रमा सेटलाइट सिटि, वडा नं ९ को भीमसेनस्थान तथा वडा नं. ५ र ६ को उपयुक्त क्षेत्र) कार्यक्रम गरिएको हुनेछ ।

## ५.१.३ सिँचाई योजना

### *५.१.३.१ पृष्ठभूमि*

सिँचाई सुविधा पर्याप्त भएमा कृषिमा आधुनिकीरण तथा व्यावसायिक गर्न सहज हुन्छ । कृषि उत्पादन वृद्धि गर्नका लागि सिँचाई सुविधा अति आवश्यक हुन्छ । अन्नबाली उत्पादनका लागि मात्र नभई तरकारी बालीलाई पनि सिँचाई आवश्यक पर्दछ । पनौती नगरपालिकाको वस्तुगत विवरण अनुसार न्यासिला सिँचाई योजना, बल्थली सिँचाई योजना, नौबिसे फाँट सिँचाई योजना, ह्याल्कु खोला सिँचाई योजना, नेपालबेसी फाँट सिँचाई योजना, बन्चरे सिँचाई योजना आदिले यस क्षेत्रमा सिञ्चित गरिरहेको अवस्था छ। नयाँ प्रविधिको उपयोग गरी गौडाल पोखरी सिँचाई योजना, जुगेनी खोल्सी सिँचाई योजना, झ्याली फाँट सिँचाई योजना, बल्थली मकैटार सिँचाई योजना, शंखु उपत्यका लिफ्ट सिँचाई योजना र मझौला सिँचाई योजनामा कुशादेवी डुकाउ फाँट सिँचाई योजनाहरुले यस नगरपालिकाको कृषिभूमिहरुलाई सिञ्चित गरिरहेका छन् ।



चित्र नं.५२: पनौती नगरपालिकामा सिँचाईको लागि नहर

### *५.१.३.२ अवसर*

यस नगरपालिकामा नदी खोलाहरुबाट सिँचाई सुविधा लिन सकिने सम्भावना रहेको छ । लीलावती खोलाले वडा नं. १, २, ३, ४, ७ का भूमिहरुलाई सिँचाई सुविधा वृद्धि गर्न सकिन्छ। यसै गरी न्यूरे खोला र मुरली खोलाबाट वडा नं. १ का केहि भागलाई सिँचाई सुविधा उपलब्ध गराउन सकिने सम्भावना छ। वडा नं. ४ मा बाँसडोल खोलाबाट सिँचाई सुविधा उपलब्ध हुन सक्छ। पुण्यमाता खोलाबाट वडा ४, ५, ७, ९, १० र ११ लाई सिँचाई सुविधा उपलब्ध गराउन सकिन्छ। रोशी खोलाबाट वडा नं १, ६, ७, ८, १० र १२ का भूमिमा सिँचाई सुविधा विस्तार गर्न तरकारी खेतीको सम्भावना बढी देखिएकाले थोपा सिँचाई, प्लास्टिक पोखरी, आकासे पानी संकलन पोखरी, आरसिसी पानी संकलन ट्यांकी बनाई सिँचाई गर्न सकिने सम्भावना पर्याप्त देखिन्छ। वडा नं १२ मा कलाती खोला, खारे खोलाबाट सिँचाई सुविधाहरु विस्तार गर्न सकिन्छ।

### *५.१.३.३ चुनौती*

यस नगरपालिका भौगोलिक रुपमा डिग्रीका वरिपरि डाँडाकाँडका बीचमा फाँट जस्ता थुप्रै बस्तीहरु छन्। यी स्थानहरुमा बीचका फाँटहरुमा सिँचाई सुविधा उपलब्ध गराउन सहज भए तापनि वरिपरिका डाँडाकाँडाका जमिनहरुमा सिँचाई सुविधा उपलब्ध गराउन चुनौती रहेको छ। वडा नं १२ का भूमिहरु डिग्री भिरालो अवस्थामा रहेका छन् जसमा सिँचाई सुविधा उपलब्ध गराउन एक प्रकारको चुनौती रहेको छ। पाँचकन्या सिँचाई व्यवस्थापन गर्न आवश्यक देखिन्छ। लामो दुवाली फाँटमा सिँचाई उपलब्ध गराउन चुनौती रहेको छ।

### ५.१.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि

#### ५.१.३.४.१ सोच

**"पनौती नगरपालिकाको कृषिभूमिमा सिँचाई सुविधाको व्यवस्था गरी कृषि उत्पादनमा अभिवृद्धि"**

#### ५.१.३.४.२ लक्ष्य

१. पनौती नगरपालिकामा खेती योग्य जमिनमा वर्षैभरि सिँचाई सेवा सुविधा सुनिश्चित गर्ने ।

#### ५.१.३.४.३ उद्देश्यहरु

२. वर्षैभरि सिँचाई सुविधा उपलब्धता गराई तरकारी खेती, अन्नबाली, नगदे बाली उत्पादन वृद्धि गर्नु ।

#### ५.१.३.४.४ रणनीतिहरु

३. सिँचाई सुविधा सहज उपलब्ध गराई अन्नबाली, तरकारी खेती, नगदे बाली, उच्च मूल्यका बाली लगाई कृषिमा व्यसायीकरण गर्ने ।
४. वर्षैभरि सिँचाई सुविधा विस्तार गरी अन्नबाली, तरकारी तथा हिउँदे बाली लगाई आयआर्जन वृद्धि गर्ने ।
५. डाँडाकाँडा तथा अग्ला भाग र भिरालो जमिनमा सिँचाई सुविधा उपलब्ध गरी उत्पादन वृद्धि गर्ने ।

#### ५.१.३.४.५ कार्यनीतिहरु

६. सिँचाई सुविधा सहज उपलब्ध गराई  अन्नबाली, तरकारी खेती, नगदे बाली, उच्च मूल्यका बाली लगाई कृषिमा व्यासायीकरण गरिनेछ ।
७. वर्षैभरि सिँचाई सुविधा विस्तार गरी अन्नबाली, तरकारी तथा हिउँदे बाली लगाई आयआर्जन वृद्धि गरिनेछ ।
८. डाँडाकाँडा तथा अग्ला भाग र भिरालो जमिनमा सिँचाई सुविधा उपलब्ध गरी उत्पादन वृद्धि गरिनेछ ।

### ५.१.३.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.३७: सिँचाई योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं. | योजनाको नाम | स्थान | कुल लागत हजार | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सिन्कालामर, थलिकुलो र न्यासिला फाँट सिँचाई योजना | नपा | ४००० | २ | २,००० | २,००० | – | – | – | २०७८ | २०८० | प्रदेश तथा नपा | |
| २. | ख्याकु बलथली सिँचाई योजना | नपा | ५००० | २ | २,५०० | २,५०० | – | – | – | २०७८ | २०८० | प्रदेश तथा नपा | |
| ३. | मल्पी लीलावती सिँचाई योजना | नपा | २००० | २ | १,००० | १,००० | – | – | – | २०७८ | २०८० | प्रदेश तथा नपा | |
| ४. | चौबीसे फाँट तथा पनौती फाँट सिँचाई योजना | नपा | ३००० | २ | १,५०० | १,५०० | – | – | – | २०७८ | २०८० | प्रदेश तथा नपा | |
| ५. | खल्थली नौबिसेफाँट लिफ्टिङ सिँचाई व्यवस्थापन | वडा नं ९ | ५००० | ५ | १,००० | १,००० | १,००० | १,००० | १,००० | २०७८ | २०८३ | प्रदेश तथा नपा | |
| ६. | जलाधार तथा मूल संरक्षण कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ७. | रोशिखोला लिफ्टिङ सिँचाई योजना | वडा नं ६ | ४००० | ३ | २,००० | १,००० | १,००० | | | २०७८ | २०८१ | प्रदेश तथा नपा | |
| ८. | गौनाल लिफ्टिङ सिँचाई व्यवस्थापन | वडा नं ९ | ४००० | ३ | – | – | २,००० | १,००० | १,००० | २०८० | २०८३ | प्रदेश तथा नपा | |
| ९. | थोपा सिँचाई, प्लास्टिक पोखरी सिँचाई, आरसिसी पानी संकलन ट्यांकी निर्माण कार्यक्रम | नपा | १००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८२ | नपा | |
| १०. | प्रत्येक वडाहरुमा उच्च स्थानमा रिचार्ज पोखरी निर्माण | नपा | २००० | ३ वर्ष | १००० | ५०० | ५०० | | | २०७८ | २०८१ | नपा | |
| | **जम्मा** | | ३०,००० | | ११,२०० | ९,७०० | ४,७०० | २,२०० | २,२०० | | | | ३०,००० |

**द्रष्टव्यः** कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकता अनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

### ५.१.३.४.७ अपेक्षित उपलब्धिहरु

योजना सम्पन्न भइसकेपछि यस नगरपालिकाभित्र निर्माणाधीन योजनाहरु पूरा हुनेछन् । सिन्कालामर, थलिकुलो र न्यासिला फाँट सिँचाई योजना सम्पन्न भएको हुनेछ । ख्याकु बलथली सिँचाई योजनाले कृषिभूमिमा सिँचाई सुविधा उपलब्ध गराएको हुनेछ । मल्पी लीलावती सिँचाई योजना सम्पन्न भएको हुनेछ । चौबीसे फाँट  तथा पनौती फाँट सिँचाई योजना सम्पन्न भएको हुनेछ । खल्थली नौबिसेफाँट लिफ्टिङ सिँचाई व्यवस्थापन भएको हुनेछ । खल्थली नौबिसेफाँट लिफ्टिङ सिँचाई व्यवस्थापन भएको हुनेछ । जलाधार तथा मूल संरक्षण कार्यक्रम लागू भएको हुनेछ । रोशिखोला लिफ्टिङ सिँचाई योजना कार्यान्वयन भएको हुनेछ । गौनाल लिफ्टिङ सिँचाई व्यवस्थापन गरिएको हुनेछ । खारखोला आसपास सिँचाई जलाशय निर्माण  भइसकेको हुनेछ । थोपा सिँचाई, प्लास्टिक पोखरी सिँचाई, आरसिसी पानी संकलन ट्यांकी निर्माण कार्यक्रम सम्पन्न भएको हुनेछ ।  प्रत्येक वडाहरुमा उच्च स्थानमा रिचार्ज पोखरी निर्माण गरिएको हुनेछ  ।

## ५.२. आर्थिक विकास योजना

पनौती नगरपालिकाको आर्थिक विकास नगरीकन नगरवासी सुखी र खुसी हुन सक्तैनन् । यस नगरपालिकाको आर्थिक विकासको प्रमुख अग्रणी क्षेत्र नै कृषि तथा पर्यटन क्षेत्र हो । कृषि तथा पर्यटनको समुचित विकास गरी प्रतिव्यक्ति आम्दानी वृद्धि गर्न सके आर्थिक विकास हुन्छ । कृषि तथा पर्यटनमा आधारित उद्योग, व्यापार व्यवसाय सञ्चालन गरी आर्थिक विकास गर्न सकिन्छ । कृषि तथा पर्यटनको विकासका लागि भौतिक पूर्वाधारहरुको विकास अपरिहार्य हुन जान्छ । यस नगरपालिकाको आर्थिक विकासका समस्याहरु कृषिमा आधुनिकीकरण तथा व्यावसायिकरण नहुनु, सिँचाई तथा मलखादको अभाव, कृषिमा युवा जनशक्तिको कम आकर्षण, मुख्य बजार काठमाडौँ उपत्यका भए पनि बिचौलियाले फाइदा लिनु तथा बर्खायाममा यातायातको असुविधा, पर्यटकीय उद्योगधन्दा संचालन गर्न नसक्नु तथा खानी तथा उद्योग संचालनमा आधुनिकीकरण गर्नु नसक्नु आदि रहेका छन् । यस नगरपालिकाको प्रमुख सम्भावनाहरु भनेको कृषियोग्य जमिन तथा फाँटहरुको उपलब्धता, पशुपक्षीपालनको सम्भावना तथा ढुंगा खानी आदी रहेका छन् ।

तालिका नं.३८: पनौती नगरपालिकाको तीन आर्थिक वर्षका आम्दानीको विवरण (रु हजारमा)

| आम्दानी शीर्षक | २०७४/७५ | प्रतिशत | २०७५/७६ | प्रतिशत | २०७६/७७ | प्रतिशत | आय फरक ०७६/७७–०७४/७५ |
|---|---|---|---|---|---|---|---|
| आन्तरिक राजस्व | ७७२१६ | १२.८१ | २९१७५९ | २८.३६ | २९१७४९ | २६.०३ | २१४५३३ |
| राजस्व बाँडफाडबाट प्राप्त आय | 0 | ० | १३८३४२ | १३.४५ | १४४१६८ | १२.८६ | ५८२६ |
| अन्तर सरकारी अनुदान | ४७३९१० | ७८.६६ | ४६९७७५ | ४५.६६ | ४६३६३० | ४१.३७ | -१०२८० |
| अन्य आय | ५१२९१ | ८.५१ | १२८९८८ | १२.५४ | २२११२५ | १९.७३ | १६९८३४ |
| | ६०२४१७ | १०० | १०२८८६४ | १०० | ११२०६७२ | १०० | ५१८२५५ ८६.०३% |

***स्रोत:*** *पनौती नगरापलिका कार्यापालिको कार्यालय, २०७७ ।*

तालिका नं.३९: पनौती नगरपालिकाको तीन आर्थिक वर्षका व्ययको विवरण (रु हजारमा)

| व्यय शीर्षक | २०७४/७५ | प्रतिशत | २०७५/७६ | प्रतिशत | २०७६/७७ | प्रतिशत | खर्च फरक |
|---|---|---|---|---|---|---|---|
| **चालू खर्च** | ३०८७०८ | ६५.२१ | ४४८३१६ | ५४.९४ | ४९४५८३ | ६२.०५ | १८५८७५ |
| **पुँजीगत खर्च** | १६४७२२ | ३४.७९ | ३६७७३४ | ४५.०६ | ३०२४६० | ३७.९५ | १३७७३८ |
| **जम्मा** | **४७३४३०** | **१००** | **८१६०५०** | **१००** | **७९७०४३** | **१००** | **३२३६१३ ५९.३९%** |

***स्रोत:*** *पनौती नगरापलिका कार्यापालिको कार्यालय, २०७७ ।*

आर्थिक विकास समग्र विकासको मेरुदण्ड भएकाले पनौती नगरपालिकाको आर्थिक विकासका लागि तपसिलका उद्देश्यहरु राखिएका छन् ।

**उद्देश्यहरु**

क. पनौती नगरपालिकाको प्रतिव्यक्ति आम्दानी वृद्धि गर्ने ।
ख. पनौती नगरपालिकाको खनिज, खानीजन्य उद्योग स्थापना गर्ने ।
ग. पनौती नगरपालिकाको कृषि तथा पशुपालनमा आधुनिकीकरण तथा औद्योगिकीकरण गर्ने ।
घ. पर्यटन व्यवसायको प्रवर्द्धन गर्दै पर्यटन उद्योगको निर्माण गर्ने ।

यस नगरपालिकाको आर्थिक विका सअन्तर्गतका अग्रणी क्षेत्रहरु कृषि तथा पशुपालन, पर्यटन हुन् । यिनीहरुको विस्तृत योजना तल प्रस्तुत गरिएको छ ।

## ५.२.१ कृषि तथा पशुपालन विकास योजना

### *५.२.१.१ पृष्ठभूमि*

नेपालका विभिन्न पञ्चवर्षीय योजनाहरुमा कृषिक्षेत्रले प्राथमिकता पाउँदै आए पनि खासै कृषिको विकास सन्तोषजनक रुपमा भएको छैन । आठौं योजनामा दिगो कृषि योजनालाई लागू गरी गरिबी घटाउने नीति उल्लेख भएको छ । तेह्रौं योजनामा कृषिमा उत्पादनशीलताको आधार कमजोर हुनुको कारण वैदेशिक रोजगारी हो भनी प्रस्तुत गरिएको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरूका कारण उर्वर कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रूपमा उपयोग गर्न नसक्नु र गैर कृषि क्षेत्रको विकासको आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिँचाई, सडक, बिजुली, सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु जस्ता कारण कृषि क्षेत्रको विकासको मूल समस्याका रूपमा रहेका छन् (राष्ट्रिय कृषि नीति, २०६१) ।

पनौती नगरपालिकाको कुल जमिनको क्षेत्रफल मध्ये ४१.४० वर्गकिमी (३५.०४ प्रतिशत) कृषिक्षेत्रले ओगटेको छ । पनौतीको आलुले काठमाडौं उपत्यकामा निश्चित बजार पहिचान स्थापना गरिसकेको छ । दैनिक काठमाडौं उपत्यकामा करिब पचार हजार लिटर दूध निकासी भइरहेको अवस्था पनि छ । आलुको खेतीबाट प्रचुर मात्रामा उत्पादन हुन्छ । तल्ला क्षेत्रहरुमा हिउँदे आलु उत्पादन हुन्छ । कृषि तथा पशु बिमा कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि जनचेतनामूलक तालिम, गोष्ठी, सञ्चालन गरिने, एक गाउँ एक प्राविधिक व्यवस्था गर्ने, कृषि वस्तु र बीउ बिजन प्रवर्धनका लागि नगरस्तरीय मेला आयोजना गर्ने, पशु स्वास्थ्य शिविर, थुनेलो रोगको परीक्षण शिविर सञ्चालन गर्ने, नगरस्तरीय सुविधा सम्पन्न प्रयोगशाला सहितको पशुपक्षी अस्पताल निर्माण गर्ने, युवा लक्षित व्यावसायिक कृषि तथा पशुपालन कार्य, भैंसी सुत्केरी भत्ता कार्यक्रम, कृषकलाई मेयर उत्कृष्ट पुरस्कार उपलब्ध गराउने, छाडा पशुहरुलाई उचित व्यवस्थापन गर्ने, आदि कृषि तथा पशुपालन विकाससम्बन्धी नीति तथा कार्यक्रम तय गरिएको देखिन्छ । सुन्तला, किबी, लप्सी, नास्पती, आलुबखडा, जुनार, कागती, स्याउ आदि हुने सम्भावना तीव्र रहेको छ । तरकारीको मिनिकिट, प्लास्टिक टनेल, स्पेयर, विषादी सुरक्षा सामग्री वितरण तथा अमेरिकी फौजी कीरा नियन्त्रण विषादी वितरण गरिएको छ । च्याउको बीउ वितरण, बिमा अभिमुखीकरण तालिम, कृषि सिँचाई सहयोग, अलैंची बिउ वितरण, प्लान्ट क्लिनिक सञ्चालन गरिएको छ ।



चित्र नं.५३: पनौती नगरपालिकामा दूध उत्पादनको लागि राम्रो अभ्यासहरू कार्यान्वयन गरिंदै

### ५.२.१.२ अवसर

पनौती नगरपालिका वडा छलफल अनुसार मकै बीउ उत्पादनका लागि सम्भावना राम्रो रहेको छ ।  यस नगरपालिकाको वडा नं १०, वडा नं. ३, वडा नं. ४ मा आलु अधिक मात्रामा उत्पादन हुन्छ । यसै गरी वडा नं. १ का पर्खालचौर, डाँडाचौर, उत्तिससिमी, एक्ले, रामदुवाली आदि स्थानहरुमा आलु खेतीको प्रचुर सम्भावना रहेको छ । आलुको बीउ उत्पादनका लागि पनि उपयुक्त मानिन्छ । भैंसीपालन तथा गाईपालनका लागि प्रचुर सम्भावना रहेको छ । त्यसैले, यहां कृषियोग्य जमिन संरक्षण कार्यक्रम तथा जग्गा खण्डीकरण न्यूनीकरण गर्ने नीति लिइएको देखिन्छ । कृषिमा आधुनिक यन्त्र तथा उपकरण प्रयोगको थालनी भएको छ । नगरपालिकाबाट २ वटा ट्र्याक्टर केही अनुदानमा व्यवस्था गरिएको छ । सामूहिक खेतीका लागि प्रयास गरिरहेको अवस्था छ । भैंसीपालनलाई प्रोत्साहन गर्न नगरपालिकाको भैसी सुत्केरी भत्ता कार्यक्रम प्रभावकारी भइरहेको छ । दैनिक पचास हजार लिटर दूध यस नगरपालिकाबाट काठमाडौं उपत्यका तर्फ निर्यात भएको छ । कृषि अवलोकनका लागि भुटानसम्म कृषकहरु गएका थिए । त्यहाँबाट अलैंचीको बिउ ल्याई कृषकहरुलाई वितरण गरिएको थियो । निजी रुपमा विभिन्न स्थानहरुमा ट्राउट माछा पालन गरिरहेको अवस्था छ । कृषिमा आधुनिक बीउ र प्रविधि प्रयोगमा वृद्धि भएको छ । बाख्रापालन, कुखुरापालननमा व्यावसायिकता बढेको, पशु स्वास्थ्यमा सहजता भएको छ । कृषि र पशुपालनमा व्यावसायिक चेतना विकास भएको अवस्था छ ।



**चित्र नं.५४: पनौती नगरपालिकामा भैसी सुत्केरी भत्ता कार्यक्रम**

यस नगरपालिकाको आ. व. २०७६/०७७ को नीति तथा कार्यक्रममा नगरपालिका KISSAN-2 र सहकारी संस्थाहरुको साझेदारीमा कृषि उत्पादन, प्रशोधन, बजारीकरण, अध्ययन प्रविधि हस्तान्तरण जस्ता कार्यक्रमहरु, कृषकहरुलाई आधुनिक कृषि सम्बन्धी ज्ञान, सीप प्रविधि यान्त्रीकरण, अध्ययन, अवलोकन, उत्पादनमा आधारित अनुदान, उपयुक्त स्थानमा संकलन केन्द्र, बिक्री स्थलहरुको सुधार गर्ने व्यवस्था मिलाउने कुरा उल्लेख गरिएको छ । यसका साथै जैविक खेती, विषादी न्यूनीकरण, कृषक पाठशाला, कृषि तथा घाँसे बालीहरुको उच्च प्रविधिको नर्सरी स्थापना गर्ने व्यवस्था, पशु नश्ल सुधारका माध्यमबाट उच्च उत्पादन दिने र चाँडै बढ्ने खालका पशुपालन गराउने, एक गाउँ एक उत्पादन कार्यक्रम लागू गर्ने, कृषि तथा पशुपालन उत्पादनलाई उपभोक्ता समक्ष पुऱ्याउनका लागि सोसँग सम्बन्धित जनचेतनामूलक तालिम, गोष्ठी, होर्डिङबोर्ड, एफएम रेडियो कार्यक्रम, कृषि सामग्री, पशुपालन सामग्री ढुवानी गर्ने क्रेट, मिल्क क्यान, डिजिटल तराजु, चिलिङ भ्याट अनुदान उपलब्ध

गराउने नीति लिएको देखिन्छ। आलुजन्य उद्यम स्थापना गर्न सकिन्छ जस्तै आलु चिप्स, आलुको पिठो, आलुको ब्रेड आदिको उत्पादन सुरु गरी प्याटेन्ट राइट लिन सकिन्छ।



**चित्र नं.५५: पनौती नगरपालिकामा आलु खेती**

पनौती नगरपालिकाको आ. व. २०७७/०७८ को नीति तथा कार्यक्रममा उन्नत जातका प्रजनन योग्य बोका ( बोयर र अजबेरी) वितरण गर्दा ६० प्रतिशत नगरपालिकाले अनुदान दिने नीति उल्लेख गरिएको छ। पुष्पखेतीको लागि निःशुल्क फूल बिरुवा वितरण गर्ने, यन्त्र उपकरणको खरिदमा ६० प्रतिशत अनुदान नगरपालिकाले उपलब्ध गराउने, युवा तथा वैदेशिक रोजगारबाट फर्केकालाई लक्षित गरी प्रस्ताव आह्वान गरी कृषि तथा पशु व्यवसायका लागि दुई लाखसम्म अनुदान उपलब्ध गराउने, गोठ सुधार अनुदान वितरण गर्ने, कृषक, कृषि तथा पशुपालनसम्बन्धी वस्तुगत विवरण तयार गर्ने, कृषक परिचयपत्र वितरण, पनौती कृषि दर्पण कार्यक्रम सञ्चालन गर्ने, उच्च मूल्यका व्यावसायिक फलफूल बगैँचा स्थापनाका लागि कम्तीमा पनि ६० प्रतिशत अनुदानमा बिरुवा उपलब्ध गराउने नीति लिएको छ।

### *५.२.१.३ चुनौती*

काठमाडौं, भक्तपुरबाट आई जग्गा किन्ने, बसोबास स्थल बनाउने, जग्गा प्लटिङमा जग्गा व्यवसायीहरुको प्रवेशले कृषि भूमि न्यूनीकरण हुँदै आएको छ। पनौती नगरपालिकामा जग्गा खण्डीकरण हुनु एक समस्याको रुपमा रहेको छ। वडा नं. ६ मा सशस्त्रको तालिम केन्द्र निर्माण हुँदा कृषिभूमि धेरै एकीकरण गरियो। पनौती नगरपालिकाले विभिन्न वर्षको नीति, बजेट तथा कार्यक्रममा कृषिका लागि लिएको नीति तथा कार्यक्रमहरु सबैको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। कृषि विकासका लागि विभिन्न प्रयासहरु भए पनि युवाहरुलाई कृषि व्यवसायप्रति आकर्षण गराउन नसक्नु एक चुनौती बनेको छ।

त्यसैगरी, कृषकहरुलाई सहज रुपमा प्राविधिक सहयोग उपलब्ध गराउनु सकिएको छैन। समयमा आधुनिक बीउ, उपकरण, बेर्ना उपलब्ध गराउन सकिएको छैन। पशुपालन विकास कार्यक्रमलाई सबल रुपमा प्राथमिकता दिन नसकिरहेको अवस्था छ। शिक्षित युवायुवतीहरुमा अवसर, सक्षमता अभिवृद्धिका लागि सहर तथा विदेश जाने प्रवृत्ति तीव्र रुपमा बढिरहेको छ। दुग्ध व्यवसायमा लागेका कृषकहरु पनि व्यावसायिक रुपमा दूध उत्पादन गरिरहेका छैनन्। बिचौलिया बजारले कृषकहरु मारमा परिरहेका छन्। तरकारी खेती तथा फलफूल व्यवसायमा पनि बिचौलिया चेन बजारले वास्तविक कृषकले बढीभन्दा बढी लाभ लिन सकेका छैनन्। कृषि तथा पशुजन्य संकलन केन्द्रको अभाव रहेको छ। सुन्तला खेतीमा भूकम्प पछि रोग आएको छ, जसको निदान र उपचारका लागि प्रयास कम भइरहेको अवस्था छ। बजार व्यवस्थापन तथा चिस्यान केन्द्रको अभाव रहेको देखिन्छ। माटो परीक्षण गरी बाली लगाउने भन्ने ज्ञानमा कमी रहेको छ। कृषि क्षेत्रले स्थानीय बासिन्दालाई पूर्ण रोजगारी दिन सकेको छैन। कृषिमा महिलाकरण र बूढाबूढीकरण भइरहेको छ।

यी कृषि विकासका प्रयासहरु हुँदाहुँदै पनि कृषि विकास हुन नसकेका कारणहरु पनि छन् । ती हुन्- सघन व्यावसायिक खेती प्रणालीको अभाव, कृषि उत्पादन भण्डारण, प्रशोधन र वितरण प्रणालीको अभाव, आधुनिक यान्त्रीकरणको अभाव, उच्च मूल्यका वस्तु उत्पादनको अभाव, कृषि सहयोग तथा अनुदानको अभाव, प्राविधिक ज्ञानको कमी, कृषिमा विविधीकरणको अभाव, नयाँ नयाँ बिउबिजन तथा प्रविधि प्रयोग नगरिनु, सामूहिक खेती प्रणालीको अभाव, माटो परीक्षण नगरिनु, सिँचाईको अभाव, कृषि हाटबजारको अभाव आदि ।

### *५.२.१.४ सोच, लक्ष्य, उद्‌देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

#### ५.२.१.४.१ सोच

**"कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण नै पनौतीवासीको आर्थिक सबलीकरण"**

#### ५.२.१.४.२ लक्ष्य

१. कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवासायीकरण गर्दै कृषि उत्पादनलाई बजारमुखी बनाउने ।

#### ५.२.१.४.३ उद्‌देश्यहरु

२. कृषिमा यान्त्रिकरण गरी कृषिजन्य उद्योग स्थापना गर्नु ।
३. दुग्ध व्यवसायलाई व्यावसायिक तथा आधुनिकीकरण गरी दुग्धजन्य उद्योग स्थापना गर्नु ।
४. कृषि तथा पशुमा आधारित उद्यम व्यवसाय स्थापना गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।

#### ५.२.१.४.४ रणनीतिहरु

५. पनौती नगरपालिकाको कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गरी उत्पादकत्व वृद्धि गर्दै निर्यात बढाउने ।
६. पनौती नगरपालिकाको कृषि तथा पशुजन्य वस्तुको उद्योग स्थापना गर्ने ।
७. बढी उत्पादन हुने र उच्च मूल्य हुने कृषिवस्तु र पशुवस्तुको उत्पादनलाई प्राथमिकता दिई उत्पादन बढाउने ।
८. पनौती नगरपालिकामा प्राङ्गारिक तरकारी खेतीलाई प्रोत्साहन गरी प्रांगारिक वस्तु निर्यात गर्ने ।
९. पनौती नगरपालिकामा कृषि प्राविधिक तथा दक्ष जनशक्ति तयार पार्ने ।
१०. बिचौलिया बजारलाई नियन्त्रण गरी कृषि बजार व्यवस्था गर्ने ।
११. सामूहिक कृषि तथा पशुलपालन व्यवसाय स्थापन गर्ने ।

#### ५.२.१.४.५ कार्यनीतिहरु

१२. कृषिक्षेत्र खण्डीकरण तथा बाँझो जग्गा नियन्त्रण कार्यक्रम दूध, फुल र मासुमा आत्मनिर्भर बनाइनेछ ।
१३. दूध, फुल र मासुमा पनौती नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ ।
१४. कृषि तथा पशुपालनलाई आधुनिक यन्त्रउपकरण प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
१५. मकै, आलु, बिउबिजन उत्पादन उद्योग स्थापना गरिनेछ ।
१६. प्रांगारिक तरकारी खेतीबाट उत्पादित वस्तुहरुलाई अन्तर्राष्ट्रियकरण गरिनेछ ।
१७. किसानहरूलाई मलखाद, नयाँ प्रविधि, कृषि यन्त्र एवं औजार, बीउ बीजन, कृषि उत्पादनमा बिमा र किसान परिचय पत्रको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
१८. विशेष क्षेत्र र बालीलाई प्राङ्गारिक क्षेत्र घोषणा गरी प्राङ्गारिक खेतीको विस्तार गरिनेछ ।

१९. खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै भूमि बैंकको अवधारणा लागू गरी सामूहिक खेतीतर्फ आकर्षण गरिनेछ ।

२०. फलफूल, बालीनाली तथा पशुपक्षीमा लाग्ने रोगहरुको निदान, उपचार र रोकथामका लागि विशेष पहल गरिनेछ ।

२१. समूहमा आधारित साना सिँचाई निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित साना सिँचाई पूर्वाधार निर्माण, प्लास्टिक पोखरी तथा सिञ्चित क्षेत्र विस्तार गरिनेछ ।

२२. प्रत्येक वडामा कृषि संकलन केन्द्र निर्माण गरिनेछ ।

२३. मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोगका क्षेत्र विस्तार गरिनेछ ।

२४. फलफूल बगैँचाहरू जस्तै स्याउ, सुन्तला, मौसम, नासपाती, आरुबखडाको सुदृढीकरणका लागि प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. बेमौसमी तरकारी, मौसमी तरकारी, मसाला बाली जस्तै बेसार, अदुवा, खोर्सानीलगायतका क्षेत्रको विकास र विस्तार तथा प्रशोधन उद्योग स्थापना गरिनेछ ।

२६. बिउ, तरकारी, फलफूल भण्डारको लागि सोलार स्टोरको निर्माण गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा आलु भण्डारणको लागि रस्टिक स्टोरको निर्माण गरिनेछ ।

२७. नगरपालिकाको उपयुक्त स्थानहरुमा दुग्धजन्य र आलुजन्य उद्योग निर्माण गरिनेछ ।

२८. कृषकलाई प्रोत्साहन गर्ने हेतुले कृषि मेला प्रदर्शनी गरी उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

२९. गाई, भैँसी, बाखा, कृत्रिम गर्भाधानबाट उन्नत नश्लका पशुहरूको सङ्ख्या वृद्धि र नश्ल सुधार अभियान कार्यक्रम गरिनेछ ।

३०. उन्नत नश्ल पशुपंक्षी पालन विकास कार्यक्रम लागू गरिनेछ । पशुसम्बन्धी विभिन्न रोगको औषधी खरिद गरी निःशुल्क वितरणको व्यवस्था गरिनेछ ।

३१. कृषिमा युवाआकर्षण जगाउन उद्यमी युवा कृषक छनोट गरी सहयोग प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. एक गाउँ एक उत्पादन कार्यक्रमलाई प्राथमिकतासाथ लागू गरिनेछ ।

३३. कोदोको पिठो, जौको पिठो, फापरको पिठो र आलुको पिठोबाट केक, डुनोट, बिस्कुट बनाउने उद्योग खोलिनेछ ।

३४. गहुँ र जौबाट सिन्के चाउचाउ बनाउने उद्योग खोलिनेछ ।

३५. लप्सीको अचार, लप्सीको धुलो, टमाटर सस, महको पेस्ट, आरुबखडाको जाम बनाउने उद्योग खोलिनेछ ।

३६. पुष्प खेतीलाई प्रोत्साहन गरी  विस्तार गरिनेछ ।

३७. सामूहिक खेती प्रणालीलाई उच्च प्राथमिकता दिई लागू गरिनेछ ।

३८. कृषिबजार व्यवस्थित वैज्ञानिक तथा बिचौलिया बजारलाई नियन्त्रण गरिनेछ ।

### ५.२.१.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४०: कृषि तथा पशुपालन विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कृषिक्षेत्र खण्डीकरण तथा बाँझो जग्गा नियन्त्रण कार्यक्रम | नपा | २,००० | २ | १,००० | १,००० | - | - | - | २०७८ | २०८० | नपा | |
| २. | दूध, फुल र मासुमा आत्मनिर्भर | नपा | १,००० | २ | ५०० | ५०० | | | | २०७८ | २०८० | नपा | |
| ३. | कृषि तथा पशुपालन आधुनीकीकरण कार्यक्रम | नपा | ५,००० | ५ | १,००० | १,००० | १,००० | १,००० | १,००० | २०७८ | २०८३ | नपा | |
| ४. | आधुनिक टनेलमा तरकारी खेती योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ५. | भैंसीपालन, बाख्रापालन, गाईपालन व्यावसायिक तथा आधुनिकीकरण कार्यक्रम तथा दुग्ध जन्य उद्योग निर्माण | नपा | २,००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| ६. | आधुनिक प्रविधि, कृषि औजार, बीउबिजन, औषधी वितरण कार्यक्रम। | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ७. | कृषि उत्पादनमा बिमा र किसान परिचय पत्र वितरण कार्यक्रम। | नपा | २,००० | २ | १,००० | १,००० | - | - | - | २०७८ | २०८० | नपा | |
| ८. | अलैंची हब निर्माण योजना | नपा | १,००० | २ | ५०० | ५०० | - | - | - | २०७८ | २०८० | नपा | |
| ९. | अगुवा कृषक छनोट तथा युवा कृषि उद्यमी कार्यक्रम। | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| १०. | प्रांगारिक खेती प्रणाली विकास योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| ११. | उन्नत बीउबिजन उत्पादन तथा प्रशोधन योजना | नपा | १००० | २ | ५०० | ५०० | | | | २०७८ | २०८० | संघ | |
| १२. | उन्नत घाँस उत्पादन कार्यक्रम। | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १३. | कृषि सहकारी मार्फत उत्पादन संकलन केन्द्र निर्माण तथा चिस्यान केन्द्र निर्माण योजना। | नपा | ५००० | ४ | १,२५० | १,२५० | १,२५० | १,२५० | | २०७८ | २०८२ | नपा | |
| १४. | जुस उत्पादन बाली पहिचान तथा उद्योग स्थापना कार्यक्रम | नपा | १००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८३ | नपा | |
| १५. | उन्नत नश्लको पशुपालन विकास कार्यक्रम तथा पशुपंक्षीको निःशुल्क उपचार कार्यक्रम | नपा | २००० | ३ | १००० | ५०० | ५०० | - | - | २०७८ | २०८१ | नपा | |
| १६. | लप्सी तथा कागती रोपण कार्यक्रम। | नपा | ५०० | २ | २५० | २५० | - | - | - | २०७८ | २०८० | नपा | |

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७. | बढी उत्पादन हुने र उच्च मूल्य हुने तथा निर्यात सम्भावना बाली पहिचान कार्यक्रम । | नपा | ६०० | २ | ३०० | ३०० | – | – | – | २०७८ | २०८० | नपा | |
| १८. | मौसमी तथा बेमौसमी तरकारी तथा बाली विकास कार्यक्रम । | नपा | १००० | १ | १००० | – | – | – | – | २०७८ | २०७९ | नपा | |
| १९. | युवा उद्यमी कृषकका सहयोग प्रदान कार्यक्रम | नपा | | निरन्तर | – | – | – | – | – | | | नपा | |
| २०. | माटो परीक्षण गरी बाली विकास कार्यक्रम । | नपा | १००० | १ | १००० | – | – | – | – | २०७८ | २०७९ | नपा | |
| २१. | स्थानीय बाली उत्पादनलाई बजारीकरण कार्यक्रम । | नपा | २००० | २ | १००० | १००० | – | – | – | २०७८ | २०८० | नपा | |
| २२. | चक्लाबन्दी खेती प्रणाली विकास कार्यक्रम । | नपा | २००० | २ | १००० | १००० | – | – | – | २०७८ | २०८० | नपा | |
| २३. | कोदोको पिठो, गहुँको पिठो, फापरको पिठो र आलुको पिठोबाट केक, डुनोट, बिस्कुट बनाउने उद्योग खोल्ने कार्यक्रम । | नपा | ४००० | ४ | १००० | १००० | १००० | १००० | | २०७८ | २०८२ | प्रदेश | |
| २४. | गहुँ र जौबाट सिन्के चाउचाउ बनाउने उद्योग खोल्ने कार्यक्रम । | नपा | ५०० | ३ | २०० | २०० | १०० | | | २०७८ | २०८१ | नपा | |
| २५. | विविध प्रकारका अचार, टमाटर सस, महको पेस्ट, आरुबखडाको जाम बनाउने उद्योग खोल्ने कार्यक्रम । | नपा | ४०० | ३ | २०० | १०० | १०० | | | २०७८ | २०८१ | नपा | |
| २६. | कृषकलाई मेयर उत्कृष्ट पुरस्कारबाट सम्मान कार्यक्रम । | नपा | २०० | १ | २०० | | | | | २०७८ | २०७९ | नपा | |
| २७. | पुष्प खेतीलाई प्रोत्साहन तथा विस्तार कार्यक्रम । | नपा | २०० | १ | २०० | | | | | २०७८ | २०७९ | नपा | |
| २८. | कृषिबजार व्यवस्थित वैज्ञानिक तथा बिचौलिया बजारलाई नियन्त्रण कार्यक्रम । | नपा | २०० | ३ | २०० | | | | | २०७८ | २०८१ | नपा | |
| २९. | पशु वधशाला निर्माण तथा व्यवस्थापनकार्यक्रम | नपा | १००० | ३ | ४०० | ३०० | ३०० | | | २०७८ | २०८१ | नपा | |
| ३०. | कृषिजन्य तथा पशुजन्य उद्योग स्थापना (आलु चिप्स, पिठो, मिठाई) | नपा | २००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | प्रदेश | |
| | **जम्मा** | | **३७,६००** | | **१४,७००** | **११,४००** | **५,२५०** | **४,२५०** | **२,०००** | | | | **३७,६००** |

द्रष्टव्य: कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

### ५.२.१.४.७ अपेक्षित उपलब्धिहरु

यस योजना कार्यान्वयन भइसक्ता यस नगरपालिकामा कृषिक्षेत्र खण्डीकरण तथा बाँझो जग्गा नियन्त्रण कार्यक्रम लागू भएको हुनेछ । पनौती नगरपालिका दूध, फुल र मासुमा आत्मनिर्भर बनेको हुनेछ ।  कृषि तथा पशुपालन आधुनीकीकरण कार्यक्रम लागू भएको हुनेछ। आधुनिक टनेलमा तरकारी खेती गरिएको हुनेछ । भैँसीपालन, बाख्रापालन, गाईपालन व्यावसायिक तथा आधुनिकीकरण भएको हुनेछ । कृषकहरु आधुनिक प्रविधि, कृषि औजार, बीउबिजन, औषधी वितरणबाट लाभान्वित भएका हुनेछन्। कृषि उत्पादनमा बिमा र किसान परिचय पत्र वितरण कार्यक्रम लागू भएको हुनेछ। बढी उत्पादन हुने र उच्च मूल्य हुने तथा निर्यात सम्भावना बाली पहिचान भएका हुनेछन् । मौसमी तथा बेमौसमी तरकारी तथा बाली लगाएर आम्दानी बढेको हुनेछ। आधुनिक प्रविधि, कृषि औजार, बीउबिजन, औषधी वितरण गरिएको हुनेछ। कृषि उत्पादनमा बिमा र किसान परिचय पत्र वितरण कार्यक्रम लागू गरिएको हुनेछ ।

सुन्तला खेती, आरुबखडा, मौसम र अलैंची खेती आधुनिकीकरण योजना लागू भएको हुनेछ । अगुवा कृषि छनोट कार्यक्रम लागू भएको हुनेछ । प्रांगारिक खेती प्रणालीको विकास भएको हुनेछ । उन्नत बीउबिजन उत्पादन तथा वितरण भएको हुनेछ । उन्नत घाँस, डाले घाँस उत्पादन हुनेछ । कृषि प्राविधिक शिक्षा सञ्चालन भएको हुनेछ।. कृषि उत्पादन संकलन केन्द्र निर्माण भएको हुनेछ। चिस्यान केन्द्र निर्माण भएको हुनेछ ।. कृषिजन्य, पशुजन्य, फलफूलजन्य उत्पादनद्वारा उद्योग स्थापना हुनेछ। अन्नबाली, फलफूल तथा पशुपंक्षीको निःशुल्क उपचार गरिनेछ। दुग्धजन्य तथा कृषि उत्पादनजन्य उद्योग स्थापनाका लागि प्रोत्साहन गरिएको हुनेछ। पुष्प खेतीलाई प्रोत्साहन तथा विस्तार कार्यक्रम लागू गरिएको हुनेछ। पशु वधशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम गरिएको हुनेछ ।  कृषिबजार व्यवस्थित वैज्ञानिक तथा बिचौलिया बजारलाई नियन्त्रण गरिएको हुनेछ । कृषिजन्य तथा पशुजन्य उद्योग स्थापना (आलु चिप्स, पिठो, मिठाई) गरिएको हुनेछ ।



चित्र नं.५६: पनौती नगरपालिकामा धान खेती

## ५.२.२ पर्यटन विकास योजना

### *५.२.२.१ पृष्ठभूमि*

पर्यटनको विकासले आर्थिक विकासलाई उच्च बनाउन सहयोग गर्छ । पर्यटन प्रवर्धन तथा विकासका लागि समुचित रुपमा भौतिक पूर्वाधारहरु स्वच्छ खानेपानी, यातायातको सुविधा, सुरक्षित पदमार्ग, विद्युत्, संचार प्रविधि, वासस्थान, दक्ष जनशक्ति, फोहोर व्यवस्थापन आदि सुविधा उपयुक्त भएको हुनुपर्दछ । पनौती नगरपालिका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण भएकाले पर्यटकहरुको आकर्षक स्थल विगत देखिन नै बन्दै आएको छ । प्राकृतिक सौन्दर्य तथा हरियालीले भरिपूर्ण पनौती नगरपालिकामा फुलचोकी, खानीडाँडा, गर्दुम डाँडा, नागीडाँडा, बाउसे बन, अमिलचौर, न्यौपाने डाँठा आदि जस्ता आकर्षक ठाउँहरु रहेका छन् । यस नगरपालिकाका अग्ला पहाड तथा डाँडाहरुबाट कञ्चनजंघा हिमाल देखि माछापुच्छे, धौलागिरि हिमशृंखलासम्म दृश्यावलोकन गर्न सकिन्छ । पश्चिमतर्फका डाँडाहरुबाट काठमाडौँ उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ । जैविक विविधतायुक्त महाभारत वनशृंखला यस नगरको हरियाली र स्वच्छताका प्रतीक हुन् ।



चित्र नं.५७: विश्व सम्पदाको रूपमा सूचीकृत पनौती

नेपालमा मात्र पाइने चरा काँडेभ्याकुरको वासस्थान, पुतली प्रजातिको विविधता पनि यस नगरपालिकाको अद्वितीय परिचय हुन् । वर्ड वाचिङ र क्लाउड फरेस्टको फुलचोकी वनमा पर्यटकहरु रम्न सक्छन् । धार्मिक एवं सांस्कृतिक पर्यटनका लागि पनौतीको गरिमा उच्च रहेको छ । त्रिवेणी घाट धार्मिक तथा प्राचीनताले महत्वपूर्ण रहेको छ । देवता हिँड्ने मार्ग, भगवानडाँडा (भगवान् बस्ने डाँडा) धार्मिक पर्यटनका लागि आकर्षक गन्तव्य बनाउन सकिन्छ । किंवदन्ती अनुसार भगवान् इन्द्र आई तपस्या गरेको स्थान, नेपालकै प्राचीन महत्वको इन्द्रेश्वर महादेव मन्दिर क्षेत्र र प्राचीन पनौतीको सची तीर्थ त्रिवेणीघाट क्षेत्र, धार्मिक दृष्टिले महत्व धनेश्वर महादेव मन्दिर क्षेत्र, महासत्व नमोबुद्धको जन्मथलो, प्राचीन स्मारक क्षेत्र आदि जस्ता महत्वपूर्ण स्थलहरु यस नगरपालिकामा पाइन्छन् । यस नगरपालिकाले २०७६/७७ को नीति तथा कार्यक्रममा पर्यटन प्रवर्धनका लागि नीति बनाएको छ । यस नीतिमा पर्यटन प्रवर्धनका लागि प्रचारप्रसारका लागि गाइडबुक प्रकाशन, साइनबोर्ड, पर्यटकीय स्थल नक्सा प्रकाशन, सामाजिक सञ्जाल प्रयोग गर्ने आदि छन् । साहसिक

पर्यटन प्रवर्धनका लागि विज्ञ ल्याई सम्भाव्यता अध्ययन अनुसन्धान गर्ने, दुई जना टुर गाइड र दुई जना ट्रेकिङ गाइडलाई तालिम दिने नीति लिएको छ । प्रत्येक वर्ष पर्यटक वर्ष व्यक्ति घोषणा गरी पर्यटनलाई प्रवर्धन गर्ने योजना राखेको देखिन्छ ।



चित्र नं.५८: पनौती पर्यटनको एउटा गनतव्य नमोबुद्ध

### *५.२.२.२ अवसर*

पनौती नगरपालिकामा पर्यटन विकासका कार्यहरु यथाशीघ्र भइरहेको अवस्था छ । प्राचीन नगर पनौतीमा पहिलेदेखि नै पर्यटकहरु आउने गरेका थिए । बाह्र वर्षे मकरमेलाको प्रख्याति पहिलेदेखि नै तीर्थालुहरुमा रहँदै आएको छ र धैरै ठूलो मात्रामा धार्मिक पर्यटकहरुको ओइरो लाग्दै आएको पाइन्छ । पनौती नगरपालिको आ.व. २०७६/०७७ नीति तथा कार्यक्रमले पर्यटन विकासका महत्वपूर्ण नीतिहरु ल्याएको छ । यहाँ होमस्टेहरु सञ्चालनमा आइसकेका छन् । पर्यटन प्रवर्धनका लागि कार्यविधि बनाइसकेको छ । मन्दिरैमन्दिरहरुको नगरपालिका पनौती भनी पनौतीलाई चिन्न सकिन्छ । पर्यटन विकासका लागि स्थानीय विशेषतायुक्त पर्यटन प्याकेज कार्यक्रम ल्याई सञ्चालन गर्नुपर्ने देखिन्छ । जात्रामेलापर्वको नगरपालिकाका रुपमा पनौती नगरपालिकालाई चिन्न सकिन्छ । यस नगरपालिकामा प्रत्येक बाह्र वर्षमा त्रिवेणी घाटमा माघ महिनामा लाग्ने १२ वर्षे मकर मेला, प्रत्येक बाह्र वर्षमा लाग्ने हरिसिद्धि जाात्रा, प्रत्येक वर्ष अक्षय तृतीयाका दिन त्रिवेणी घाटमा बेलविवाह, प्रत्येक वर्ष जेठ पूर्णिमाका दिन पनौतीमा (ज्याः पून्हि) पनौती जात्रा, प्रत्येक बडा दसैँमा फुलपाती भित्र्याई गरिने फूलपाती जात्रा, प्रत्येक बडा दसैँमा पनौतीमा देवी नाच, फुलचोकी जात्रा (चैत्र पूर्णिमा), कुशादेवी जात्रा (धान्य पूर्णिमा/योमरी पूर्णिमा), हरिशयनी एकादशीमा लड्केश्वर जात्रा, लाखेनाच, गाईजात्रा, नवदुर्गा जात्रा, भीमसेन जात्रा, कृष्ण जात्रा, बिस्केट जात्रा, नमोबुद्ध तथा दीपंकर जात्रा, गठेमंगल जात्रा, बाघभैरव जात्रा, संकटा माईको जात्रा, सकीमनापुन्ही जात्रा, कात्तिक भजन, नेवारी परिकार योमरीको प्रचलन प्रारम्भ स्थल आदि जात्रामेलापर्व मनाइन्छ ।

प्राकृतिक तथा पर्यापर्यटनका लागि सम्भावना राम्रो छ । जस्तैः गुर्दुम डाँडा प्याराग्लाइडिङ, नागी डाँडा, गुर्दुम डाँडा भ्यू टावर निर्माणका लागि उपयुक्त देखिन्छ । ठुला पोखरीको प्राकृतिक सुन्दरता, १४ वटा

सार्वजनिक पोखरीहरु रहेका छन् । विभिन्न डाँडाहरु हिल स्टेसन निर्माणका लागि उपयुक्त जस्तैः खानीडाँडा, रानीकोट, बाउसेको वन, चामखर, सल्ले, देवीस्थान, नेपाने, अमिलचौर, गुर्दुम डाँडा आदि । प्राकृतिक झरना, छहरा, प्राकृतिक गुफा दृश्यावलोकन गर्नका लागि उपयुक्त छन् । पनौती–कुशादेवी–फूलचोकी पर्यटन मार्ग (पैदल यात्रा) का लागि उपयुक्त छ । रानीकोट, सेतीदेवी पिकनिक स्पट, कपालकोट पिकनिक स्पट, खोर भन्ज्याङ, सहिद पार्क पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिन्छ । अमिलचौरबाट दृश्यावलोकन गर्न सकिने सम्भावना छ । सहिद पार्क तथा बालउद्यान निर्माणाधीन अवस्थामा छन् ।




चित्र नं.५९: पनौतीमा जात्रा-मेला

ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थानहरु रानीकोट, पृथ्वीगढ, दलिनचोक दरबार, लायकु दरबार, विभिन्न मठमन्दिर कलाकृति अवलोकन, विश्व सम्पदा सूचीमा प्रस्तावित स्थानहरुको प्राचीनता तथा कलाकौशल अध्ययन गर्न गराउन सकिने अवस्था छ ।

### ५.२.२.३ चुनौती

ऐतिहासिक, धार्मिक तथा प्राचीन कला, संस्कृति तथा सम्पदाको यथोचित रुपमा संरक्षण तथा संवर्धन गरी पर्यटकहरुलाई आकर्षित गर्न नसकिरहेको अवस्था छ । समुचित रुपमा पर्यटकीय पदमार्गहरुको विकास गर्न नसकिरहेको अवस्था छ । ऐतिहासिक, जैविक तथा प्राकृतिक, धार्मिक तथा पुरातात्विक महत्वका स्थलहरुको प्रचारप्रसार गर्दै एकीकृत पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन आवश्यक देखिन्छ । विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेपछि ती सम्पदाको विकास तथा संवर्धनका लागि आवश्यक योजना बनाउनु पर्ने हुन्छ । पर्यटन विकासका लागि भौतिक पूर्वाधार विकास भइनसकेको अवस्था छ । पर्यटन व्यवसायका लागि आवश्यक दक्ष जनशक्ति विकास गरिँदैछ तर पर्याप्त रुपमा गर्नु एक चुनौती रहेको छ । पर्यटकहरुका लागि उचित वासस्थलहरु निर्माण पर्याप्त नभएको अवस्था छ । पर्यटकहरुले कोसेलीका रुपमा लाने वस्तुहरु उत्पादन गर्न आवश्यक देखिन्छ । धार्मिक तथा सांस्कृतिक पर्यटन विकासका लागि दीर्घकालीन सोच र गुरुयोजना निर्माण हुन नसकेको अवस्था छ । देवता हिँड्ने मार्ग, भगवानडाँडा (भगवान् बस्ने डाँडा), इन्द्रेश्वर महादेव मन्दिर क्षेत्र र प्राचीन पनौतीको सची तीर्थ त्रिवेणीघाट क्षेत्र, धनेश्वर महादेव मन्दिर क्षेत्र, महासत्व नमोबुद्धको जन्मथलो, प्राचीन स्मारक क्षेत्र घोषणा, मन्दिरैमन्दिरहरुको नगरपालिका पनौती आदिको प्रचारप्रसारको कमी रहेको र पनौती नगरपालिकामा पर्यटकीय सूचना केन्द्रको आवश्यकता पुरा हुन नसकेको अवस्था छ । जात्रामेलापर्वको समुचित व्यवस्थापनमा चुनौती रहेको देखिन्छ । पर्यटकीय स्थानहरुको नक्सांकन गरी पर्यटकीय नक्सा प्रकाशन नभएको अवस्था छ । मन्दिर, मेलापर्व, कलाकौशल, मूर्तिकला, काष्ठकलाका फोटोहरु प्रकाशन गर्न आवश्यक देखिन्छ । यहाँ महत्वपूर्ण चिनारी भएका वस्तुहरुको काष्ठमूर्ति, ढुंगे मूर्ति, धातु मूर्ति, फोटाहरु कोसेलीका रुपमा उत्पादन गरी बिक्रीवितरण गरिएको छैन ।




चित्र नं.६०: पनौतीको पर्यटन बिकासको लागि पुरानो शहरको रुपमा फोटो प्रदर्शनी

### *५.२.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

#### ५.२.२.४.१ सोच

**"पनौती नगरपालिकाको पर्यटनको विकास, आर्थिक विकासको आधार"**

#### ५.२.२.४.२ लक्ष्य

१. पर्यटनको प्रवर्धन तथा विकास गरी रोजगारी र आर्थिक वृद्धि गर्ने ।

#### ५.२.२.४.३ उद्देश्यहरु

२. पर्यटन क्षेत्रको विकास तथा प्रर्वधन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माण गर्नु ।
३. पर्यटन प्रवर्धनका लागि प्रचारप्रसार तीव्र गर्नका लागि श्रव्य,दृश्य तथा प्रिन्ट माध्यम प्रयोग गर्नु ।
४. आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन तथा बसाइँ वृद्धि गरी जनताको आम्दानी वृद्धि गर्नु ।
५. धार्मिक, सांस्कृतिक, पर्यापर्यटन, कृषि पर्यटन साहसिक पर्यटन आदि जस्ता क्षेत्रहरुको पहिचान गर्नु ।
६. स्थानीय उत्पादन, साधन तथा मानव संसाधनलाई पर्यटन व्यवसायमा उपयोग गरी रोजगारी वृद्धि गर्नु ।

#### ४.२.२.४.४ रणनीतिहरु

७. नगरपालिकाको कोट, मठमन्दिर, ताल, पोखरी, किल्लाको संरक्षण गर्ने ।
८. पर्यटकी मार्ग तथा पर्यटन पूर्वाधार विकास गर्ने ।
९. सांस्कृतिक मौलिकताको जगेर्ना गर्नको लागि सांस्कृतिक पदमार्गको निर्माण गर्ने ।
१०. पर्यटन प्रवर्धनका लागि आधुनिक प्रविधि उपयोग गर्दै प्रचारप्रसार गर्ने ।

११. पर्यापर्यटन तथा माउन्टेनियरिङ पर्यटनको विकास गरी रोजगारी तथा आर्थिक वृद्धि गर्ने ।
१२. धार्मिक, सांस्कृतिक पर्यटन विकासका लागि तपोवन तीर्थस्थल पुनर्निर्माण गर्ने ।
१३. पर्यटन विकासका लागि विविध हिलस्टेसन निर्माण गर्ने ।
१४. ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थानहरुको प्राचीनता तथा कलाकौशल अध्ययन गर्ने ।
१५. स्थानीय क्षेत्रमा उत्पादित वस्तुहरुको पर्यटनसमक्ष बिक्रीवितरण गर्ने ।
१६. पर्यटन विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्ति निर्माण गर्ने ।

### ५.२.२.४.५ कार्यनीतिहरु

१७. एकीकृत पर्यटकीय गुरुयोजना निर्माण गरिनेछ ।
१८. नगरपालिकामा पर्यटन बिकास को लागि आवश्यक ठाँउमा होर्डिङ्ग बोर्ड राखिने छ ।
१९. पर्यटन मार्गको निर्माण तथा पूर्वाधार तयार गरिनेछ ।
२०. ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थानः रानीकोट, पृथ्वीगढ, दलिनचोक दरबार, लायकु दरबार, विभिन्न मठमन्दिर कलाकृति अवलोकन, विश्व सम्पदा सूचीमा प्रस्तावित स्थानहरुको प्राचीनता तथा कलाकौशल आदिको संरक्षण र संवर्धन गरिनेछ ।
२१. प्याराग्लाइडिङ सञ्चालन गरिनेछ तथा साइक्लिङ पर्यटकीय मार्ग खोलिनेछ ।
२२. शिवमन्दिर, बाघभैरव, फुलचोकी माई, बिर्खेश्वर महादेव उचित संवर्धन र संरक्षण गरिनेछ ।
२३. ९०७५ फिट अग्लो फूलचोकी डाँडा संरक्षण र संवर्धन कार्यक्रम गरिनेछ ।
२४. होमस्टे सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नका लागि विभिन्न तालिमहरुको आयोजना गरिनेछ। उक्त दक्ष जनशक्तिलाई पर्यटन उद्योग व्यवसायमा रोजगारीका लागि प्रोत्साहन तथा प्राथमिकतामा राखिनेछ ।
२५. प्रत्येक वडामा होम स्टे निर्माण गरिनेछ ।
२६. स्थानीय वस्तु उत्पादनको बिक्रीका लागि पर्यटक कोसेली घर निर्माण गरिनेछ ।
२७. पर्यटकीय सूचना केन्द्रको स्थापना गरिनेछ साथै प्रत्येक वडाहरुको चनारी हुने गरी सामग्री प्रकाशन गरिनेछ ।
२८. विभिन्न स्थानहरुमा पार्क, पिकनिक स्पोट, उद्यानहरु निर्माण गरिनेछ ।
२९. हिन्दू धार्मिक स्थल तथा बौद्ध धार्मिक स्थलहरुको संवर्धन तथा संरक्षण गरी धार्मिक पर्यटनको प्रवर्धन गरिनेछ ।
३०. जैविक विविधता जस्तै पुतली र चरा अवलोकन गराई पर्यटन प्रवर्धन गरिनेछ ।
३१. साइक्लिङ, प्याराग्लाइडिङ, जिपलाइन, बन्जिजम्प सञ्चालन तथा गुर्धुम डाँडा भ्यु टावर निर्माण गरिनेछ ।
३२. ठुलिपोखरी भ्यू टावर, नागीडाँडा भ्यू टावर, चामखर भ्यू टावर, गढीडाँडा भ्यू टावर, फुलचोकीमा भ्यू टावर निर्माण गरिनेछ ।
३३. खैजडी तथा भजन संरक्षण विकास कार्यक्रम
३४. विभिन्न जात्रा मेलापर्वहरुको व्यवस्थापन तथा तिनीहरुको प्रचारप्रसार गरिनेछ ।
३५. चोक, हिटी, पाटीपौवा, भवनहरुको प्राचीनता झल्कने गरी निर्माण गरिनेछ ।
३६. संग्राहालय सञ्चालन व्यवस्थापन गरिनेछ ।
३७. पुण्यमती खोलामा जलविहारका लागि ताल निर्माण योजना
३८. त्रिवेणी घाट सौन्दर्यकरण योजना
३९. पर्यटनसँग सम्बद्ध जनशक्ति विकास कार्यक्रम ।

४०. पर्यटकीय मार्ग स्थापना तथा सञ्चालन कार्यक्रम
४१. मयलबोट–बनदेवी– नाङ्गेपाखो–फलचोकी भ्यू टावर पैदलबाटो सकी मोटरबाट पागे टोल, द्रौपदा मन्दिर, सत्याल डाँडा, फुलचोकी
४२. धार्मिक मार्ग निर्माण योजना
४३. सहकाली डाँडा–कालीदेवी–उग्रेन छयोलिङ गुम्बा–कृष्णमन्दिर–डोलेश्वर मन्दिर–फड्केश्वर मन्दिर–डाङघाटेश्वर मन्दिर–रङ्गमन्दिर (शिशमहल)– पञ्चकन्या मठ
४४. कृषिपर्यटनको विकास गरिनेछ ।
४५. डम्फु संस्कार संरक्षण र संवर्धन गरिनेछ ।
४६. प्राकृतिक झरना पञ्चकन्या पर्यटकीय स्थल निर्माण गरिनेछ ।
४७. रिसोर्ट प्रवर्धन कार्यक्रम गरिनेछ ।

### ५.२.२.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४१: पर्यटन विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पर्यटकीय गुरुयोजना निर्माण कार्यक्रम | नपा | ६०० | १ | ६०० | – | – | – | – | २०७८ | २०७९ | नपा | |
| २. | पर्यटक कोसेली घर निर्माण कार्यक्रम | नपा | १००० | २ | ५०० | ५०० | – | – | – | २०७८ | २०८० | नपा | |
| ३. | रानीकोट गढी संरक्षण तथा विकास कार्यक्रम | वडा नं १ | ५०० | २ | २५० | २५० | – | – | – | २०७८ | २०८० | नपा | |
| ४. | ९०७५ फिट अग्लो फूलचोकी डाँडा संरक्षण र संवर्धन कार्यक्रम | वडा नं १ | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ५. | पाँचपोखरी पर्यटन क्षेत्र विकास योजना | वडा नं १ | २००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| ६. | नागीडाँडा देखि खोरभन्ज्याङ सम्म अन्तर्राष्ट्रिय स्तरको पार्क निर्माण योजना | वडा नं.२ | ५००० | ५ | १००० | १००० | १००० | १००० | १००० | २०७८ | २०८३ | प्रदेश | |
| ७. | साइक्लिङ ,हाइकिङ, प्याराग्लाइडिङ, जिपलाइन लगायत सञ्चालन कार्यक्रम | नपा | ३००० | ५ | ५०० | ५०० | १००० | ५०० | ५०० | २०७८ | २०८३ | संघ तथा प्रदेश | |
| ८. | चरा पुतली संरक्षण तथा अवलोकन कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ९. | होमस्टे सञ्चालनमा प्रोत्साहन | प्रत्येक वडा | १२०० | ३ | ४०० | ४०० | ४०० | – | – | २०७८ | २०८१ | नपा | |
| १०. | निर्माणाधीन भ्यूटावर सम्पन्न कार्यक्रम | नपा | ५०० | २ | २५० | २५० | – | – | – | २०७८ | २०८० | नपा | |

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | पर्यटकीय मार्ग (गोदावरीको खानी हुँदै वडा नं २ गुर्धुम– वडा नं १२ रोशी–कलाती–अमिलचौर हुँदै पनौती खोपासी–बलथली–शारदादेवी हुँदै वडा नं. ५ को धनेश्वर सल्ले हुँदै रानीकोट, खानीडाँडा साइक्लिङ मार्ग) बनाई अतिथि सत्कार तथा होटल सञ्चालन कार्यक्रम | नपा | ४००० | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | २०७८ | २०८३ | संघ तथा प्रदेश | |
| १२. | गुराँस संरक्षण तथा रोपण कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| १३. | जातजातिको कलासंस्कृति झल्कने संग्रहालय निर्माण | नपा | २००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| १४. | बालमैत्री पार्क तथा उद्यान, पिकनिक स्पट निर्माण कार्यक्रम | नपा | १००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८३ | नपा | |
| १५. | गुर्धुम डाँडा पर्यटकीय क्षेत्र विकास कार्यक्रम | वडा नं. ३ | २००० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २०७८ | २०८३ | नपा | |
| १६. | मेलापर्व, जात्रा/मन्दिर संरक्षण तथा व्यवस्थापन | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| १७. | पर्यटकीय सूचना केन्द्र निर्माण तथा प्रत्येक वडाको चिनारी पुस्तिका प्रकाशन | नपा | ५०० | ३ | ३०० | १०० | १०० | – | – | २०७८ | २०८१ | नपा | |
| १८. | त्रिवेणी धाम संरक्षण तथा संवर्धन कार्यक्रम | वडा नं. ७ | ४०० | ३ | २०० | १०० | १०० | – | – | २०७८ | २०८१ | नपा | |
| १९. | बाह्रवर्षे मकर मेला व्यवस्थापन कार्यक्रम | वडा नं ७ | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| २०. | चोक, हिटी, भवनहरुको प्राचीनता झल्कने गरी सांस्कृतिक सहर निर्माण योजना | नपा | ४००० | ४ | १००० | १००० | १००० | १००० | – | २०७८ | २०८२ | नपा | |

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | समय (वर्षमा) | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | टुर गाइड तथा दक्ष जनशक्ति निर्माण योजना | नपा | ५०० | ३ | १०० | २०० | १०० | - | - | २०७८ | २०८१ | नपा | |
| २२. | ताल, पोखरी, झरना संरक्षण तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम | नपा | १००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८३ | नपा | |
| २३. | धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पाटी, पौवा, मन्दिर, गुम्बा, निर्माण तथा संरक्षण कार्यक्रम | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| २४. | कृषि पर्यटन विकास कार्यक्रम | नपा | ५०० | ३ | १०० | २०० | २०० | - | - | २०७८ | २०८१ | नपा | |
| २५. | शहिद पार्क निर्माण योजना | नपा | ० | निरन्तर | - | - | - | - | - | | | नपा | |
| २६. | खेल पर्यटन पूर्वाधार निर्माण कार्यक्रम | नपा | ८०० | ३ | ४०० | २०० | २०० | - | - | २०७८ | २०८१ | नपा | |
| **जम्मा** | | | ३१,००० | | ८,१०० | ७,२०० | ६,७०० | ५,००० | ४,००० | | | | ३१,००० |

**द्रष्टव्यः** कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

### ५.२.२.४.७ अपेक्षित उपलब्धिहरु

पनौती नगरपालिकाको एकीकृत पर्यटकीय गुरुयोजना निर्माण गरिएको हुनेछ । पर्यटक कोसेली घर निर्माण भएको हुनेछ । रानीकोट गढी संरक्षण तथा विकास कार्यक्रम लागू भएको हुनेछ । ९०७५ फिट अग्लो फूलचोकी डाँडा संरक्षण र संवर्धन कार्यक्रम लागू भएको हुनेछ । पाँचपोखरी पर्यटन क्षेत्रका विकास भएको हुनेछ । नागीडाँडादेखि खोरभन्ज्याङसम्म अन्तर्राष्ट्रिय स्तरको पार्क निर्माण भएको हुनेछ । साइक्लिङ ,हाइकिङ, प्याराग्लाइडिङ, जिपलाइन लगायत सञ्चालन भएको हुनेछ । चरा पुतली संरक्षण तथा अवलोकन कार्यक्रम लागू भएको हुनेछ । पर्यटन क्षेत्रका लागि दक्ष रोजगार जनशक्ति उपलब्ध भएको हुनेछ । पर्यटकीय मार्ग( गोदावरीको खानी हुँदै वडा नं २ गुर्धुम– वडा नं १२ रोशी–कलाती–अमिलचौर हुँदै पनौती खोपासी–बलथली–शारदादेवी हुँदै वडा नं. ५ को धनेश्वर सल्ले हुँदै रानीकोट, खानीडाँडा साइक्लिङ मार्ग) बनाई अतिथि सत्कार तथा होटल सञ्चालन गरिएको हुनेछ । गुराँस संरक्षण तथा रोपण कार्यक्रम लागू भएको हुनेछ । जातजातिको कला संस्कृति झल्कने संग्रहालय निर्माण गरिएको हुनेछ । ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थान तथा विश्व सम्पदा सूचीमा प्रस्तावित स्थानहरुको प्राचीनता तथा कलाकौशल आदिको संरक्षण र संवर्धन एवम प्रबर्धन गरिएको हुनेछ । मेलापर्व, जात्रा/मन्दिर संरक्षण तथा व्यवस्थापन गरिएको हुनेछ । पर्यटकीय सूचना केन्द्र निर्माण तथा प्रत्येक वडाको चिनारी पुस्तिका प्रकाशन गरिएको हुनेछ । प्रत्येक वडामा होम स्टे निर्माण गरिएको हुनेछ ।  त्रिवेणी घाट सौन्दर्यकरण कार्यक्रम लागू गरिएको हुनेछ । पर्यटकीय मार्ग स्थापना तथा सञ्चालन कार्यक्रम भएको हुनेछ । कृषिपर्यटनको विकास गरिएको हुनेछ । डम्फु संस्कार संरक्षण र संवर्धन गरिएको हुनेछ । बाह्रवर्षे मकर मेला व्यवस्थापन कार्यक्रम गरिएको हुनेछ । रिसोर्ट प्रवर्धन कार्यक्रम गरिएको हुनेछ ।




चित्र नं.६१: पनौतीमा पर्यटन बिकासमा अग्रसर सामुदायिक होम स्टे (Home Stay)

## ५.३. सामाजिक विकास योजना

सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, युवा, बालबालिका, महिला तथा खेलकुद विकास आदि पर्दछन् । उपयुक्त सामाजिक विकास हुन सके मात्र कृषि तथा पर्यटनको विकास गर्न सकिन्छ । कृषि तथा पर्यटन क्षेत्रलाई दक्ष जनशक्ति, स्वस्थ जनशक्ति सामाजिक विकासले मात्र दिन सक्छ । भौतिक विकासलाई दिगो विकासमा रुपान्तरण गर्नका लागि सामाजिक विकास अपरिहार्य हुन्छ । स्वास्थ्य, शिक्षा, सहभागिता, समावेशिता, लैंगिक समानता, जातीय समानता, सामाजिक विकासका आयामहरु हुन् । नेपालको संविधान, २०७२ लाई आधार मानी लक्षित वर्ग, महिला, बालवालिका, दलित, जनजाति, जेष्ठ नागरिक, अपाङ्ग, पिछडिएको वर्गकालाई समेत प्राथमिकतामा राखी सामाजिक विकासका योजना निर्माण गर्नुपर्ने हुन्छ । सामाजिक विकासबिना समृद्ध पनौती नगरपालिका बनाउन सकिँदैन । भौतिक विकासले मात्र विकास दिगो हुन सक्तैन । समाजमा शिक्षा, स्वास्थ्य, बालबालिका, महिला युवा तथा खेलकुदको विकास गरी समृद्ध, समुन्नत नगरपालिका बनाउन सकिन्छ । सामाजिक विकास योजनाभित्र शिक्षा, स्वास्थ्य, बालबालिका, युवा तथा खेलकुद विकास योजनाहरुलाई समावेश गरिएको छ ।




चित्र नं.६२: जनताको आँगनमा नगरपालिका कार्यक्रम

### ५.३.१ शिक्षा विकास योजना

#### *५.३.१.१ पृष्ठभूमि*

मानवीय पुँजी निर्माणको प्रमुख तत्व नै शिक्षा हो । प्रतिव्यक्ति आम्दानी वृद्धि हुँदैमा विकास दिगो हुन सक्तैन । ज्ञान, सीप, दक्षता, योग्यता अभिवृद्धि नभई कुनै पनि विकास सम्भव हुँदैन । यसर्थ उचित शैक्षिक विकासले दक्ष जनशक्ति वा मानवीय संसाधनको विकास गरी आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । नेपालको संविधान, २०७२ मा शिक्षालाई मौलिक हकका रुपमा व्यवस्था गरी आधारभूत शिक्षा अनिवार्य र

निःशुल्क साथै माध्यमिक शिक्षा निःशुल्क गरिएको छ। सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्न सघाउ पुग्ने गरी शैक्षिक विकासका कार्यक्रम तथा नीतिहरु निर्माण भएका छन्। चौधौं योजना तथा विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०७९) ले शिक्षा क्षेत्रका विकास र योजनामा मार्गदर्शन गरिरहेको छ। यस नगरपालिका २०७६ मंसिर २० गते साक्षर पनौती नगर घोषणा भइसकेको छ । वि.सं. २०६८ को जनगणनानुसार नगरपालिकाको ४५ हजार ५७७ कुल जनसंख्या मध्ये हालसम्म ४३ हजार ३२० जनसंख्या (९५.०५ प्रतिशत) साक्षर गराई यो घोषणा गरिएको हो । विश्वव्यापी अभ्यास अनुसार १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको स्थानीय तह, जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने छ।



चित्र नं.६३: साक्षर नगरपालकाको रुपमा पनौती

**'साक्षर नेपाल, समृद्ध नेपाल र सुखी नेपाली'** भन्ने मुल नाराका साथ पनौती नगरपालिकालाई साक्षर नगर घोषणा गरिएको थियो । साक्षर भएपछि कानुन बमोजिम नगरपालिकालाई साक्षर नगर घोषणा गरिएको थियो । शिक्षा मानविय विकासको प्रमुख आधार भएकोले पनौती नगरपालिकाको साक्षरता केहि समयमै सतप्रतिशत पुर्याउने प्रतिवद्धता नगरपालिकाको रहेको छ।

### *५.३.१.२ अवसर*

यस नगरपालिकामा २७ वटा आधारभूत सामुदायिक विद्यालय र ३ वटा संस्थागत सामुदायिक विद्यालय– १२ सामुदायिक मावि र १६ वटा सामुदायिक मावि, तीन वटा क्याम्पस सञ्चालित छन् । प्रारम्भिक वाल विकास केन्द्रको स्थापना र सञ्चालन भइरहेका छन्। १२ कक्षाको मावि सम्मको शैक्षिक संस्थाहरु सामुदायिक तर्फ ६ वटा छन् । निजी क्षेत्रबाट पनौती प्राविधिक शिक्षालयको सञ्चालन (अटोमोबाइल सबओभरसियर) भएको छ। साक्षर पनौती नगर घोषणा २०७६ मंसिर २० गते भइसकेको छ। अंग्रेजी, गणित तथा विज्ञान विषयगत शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालयका लागि नगरपालिकाले अनुदान व्यवस्था गरेको छ। विद्यालयमा विद्युतीय हाजिरी जडान भइसकेको अवस्था छ। सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षासेवी र विद्यार्थी सम्मानित कार्यक्रमको प्रारम्भ भएको छ । उत्कृष्ट विद्यार्थी, कक्षा ८ को उत्कृष्ट तथा जेहेन्दार छात्रवृत्ति प्रदान गरिएको छ। पठन संस्कृतिको पूर्वाधार पुस्तकालयको विकास र विस्तार भन्ने मूल नाराका साथ ज्ञान विकास पुस्तकालय स्थापना र लाइब्रेरीको स्थापना गरिएको छ। बालमैत्री विद्यालय घोषणाका लागि विभिन्न कार्यक्रमहरु गरिएका छन्।



**चित्र नं.६४: पनौती नगरपालिकामा महिला स्वंयम सेविकाहरु**

त्यसैगरि, अंग्रेजी शिक्षकहरुका लागि तालिम कार्यशाला सञ्चालन गरिएको छ। विद्यालयहरुलाई आई.सि.टी., विज्ञान प्रयोगशाला, पुस्तकालय साथै पानी सहितको शौचालयको लागि ८ विद्यालयलाई अनुदान दिइएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई सनेटरी प्याड वितरण गरिएको छ । सामुदायिक क्याम्पस तथा नमुना विद्यालय सञ्चालन अनुदान दिइएको छ। सामुदायिक विद्यालय बस सञ्चालनका लागि अनुदान वितरण गरिएको छ । पनौती नगरपालिका वस्तुगत विवरण अनुसार कृषि तथा पशु सम्बन्धी जनशक्ति ५६१, इन्जिनियरिङ सम्बन्धी जनशक्ति १३२, वन सम्बन्धी जनशक्ति ६३, मेडिसिन सम्बन्धी दक्ष जनशक्ति १४८, खाद्य प्रशोधन सम्बन्धी जनशक्ति २४, कानुन सम्बन्धी जनशक्ति ३२, पत्रकारिता सम्बन्धी जनशक्ति १७ जना उपलब्ध हुने देखिन्छ । यस नगरपालिकाको नीति तथा कार्यक्रमहरुमा शैक्षिक अवसर अभिवृद्धिका लागि नीति तथा कार्यक्रमहरु बन्दै आउनु यसका सबल पक्षहरु हुन् ।

### *५.३.१.३ चुनौती*

सामुदायिक र संस्थागत विद्यालय बीचको शैक्षिक गुणस्तरमा खाडल पुर्नुपर्ने चुनौती रहेको छ । हुनेखाने बालबालिकाहरुलाई संस्थागत विद्यालयको गाडीले बोकेर अध्यापनका लागि लगिरहेको अवस्था छ । सामुदायिक विद्यालयमा विद्यार्थीका अभाव हुने समस्या रहेको छ। यसैले गुणस्तरीय शिक्षा सबै बस्तीहरुमा उपलब्ध एवम व्यवस्था गर्न, अभिभावकलाई अझ बढि जबाफदेही बनाउन तथा  शैक्षिक सुधार कार्यक्रमको व्यापक प्रचारप्रसार गर्न चुनौती रहेको छ । निजी क्षेत्रबाट पनौती प्राविधिक शिक्षालयको सञ्चालन ( अटोमोबाइल सब-ओभरसियर) भए पनि समन्वयको अभाव छ। साक्षर पनौती नगर घोषणा भए पनि अझै महिला र पुरुषबीचको साक्षरता दरमा असमानता हुनु, दलितहरुको साक्षरता दर पनि माथिल्ला जातका तुलनामा न्यून हुनु प्रमुख चुनौतीका रुपमा देखा परेका छन् ।

त्यस्तै, अपागंता भएका बालबालिकाहरूलाई विद्यालय शिक्षामा समाहित गराउन चुनौती रहेको देखिन्छ । बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न पनि चुनौती रहेको देखिन्छ। क्याम्पस स्तरीय शिक्षा लिनका लागि काठमाडौं उपत्यका तर्फ जाने गरेको पाइन्छ। आवश्यक भौतिक पूर्वाधार र जनशक्तिको अपर्याप्तता रहेको छ। सिकाइ उपलब्धि प्रति शिक्षकहरुमा जिम्मेवारी र जवाफदेहिता स्थापित गर्नु आवश्यक देखिन्छ। स्थानीय कला, संस्कृति, भाषा, पुरातात्विक सम्पदा, खनिज, ताल, गुफा, औषधिजन्य वस्तु, भूगोल सम्बन्धी ज्ञान दिने पाठ्यक्रम बनाउनुपर्ने देखिन्छ। शिक्षकहरूलाई समयानुकूल अद्यावधिक (ज्ञान, सीप, सूचना तथा संचार प्रविधि) गर्न गराउन नसक्नु एक चुनौतीका रुपमा रहेको छ । यस स्थानमा भएका प्रसिद्ध निजी विद्यालयहरु एसओएस बालग्राम, मल्पी इन्टरनेसनलहरुसँग समन्वय गरी स्थानीय बालबालिकालाई

सहभागिता तथा पहुँच वृद्धि गर्नु चुनौती रहेको छ । विद्यालय क्षेत्रमा विद्यार्थी, शिक्षक तथा अभिभावकमा हुनुपर्ने अनुशासन, नैतिकता तथा आचारसंहिता कमजोर बन्दै गएको देखिन्छ । आवश्यक विषयगत शिक्षक नहुनु तथा दरबन्दीको शिक्षक आपूर्ति नहुनु एक चुनौती रहेको छ । निजी विद्यालयलाई विश्वास गर्नु र सहरका निजी विद्यालय प्रति विश्वास बढ्नु र त्यसका लागि काठमाडौं उपत्यका दैनिक विद्यार्थी पठाउनु एक चुनौती बनेको छ । कृषि प्राविधिक तथा पर्यटन शिक्षाको आवश्यकतालाई यथाशीघ्र सञ्चालन गर्नु चुनौती रहेको छ ।

### *५.३.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

#### ५.३.१.४.१ सोच

**"गुणस्तरयुक्त शिक्षाको पहुँचमा विस्तार पनौती नगरपालिकाको मानवीय विकास"** भन्ने दीर्घकालीन सोच राखी शिक्षा विकासका निम्न, सोच, लक्ष्य र उद्देश्य राखिएका छन् ।

#### ५.३.१.४.२ लक्ष्य

१. गुणस्तरीय शिक्षा, प्राविधिक तथा सीपयुक्त शिक्षा प्रदान गर्ने ।
२. रोजगारी र स्वरोजगारी विस्तार गर्ने खालको शिक्षाको विकास गर्ने ।

#### ५.३.१.४.३ उद्देश्यहरु

३. गुणस्तरीय शिक्षा तथा उच्च शिक्षामाथिको पहुँच विस्तार गरी सर्वसुलभ बनाउनु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको स्थापना तथा विस्तार गर्नु ।
५. स्थानीय, राष्ट्रिय स्तरमा आवश्यक हुने जनशक्ति आपूर्ति गर्नु ।

#### ५.३.१.४.४ रणनीतिहरु

६. अपांगता तथा पचास वर्ष माथिका निरक्षर महिलाहरुलाई साक्षर बनाउने ।
७. कृषि तथा पशु प्राविधिक जस्ता विषय र पर्यटन सम्बन्धी प्राविधिक ज्ञान दिने शिक्षालय खोलिने ।
८. गुणस्तरीय शिक्षा तथा उच्च शिक्षामाथिको पहुँच विस्तार गरी सर्वसुलभ बनाउने ।
९. सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।
१०. स्थानीय राष्ट्रिय जनशक्तिको मागलाई सम्बोधन गर्ने जनशक्ति निर्माण गर्ने ।
११. विद्यालयको आवश्यक भौतिक पूर्वाधारको निर्माण पूरा गर्ने ।
१२. पनौती नगरपालिकाको परिचय दिने स्थानीय पाठ्यक्रम तय गर्ने ।
१३. निजी शैक्षिक संस्थाहरुसँग व्यवस्थापन तथा नियमन गर्ने ।

#### ५.३.१.४.५ कार्यनीतिहरु

१४. बालविकास केन्द्र तथा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरी साक्षरता दर वृद्धि गरिनेछ । विशेष गरी प्रौढ महिला तथा अपांगता भएकाहरुमा विशेष साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. प्राविधिक शिक्षा जस्तै कृषि, पशुपालन तथा पर्यटन सम्बन्धी प्राविधिक शिक्षालय खोलिनेछ । यसका साथै प्राविधिक तर्फ उच्च शिक्षा अध्ययनको लागि सशर्त ऋण अनुदानको व्यवस्था गरिनेछ।
१६. सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट मोडेल शिक्षक छनोट गरिनेछ साथै उत्कृष्ट मोडल शिक्षकलाई सम्मान गरिनेछ ।

१७. उच्च शिक्षाको पहुँच विस्तार गर्न विभिन्न स्थानहरुमा क्याम्पस स्थापना गरिनेछ ।
१८. शिक्षा सुधारका लागि त्रिकोणात्मक सम्बन्ध र समन्वय स्थापना गरिनेछ ।
१९. पनौती नगरमा व्यावहारिक शिक्षाका लागि स्थानीय पाठ्यक्रम निर्धारण गरिनेछ ।
२०. विद्यालय शिक्षाको पहुँच विस्तारका लागि विभिन्न विद्यालयहरुमा कक्षा स्तरोन्नति गरिनेछ ।
२१. अभिभावकको काँधमा सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि जिम्मेवारी दिइनेछ ।
२२. विद्यालयहरुको आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ ।
२३. एसओएस बालग्राममा कृषि विषयको पठनपाठन शुरु गरिनेछ ।
२४. भालेश्वर माविमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
२५. मल्पी इन्टरनेसनल विद्यालयसँग समन्वय स्थापित गरिनेछ ।
२६. विद्यालयहरुलाई बालमैत्री विद्यालय बनाउँदै लगिनेछ ।
२७. प्राविधिक कृषि क्याम्पस स्थापना गरिनेछ ।
२८. सामुदायिक विद्यालयप्रति जनविश्वास सिर्जना कार्यक्रम ।

### ५.३.१.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४२: सामाजिक विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं. | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | नगर शिक्षाका लागि आधारभूत तह सम्मको स्थानीय पाठ्यक्रम निर्धारण कार्यक्रम | नपा | २०० | २ | १०० | १०० | | | | २०७८ | २०८० | नपा | |
| २. | सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुसार प्राविधिक (कृषि र वन) विषय अध्यापन सञ्चालन कार्यक्रम | नपा | ३,००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | संघ / प्रदेश | |
| ३. | प्राविधिक शिक्षाको व्यावसायीकरण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ४. | नगरभित्र एक प्राविधिक विश्वविद्यालय स्थापना कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नपा | |
| ५. | सुविधा सम्पन्न छात्रावास निर्माण कार्यक्रम | नपा | ३,००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | नपा | |
| ६. | सामुदायिक विद्यालयका बालबालिकाहरुलाई शैक्षिक सामग्री पोशाक वितरण | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ७. | विद्यालयहरुमा बालमैत्री खानेपानी र शौचालयको व्यवस्थापन कार्यक्रम | नपा | ५०० | २ | २५० | २५० | | | | २०७८ | २०८० | नपा | |
| ८. | शत प्रतिशत विद्यार्थी भर्ना कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ९. | अभिभावकको काँधमा सामुदायिक विद्यालय कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १०. | शिक्षा सुधारका लागि त्रिकोणात्मक सम्बन्ध र समन्वय कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ११. | सामुदायिक पुस्तकालय सञ्चालन | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १२. | विद्यालय भवन स्तरोन्नति तथा निर्माण कार्यक्रम | नपा | २,००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| १३. | विद्यालयस्तरीय खेलकुद मैदान स्तरोन्नति कार्यक्रम | नपा | १,००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८३ | नपा | |
| **जम्मा** | | | ९,७०० | | २,१५० | २,१५० | १,८०० | १,८०० | १,८०० | | | | ९,७०० |

द्रष्टव्य: कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकता अनुसार बजेट विनियोजन गर्न सक्नेछ।

### ५.३.१.४.७ अपेक्षित उपलब्धिहरु

योजना कार्यान्वयन पश्चात् पनौती नगरपालिकामा नगर शिक्षाका लागि आधारभूत तहसम्मको स्थानीय पाठ्यक्रम निर्धारण गरिएको हुनेछ। सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुसार प्राविधिक (कृषि र वन) विषय अध्यापन सञ्चालन भएको हुनेछ। प्राविधिक शिक्षाको व्यावसायीकरण कार्यक्रम लागू भएको हुनेछ। नगर भित्र एक प्राविधिक विश्वविद्यालय स्थापना गरिएको हुनेछ। सुविधा सम्पन्न छात्रावास निर्माण गरिएको हुनेछ। सामुदायिक विद्यालयका बालबालिकाहरुलाई शैक्षिक सामग्री पोशाक वितरण कार्यक्रम निरन्तर रुपमा लागू भएको हुनेछ । विद्यालयहरुमा बालमैत्री खानेपानी र शौचालयको व्यवस्थापनल भएको हुनेछ । शत प्रतिशत विद्यार्थी भर्ना कार्यक्रम लागू भएको हुनेछ। अभिभावकको काँधमा सामुदायिक विद्यालय कार्यक्रम लागू भएको हुनेछ। शिक्षा सुधारका लागि त्रिकोणात्मक सम्बन्ध र समन्वय कार्यक्रम सञ्चालनमा आएका हुनेछन्। सामुदायिक पुस्तकालय सञ्चालन भएको हुनेछ। विद्यालय भवन स्तरोन्नति तथा निर्माण कार्यक्रम लागू भएको हुनेछ। विद्यालय सूचना प्रविधियुक्त बनेका हुनेछन्। स्थानीय तहको भूगोल, उत्पादन, सम्पदा, धर्म, संस्कृति, भाषा, कला, आदि बारे अध्यापन भएको हुनेछ । नगरपालिका भित्रै स्नातकोत्तर तहको अध्ययनमा पहुँच वृद्धि भएको हुनेछ। सामुदायिक पुस्तकालय विभिन्न वडाहरुमा सञ्चालन भएको हुनेछ। विद्यालयस्तरीय खेलकुद मैदानहरुको स्तरोन्नति भएको हुनेछ।

## ५.३.२ स्वास्थ्य विकास योजना

### *५.३.२.१ पृष्ठभूमि*

स्वस्थ जनशक्तिले नै नगरपालिकाको समग्र विकास गर्न सक्छ । स्वस्थ भएपछि शिक्षित बन्न सकिन्छ । स्वास्थ्य विकासका अपेक्षित आयु, मातृशिशु मृत्युदर, बालमृत्युदर अपांगता, स्वास्थ्य संस्थाको पहुँच, उपचार पद्धति, पोषणको स्थिति आदि सूचकहरु हुन् । नेपालको संविधानको धारा ३५ को स्वास्थ्य सम्बन्धी हकलाई मनन गर्दै नगर क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्यसँग सम्बन्धित विभिन्न समस्याको व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सम्बन्धी विविध योजना तथा कार्यक्रम गर्न सकिन्छ । नेपालीको औसत आयु सन् १९९४ मा ५५ वर्ष थियो जुन क्रमशः सुधार हुँदै आएको छ । अशिक्षा, गरिबी, खानेपानीको न्यून उपलब्धता, खाद्यसुरक्षा कमी, उपचार सेवाको न्यून उपलब्धतालाई कम आयुका कारणहरु मान्न सकिन्छ (युएनडिपी, सन् २००१) ।




चित्र नं.६५: आगन्तुकका लागि नगरपालिका कार्यालयमा हात धुने ठाउंको व्यवस्था

पनौती नगरपालिकाको वस्तुगत विवरण अनुसार पनौती नगरपालिका २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौक ८ वटा र नगर स्वास्थ्य केन्द्र १ वटा रहेका छन् । महिला स्वास्थ्य स्वयंसेविकाको संख्या १२० छ । यस नगरपालिकामा खोपासी पी.एच.सी.सी. र कुशादेवी एच.पी. गरि दुईवटा प्रसुति केन्द्रहरु रहेका छन् । यस नगरपालिकामा साधरणतया निमोनियाँ, झाडापखाला, स्त्रीरोग, आँखा रोग, रुघाखोकी, दन्तरोग, चर्म, ग्यास्ट्रिक, ज्वरो, टाउको दुख्ने, ढाड दुख्ने, सुन्निने, घाउ घटिरा आउने जस्ता स्वास्थ्य समस्याहरु देखिन्छन् । आ. व. २०७६/०७७ को नगरपालिकाको कार्यक्रम नीति तथा कार्यक्रम अन्तर्गत नागरिकको मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने कार्यलाई सुनिश्चित गरिने, समुदायमा आधारित आधारभूत स्वास्थ्य सेवाको गुणस्तरीय पहुँच तथा प्रभावकारिकामा अभिवृद्धि गरिने, आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी र गुणस्तरीय बनाउन पूर्वाधार विकास, नियमित औषधी, आपूर्ति तथा थप औजार उपकरणको व्यवस्था गरिने, आमा, नवजात शिशु, बालबालिका र किशोरीहरुको स्वास्थ्य प्रवर्धनमा सुरक्षित मातृत्व, खोप, पोषण तथा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने, ज्येष्ठ नागरिकहरुका स्वास्थ्य समस्याहरु समाधान गर्न स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिने, नगरपालिकाभित्र १५ शैयाको अस्पताल निर्माण गर्ने, स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकामको भूमिकालाई अझ बढी प्रभावकारी बनाउने, स्वास्थ्य सेवाप्रवाहलाई जबाफदेही बनाउने, नगरपालिकाभित्रका सबै प्रकारका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको नियमन गरिने नीति लिएको थियो ।

### ५.३.२.२ अवसर

यस नगरपालिकाको पनौती स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर र प्रयोगशाला सञ्चालन भएको छ । खोपासी स्वास्थ्य केन्द्रमा रेबिज विरुद्धको खोप सञ्चालन गरिएको छ । ३३ वटा स्वास्थ्य शिविरहरु सञ्चालन गरी स्वस्थ नागरिक निर्माणमा जोड दिएको अवस्था छ । डेँगु रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा आइरहेको अवस्था छ । बढ्दो बिश्वव्यापी माहामारी रोग कोभिड १९ र कोभिड २० को बिरुद्ध पनौती नगरपालीका सजग र सचेत रहेको छ । नगरपालीकाले कोभिड १९ र कोभिड २० रोग नियन्त्रण तथा रोकथामको लागि बिभिन्न कार्यक्रम एवम तालीमहरु सञ्चालन गरिरहेको छ, तथा नगरबासीहरुलाई आवश्यक सरसपलाई र सामाजिक दुरी अप्नाउनका लागि समय समयमा जनचेतना फैलाउँदै आएको छ । कडा रोगीहरुलाई उपचार खर्च वितरण गरिएको अवस्था छ । मोतियाबिन्दु रोगीको उपचार गरिएको छ । खोप सेवाहरुका विभिन्न खोप केन्द्रहर मार्फत सहज पहुँच पुऱ्याइएको अवस्था छ । स्वास्थ्य चौकी भवन नभएका वडामा स्वास्थ्य चौकी भवन निर्माण भइरहेको छ । सुत्केरी भेट कार्यक्रम, बालपोषण कार्यक्रम सर्वोत्तम पिठो वितरण गर्भवती महिलालाई पोषण वितरण कार्यक्रम, ज्येष्ठ नागरिकका लागि गाउँघर क्लिनिक सञ्चालन तथा महिला स्वास्थ्य स्वर्यसेविकाको  लागि क्षमता अभिवृद्धि कार्यक्रमहरु गरिँदै आएका छन् । यी कार्यक्रमहरुले बालमृत्युदर, मातृमृत्युदर घाउन सहयोग गरेको पाइन्छ । स्वस्थ ज्येष्ठ नागरिक बनाउनका लागि सहयोग गरेको छ । महिला स्वास्त्य स्वयंसेविकाको दक्षता अभिवृद्धि भएको देखिन्छ ।




चित्र नं.६६: पनौती नगरपालिकामा संचालित घरेलु सेनिटाईजर बनाउने तालिम

### ५.३.२.३ चुनौती

यस नगरपालिकाको सबै वडाहरुमा बर्थिङ सेन्टर सञ्चालन गर्न सकिएको छैन । केही स्वास्थ्य चौकीहरुको भवन निर्माण गर्न आवश्यक छ । सञ्चालित बर्थिङ सेन्टरहरुमा कुरुवा घरको व्यवस्थापन भएको छैन । स्वास्थ्य शिविरहरु सञ्चालन भइरहेका छन् अझ विस्तार र प्रभावकारी बनाउनुपर्ने अवस्था छ । सरुवा रोगहरु तथा असाध्य रोगहरुका बारेमा जनचेतनाका कार्यक्रमहरुलाई अझ व्यापक बनाउनुपर्ने अवस्था छ । खोप सेवाहरुका विभिन्न खोप केन्द्रहरुको विस्तार गर्न आवश्यक देखिन्छ । एम्बुलेन्स सेवाको पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ । आधुनिक प्रयोगशाला सहितको नगर अस्पताल निर्माण गर्नुपर्ने अवस्था रहेको छ । सुत्केरी भेट कार्यक्रम, बालपोषण कार्यक्रम सर्वोत्तम पिठो वितरण गर्भवती महिलालाई पोषण वितरण कार्यक्रम, ज्येष्ठ नागरिकका लागि गाउँघर क्लिनिक सञ्चालन तथा महिला स्वास्थ्य स्वर्यसेविकाको  लागि क्षमता अभिवृद्धि कार्यक्रमहरुलाई निरन्तरता दिनपर्ने अवस्था छ  । दक्ष स्वास्थ्यकर्मी र पर्याप्त स्वास्थ्यकर्मी उपलब्ध गराउनुपर्ने देखिएको छ । पर्यटकीय क्षेत्रहरुमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नुपर्ने देखिन्छ ।

### *५.३.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

#### ५.३.२.४.१ सोच

**"स्वस्थ र सबल पनौतीवासी: समृद्ध पनौती नगरपालिका"**

#### ५.३.२.४.२ लक्ष्य

१. सबै पनौतीवासीहरुलाई स्वास्थ्य सेवाहरुको पहुँच वृद्धि गरी स्वस्थ र सबल बनाउने ।

#### ५.३.२.४.३ उद्देश्यहरु

२. सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवाको विस्तार गराउनु ।
३. प्रजनन स्वास्थ्य, प्रसूतिजन्य स्वास्थ्य र पोषणसम्बन्धी चेतना अभिवृद्धि गराउनु ।
४. बर्थिङ सेन्टर विस्तार तथा व्यवस्थित र प्रभावकारी बनाउनु ।
५. नगरपालिकास्तरीय अस्पताल निर्माण गरी स्वास्थ्य सेवा पहुँच अभिवृद्धि गराउनु ।

#### ५.३.२.४.४ रणनीतिहरु

६. प्रजनन स्वास्थ्य, गर्भनिरोध, प्रसूतिजन्य स्वास्थ्य सम्बन्धी जनचेता वृद्धि गर्दै मातृमृत्युदर, बालमृत्युदर न्यून गर्ने ।
७. स्वास्थ्य सेवा सुविधा तथा उपचार प्रणालीलाई व्यवस्थित तथा आधुनिक बनाई सेवा तथा पहुँच अभिवृद्धि गर्ने ।
८. सरुवा रोग तथा नसर्ने रोगहरुको उपचार पालिकास्तरीय अस्पतालमा गराउने ।
९. नगरपालिकास्तरीय अस्पताल निर्माण गरी स्वास्थ्य पहुँच अभिवृद्धि गर्ने ।
१०. बर्थिङ सेन्टरलाई विस्तार तथा व्यवस्थित र प्रभावकारी बनाउने ।
११. स्वास्थ्य चौकीलाई भौतिक पूर्वाधारयुक्त बनाउने ।
१२. पर्यटकीय क्षेत्रहरुमा स्वास्थ्य सेवा पहुँच बनाउने ।

#### ५.३.२.४.५ कार्यनीतिहरु

१३. नगर अस्पतालको निर्माण गरी स्वास्थ्य पहुँच बढाइनेछ ।
१४. नगरपालिकामा समयसमयमा विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
१५. नगरपालिकाका भित्रका स्वास्थ्य चौकीलाई प्रयोगशाला सहितको स्वास्थ्य चौकीको रुपमा विकास गरिनेछ ।
१६. बर्थिङ सेन्टरहरुमा कुरुवा घर  निर्माण गरिनेछ ।
१७. खोप कार्यक्रमलाई थप व्यवस्थित बनाउन खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।
१८. महिला स्वयंसेविकालाई थप तालिम तथा प्रोत्साहन कार्यक्रम गरिनेछ ।
१९. स्थानीय स्तरमा बहुपोसिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइनेछ ।
२०. ज्येष्ठ नागरिक गाउँघर क्लिनिकलाई अझ व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
२१. एम्बुलेन्स उपलब्धता र व्यवस्थापन कार्यक्रम लागू गरिनेछ ।
२२. पर्याप्त र दक्ष स्वास्थकर्मीको व्यवस्थापन गरिनेछ ।
२३. पर्यटकीय क्षेत्रहरुमा प्राथमिक उपचारका लागि क्लिनिकहरु खोलिनेछ ।

### ५.३.२.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४३: स्वास्थ्य विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं. | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | नगर अस्पताल निर्माण योजना (सय बेड) | नपा | ४०,००० | ५ | ५,००० | १५,००० | १०,००० | ५,००० | ५,००० | २०७८ | २०८३ | संघ | |
| २. | सबै वडास्तरीय स्वास्थ्य संस्थाहरु पूर्वाधारयुक्त निर्माण योजना | नपा | २,००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| ३. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको लागि स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ४. | सबै नागरिकहरुको स्वास्थ्य बिमा गरिने कार्यक्रम | नपा | २००० | २ | १००० | १००० | – | – | – | २०७८ | २०८० | नपा | |
| ५. | रोकथाममूलक र उपचारात्मक सेवा विस्तार कार्यक्रम | नपा | २००० | २ | १००० | १००० | – | – | – | २०७८ | २०८० | नपा | |
| ६. | दक्ष स्वास्थ्यकर्मी व्यवस्थापन योजना | नपा | ५०० | ३ | २०० | १५० | १५० | – | – | २०७८ | २०८१ | नपा | |
| ७. | आवश्यकता बमोजिम बर्थिङ सेन्टर स्थापना कार्यक्रम | नपा | ४००० | २ | – | ३००० | १००० | – | – | २०७९ | २०८१ | प्रदेश | |
| ८. | पर्यटकीय क्षेत्रहरुमा प्राथमिक उपचार क्लिन सञ्चालन कार्यक्रम | नपा | ५०० | ४ | २०० | १०० | १०० | १०० | | २०७८ | २०८२ | नपा | |
| ९. | गर्भवती पोषण तथा सुत्केरी भेट कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १०. | सरुवा रोगसम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ११. | प्रत्येक वडास्तरीय एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम | नपा | २००० | ३ | १००० | ५०० | ५०० | | | २०७८ | २०८१ | नपा | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | महिला स्वास्थ्य स्वर्यसेविकाको लागि क्षमता अभिवृद्धि कार्यक्रम निरन्तर | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १३. | स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| | जम्मा | | ५३००० | | ८,८०० | २१,१५० | १२,१५० | ५,५०० | ५,४०० | | | | |

द्रष्टव्य: कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ।

### ५.३.२.४.७ अपेक्षित उपलब्धिहरु

यस योजना अन्तिम वर्षसम्म नगरपालिकामा नगर अस्पतालको निर्माण भएको हुनेछ।. सबै वडास्तरीय स्वास्थ्य संस्थाहरु पूर्वाधारयुक्त भएको हुनेछन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको लागि निशुल्क स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन गरिएको हुनेछ। सबै नागरिकहरुको स्वास्थ्य बिमा गरिएको हुनेछ। रोकथाममूलक र उपचारात्मक सेवा विस्तार कार्यक्रम सञ्चालन गरिएको हुनेछन्। दक्ष स्वास्थ्यकर्मी व्यवस्थापन गरिएको हुनेछ। आवश्यकता बमोजिम बर्थिङ सेन्टरहरु स्थापना गरिएको हुनेछन्। पर्यटकीय क्षेत्रहरुमा प्राथमिक उपचार क्लिनक सञ्चालन गरिएको हुनेछ। गर्भवती पोषण तथा सुत्केरी किट कार्यक्रम निरन्तर रुपमा सञ्चालन भएको हुनेछ। सरुवा रोग सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ। एम्बुलेन्स सेवा सञ्चालन गरिएको हुनेछ। समय समयमा निशुल्क स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको हुनेछ। प्रयोगशाला सहितको स्वास्थ्य चौकीहरुको विकास तथा विस्तार भएको हुनेछ। महिला स्वयं सेविकाको भूमिकाका प्रभावकारीता तथा प्रोत्साहनपुर्ण पाईएको हुनेछन्। स्वास्थ्य शिविरहरु सञ्चालन भएको हुनेछ।

## ५.३.३ बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक तथा खेलकुद विकास योजना

### *५.३.३.१ पृष्ठभूमि*

बालबालिका, महिला, युवा तथा ज्येष्ठ नागरिकका वास्तविक सवालहरुलाई सम्बोधन गरी सामाजिक विकास गर्न सकिन्छ। सामाजिक विकास नै नगरपालिकाको समृद्धि तथा समुन्नतिका आधार हो। नगरपालिका वस्तुगत विवरण अनुसार २४.१७ प्रतिशत बालबालिका संख्या रहेको छ। महिलाको संख्या कुल जनसंख्याको ४९.७० प्रतिशत रहेको छ । यसै गरी ज्येष्ठ नागरिकको संख्या कुल जनसंख्याको ८.१४ प्रतिशत रहेको छ । युवाजनशक्तिको सही परिचालन नै विकासको आधारशिला हो। यसै गरी शारीरिक तथा मानसिक विकासमा खेलकुदको प्रमुख भूमिका हुन्छ। युवाहरुमा लगनशीलता, अनुशासन, इमानदारिता निर्माण गर्ने काम खेलकुद विकासले गर्दछ।



चित्र नं.६७: ज्येष्ठ नागरिक प्रति जिम्मेवार बन्दै पनौती नगरपालिका

### *५.३.३.२ अवसर*

पनौती नगरपालिकामा जनसांख्यिक बनोट हेर्दा बालबालिका तथा युवा जनशक्तिको उपस्थिति राम्रो नै देखिन्छ। बालमैत्री स्थानीय शासन घोषणा २ र ३ वडा वडाहरुले गरिसकेका छन्।



चित्र नं.६८: पनौती नगरपालिका वडा नं २ र ३ बालमैत्री वडा घोषणा

पनौती नगरपालिका कार्यालयले बालमैत्री स्थानीय शासन घोषणा गर्न सक्षम भएकोमा वडा नं २ र ३ लाई पाँच/पाँच लाख रुपैयाँ पुरस्कारले सम्मान गरेको थियो।

युवाशक्ति बाहिर पलायन हुने वातावरणलाई न्यूनीकरण गर्ने प्रयास स्वरुप नगरपालिकाले युवा स्वरोजगार कार्यक्रम लागू गरिरहेको अवस्था छ । असहाय तथा अभिभावक विहीन बालबालिकालाई केही सहयोग गरिएको छ । युवाहरुलाई नगरपालिकाभित्रै रोजगारी दिन सकिने सम्भावना बढ्दै गएको छ । विद्यालय स्तरमा विभिन्न खेलकुद प्रतियोगिता आयोजन हुनु अवसर रहेको छ । युवाहरुलाई स्वरोजगारमुखी तालिमहरु दिइँदै आएको छ । कृषिक्षेत्रमा युवा आकर्षण गर्न खोजिएको छ ।

बालबालिका भनेका देशका लागि भबिष्यका कर्णधार हुन् । उनीहरुको चौतर्फी विकास हुनु नितान्त आवश्यक छ। देशमा बढ्दै गएको अव्यवस्थित बजारीकरणको कारण आजभोलि बजार क्षेत्रमा खुल्ला ठाउँ पाइन नसकिएको अवस्था छ । बाल उद्यान भन्नाले समाजमा रहेका बालबालिकाहरुको मनोरञ्जनको लागि बनाइएको बगैंचा, खेल क्षेत्र तथा मनोरञ्जन क्षेत्र पर्दछ ।

खेल मैदान भन्नाले स्थानीय स्तरमा रहेका बालबालिका देखि युवायुवती र वृद्धवृद्धालाई समेत आवश्यक पर्ने खुल्ला स्थान वा संरक्षित स्थान भन्ने बुझिन्छ । जहाँ बालबालिकाले मनोरन्जनका लागि सामान्य खेल खेल्दछन् भने युवा युवतीले अन्य खेल जस्तै फुटबल, भलिबल, लगायतका अन्य खेलहरु खेल्दछन् । त्यसै गरी वृद्धवृद्धाहरुले विहान वा बेलुका खुल्ला क्षेत्रमा टहलेर स्वास्थ्य लाभ लिने गर्दछन् । महिला सीप क्षमता तथा रोजगारीका कार्यक्रमहरु प्रत्येक वर्ष भइरहेका छन् ।



चित्र नं.६९: पनौती फुटबल कप हेर्न उत्साहित दर्शकहरु

पनौती नपाको बहुप्रतिष्ठित क्षेत्र स्तरको रंगशालाको निर्माण लामो समय देखि गतिहिन अवस्थामा रहेको थियो । व्यक्तिको नाममा दर्ता स्रेस्ता कायम भएको जग्गा कानुन बमोजिम प्राप्त नगरे सम्म त्यसतर्फ निर्माण कार्य गर्न नसकिने कानुनी अड्चनका कारण अन्योलमा परेको थियों । हाल केन्द्र सरकारकारले विधिबत रुपमा योजना स्वीकृत गरि संचालनमा रहेको रंगशालाको निर्माण कार्यलाई अगाडि बढाउन प्रयास गरिएको छ ।

**"स्वास्थ्यको लागि खेलकुद,राष्ट्रको लागि खेलकुद"** भन्ने मूल नाराका साथ पनौती नगरपालिकाद्वारा आयोजित ३ दिने बिद्यालय स्तरीय १२ औं राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता यस नगर क्षेत्र अन्तर्गत २३ वटा विद्यालयका खेलाडीहरु संलग्न भई १५ ओटा विभिन्न विधामा छात्रा तथा छात्र गरि ३० समुहमा विभाजित भई सुरु भएको थियो । उक्त प्रतियोगितात्मक कार्यक्रममा पनौती अंग्रेजी माध्यमिक विद्यालय प्रथम, सिद्धार्थ बनस्थली मा.वि द्धित्तिय र मल्पी इन्टरनेशनल बोर्डिंग तृतिय भई अन्य विद्यालयले पनि विभिन्न शिल्ड तथा पदकहरु प्राप्त गरि भव्य रुपमा प्रतियोगिता सम्पन्न भएको थियो । विजयी विद्यालय तथा विद्यार्थीहरुलाई पनौती नगरपालिकाले विशेष बधाई तथा शुभकामना व्यक्त गरेको थियो ।



चित्र नं.७०: १२ औं राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको एक झलक

### ५.३.३.३ चुनौती

पनौती नगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणा पूर्ण गर्न समय लाग्ने देखिन्छ । १० बटा वडाहरुमा यस कार्यक्रमको घोषण बाँकी नै रहेको छ । घोषणा पछि रणनीतिक कार्यनीति तथा कार्यक्रमहरु प्रभावकारी ढंगले गर्नु एक चुनौती हुनेछ । पनौती नगरपालिकाका युवाहरु उच्च शिक्षा प्राप्त गर्न काठमाडौं उपत्यका तर्फ बाहिरिएको देखिन्छ । युवाशक्ति विदेश पलायन हुने प्रवृति रोक्नु, कामको खोजीमा काठमाडौं उपत्यातर्फ जाने प्रवृत्ति रोक्नु, र युवाको क्षमता सीप, दक्षता अभिवृद्धि गर्न नसक्नु यस नगरपालिकाका चुनौती हुन् । यसै गरी नयाँनयाँ खेलका सम्भावनाको खोजी गरिएको छैन । प्रशिक्षक र खेलाडी छनोट जस्ता कार्यहरु विगतमा त्यति भएका छैनन् । खेलाडीको क्षमता विस्तार र नयाँ खेलाडीको विकास गर्न विभिन्न समयमा प्रशिक्षक झिकाई तालिमको आयोजना गर्न सकिन्छ । तर उपयुक्त खेलमैदान तथा भौतिक पूर्वाधारयुक्त खेल मैदानको अभाव पूरा हुन सकेका छैनन् । विद्यालयमा खेलकुदको विकास र विस्तार गर्नका लागि उचित कार्यक्रमहरु भएका छन् तर प्रभावकारी रुपमा व्यवस्थित हुन सकेका छैनन् । महिला सिप, क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई आवश्यकता र मागमुखी बनाउन आवश्यक छ ।

### ५.३.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि

#### ५.३.३.४.१ सोच

**"पनौती नगरपालिकाको बालबालिका, महिला, युवाशक्ति, ज्येष्ठ नागरिक खेलकुद विकासमा लगानी नै पनौती नगरपालिकाको समृद्धि"**

#### ५.३.३.४.२ लक्ष्य

१. पनौती नगरपालिका पूर्ण बालमैत्री स्थानीय शासन घोषणा हुने ।
२. पनौती नगरपालिकाको समग्र विकासमा युवालाई प्रोत्साहित तथा मार्गदर्शन गर्दै सहभागिता गराउने ।
३. पनौती नगरपालिका लैंगिक समतायुक्त नगरपालिका हुने ।
४. खेलकुद क्षेत्रको विकास गरी शारीरिक र मानसिक स्वस्थता, अनुशासन र नैतिकता अभिवृद्धि गर्ने ।

५. ज्येष्ठ नागरिकको आदर सम्मान तथा सामाजिक सुरक्षा हुने ।

### ५.३.३.४.३ उद्देश्यहरु

६. पनौती नगरपालिका पूर्ण बालमैत्री स्थानीय शासन घोषणा हुनु ।
७. बालबालिका, युवाको ज्ञान, दक्षता, क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा सहभागिता अभिवृद्धि गर्नु ।
८. पनौती नगरपालिकाको समग्र विकासमा युवालाई प्रोत्साहित तथा मार्गदर्शन गर्दै सहभागिता गराउनु
९. खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु ।
१०. खेलकुद प्रशिक्षक तथा खेलाडीको गुणस्तर अभिवृद्धि गर्नु ।
११. पनौती नगरपालिकामा लैंगिक समता नगरपालिका हुनु ।
१२. खेलकुद क्षेत्रको विकास गरी शारीरिक र मानसिक स्वस्थता, अनुशासन र नैतिकता अभिवृद्धि गनु ।
१३. ज्येष्ठ नागरिकको आदर सम्मान तथा सामाजिक सुरक्षा हुनु ।

### ५.३.३.४.४ रणनीतिहरु

१४. सबै वडाहरुमा बालमैत्री स्थानीय शासन अवलम्बन घोषणा गर्ने ।
१५. बालमैत्री बालउद्यान निर्माण गर्ने ।
१६. बालबालिकाको बौद्धिक, शारीरिक तथा मानसिक विकासका लागि बेतडाँडा बालमैत्री पार्क निर्माण गर्ने ।
१७. युवाहरुलाई प्राविधिक ज्ञान, उद्यमशिलताको ज्ञान सिप दक्षता अभिवृद्धि गर्ने ।
१८. लगनशील, इमान्दारी, सिर्जनशील युवाको खोजी तथा सम्मान गर्ने ।
१९. मनोरञ्जन तथा खेलकुदका अवसरहरू वृद्धि गर्ने ।
२०. मनोरञ्जन तथा खेलकुदका कार्यक्रमहरु नगरपालिका स्तरीय तथा वडास्तरीय रुपमा सञ्चालन गर्ने ।
२१. खेलकुदका स्थापित व्यक्तित्व वा खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने ।
२२. खेलकुद प्रशिक्षक छनोट तथा क्षमता अभिवृद्धि गर्ने ।
२३. बालबालिका तथा युवाहरुलाई मदिरा तथा दुर्व्यसनीको नकारात्मक पक्षसम्बन्धी चेतना जगाउने ।
२४. ज्येष्ठ नागरिकको लागि ज्येष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
२५. ज्येष्ठ नागरिका लागि वृद्धा आश्रम निर्माण गर्ने ।

### ५.३.३.४.५ कार्यनीतिहरु

२६. सबै वडाहरुमा बालमैत्री स्थानीय शासन अवलम्बन घोषणा कार्यक्रम लागू गरिनेछ ।
२७. बालमैत्री बालउद्यान तथा बाल मैत्री पार्क निर्माण गरिनेछ ।
२८. आवश्यकता बमोजिमको युवा स्वरोजगार र वैदेशिक रोजगारबाट फर्केका लागि युवा स्वरोजगार अवसर दिइनेछ ।
२९. लागूपदार्थ तथा दुर्व्यसनीलाई हटाउन विभिन्न कार्यक्रम गरिनेछ ।
३०. विभिन्न स्थाहरुमा खेल मैदान निर्माण गरिनेछ ।
३१. महिला स्वरोजगार तथा उद्यमशली बनाउन विशेष तालिम, अभिमूखीकरण तथा प्रोत्साहन गरिनेछ ।
३२. महिला अभिमुखीकरण एवं सशक्तीकरण प्राथमिकता साथ लागू गरिनेछ ।
३३. छुवातछूत तथा बोक्सी प्रथा उन्मूलन गरी महिला हिंसा न्यूनीकरण हुनेछ ।
३४. पिछडिएका महिला विशेष प्राथमिकता दिई विकासमा सहभागिता गराइनेछ ।

### ५.३.३.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४४: बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक तथा खेलकुद विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क.स. | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सबै वडाहरुमा बालमैत्री स्थानीय शासन अवलम्बन घोषणा कार्यक्रम | नपा | २०० | १ | २०० | | | | | २०७८ | २०७९ | नपा | |
| २. | प्रत्येक वडाहरुमा बालमैत्री बालउद्यान निर्माण योजना | नपा | १००० | ३ | ४०० | ३०० | ३०० | | | २०७८ | २०८१ | नपा | |
| ३. | बालश्रम मुक्त नगरपालिका घोषणा कार्यक्रम | नपा | २०० | १ | २०० | | | | | २०७८ | २०७९ | नपा | |
| ४. | युवा लक्षित सिपको अवसर प्रदान गरी युवा स्वरोजगार कार्यक्रम | नपा | १००० | ३ | ३०० | ४०० | ३०० | | | २०७८ | २०८१ | नपा | |
| ५. | युवा उद्यमशीलता सिर्जनासम्बन्धी कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ६. | सिर्जनशील तथा उद्यमशील उत्कृष्ट युवा सम्मान कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ७. | वैदेशिक रोजगारबाट फर्केका लागि युवा स्वरोजगार कार्यक्रम | नपा | ५०० | २ | २५० | २५० | | | | २०७८ | २०८० | नपा | |
| ८. | दुर्व्यसनी रोकथाम कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ९. | पनौती रंगशालाको स्तरोन्नति कार्यक्रम | नपा | १००० | २ | ५०० | ५०० | | | | २०७८ | २०८० | नपा | |
| १०. | एक वडा एक व्यवस्थित खेलमैदान निर्माण कार्यक्रम | नपा | ३००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | प्रदेश | |
| ११. | क्षेत्रीय रंगशालालाई पूर्णता दिँदै खेल पर्यटन प्रवर्धन विस्तार योजना | नपा | ७००० | ३ | ३००० | २००० | २००० | | | २०७८ | २०८१ | प्रदेश | |
| १२. | महिला स्वरोजगार कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १३. | महिला अभिमुखीकरण एवं सशक्तीकरण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १४. | महिला आर्थिक उपार्जन तथा स्वाभिमानी कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |

| क.स. | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५. | छुवाछूत तथा बोक्सी प्रथा उन्मूलन कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १६. | सामाजिक विभेद न्यूनीकरणका लागि जनचेतना कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १७. | परम्परागत सीप जगेर्ना कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १८. | अपांगमैत्री संरचना निर्माण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १९. | अपांगता भएका व्यक्ति सीप दिई आत्मनिर्भर बनाउने कार्यक्रम | नपा | २०० | २ | १०० | १०० | | | | २०७८ | २०८० | नपा | |
| २०. | उपयुक्त स्थानमा वृद्धा श्रम स्थापना कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| २१. | हिंसा, दुर्व्यवहार मुक्त समाज निर्माणका लागि कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| २२. | हिंसा पीडितहरुलाई अल्पकालीन आश्रय स्थल निर्माण कार्यक्रम | नपा | १००० | ३ | ४०० | ३०० | ३०० | | | २०७८ | २०८१ | नपा | |
| २३. | जेन्डर अडिट कार्यक्रम सञ्चालन | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| २४. | लैंगिक मैत्री बजेट व्यवस्थापन र कार्यान्वयन कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| | **जम्मा** | | १५,१०० | | ५९५० | ४४५० | ३५०० | ६०० | ६०० | | | | |

***द्रष्टव्य:*** कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ।

### ५.३.३.४.७ अपेक्षित उपलब्धिहरु

पनौती नगरपालिकाको सबै वडाहरुमा बालमैत्री स्थानीय शासन अवलम्बन घोषणा भएको हुनेछ । प्रत्येक वडाहरुमा बालमैत्री बालउद्यान निर्माण भएका हुनेछन् । बालश्रम मुक्त नगरपालिका घोषणा गरिएको हुनेछ । युवा लक्षित सिपको अवसर प्रदान गरी युवा स्वरोजगार कार्यक्रमबाट युवाहरु लाभान्वित भएका हुनेछन् । युवा उद्यमशीलता सिर्जनासम्बन्धी कार्यक्रम लागू भएको हुनेछ । सिर्जनशील तथा उद्यमशील उत्कृष्ट युवा सम्मान कार्यक्रम लागू गरिएको हुनेछ । वैदेशिक रोजगारबाट फर्केका लागि युवा स्वरोजगार कार्यक्रम लागू भएको हुनेछ । दुर्व्यसनी रोकथाम कार्यक्रम लागू भएको हुनेछ । पनौती रंगशालाको स्तरोन्नति भएको हुनेछ । एक वडा एक व्यवस्थित खेलमैदान निर्माण गरिएको हुनेछ । क्षेत्रीय रंगशालालाई पूर्णता दिँदै खेल पर्यटन प्रवर्धन भएको हुनेछ। महिला स्वरोजगार कार्यक्रमबाट महिलाहरु लाभान्वित हुनेछन् ।। महिला अभिमुखीकरण एवं सशक्तीकरण कार्यक्रम लागू भएको हुनेछ । महिला आर्थिक उपार्जन तथा स्वाभिमानी कार्यक्रमबाट महिलाहरुले लाभ लिएको हुनेछन् । छुवाछूत तथा बोक्सी प्रथा उन्मूलन कार्यक्रम लागू भएको हुनेछ । सामाजिक विभेद न्यूनीकरणका लागि जनचेतना कार्यक्रम लागू भई विभेदरहित समाज निर्माणतर्फ अग्रसर भएको हुनेछ । परम्परागत सीप जगेर्ना गर्ने कार्यक्रमहरु सञ्चालन गरिएको हुनेछ । अपांगमैत्री संरचना निर्माण भएको हुनेछ । अपांगता भएका व्यक्ति सीप दिई आत्मनिर्भर बनाउने कार्यक्रम लागू गरिएको हुनेछ । उपयुक्त स्थानमा वृद्धा श्रम स्थापना गरिएको हुनेछ । हिंसा, दुर्व्यवहार मुक्त समाज निर्माण कार्य गरिएको हुनेछ । हिंसा पीडितहरुलाई अल्पकालीन आश्रय स्थल निर्माण गरिएको हुनेछ । जेन्डर अडिट कार्यक्रम सञ्चालन गरिएको हुनेछ । लैंगिक मैत्री बजेट व्यवस्थापन र कार्यान्वयन गरिएको हुनेछ ।



चित्र नं.७१: पनौती नगरपालिकामा बाल श्रम अनुगमन प्रणाली स्थापना

## ५.४ संस्थागत तथा वित्तीय विकास योजना

### ५.४.१ पृष्ठभूमि

स्थानीय सरकारबाट प्रदान गरिने सेवा तथा सुबिधालाई चुस्तदुरुस्त, प्रभावकारी तथा जनउत्तरदायी बनाउन सके मात्र विकासको अनुभूति गराउन सकिन्छ । सेवा सुविधालाई पारदशी र जबाफदेही तथा सेवा सुविधाको प्रवाहलाई प्रभावकारी बनाउन सकिन्छ । आमनागरिकको सूचनाको पहुँच अभिवृद्धि गर्न संस्थागत विकास गर्नु अपरिहार्य हुन्छ । नगर कार्यपालिका कार्यालय र प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनुवाइ, अनुगमन संयन्त्र र कार्यप्रणालीहरूको व्यवस्था गर्नुपर्छ जसमा आधुनिक सूचना प्रविधिको उपयोगलाई व्यापक प्रयोग गरिनुपर्छ । सुशासनयुक्त नगरपालिका निर्माण गर्ने सके मात्र समृद्ध नगरपालिका निर्माण गर्न सकिन्छ ।

हाल यस नगरपालिकाले आधुनिक सूचना प्रविधि इन्टरनेटको प्रयोग गरी आफ्नै वेबसाइट बनाई सूचना प्रवाह गरिरहेको छ। यस नगरपालिकाको कर्मचारी विवरण हेर्दा अझ पनि सेवाप्रवाहमा प्रभावकारिता ल्याउन आवश्यक कर्मचारी व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यस नगरपालिकामा वित्तीय संस्थाका रुपमा बैंक अफ काठमाडौं, प्राइम कमर्सियल बैंक, जनता बैंक लिमिटेड, सुप्रिम डेभलपमेन्ट बैक, अरनिको डेमलपमेन्ट बैंक, ब्राइट डेभलपमेन्ट बैंक शाखा कार्यालय खोली सेवा प्रवाह भइरहेको छ । त्यस्तै नारायणी फाइनान्सले पनि वित्तीय सेवासुविधको प्रवाह गरिरहेको छ। यस नगरपालिकामा बचत तथा ऋण सहकारी संस्था वटा बचत तथा ऋण सहकारी संस्थाहरु र ६७ वटा सहकारी संस्थाहरु रहेका छन् ।

चित्र नं.७२: बिकासको मार्गमा पनौती नगरपालिका

### ५.४.२ अवसर

यस नगर कार्यापालिकाको कार्यालयमा आवश्यकता अनुसार नयाँ शाखागत विषयगत सेवा प्रवाह स्थापना गरिएका छन् । हाल केही दक्ष जनशक्ति तथा कर्मचारीको आगमन पनि भएको छ । इ-हाजिरीको व्यवस्था भइसकेको छ। नगरपालिकाले आधुनिक सूचना प्रविधिको प्रयोग गरी सुचना एवम सेवा प्रवाह गरिरहेको छ। यसैगरी विषयगत कार्यालयहरुसँगको सहकार्यबाट विकासको मार्ग तय गरिरहेको छ । नगर कार्यापालिकाको कार्यालय वडा नं ४ मा अपुग कार्यालय भवनहरु निर्माण भइरहेको अवस्था छ। वडा नं ३ को वडा कार्यालय भवनको निर्माण भईरहेको छ भने अन्य केही निर्माण प्रक्रियामा छन् । दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्ने प्रक्रियाहरु भइरहेका छ । सुशासनलाई प्रभावकारी बनाउनका लागि पारदर्शिता, जबाफदेहिता, सहभागिता र भ्रष्टाचारशून्य प्रक्रिया अवलम्बन भइरहेको अवस्था छ ।



चित्र नं.७३: पनौती नगरपालिकाको छैठौं नगर सभा को झलक

## ५.४.३ चुनौती

दरबन्दी अनुसारका कर्मचारीहरुको अभाव अझै पनि रहेको छ । कर्मचारीहरुलाई तालिम तथा प्रोत्साहन गर्ने कार्यक्रमहरु प्रभावकारी रुपमा हुन सकिरहेका छैनन् । सबै विषयगत शाखाहरुको लागि कार्यालय भवनहरुको अभाव रहेको छ। कर्मचारीहरुलाई आवश्यकताअनुसार तालिम तथा प्रोत्साहन गर्ने कार्यक्रमहरुमा कमी देखिन्छ । यस नगरपालिकाको वडा कार्यालय भवन नभएका वडाहरुको कार्यालय भवन यथाशीघ्र निर्माण गर्नु नसक्नु एक चुनौती बनेको छ। अझ पनि कर्मचारीहरुको अभाव हुनु सुशासनका लागि चुनौती नै भइरहेको छ। वचत समूह तथा सहकारीहरुलाई एकत्रित गरी अनुगमन तथा नियमन गर्नु एक चुनौती हो । सेवाप्रवाहलाई चुस्त दुस्त बनाउन सेवा लिनका लागि आवश्यक कानुन तथा प्रक्रिया सम्बन्धी आमजनतामा जनचेतना जगाउनु एक चुनौती बनेको छ।

## ५.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि

### *५.४.४.१ सोच*

**"सुशासन नै पनौती नगरपालिकाको विकासको आधार"**

### *५.४.४.२ लक्ष्य*

१. दक्ष तथा अनुशासित कर्मचारी, पारदर्शी, जबाफदेही, उत्तरदायी सेवाप्रवाह गरी संस्थागत विकास गर्ने ।

### ५.४.४.३ उद्देश्यहरु

२. नगरपालिकाको जनशक्ति समुचित व्यवस्थापन तथा परिचालन गर्नु ।
३. नगरपालिकाको सेवाप्रवाहमा सरल, चुस्तदुरुस्त, जनमुखी बनाउनु ।
४. वित्तीय संस्थालाई व्यवस्थित गरी प्रभावकारिता तथा जनमुखी बनाउनु ।

### ५.४.४.४ रणनीतिहरु

५. नगरपालिकाको कर्मचारीलाई सरुवा, बढुवा, पदपूर्तिका लागि व्यवस्थित प्रणाली लागू गर्ने ।
६. सेवासुविधा प्रवाहलाई चुस्तदुरुस्त, पारदर्शी, गुणस्तरीय, भ्रष्टाचारशून्य र जनअपेक्षा अनुरुप बनाउने
७. सेवाग्राहीलाई सूचनाको पहुँच वृद्धि गर्न नागरिक बडापत्र तथा नागरिक सेवा पुस्तक निर्माण गर्ने ।
८. सेवासुविधा प्रवाहलाई लैंगिक मैत्री, बालमैत्री, अपांग मैत्री बनाउने ।
९. कर्मचारीको उपयुक्तता मूल्यांकन तथा दरबन्दी मिलान गर्ने ।
१०. शान्तिसुरक्षा कायम गर्न प्रहरी चौकीको व्यवस्थापन गर्ने ।
११. इगर्भनेन्सका आधारमा सरकारी सेवा सुविधा प्रभावकारी कार्यान्वयन गर्ने ।
१२. बैंक तथा सहकारी संस्था, गैसस, स्थानीय संघसंस्थालाई समन्वय गर्ने ।
१३. राजस्व एवम् करका नयाँ क्षेत्रहरु पहिचान गरी स्रोत पहिचान र आम्दानी प्रक्षेपण गर्ने ।
१४. उपभोक्ता समितिहरुलाई उत्तरदायी र पारदर्शी बनाउने ।
१५. सहकारीहरुलाई सक्रिय र प्रभावकारी बनाउने ।

### ५.४.४.५ कार्यनीतिहरु

१६. कर्मचारी उचित व्यवस्थापन गर्नका लागि कर्मचारी सांगठनिक ढाँचा, दरबन्दी निर्धारण, कार्य विवरण र अस्थायी/करार कर्मचारीहरूको व्यवस्थापनका लागि पहल गरिनेछ ।
१७. आवश्यकता अनुसार कर्मचारीको लागि तालिम, प्रशिक्षण आदिको व्यवस्थापन गरिनेछ ।
१८. भ्रष्टाचारमुक्त, जबाफदेही, सुशासन कायम गरी नगरपालिकाले दिने सेवा सुविधाहरूलाई पारदर्शी, गुणस्तरीय र जन अपेक्षा अनुरुप बनाइनेछ ।
१९. सेवासुविधा दिने संस्थाहरुमा पेपरलेस बनाइनेछ ।
२०. एफ.एम, पत्रपत्रिका, इन्टरनेट आदिका माध्यबाट नगरवासीको सूचनामाथिको पहुँचलाई विस्तार गरिनेछ ।
२१. शान्तिसुरक्षा सुनिश्चित गर्न प्रहरी चौकी, नगर प्रहरी तथा पर्यटक सुरक्षा मोबाइल गस्ती विस्तार गरिनेछ ।
२२. सरकारी कार्यालय तथा वडाहरूमा इन्टरनेट सेवा स्तरोन्नति गर्न गरिनेछ ।
२३. भ्रष्टाचारमुक्त जवाफदेही सुशासन अवलम्बन गरी समग्र स्रोत साधनको पहिचान र परिचालनमार्फत समुचित विकास गरिनेछ ।
२४. सेवा सुविधाहरूलाई पारदर्शी, गुणस्तरीय र जन अपेक्षा अनुरुप बनाइनेछ । अपाङ्गता भएका व्यक्ति, बालश्रमिक, सडक बालबालिका, हिंसा पीडित महिलाहरुको अभिलेख राखिनेछ ।
२५. बैंक, सहकारी संस्था, गैसस, स्थानीय संघसंस्थालाई समन्वय कार्यक्रम गरिनेछ ।
२६. राजस्व एवम् करका नयाँ क्षेत्रहरु पहिचान गरी स्रोत पहिचान र आम्दानी वृद्धि गरिनेछ ।
२७. सहकारीहरुलाई सक्रिय र प्रभावकारी बनाइनेछ ।
२८. फ्री वाइफाई जोन निर्माण गरिनेछ साथै डिजिटलयुक्त नगर निर्माण गरिनेछ ।

### ५.४.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४५: संस्थागत तथा वित्तीय विकास योजनाको प्रमुख कार्यक्रमहरु

| क्र. सं. | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | भ्रष्टाचारशून्य तथा सुशासन अभिवृद्धि कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| २. | पदीय सुमचित विभाजन तथा दरबन्दी सिर्जना र पुनर्मूल्यांकन | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ३. | इ–गभर्नेन्स कार्यक्रम | नपा | ४०० | २ | २०० | २०० | – | – | – | २०७८ | २०८० | नपा | |
| ४. | विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ५. | जबाफदेही तथा पारदर्शी शासन प्रणाली | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ६. | कानुनी शासन तथा आधारभूत मानव अधिकारको प्रत्याभूति कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ७. | जनप्रतिनिधि तथा कर्मचारीलाई प्रविधिमैत्री, सैद्धान्तिक तथा व्यावहारिक तालिम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ८. | राजस्व एवम् करका नयाँ क्षेत्रहरु पहिचान गरी स्रोत पहिचान र आम्दानी विस्तार योजना | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| ९. | फ्री वाईफाई जोन विकास कार्यक्रम | नपा | ५०० | २ | २५० | २५० | | | | २०७८ | २०८० | नपा | |
| १०. | शान्ति सुरक्षा कायम गर्न प्रहरी चौकी, नगर प्रहरी तथा पर्यटक सुरक्षा मोबाइल गस्तीको व्यवस्थापन योजना | नपा | १००० | ४ | २५० | २५० | २५० | २५० | | २०७८ | २०८२ | संघ तथा प्रदेश | |
| ११. | बैंक, सहकारी संस्था, गैसस, स्थानीय संघसंस्थालाई समन्वय कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| १२. | सहकारीहरुलाई सक्रिय र प्रभावकारी बनाउने कार्यक्रम | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | कानुनी परामर्श केन्द्र | नपा | ३०० | ३ | १०० | १०० | १०० | – | – | २०७८ | २०८१ | नपा | |
| १४. | प्रभावकारी योजना अनुगमन, सुपरिवेक्षण तथा कार्यान्वयन | नपा | ० | निरन्तर | – | – | – | – | – | | | नपा | |
| | **जम्मा** | | २,२०० | | ८०० | ८०० | ३५० | २५० | | | | | |

**द्रष्टव्यः** कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकता अनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

### ५.४.४.७ अपेक्षित उपलब्धिहरु


यस योजनाको कार्यान्वयनपश्चात् यस नगरपालिकामा भ्रष्टाचारशून्य तथा सुशासन अभिवृद्धि भएको हुनेछ । पदीय सुमचित विभाजन तथा दरबन्दी सिर्जना र पुनर्मूल्यांकन गरिएको हुनेछ । संस्थागत विकास गरिएको हुनेछ । इ–गभर्नेन्स कार्यक्रम भएको हुनेछ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिएको हुनेछ । जवाफदेही तथा पारदर्शी शासन प्रणाली लागू भएको हुनेछ । कानुनी शासन तथा आधारभूत मानव अधिकारको प्रत्याभूति कार्यक्रम लागू भएको हुनेछ । जनप्रतिनिधि तथा कर्मचारीलाई प्रविधिमैत्री, सैद्धान्तिक तथा व्यावहारिक तालिम दिइएको हुनेछ । राजस्व एवम् करका नयाँ क्षेत्रहरु पहिचान गरी स्रोत पहिचान र आम्दानी विस्तार गरिएको हुनेछ । फ्री वाईफाई जोन विकास गरिएको हुनेछ । शान्तिसुरक्षा कायम गर्न प्रहरी चौकी, नगर प्रहरी तथा पर्यटक सुरक्षा मोबाइल गस्तीको व्यवस्थापन गरिएको हुनेछ । बैंक, सहकारी संस्था, गैसस, स्थानीय संघसंस्थालाई समन्वय कार्यक्रम गरिएको हुनेछ । सहकारीहरुलाई सक्रिय र प्रभावकारी बनाइएको हुनेछ । कानुनी परामर्श केन्द्र निर्माण भएको हुनेछ । प्रभावकारी योजना, अनुगमन सुपरिवेक्षण तथा कार्यान्वयन गरिएको हुनेछ ।

## ५.४ वन, बातावरण तथा बिपद व्यवस्थापन योजना

### ५.४.१ वन सम्पदा तथा जडीबुटी विकास योजना

#### *५.४.१.१ पृष्ठभूमि*

पनौती नगरपालिकामा सामुदायिक वन ४७ वटा छन्, जसको क्षेत्रफल १८६४.४७ हेक्टर रहेको छ । सामुदायिक वनमा आबद्ध घरधुरी संख्या ८४९७ रहेको छ। यसै गरी कबुलियती वन ५३ ओटा छन् जसको क्षेत्रफल ३६८.१ हेक्टर रहेको छ। यससँग आबद्ध घरधुरीसंख्या ५६६ रहेको छ। यस नगरपालिकामा समिल तथा फर्निचर उद्योगहरु गरिँदै आएको पाइन्छ । यहाँका वन क्षेत्रहरुमा विभिन्न प्रकारका जडीबुटी तथा वन्यजन्तुहरु पाइन्छन्। चिराइतो, मजिठो, तीतेपाती, अमला, रिट्ठा, टिमुर आदि जडीबुटीहरु हुन्। कबुलियती वनमा उत्तिसहरु राम्ररी हुर्किएका छन् जुन प्लाइउडका लागि अति उपयोगी हुन्छ । नेपालमा मात्र पाइने काँडेभ्याकुर यहाँका वनजंगलमा पाइन्छन् । पुतलीहरुको विविधता र वर्ड वाचिङका लागि यहाँका वनजंगल उपयुक्त छन्। यहाँका वनजंगलहरुमा वन्यजन्तुहरु चितुवा, रातो बाँदर, कालो बाँदर, ढेडु, मृग, बँदेल, दुम्सी आदि पाइन्छन्। यस नगरपालिकाको कुल भूभागमध्ये ७१.५१ वर्गकिमी क्षेत्रफल वनजंगलले ओगटेको छ।




***स्रोत:*** *वन तथा वातावरण मन्त्रालय*

चित्र नं.७४: पनौती नगरपालिकाको वन कभर नक्शा

#### *५.४.१.२ अवसर*

वन क्षेत्र विनाश हुने गरी सडक, उद्योग आदिको विकास नगरी वनमैत्री विकास गर्ने पनौती नगरपालिकाको नीति तथा कार्यक्रम रहेको देखिन्छ। घरनक्सा पास हुँदा प्रत्येक घरले कम्पाउन्डभित्र ५ वटा बिरुवा रोप्नुपर्ने नीति रहेको छ। शुभ कार्य तथा कसैको स्मृतिमा रुख रोप्ने संस्कारको विकास गराउन उत्प्रेरित गर्ने नगरको

नीति तथा कार्यक्रम रहेको छ। बाँझा जग्गाहरुमा निजी वनहरुको वृद्धि भइरहेको अवस्था छ जसमा उत्तिसका रुखहरु सहज रुपमा फस्टाइरहेकाले प्लाइउड निर्माणको सम्भावना देखिन्छ।



चित्र नं.७५: पनौती नगरपालिकाको वन सम्पदा

### ५.४.१.३ चुनौती

पनौती नगरपालिकाको महाभारत शृंखलाको अति घना जंगलहरुमा प्रशस्ता मात्रा जैविक विविधता रहेको हुन सक्छ जसको अध्ययन अनुसन्धानमा कमी रहेको छ । यहाँका वनजंगलमा जडीबुटीहरुको प्रशस्त सम्भावना छ तर खोजअनुसन्धान गरिएको छैन । विभिन्न परिस्थितिहरु जस्तै वन गुणस्तरमा परिवर्तन, भूक्षय, जलवायु परिवर्तन, वासस्थानमा संकट, रोग आदिले गर्दा यस क्षेत्र पाइने वन्यजन्तुले मानव, बालीनाली, पशुपक्षीमा क्षति पुऱ्याउँदै आएका छन्। यसर्थ यस नगरपालिकामा वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्नु चुनौती बन्दै गएको देखिन्छ।

### ५.४.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि

#### ५.४.१.४.१ सोच

**"पर्यापर्यटन विकासका आधारशिला : पनौती नगरपालिकाको वनजंगल र जैविक विविधता"**

#### ५.४.१.४.२ लक्ष्य

१. वन पैदावार, वन्य जीवजन्तु तथा जैविक विविधताको उचित संरक्षण र संवर्धन गरी पर्यापर्यटन विकास गर्ने।

#### ५.४.१.४.३ उद्देश्यहरु

२. जैविक विविधताको संरक्षण तथा पर्यापर्यटनको विकास गर्नु।
३. जडीबुटीको व्यवस्थित खेती गर्दै उत्पादन वृद्धि गरी आम्दानी बढाउनु।
४. वन्यजन्तु र मानवबीचको सहअस्तित्व कायम गर्नु।

#### ५.४.१.४.४ रणनीतिहरु

५. वैज्ञानिक वन व्यवस्थापन गरी जीवजन्तु, वनस्पतिको संरक्षण गरी पर्यापर्यटनको विकास गर्ने।

६. जैविक विधिताको संरक्षण गर्दै पर्यटकको आकर्षण बढाउने ।
७. जडीबुटीको व्यवस्थित खेती गरी उत्पादन वृद्धि गर्ने ।
८. वन्यजन्तुको उचित वासस्थानको पहिचान र अध्ययन गर्ने ।
९. वन्यजन्तु र मानवबीचको सहअस्तित्व कायम गर्ने ।

### ५.४.१.४.५ कार्यनीतिहरु

१०. वैज्ञानिक वन व्यवस्थापनका लागि माथिल्ला भेगमा लालीगुरासँ, तथा जडीबुटीको बोटबिरुवा लगाइनेछ ।
११. माटो परीक्षण गराई टिमुर, अम्लिसो जंगलमा लगाई उचित संरक्षण गरिनेछ ।
१२. पर्यटकीय पद मार्गमा निश्चित स्थानहरुमा जीवजन्तु, पंक्षी दृश्यावलोकन गर्नका लागि टावरहरु निर्माण गरिनेछ ।
१३. उपयुक्त हावापानी तथा माटोमा जडीबुटीका नर्सरीहरु स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
१४. जडीबुटी खेती गर्नका लागि आवश्यक तालिम तथा बीउबिजन उपलब्ध गराइनेछ ।
१५. बाँझो रहेका जमिनहरुमा उत्तिस तथा जडीबुटीका खेती गर्नका विशेष व्यवस्था गरिनेछ ।
१६. वन्यजन्तु र मानवबीचको सहअस्तित्व स्थापना गरी मानववन्यजन्तु द्वन्द्वलाई काम गरिनेछ ।
१७. सामुदायिक वनक्षेत्रमा बिरुवा लगाऔं, सदस्यहरुको आम्दानी बढाऔं : सामुदायिक वनक्षेत्रमा हावापानी माटो अनुकूल टिमुर, अमला, रिट्ठा, रुद्राक्ष, तेजपत्ता, हर्रो, बर्रो आदि बोटबिरुवा रोप्ने कार्यक्रम लागू गरिनेछ ।

### ५.४.१.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४६: वन, बातावरण तथा बिपद व्यवस्थापन योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | खाली भूभागमा वृक्षारोपण तथा सिमसार क्षेत्र संरक्षण योजना | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| २. | उपयुक्त स्थानहरुमा बरपीपलको बिरुवा रोपी चौतारा निर्माण योजना | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ३. | रैथाने जात र उत्पादनमूलक बोटबिरुवाको नर्सरी स्थापना गरी वृक्षारोपण प्रोत्साहन कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ४. | सडकको दायाँ बायाँ फलफूलका बोटविरुवा रोपण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ५. | नदी उकास तथा किनारा क्षेत्रहरुमा वृक्षारोपण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ६. | जीवजन्तु, पंक्षीहरुको उचित वासस्थान संरक्षण तथा पानी तथा खानाको व्यवस्था गरी प्राकृतिक चिडियाखाना निर्माण योजना | नपा | ३००० | ५ | ५०० | १००० | ५०० | ५०० | ५०० | २०७८ | २०८३ | संघ/प्रदेश | |
| ७. | जडीबुटी खेतीका लागि नर्सरी निर्माण योजना | नपा | १००० | ३ | ४०० | ३०० | ३०० | | | २०७८ | २०८१ | प्रदेश/नपा | |
| ८. | बाँझो खेतीमा जडीबुटी खेतीका लागि प्रोत्साहन | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ९. | प्राकृतिक जडीबुटीको संरक्षण र संकलन योजना | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १०. | बँदेल, दुम्सी, बाँदरको कृषिबाली क्षति रोकथाम कार्यक्रम योजना | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ११. | काष्ठजन्य पैदावार तथा जडीबुटी जन्य पैदावार उपयोग गरी उद्योग निर्माण योजना | नपा | ३००० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | २०७८ | २०८३ | नपा | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | बाँस, अम्लिसो, अर्गेलीबाट कागत उद्योग स्थापना कार्यक्रम | नपा | २००० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २०७८ | २०८३ | नपा | |
| | **जम्मा** | | ९००० | | १९०० | २३०० | १८०० | १५०० | १५०० | | | | |

**द्रष्टव्यः** कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ।

### ५.४.१.४.७ अपेक्षित उपलब्धिहरु

वैज्ञानिक वन व्यवस्थापनका लागि विभिन्न क्षेत्रहरुमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन बनाएको हुनेछ। जडीबुटीका नर्सरीहरु स्थापना गरी जुडीबुटी खेतीको थालनी गरिएको हुनेछ। वन्यजन्तु र वन्यपंक्षी, वनस्पतिको उचित सरक्षण भएको हुनेछ। पर्यापर्यटन सुचारु भई पर्यटकहरुको आगमन भएको हुनेछ। बँदेल, दुम्सी, बाँदरको कृषिबाली क्षति रोकथाम भएको हुनेछ। सामुदायिक वनक्षेत्रमा उत्तिस, टिमुर, अमला, रिट्ठा, रुद्राक्ष, तेजपत्ता, हर्रो, बर्रो आदि बोटबिरुवा रोप्ने कार्यक्रम लागू भएको हुनेछ।

## ५.४.२ विपद व्यवस्थापन तथा वातावरण संरक्षण योजना

### ५.४.२.१ पृष्ठभूमि

पनौती नगरपालिका एउटै ढुंगाको प्लेट माथि रहेकाले भूकम्पीय विपद्मा कम संवेदनशील क्षेत्र भनिए पनि २०७२ सालको भूकम्पले क्षति गऱ्यो। भूकम्प तथा पुनर्निर्माण सहयोगबाट यस नपाका ९४२१ घरधुरी लाभान्वित भएका छन्। यसैगरी सन् १९७१ देखि २००७ सम्मको विपद्को रेकर्ड अनुसार महामारी, आगालागी, बाढी, असिना, पहिरो, प्लेग, संरचना ध्वस्त आदिले विपद् ल्याएको देखिन्छ (एनसेट, सन् २००९)। आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम अनुसार विश्वव्यापी महामारी कोभिड–१९ विरुद्ध लड्न र व्यवस्थापनका लागि राहत संकलन केन्द्र (फुड बैंक) सञ्चालनमा ल्याएको देखिन्छ। त्यस्तै औषधिमूलो, सावधानी, सतर्कता, सचेतना तथा क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन कार्य पनि गरिएको छ। बि.स. २०७७ साल जेठ १४ गतेको अविरल रुपमा बर्सिएको असिनापानीले बाली बिरुवामा देखिएका अमेरिकी फौजी कीरा पनि विपद् बनेर आयो। विपद्मा परेकाहरुले राहत प्राप्त गरिरहेको अवस्था छ। विपद् पूर्वको सजगता बढेको छ। विपद्बाट क्षतिग्रतस्त संरचनाहरु पुन:निर्माण भइसकेका वा भइरहेका छन्। वातावरण क्षेत्रमा कार्य गर्न जाइका मार्फत १ जना स्वयंसेवकको संलग्नता भई समुदायमा सचेतीकरण कार्यक्रम गर्दै आएको छ।




चित्र नं.७६: नगरपालिका कार्यालयमा अवस्थित विपद सुचना केन्द्र

### ५.४.२.२ अवसर

मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापनका लागि सरोकारवाला निकायहरुका बीच एकीकृत प्रयासको थालनी गरिएको छ। वन्यजन्तुले बालीनाली क्षति गरेको अवस्थामा तत्काल राहतका लागि विपद् जोखिम न्यूनीकरण कोषबाट यथोचित वितरणका लागि आवश्यक व्यवस्था गरिएको अवस्था छ। विपद् व्यवस्थापन समितिहरु गठन गरिएको छ। विपद् सूचना केन्द्रलाई थप उपयोगी बनाउन प्रयास भएको देखिन्छ। भवन संहिता पालनामा विशेष जोड दिइँदै आएको छ। वडालाई एम्बुलेन्स सञ्चालन अनुदानको व्यवस्था गरिएको छ। पनौती वडा नं. २, ३, ८ र १२ का केही भाग समेटिन सक्ने गरी ढल र ढल प्रशोधन केन्द्र निर्माणको डिपिआरको प्रारम्भिक प्रतिवेदन तयार भएको छ।

### ५.४.२.३ चुनौती

यस नगरपालिकामा विपद् जोखिमको नक्सांकन गरिएको छैन। पहिरोका जोखिममा परेका बस्तीहरुलाई स्थानान्तरका लागि बस्ती विकास कार्य भएको छैन। भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभाव मूल्यांकन

अनिवार्य भए तापनि केही कार्यान्वयनमा कमजोरी रहेको देखिन्छ । मोटर बाटोको ट्र्याक खोल्ने क्रममा भिर, चटट्ान, खोला छेउमा माटो चट्टान स्थिर गर्न नसक्नु, खनिएको भागका माटोढुंगा जथाभाबी तल्लो भागतर्फ थुपार्दा भार पर्न गई पहिरो हुनु, माथितिर काटिएको भाग अति भिरालो भई स्थिर हुन नसकी पहिरो चल्नु एक वातावरणीय चुनौती बनेको देखिन्छ । नदीकटान, बाढीपहिरो, सुक्खा पहिरो, जलुवायु परिवर्तनको असर, सडक निर्माण गर्दा उत्पन्न हुने क्षति, लघुजलविद्युत आयोजना सञ्चालन भएपछि हुने सम्भावित क्षति, बजार क्षेत्रबाट निस्कने फोहोरमैला, रासायनिक मल, कीटनाशक औषधिको अनुचित प्रयोग, पुनर्निर्माणसँगै काष्ठपैदावार प्रयोगमा वनमाथिको निर्भरतामा वृद्धि, जल पारिस्थितिकीयमा भौतिक पूर्वाधार निर्माणको असर, असिनापानी जन्य विपद रोक्नु चुनौती बनेको छ । यसै गरी विपद् कालीन सामग्रीको अभाव यथावत् छ । विपद व्यवस्थापन योजना निर्माण भएको छैन । ढुंगा खानी सञ्चालन गर्दा हुने वातावरणीय क्षतिलाई विश्लेषण गर्न जुरुरी देखिन्छ । यसले जमिन प्रदूषण, जल प्रदूषण, वायु प्रदूषण, टिपर दुर्घटना आदि हुने सम्भावना बढ्दै गएको देखिन्छ । वडा नं ७ को बजारक्षेत्रमा फोहोरमैला तथा ढल व्यवस्थापन गर्न चुनौती रहेको छ। पुण्यमती खोलामा जथाभावी रुपमा ढलहरु मिसाएको पाइन्छ । पशुवधशाला अव्यवस्थित तथा तरकारी बजारको फोहोरमैला र घरबाट निस्केन ठोस फोहोरहरुले ऐतिहासिक नगरीको सौन्दर्य कुरुप बनेको छ ।

## *५.४.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र उपलब्धि*

### ५.४.२.४.१ सोच

**“विपद व्यवस्थापन तथा वातावरण संरक्षण, दिगो विकासको आधार”**

### ५.४.२.४.२ लक्ष्य

१. पनौती नगरपालिकाको दिगो विकासका लागि जोखिमरहित बस्ती विकास, सुरक्षित निर्माण कार्य, स्वच्छ हरियाली वातावरणको उपयोग गर्ने ।

### ५.४.२.४.३ उद्देश्यहरु

२. विपदबाट हुने मानवीय तथा भौतिक क्षतिलाई घटाउनु ।
३. उच्च जोखिममा रहेको क्षेत्र पहिचान गरी विपद् न्यूनीकरण गर्नु ।
४. विपद व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति तयार पार्नु ।
५. भौतिक तथा अभौतिक वातावरण दुवैको संरक्षण तथा सवंर्द्धन गरी दिगो विकास गर्नु ।

### ५.४.२.४.४ रणनीतिहरु

६. सबै प्रकारका विपद्हरु जस्तै प्राकृतिक तथा गैर-प्राकृतिक विपदबाट हुने जोखिमयुक्त क्षेत्र पहिचान गर्ने ।
७. विपद् व्यवस्थापनका लागि पूर्वतयारीकार्य, उद्धार कार्य र पुनर्निर्माणकार्यलाई प्रोत्साहन गर्ने ।
८. सुरक्षित क्षेत्र, बस्तीविकास तथा निर्माणसम्बन्धी जनचेतना जगाउने ।
९. विपद् व्यवस्थापनको लागि आवश्यक सामग्री र जनशक्तिको तयार गर्ने ।
१०. भौतिक पूवार्धार निर्माणजन्य वातावरण क्षति न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने ।
११. विकसित सानासाना बजारक्षेत्रले सिर्जना गर्ने प्रदूषणलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने ।
१२. वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

### ५.४.२.४.५ कार्यनीतिहरु

१३. अवैध रुपमा सञ्चालित खानी तथा क्रसरलाई बन्द गरिनेछ ।
१४. प्रत्येक वडाका बजारक्षेत्रमा ढलको व्यवस्थापन गरिनेछ ।
१५. विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१६. ‘स्वच्छ, सुन्दर, सुरक्षित आवास, पनौती नगरको विकासको आधार’ सोचका आधार विपद्सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
१७. खोज तथा उद्धारको निम्ति नगरपालिका स्तरीय क्षमतायुक्त जनशक्ति बनाइनेछ ।
१८. विद्यालय तथा जनस्तरमा वातावरणीय संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
१९. जोखिमयुक्त पहिरा, नदीकटान, सडकको दुवै किनारामा फलफूल तथा अन्यका बोटबिरुवा रोप्ने कार्य गरिनेछ ।
२०. विकसित बस्ती तथा बजार क्षेत्रका फोहारबाट जैविक मल बनाउन प्रोत्साहित गरिनेछ ।
२१. विपद जोखिम न्यूनीकरण कार्यक्रम लागू गरिनेछ ।
२२. वातावरण प्रभाव मूल्याङ्कन तथा परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
२३. सार्वजनिक शौचालय निर्माण कार्य गरिनेछ ।
२४. सडक किनारामा आम्दानीजन्य विरुवा रोपण कार्यक्रमहरु गरिनेछ ।
२५. ढलनिकासा तथा ढल प्रशोधन कार्यक्रम ।

### ५.४.२.४.६ प्रमुख कार्यक्रमहरु

तालिका नं.४७: विपद व्यवस्थापन तथा वातावरण संरक्षण योजनाको प्रमुख कार्यक्रमहरु

| क्र.सं | योजनाको नाम | स्थान | कुल लागत हजारमा | वर्ष | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पांचौ वर्ष | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | अवैध रुपमा सञ्चालित खानी तथा क्रसरलाई बन्द गर्ने कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| २. | ढुंगा खानीबाट ढुंगा ढुवानीका लागि रोपवे निर्माण योजना तथा वैकल्पिक मार्ग निर्माण | नपा | १०००० | ५ | १००० | १००० | १००० | १००० | १००० | २०७८ | २०८३ | संघ / प्रदेश | |
| ३. | प्रत्येक वडाका बजार क्षेत्रमा ढलको व्यवस्थापन | नपा | ६००० | ५ | १००० | १००० | १००० | १००० | १००० | २०७८ | २०८३ | संघ / प्रदेश | |
| ४. | ढल निकास तथा ढल प्रशोधन कार्यक्रम | नपा | ९००० | ५ | १००० | २००० | २००० | २००० | २००० | २०७८ | २०८३ | संघ / प्रदेश | |
| ५. | फोहोरमैलाबाट जैविक मल बनाउने कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ६. | प्लास्टिक झोला मुक्त अभियान कार्यक्रम | नपा | १००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८३ | नपा | |
| ७. | लीलावती, रोशी र पुण्यमती नदीको प्रदूषण नियन्त्रण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ८. | सार्वजनिक शौचालय निर्माण कार्यक्रम | नपा | ६००० | ३ | २००० | २००० | २००० | | | २०७८ | २०८१ | नपा | |
| ९. | विपद जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि दीर्घकालीन योजना | नपा | १००० | ५ | २०० | २०० | २०० | २०० | २०० | २०७८ | २०८३ | नपा | |
| १०. | विपद् पूर्वतयारी, विपद् पूर्व सूचना प्रणाली, विपद् उद्धार व्यवस्थापन कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| ११. | सुरक्षित तथा जोखिमरहित भौतिक पूर्वाधार निर्माण कार्यक्रम | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १२. | स्थानीय वातावरणीय प्रभाव मूल्यांकन प्रभावकारी बनाउने योजना | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| १३. | विपद नक्सांकन (भटमासे, घिमिरे गाउँ, भगेरी, घ्याङ, कपुरपानी, पहिरो; रोशी खोला, छिरे खोल्सा, जाकीडोल खोल्सा, बतासे खोल्सा नदी | नपा | ९००० | ५ | २००० | २००० | २००० | २००० | १००० | २०७८ | २०८८ | संघ / प्रदेश | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कटान नियन्त्रण) तथा राहत केन्द्र स्थापना कार्यक्रम | | | | | | | | | | | | |
| १४. | विद्यालय स्तर तथा समुदायमा स्तरमा विपद् तथा वातावरणसम्बन्धी जनचेतना योजना | नपा | ० | निरन्तर | | | | | | | | नपा | |
| | **जम्मा** | | ४२००० | | ८४०० | ९४०० | ९४०० | ७४०० | ७४०० | | | | ४२००० |

द्रष्टव्य: कुल लागत रकम शून्य (०) लाई नगरपालिकाले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सक्नेछ ।

### ५.४.२.४.७ अपेक्षित उपलब्धिहरु

यस योजनाको अन्तिम वर्षमा पनौती नगरपालिकामा अवैध रुपमा सञ्चालित खानी तथा क्रसरलाई बन्द गरिएको हुनेछ। ढल निकास तथा ढल प्रशोधन योजना कार्यान्वयन भएको हुनेछ। विपद सिर्जना गर्ने जोखिमयुक्त क्षेत्रहरुको अध्ययन अनुसन्धान भएको हुनेछ। .सुरक्षित खुला क्षेत्र, सुरक्षित बस्ती विकास तथा सुरक्षित आवास निर्माण योजना कार्यान्वयन भएको हुनेछ। उद्धार, सहयोग तथा सामग्रीका व्यवस्थापन भएको हुनेछ। उद्धारका लागि दक्ष जनशक्ति तयार भएको हुनेछ। स्थानीय वातावरणीय प्रभाव मूल्यांकन व्यवस्थित तथा प्रभावकारी भएको हुनेछ। बजार क्षेत्रको प्रदूषण न्यूनीकरण भएको हुनेछ। फोहोरमैलाबाट जैविक मल बनाउने कार्यक्रम लागू भएको हुनेछ। प्लास्टिक झोला मुक्त अभियान कार्यक्रम सञ्चालन भएको हुनेछ। विपद नक्सांकन ( भटमासे, घिमिरे गाउँ, भगेरी, घ्याङ, कपुरपानी, पहिरो; रोशी खोला, छिरे खोल्सा, जाकीडोल खोल्सा, बतासे खोल्सा नदी कटान) तथा राहत केन्द्र स्थापना भएको हुनेछ। ढुंगा खानीजन्य प्रदूषण नियन्त्रण भएको हुनेछ। विद्यालय तथा समुदाय स्तरमा विपद् तथा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ।

# अध्याय एक (६): योजनाको मूल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम नगर कार्यपालिकाले अनुगमन समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ । योजनाको मूल्यांकन तथा अनुगमन गर्नका लागि तपसिलका कार्यहरु गर्नुपर्ने हुन्छ ।

१. अनुगमन निर्देशिका बनाई लागू गर्नुपर्ने ।
२. नगरपालिकाले विभिन्न क्षेत्रका विषेशज्ञहरु सम्मिलित कार्य टोली निर्धारण गर्ने ।
३. स्थानीय तहको रणनैतिक योजनाको सोच तालिका अन्तर्गत प्रतिफल तहका सूचकहरूमा आएका परिवर्तनलाई नियमित रुपमा अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, र पृष्ठपोषण गर्ने ।
४. योजनाको कार्यान्वयन चरण शुरु हुनासाथ प्रत्येक क्षेत्रगत योजनाका कृयाकलापहरू कार्यतालिका अनुरुप कार्यान्वयन भए नभएको, कामको गुणस्तरको अवस्था, श्रोत साधनको उपलब्धता, समयसीमा आदि विषयहरूको नियमित अनुगमन गर्ने प्रणालीको विकास गरिनुपर्ने ।
५. प्रत्येक योजनाको लागि जिम्मेवार व्यक्ति वा निकायले मासिक र चौमासिक रुपमा तोकिएको ढाँचामा स्थानीय सरकारलाई प्रगति प्रतिवेदन बुझाउने प्रणालीको विकास गर्ने । अन्त्यमा, नगरपालिकाको बृहत्तर विकास गरी खुसी, सुखी, सभ्य र समृद्ध पनौती नगर निर्माणको लागि यस क्षेत्रमा क्रियाशील राजनैतिक दल, समाजसेवी, बुद्धिजीवी, निजी क्षेत्र लगायत सम्पूर्ण नगरवासीहरुले आ-आफ्नो क्षेत्रबाट पहल गरी राजस्वका स्रोतहरुको पहिचान गरी नगरपालिकाको आन्तरिक आयको वृद्धिमा पहल गर्नु तथा आवश्यकताका आधारमा प्राप्त बजेटको सही सदुपयोग गरी समविकासको भावनाले अगाडि बढ्दै योजनाको समुचित कार्यान्वयन गर्नुपर्ने हुन्छ जसले गर्दा सडक, खानेपानी, शिक्षा, सञ्चार, स्वास्थ्य, सुरक्षा, कृषि, वन तथा पर्यटन विकाससहितको आधुनिक पनौती नगर बन्नेछ । साथै नगरपालिकाको सम्भावनाको विश्लेषण गरी विकासका अग्रणी क्षेत्रहरु पहिचान गरी निर्मित दीर्घकालीन सोच “***कृषि, कला र संस्कृति हाम्रो चिनारी, हरित पर्यटकीय गौरवमय समृद्ध पनौती***” सार्थक हुन सक्नेछ ।

# अनुसुची

# अनसुची १: पनौती नगरपालीकाको वडागत योजना

## “कृषि, कला र संस्कृति हाम्रो चिनारी, हरित पर्यटकीय गौरवमय समृद्ध पनौती”

| वडा नं १ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | शिवमन्दिर, बाघभैरव, फुलचोकी माई, बिर्खेश्वर महादेव संर्वधन तथा संरक्षण कार्यक्रम |
| २. | रानीकोट गढी संरक्षण तथा विकास कार्यक्रम |
| ३. | रानीकोट प्र्यटन प्रवर्धन योजना |
| ४. | रानीकोट जात्रा विकास तथा संरक्षण कार्यक्रम |
| ५. | सहिद पार्क निर्माण निरन्तर कार्यक्रम |
| ६. | उग्रने छयोलिङ गुम्बा संरक्षण कार्यक्रम |
| ७. | आलुखेती विकास कार्यक्रम, तरकारी खेतीका लागि उपयुक्त स्थान आरुचौर, भ्याङमारे, बागमारे आरुचौर, भ्याङमारे, बागमारे तरकारी खेती प्रवर्धन कार्यक्रम |
| ८. | पर्खालचौर, रानीकोट, मानेदोभान, बुढापोखरी सिमलचौर बजार विकास तथा व्यवस्थित कार्यक्रम वडा नं १ को रानीकोटमा प्रवेशद्वार निर्माण कार्यक्रम |
| ९. | पनौती–कुशादेवी–रयाले–मानेदोभान बससेवा व्यवस्थापन योजना |
| १०. | मकै बीउ उत्पादन कार्यक्रम |
| ११. | अलैंची हब निर्माण कार्यक्रम |
| १२. | आलु बीउ उत्पादन योजना |
| १३. | भैंसी पालन व्यवसायीकरण कार्यक्रम |
| १४. | कृषक सम्मान कार्यक्रम |
| १५. | प्रस्तावित टेक्निकल कलेज स्थापना कार्यक्रम |
| १६. | बिउ उत्पादन तथा प्रशोधन केन्द्र निर्माण कार्यक्रम |
| १७. | कृषियोग्य जमिन संरक्षण कार्यक्रम तथा जग्गा खण्डीकरण न्यूनीकरण कार्यक्रम |
| १८. | चरन तथा घाँस बाली विकास कार्यक्रम |
| १९. | वडा तथा नगरको कृषि ज्ञान केन्द्रसँग समन्वय कार्यक्रम |
| २०. | दूध व्यवसाय प्रवर्धन कार्यक्रम |
| २१. | ट्राउट माछा हब विकास कार्यक्रम |
| २२. | ९०७५ फिट अग्लो फूलचोकी डाँडा संरक्षण र संवर्धन कार्यक्रम |
| २३. | मानेदोभान खानीडाँडा लट्ठार्भजङ सडक मर्मत |
| २४. | बँदेल कृषि उपज क्षति रोकथाम कार्यक्रम |
| २५. | मानेदोभान–रानीकोट पक्कीबाटो  निर्माण योजना (२ किमी) |
| २६. | पर्खालचौर–ढाडाचौर–बूढापोखरी–रानीकोट–सहिदपार्क (७ किमी) २ वर्षभित्र |
| २७. | पाँचकन्या–आशापुरी नया ट्र्याक खोल्ने (२ किमी धार्मिक सडक ) योजना |
| २८. | लीलावती खोला पुल निर्माण योजना  (५ वर्षभित्र) |
| २९. | रामदुवाली खोला पुल निर्माण योजना (५ वर्षभित्र) |
| ३०. | बाघमारे पुल निर्माण योजना (५ वर्षभित्र) |
| ३१. | फोहोरमैला व्यवस्थापन योजना |
| ३२. | पाँचकन्या सिँचाई व्यवस्थापन कार्यक्रम |
| ३३. | रानीकोट, सिरान डाँडा, उत्तिसिमी सिँचाई योजना |
| ३४. | लामोदुवाली फाँट सिँचाई योजना (लीलावती खोला) |
| ३५. | मानेदोभानमा वडास्तरीय बसपार्क निर्माण योजना |
| ३६. | लीलावती खोलाको भोटेपोले बाँध निर्माण कार्यक्रम |
| ३७. | ठाँडा खोला बाँध निर्माण कार्यक्रम |

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं १ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ३८. | बृहत खानेपानी योजनाको निरन्तरता |
| ३९. | क्याम्पस स्थापना कार्यक्रम |
| ४०. | रोयल स्वास्थ्य चौकी व्यवस्थापन कार्यक्रम |
| ४१. | आवश्यकता बमोजिमको युवा स्वरोजगार कार्यक्रम |
| ४२. | वैदेशिक रोजगारबाट फर्केका लागि स्वरोजगार कार्यक्रम |
| ४३. | विषयगत सहकारी व्यवस्थापन योजना |
| ४४. | मुरलेश्वर महादेव मन्दिर संरक्षण |
| ४५. | पाँचपोखरी पर्यटन क्षेत्र विकास योजना |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

| वडा नं २ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | भैंसी बेल्ट निर्माण योजना |
| २. | किसान घाँस रोपण कार्यक्रम । |
| ३. | दूधजन्य उत्पादन कारखाना स्थापना कार्यक्रम |
| ४. | किबी खेती प्रवर्धन कार्यक्रम |
| ५. | माटो परीक्षण कार्यक्रम |
| ६. | नयाँ गाउँमा स्याउ खेती विकास योजना |
| ७. | तराई बदाम विकास योजना |
| ८. | मौरीपालन प्रवर्धन कार्यक्रम |
| ९. | फलफूल खेतीका लागि अनुसन्धान कार्यक्रम |
| १०. | आलुको चिप्स उत्पादन कार्यक्रम |
| ११. | बेमौसमी तरकारी खेती सञ्चालन योजना |
| १२. | बिचौलिया बजार नियन्त्रण योजना |
| १३. | कृषि संकलन केन्द्र स्थापना योजना |
| १४. | किसान जनचेतना कार्यक्रम |
| १५. | लप्सी खेती प्रवर्धन कार्यक्रम |
| १६. | जडीबुटी अध्ययनअनुसन्धान कार्यक्रम |
| १७. | साइकिलिङ ट्र्याक निर्माण योजना |
| १८. | नयाँ गाउँबाट पुतली तथा चरा अवलोकन पर्यटन विकास योजना |
| १९. | गुर्धुम डाँडा प्याराग्लाइडिङ सञ्चालन कार्यक्रम |
| २०. | गुर्धुम डाँडा भ्यु टावर निर्माण कार्यक्रम |
| २१. | होमस्टे सञ्चालन तथा प्रवर्धन कार्यक्रम |
| २२. | खैजडी तथा भजन संरक्षण विकास कार्यक्रम |
| २३. | कुशादेवी बजारक्षेत्रमा फोहोरमैलाको व्यवस्थापन कार्यक्रम |
| २४. | फोहोरमैला व्यवस्थापन योजना |
| २५. | शिक्षा सुधारका लागि त्रिकोणात्मक सम्बन्ध र समन्वय कार्यक्रम |
| २६. | फुलचोकी आधारभूत विद्यालय भवन निर्माण योजना |
| २७. | नगर शिक्षाका लागि स्थानीय पाठ्यक्रम निर्धारण कार्यक्रम |
| २८. | शिक्षक सम्मान कार्यक्रम |
| २९. | गुँरास संरक्षण तथा रोपण आयोजना |
| ३०. | नयाँ गाउँ पहिरो नियन्त्रण कार्यक्रम |
| ३१. | गुडगुडे मूलबाट खानेपानी लिफि्टङ योजना |
| ३२. | बेतडाँडा बालमैत्री पार्क निर्माण योजना |
| ३३. | सामुदायिक भवन निर्माण योजना |
| ३४. | बोक्सेदह, घिमिरे गाउँ, नयाँ पुल, आशापुरी नयाँ टयाक निर्माण योजना |
| ३५. | लाकुरीभन्ज्याङ ढुगिनसम्म सडक चौडा बनाउने योजना |
| ३६. | चालिसे नयाँ गाउँ सडक स्तरोन्नति योजना (१० किमी) ३ वर्षभित्र |
| ३७. | आदित्य धाम नजिकको १ किमी बाटो पिच योजना |
| ३८. | ठाडेखोला शेराफाँट सिँचाई योजना (१५ किमी, ३ वर्ष) |
| ३९. | चामखोला डुगफाँट सिँचाई योजना (१ किमी) पुल निर्माण योजना |
| ४०. | तीन वटा कल्भर्ट निर्माण योजना |
| ४१. | ठाडेखोला चूनढंगा पुल निर्माण योजना |
| ४२. | कुशादेवी क्षेत्रमा पार्किङ व्यवस्थापन योजना |
| ४३. | जग्गा बाँझो राख्ने प्रचलन निरुत्साहित कार्यक्रम |

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं २ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ४४. | सामूहिक खेती प्रोत्साहन कार्यक्रम |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं. ३ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | आलु उन्नत खेती योजना |
| २. | आलु बिउ उत्पादन योजना |
| ३. | आलु चिप्स उद्योग स्थापना |
| ४. | सुन्तला खेती रोग निदान कार्यक्रम |
| ५. | भैंसीपालन व्यावसायीकरण योजना |
| ६. | घाँस खेती प्रवर्द्धन कार्यक्रम |
| ७. | व्यावसायिक कुखुरा पालन कार्यक्रम |
| ८. | डाले घाँस सुधार कार्यक्रम |
| ९. | पुछारी–सिमलबोट– आशापुरी सडक स्तरोन्नति योजना |
| १०. | कुशादेवी– माथिल्लो घिमिरे गाउँ–प्रहरी चौकी सडक स्तरोन्नति योजना |
| ११. | पुछारी–पैयाँभन्ज्याङ–गुर्धुम सडक ग्राभेल योजना |
| १२. | गुर्धुम पर्यटकीय क्षेत्र विकास कार्यक्रम |
| १३. | बनचरेटार महेन्द्रज्योति भैंसेपाटी सडक स्तरोन्नति योजना |
| १४. | रुप्सेटार पनौती वडा नं. ४ जाने नयाँ टयाक खोल्ने योजना |
| १५. | नयाँ पुल– घ्याल्कु–आशापुरी बाटो कालोपत्रे (५ वर्षभित्र) |
| १६. | ठूलीपोखरी पर्यटकीय स्थल विकास कार्यक्रम |
| १७. | कुशादेवी मानि पछाडि चौकी जाने बाटोमा पुल निर्माण |
| १८. | नयाँ पुल भन्ने ठाउँमा पुल जीर्णोद्धार कार्यक्रम |
| १९. | पार्किङका लागि जग्गा व्यवस्थापन योजना |
| २०. | ट्रिटमेन्ट प्लान्ट सहित ढल व्यवस्थापन योजना (१० वर्ष) |
| २१. | व्यवस्थित सहरीकरण योजना |
| २२. | ठूलिपोखरी पिकनिक स्पोट निर्माण योजना |
| २३. | ठूलिपोखरी भ्यू टावर निर्माण योजना |
| २४. | आशापुरी, पशुपति मन्दिर संरक्षण तथा विकास योजना |
| २५. | नागीडाँडा भ्यू टावर निर्माण योजना |
| २६. | विहावर आधारभूत विद्यालय स्तरोन्नति योजना |
| २७. | अभिभावकको काँधमा सामुदायिक विद्यालय कार्यक्रम |
| २८. | ढ्याल्कल, टेलमाले, डिहीगाउँ खानेपानी योजना |
| २९. | पल्ला घिमिरे गाउँ, भगेरी खानेपानी योजना |
| ३०. | फापरचौर, सिमसार, बानीडाँडा खानेपानी योजना |
| ३१. | घ्याल्पु, डिही, घिमिरे गाउँ, बन्चरे टार , रुप्से, मोठ गाउँ सिँचाई योजना (३ वर्ष) |
| ३२. | काफलटार सिँचाई योजना |
| ३३. | विद्युत सुधार तथा लाइन विस्तार कार्यक्रम |
| ३४. | वडा स्वरोजगार कार्यक्रम |
| ३५. | कागती उत्पादन योजना |
| ३६. | पशुपति, कुशादेवी जात्रापर्व व्यवस्थापन योजना |
| ३७. | कुशादेवी मन्दिर जीर्णोद्धार कार्यक्रम |
| ३८. | दक्ष स्वास्थ्यकर्मी व्यवस्था योजना |
| ३९. | बर्थिङ सेन्टर स्थापना कार्यक्रम |
| ४०. | भटमासे, भगेरी, घिमिरे गाउँ पहिरो रोकथाम कार्यक्रम |
| ४१. | विषयगत सहकारी व्यवस्थापन कार्यक्रम |
| ४२. | बोक्सेदह–घिमिरे गाउँ– नयाँ पुल– आशापुरी नयाँ टयाक निर्माण योजना(२ वर्ष) |
| ४३. | अलैंची खेती प्रवर्धन कार्यक्रम |

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं. ३ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ४४. | बदेल कालिज व्यवस्थापन कार्यक्रम |
| ४५. | दुग्धजन्य उद्योग स्थापना |
| ४६. | गाईपालन व्यावसायिक योजना |
| ४७. | बाख्रापालन व्यावसायिक योजना |
| ४८. | महांकालटार माथिल्लो थापागाउँ वडा नं. ४ जोड्ने मोटर बाटो स्तरोन्नति तथा कालोपत्रे योजना |
| ४९. | बन्चरेटार–महेन्द्रज्योति (बनेपा वडा नं. १२) मोटर बाटो पिच |
| ५०. | पुच्छारी–सिमलबोट–आशापुरी  मोटर बाटो पिच |
| ५१. | सिमाचौर खेल मैदान निर्माण |
| ५२. | बुद्ध चौतारी भवन निर्माण थापागाउँ (काभ्रोको डाँडामा) |
| ५३. | बालउद्यानका लागि आवश्यक पूर्वाधार थप |
| ५४. | महांकालटार मोठ वडा नं ८ जोड्ने मोटर बाटो स्तरोन्नति पिच |
| ५५. | शीतभण्डारण स्थापना |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं. ४ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | पनौती–भैँसेपाटी सडक स्तरोन्नति योजना ८ किमि |
| २. | ठाडो बाटो –सल्ले बाटो ढलान योजना (३ वर्षे) |
| ३. | देउराली भन्ज्याङ– चामखर बाटो ढलान योजना (३ वर्षे) |
| ४. | ज्यालापाटी–डिही गाउँ चामखर बाटो ढलान योजन (३ वर्षे) |
| ५. | एपाटार–तल्लो सल्ले –ऐरी गाउँ बाटो ढलान योजना (३ वर्षे) |
| ६. | चार स्थानहरुमा कल्भर्ट राख्ने योजना |
| ७. | विद्युत सुधार योजना |
| ८. | बृहत खानेपानी योजनाको निरन्तरता योजना |
| ९. | बेवार खोला सिँचाई योजना (तीन वर्षे) |
| १०. | मल्पी, लिलावती सिँचाई योजना (तीन वर्षे) |
| ११. | बालकल्याण आधारभूत विद्यालय सडखेलको तला थप योजना (एक वर्षे) |
| १२. | स्वास्थ्य चौकी भवन निर्माण योजना ( २ वर्षे) |
| १३. | चामखर भ्यू टावर निर्माण योजना |
| १४. | पशुपति तथा गणेश मन्दिर संरक्षण योजना |
| १५. | डिगाउँ शान्तिपार्क निर्माण योजना निरन्तरता |
| १६. | ठूलोपोखरी, काभ्राबोट खेलकुद मैदान योजना निरन्तरता |
| १७. | चामखर मेला (मंसिरे पूर्णिमा) व्यवस्थापन योजना |
| १८. | देवीथान संरक्षण तथा विकास योजना |
| १९. | एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम |
| २०. | बचत तथा ऋण सहकारी संस्था व्यवस्थापन योजना |
| २१. | वासडोल खोला वडा भवन तल बसपार्क निर्माण योजना (२ वर्षे) |
| २२. | थलीफाँट जग्गा विकास कार्यक्रम योजना (२ वर्षे) |
| २३. | सफाफाँट जग्गा विकास कार्यक्रम योजना (२ वर्षे) |
| २४. | खरिबोट खत्रीगाउँ डिहिगाउँ सामुदायिक वन हुँदै बास्डोल खोला पुल जोड्ने बाटो परियोजना (२ वर्षे) |
| २५. | कालीदेवी सेतीदेवी जात्रा (कात्तिक पूर्णिमा र वैशाद पूर्णिमा) व्यवस्थापन योजना सल्ले |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं ५ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| **नयाँ बाटो** | |
| १. | नयाँ ढल्मलेदेखि सानागाउँ (१ कि.मी) |
| २. | चौकोट गोरखनाथदेखि सारदा बतासे - धुलिखेल १० सम्म (५ कि.मीं) |
| **ग्रावेल बाटो** | |
| ३. | ढल्मले–बाघखोर शारदादेवीस्थान सडक (२ कि.मीं) |
| ४. | बि.पी मार्ग पुरानो खण्डहुँदै श्रीखण्डपुरदेखि गल्छी सम्म (४ कि.मीं) |
| ५. | नर्सरी नैकण्टारदेखि सुब्बागाउँ हाइलाइट स्कुलको बाटो (२.५ कि.मीं) |
| ६. | बाँसघारी काभ्राबोट सडक (३ कि.मीं) |
| ७. | ढल्मले चौकोट हुलाक सडक (२ कि.मीं) |
| ८. | छाला कारखाना चौकोट सडक (१ कि.मीं) |
| **रिङ्गरोड** | |
| ९. | बि.पी.मार्ग पुरानो खण्डहुँदै गढीथुम्का हुँदै ढल्मले निस्कने, बनेपा सडकबाट बाँसघारी काभ्राबोट हुँदै वनको कछाड नैकिनटार हुँदै धनेश्वरसम्मको चक्रपथ निर्माण योजना |
| **ढल** | |
| १०. | वडा नं. ५ मा पर्ने सडकमा ढलको व्यवस्था निर्माण योजना |
| **पुल** | |
| ११. | छाला कारखाना अन्तरगत पुण्यमाता खोलामा पक्की पुल निर्माण योजना |
| **सिँचाई** | |
| १२. | च्यानेखोला सिँचाई आयोजना (२ कि.मी.) |
| १३. | ढल्मले गैरीगाउँ खोला सिँचाई आयोजना |
| १४. | ढल्मले खोल्सा सिंचाई (नैकिनटार, सुब्बागाउँ (५००-६००रोपनी सिंचित हुने ) |
| १५. | च्यानेखोला सिँचाई (चौकोट) (७०० रोपनी सिंचित हुने) |
| **खानेपानी** | |
| १६. | मुलसुधार आयोजना |
| १७. | वृहत खानेपानी एकिकृत आयोजना |
| १८. | च्याने गैरा खानेपानी आयोजना (२००–२५० घरधुरी लाभान्वित हुने) |
| **मठमन्दिर पुनर्निर्माण** | |
| १९. | श्वेत गणेश मन्दिर संरक्षण (गणेशको रथ राख्ने घर) । |
| २०. | गढी शारदादेवी मन्दिर |
| २१. | सेतीदेवी मन्दिर संरक्षण |
| २२. | ठुली ढुंङ्गीदेवी मन्दिर संरक्षण |
| २३. | धनेश्वर मन्दिर संरक्षण |
| **शिक्षा** | |
| २४. | बालमैत्री प्रकृया शुरु |
| २५. | क्इक बालग्राममा कृषि विषयको पठनपाठन शुरु गर्ने योजना । |
| **खेल मैदान निर्माण** | |
| २६. | ग्रामोदय आधारभूत विद्यालय |
| २७. | धनेश्वर प्राथमिक विद्यालय |
| २८. | श्वेत गणेश आधारभूत विद्यालय (भिमसेन डाँडा) |
| २९. | चौकोट, च्यानडाँडा, गैरीगाउँ (थलिडाँडा) ठूलो मैदान |
| **पर्यटन** | |
| ३०. | धार्मिक पर्यटनको व्यवस्थापन |
| ३१. | गढीडाँडा भ्यू टावर निर्माण (आर्मी) |

| वडा नं ५ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ३२. | धनेश्वर मन्दिर (स्वास्थ्य इकाई र बसपार्कको आवश्यकता) |
| **स्वास्थ्य** | |
| ३३. | बर्थिङ्ग सेन्टर निर्माण योजना |
| ३४. | भैसी काटने चौर चौकोट व्यवस्थापन योजना |
| **कृषि** | |
| ३५. | आलु बाली विकास कार्यक्रम |
| ३६. | फलफूल (सुन्तला, कागती, नस्पाती, स्याउ, हलुवावेद, मौसम, अबोकाडो) खेती विकास कार्यक्रम |
| ३७. | बदेलको असर रोकथाम कार्यक्रम |
| **पशुपालन** | |
| ३८. | गाई १२००, भैंसीपालन, बाख्रापालन, बंगुरपालन, कुखुरापालन, कालिजपालन कार्यक्रम |
| ३९. | गाई फाराम (प्राविधिक सेवा, गोठ सुधार सेवा, मल सुधार सेवा, पशु बिमा, रोग पहिचान) कार्यक्रम |
| **तालिम** | |
| ४०. | तरकारी खेती, हस्तकला, क्रिष्टल बनाउने तालिम योजना |
| **बिबिध** | |
| ४१. | जडीबूटी अध्ययन कार्यक्रम |
| ४२. | सामुदायीक भवन निर्माण |
| ४३. | वडा कार्यालय भवन निर्माण( जग्गा र नयाँ भवनको लागि बजेट आवश्यक) |
| ४४. | पहिरो, नदीकटान रोकथाम कार्यक्रम |
| ४५. | दुर्व्यसनी रोकथाम कार्यक्रम |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं ६ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | रोशिखोला लिफटिङ सिँचाई योजना |
| २. | तरकारी बजार व्यवस्थित गर्ने योजना |
| ३. | आलु कोल्ड स्टोर निर्माण योजना |
| ४. | अदुवा र बेसार व्यवासायीकरण कार्यक्रम |
| ५. | गणेशथान–देवीस्थान– बिपी मार्ग बाटो स्तरोन्नति योजना (५वर्षे) |
| ६. | रातोमाटे –बाहुनगाउँ–खहरे खोला बाटो निर्माण योजना (वर्षे) |
| ७. | पिपलबोट–छिरी खोला बाटो ग्राभेलिङ योजना |
| ८. | बगरफाँटमा पुल निर्माण योजना |
| ९. | दलिन्चोक भलिबल खेल मैदान सुधार योजना |
| १०. | गाडी तथा अटो रिक्सा राख्ने ठाउँ निर्माण |
| ११. | पच्चिसे खेल मैदान निर्माण योजना (२वर्षे) |
| १२. | शारदादेवी मन्दिर र गणेशस्थान मन्दिर धार्मिक पर्यटक |
| १३. | सामुदायिक विद्यालयमा गुणस्तर अभिवृद्धि कार्यक्रम |
| १४. | विद्युत लाइन विस्तार तथा सुधार आयोजना |
| १५. | प्राविधिक विद्यालयसँग समन्वय गर्ने कार्यक्रम |
| १६. | सामुदायिक भवन निर्माण योजना, बाहुन गाउँ |
| १७. | दमकल व्यवस्थापन योजना |
| १८. | पनौती नगर अस्पताल निर्माण योजना |
| १९. | गोरखनाथ बाबा मन्दिर संरक्षण तथा विकास योजना |
| २०. | महिला स्वरोजगार कार्यक्रम |
| २१. | फोहोर सरसफाइ अभियान |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं ७ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | नगर बसपार्क  उपयुक्त स्थानमा सार्ने योजना |
| २. | पर्यटकीय सूचना केन्द्र निर्माण योजना |
| ३. | चोक, हिटी, भवनहरुको प्राचीनता झल्कने गरी निर्माण योजना |
| ४. | जात्राचाडपर्वको व्यवस्थापन तथा विकास कार्यक्रम |
| ५. | संग्राहालय सञ्चालन व्यवस्थापन योजना |
| ६. | पाटीपौवा संरक्षण तथा प्राचीन कलाकृति झल्काउने योजना |
| ७. | महालक्ष्मी मन्दिर जीर्णोद्धार योजना |
| ८. | इन्द्रायणी मन्दिर मर्मत सम्भार योजना |
| ९. | कोलाक्षे टोलको मन्दिर र पाटी जीणोद्धार योजना (चारवर्ष) |
| १०. | ढलनिकास तथा फोहोरमैलाको समुचित व्यवस्थापन योजना |
| ११. | पुण्यमती खोलामा जलविहारका लागि ताल निर्माण योजना(चारवर्ष) |
| १२. | होमस्टे विकास योजना |
| १३. | टुर गाइड तालिम योजना |
| १४. | बृहत खानेपानी योजना निरन्तरता कार्यक्रम |
| १५. | नासनानी चोक इँटा ओछयाउने कार्यक्रम |
| १६. | ख्वान्जु चोक इँटा ओछ्याउने योजना |
| १७. | कर्मचार्य चोक इँटा ओछ्याउने योजना |
| १८. | त्रिवेणी घाट सौन्दर्यकरण योजना |
| १९. | बाह्रवर्षे मकर मेला व्यवस्थित योजना |
| २०. | सार्वजनिक शौचालय निर्माण योजना |
| २१. | ह्यान्डिक्राफ्ट उद्यम विकास योजना |
| २२. | क्याम्पसमा स्नातकोत्तर कक्षा सञ्चालन योजना |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं ८ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | इन्द्रेश्वर मावि–खरिबोट पक्की सडक योजना (५ वर्षे) |
| २. | लज्जावती मार्ग पक्की सडक योजना |
| ३. | वडा नं ७ को सीमाबाट ढुंगेसाँघु, मोठ हुँदै कुशादेवी बाटो ग्राभेल (५ वर्षे) |
| ४. | डिकाचौर–रातोपोखरी नयाँ टयाक निर्माण योजना (५ वर्षे) |
| ५. | लामाडोल–वडा नं १२ सीमासम्म पक्की सडक निर्माण |
| ६. | भालेश्वर मावि–डिकाचौर बाटो ग्राभेल योजना (२ वर्षे) |
| ७. | ड्याम–तिलचोक बाटो स्तरोन्नति योजना (५ वर्षे) |
| ८. | वडा कार्यालय हुँदै शान्तिमार्ग जोड्ने बाटा पक्की योजना (२ वर्षे) |
| ९. | आलु खेती प्रवर्द्धन योजना |
| १०. | दुग्ध व्यवसाय आधुनिकीकरण योजना |
| ११. | खरिबोट र बन्जारागाउँमा गोलभेडा खेती प्रवर्धन कार्यक्रम |
| १२. | कृषि बजार निर्माण योजना, खरिबोट (५ वर्षे) |
| १३. | बिचौलिया बजार सुधार कार्यक्रम |
| १४. | मल्पी र खरिबोटमा व्यवस्थित बस्ती विकास योजना |
| १५. | देउराली भन्ज्याङ वडागत बस पार्क निर्माण योजना (वडा नं ८,४ र ३) |
| १६. | भालेश्वर माविमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन योजना |
| १७. | ज्वालामुखी आधारभूत विद्यालयमा कक्षा थप्ने योजना |
| १८. | मल्पी इन्टरनेसनल विद्यालयसँग समन्वय स्थापित योजना |
| १९. | विद्युत लाइन सडक किनाराबाट विस्तार गर्ने योजना |
| २०. | ट्रान्समिटर स्थानान्तर योजना |
| २१. | बर्थिङ सेन्टर निर्माण योजना (२ वर्षे) |
| २२. | धार्मिक पर्यटन प्रवर्धन कार्यक्रम |
| २३. | सहिद पार्क निर्माण योजना (घिमिरे गाउँ, १ वर्षे) |
| २४. | लामाडोल पिकनिक स्पोट निर्माण योजना |
| २५. | कपालकोट पिकनिक स्पोट निर्माण योजना (१ वर्षे) |
| २६. | टिमुर खेती सुरु योजना |
| २७. | लामाडोल टिकेचोक पहिरो नियन्त्रण कार्यक्रम |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) विकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं ९ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| **क) सडक पूर्वाधार विकास योजना** | |
| १. | नागेचौर नौबिसे सुँडिखोला सडक पक्की निर्माण योजना २ वषे |
| २. | पस्थली नौबिसे जाकिडोल हुँदै बि.पी राजमार्ग जोड्ने रिङरोड जोड्ने रिङरोड सडक पक्की निर्माण योजना ५ वर्ष |
| ३. | ओमडाँडा देवीस्थान पर्यटकीय सडक पक्की निर्माण योजना ५ वर्ष |
| ४. | भण्डारीगाउँ सडक पक्की निर्माण ३ वर्षे |
| ५. | सुन्थान मुकुट्टा भन्ज्याङ सडक पक्की निर्माण ५ वर्ष |
| ६. | खत्रीगाउँ सडक पक्की निर्माण ५ वर्ष |
| ७. | जाकिडोल सडक बस्ती पक्की निर्माण ५ वर्ष |
| ८. | सुन्थान खल्थली सडक पक्की निर्माण ५ वर्ष |
| ९. | मुकुट्टा भन्ज्याङ देवीस्थान सडक ३ वर्ष |
| १०. | खड्का टोलदेखि पलान्चोक भगवती मन्दिर जाने सडक पक्की निर्माण ५ वर्ष |
| ११. | सिकारी गाउँ सडक पक्की निर्माण ५ वर्ष |
| १२. | नौबिसे ठूलागाउँ बि. पी राजमार्ग सडक पक्की निर्माण ५ वर्ष |
| १३. | साबिक शारदा बतासे ९ र ३ जोड्ने नयाँ ट्र्याक सडक निर्माण ३ वर्ष |
| १४. | प्लाङवाट दलित बस्ती सडक पक्की निर्माण २ वर्ष |
| १५. | बोक्से जामुनेगाउँ सडक पक्की निर्माण ५ वर्ष |
| १६. | मुकुट्टा भन्ज्याङ ठूलागाउँ नयाँ ट्र्याक सडक निर्माण ५ वर्ष |
| १७. | नागेचौर खरिबोट खल्थली सडक पक्की निर्माण ५ वर्ष |
| १८. | डाँडागाउँ सेतीदेवी जाने मोटर बाटो स्तर वृद्धि ५ वर्ष |
| १९. | पल्लो डाँडागाउँ सडक स्तर वृद्धि ३ वर्ष |
| २०. | ओमडाँडा हुँदै मुकुट्टा भन्ज्याङ सडक स्तर वृद्धि ५ वर्ष |
| २१. | खोपासी जाने पुलदेखि क्यानल जोड्ने बाटो ५ वर्ष |
| २२. | ओमडाँडा प्राथमिक स्वास्थ्य केन्द्र जाने सिँढी निर्माण ३ वर्ष |
| २३. | रातामाटे कुँवरटोल सडक स्तरोन्नति ३ वर्ष |
| २४. | त्रिवेणीघाट खोपासी वैकल्पिक मोटर बाटो निर्माण योजना १० वर्ष |
| २५. | क्यानल मार्ग सडक स्तर वृद्धि ५ वष |
| २६. | गोगुनाल कृषि सडक स्तर वृद्धि ५ वष |
| २७. | खरिबोट दलित बस्ती सडक निर्माण ३ वर्ष |
| २८. | माथिल्लो खरिबोट सडक स्तर वृति ३ वर्ष |
| २९. | पैया गैह्रा खल्थली सडक स्तर वृद्धि ३ वर्ष |
| ३०. | झुलेखेत सडक स्तर वृद्धि २ वर्ष |
| ३१. | भलायोबोट सडक स्तर वृद्धि ३ वर्ष |
| ३२. | रातमाटे शिकारी गाउँ सडक स्तर वृद्धि ३ वर्ष |
| ३३. | ओम फाँट खल्थली च्यानडाँडा हुँदै पस्थली सडक स्तर वृद्धि ५ वर्ष |
| ३४. | नागेचौर सिमलबोट सडक निर्माण ३ वर्ष |
| **ख) भवन तथा पार्क निर्माण योजना** | |
| ३५. | सुन्थान प्राथमिक स्वास्थ्य केन्द भवन निर्माण योजना ३ वर्ष |
| ३६. | वडा कार्यालय भवन निर्माण योजना ३ वर्ष |
| ३७. | त्रिवेणीघाटवारि बसपार्क जग्गा व्यवस्थापन योजना १० वष |
| ३८. | पनौती नगर अस्पताल भवन निर्माण ओमडाँडा ३ वर्ष |
| ३९. | बहुउद्देश्यीय सामुदायिक भवन निर्माण ५ वर्ष |
| ४०. | आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण ३ वर्ष |

| वडा नं ९ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ४१. | वडा क्षेत्रभित्र हरियाली प्रवर्द्धन कार्यक्रम निरन्तर |
| **ग) पुल निर्माण योजना** | |
| ४२. | च्याउ खेती क्यान मार्ग पुल निर्माण २ वर्ष |
| ४३. | सुँडे खोला पुल संरक्षण २ वर्ष |
| ४४. | खत्रीगाउँ कल्भर्ट निर्माण २ वर्ष |
| ४५. | च्यानडाँडा खोल्सा कल्भर्ट निर्माण ३ वर्ष |
| ४६. | जाइडोल खोल्सा कल्भर्ट निर्माण ३ वर्ष |
| ४७. | जाइडोल बतासे खोल्सा कल्भर्ट ३ वर्ष |
| ४८. | चिम्टे खोला कल्भर्ट निर्माण ३ वर्ष |
| ४९. | बाउन्ने बोक्सेखोला कल्भर्ट निर्माण ३ वर्ष |
| ५०. | शिकारीगाउँ तर्साउने खोला कल्भर्ट निर्माण ३ वर्ष |
| ५१. | देवीस्थान जाने खोल्सा कल्भर्ट २ वटा निर्माण ३ वर्ष |
| ५२. | बाउन्ने भण्डारीगाउँ पक्की पुल निर्माण ५ वर्ष |
| ५३. | खल्थली–रेसम खेती  जाने पक्की पुल निर्माण ५ वर्ष |
| **घ) पर्यटन विकास योजना** | |
| ५४. | शारदा देवीस्थान क्षेत्रमा पर्यटकीय स्थलका रुपमा विकास गर्न तयार डि. पि. आर. अनुसार निर्माणकार्य सम्पन्न १० वर्ष |
| ५५. | संकटा स्थान संरक्षण तथा पार्क निर्माण ३ वर्ष |
| ५६. | होमस्टे सञ्चालन प्रवर्द्धन कार्यक्रम निरन्तर |
| **ङ) उद्यान बगैँचा तर्फ** | |
| ५७. | ओम डाँडा बाल उद्यान निर्माण ५ वर्ष |
| **च) खेलकुद तर्फ** | |
| ५८. | नागेचौर खेलकुद मैदान निर्माण ५ वर्ष |
| ५९. | जाकिडोल नेवार टोल खेल मैदान निर्माण ३ वर्ष |
| ६०. | जाइडोल बाहुन टोल खेल मैदान निर्माण ३ वर्ष |
| ६१. | खत्रीगाउँ खेल मैदान निर्माण ३ वर्ष |
| ६२. | भण्डारी गाउँ खेल मैदान निर्माण ३ वर्ष |
| ६३. | शिकारी गाउँ खेल मैदान निर्माण ३ वर्ष |
| ६४. | खल्थली खेल मैदान निर्माण ३ वर्ष |
| **छ) ढल निर्माण तर्फ** | |
| ६५. | नौबिसे सुन्थान ओमडाँडा नमोबुद्ध सडक १० वर्ष |
| ६६. | पनौती खोपासी सडक ढल निर्माण १० वर्ष |
| ६७. | भण्डारी गाउँ खत्रीगाउँ ढल निर्माण ५ वर्ष |
| ६८. | नौबिसे जाकिडोल सडक ढल निर्माण १० वर्ष |
| ६९. | जाकिडोल बस्ती ढल निर्माण ५ वर्ष |
| **ज) कृषितर्फ** | |
| ७०. | नौबिसे नेपालबेसी सिँचाई स्तर वृद्धि ३ वर्ष |
| ७१. | गौनाल लिफ्टिङ सिँचाई व्यवस्थापन ३ वर्ष |

| वडा नं ९ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ७२. | खल्थली नौबिसेफाँट लिफिट्ङ सिँचाई व्यवस्थापन ५ वर्ष |
| ७३. | जाकिडोल जागेश्वरी खोल्सा सिँचाई बाँध निर्माण ३ वर्ष |
| ७४. | बतासे खोल्सीबाट जाकिडोल सिँचाई बाँध निर्माण ३ वर्ष |
| ७५. | कृषि औजार, मल, बिउबिजन अनुदान तथा तालिम, प्रचारप्रसार कार्यक्रम नियमित |
| ७६. | अनिवार्य कृषक परिचय पत्र वितरण कार्यक्रम २ वर्ष |
| ७७. | कृषि उपज बजारीकरण तथा औद्योगिकीकरण व्यवस्थापन कार्यक्रम नियमित |
| ७८. | पशु वधशाला सुधार कार्यक्रम ३ वर्ष |
| **झ) बालमैत्री स्थानीय शासन कार्यक्रम** | |
| ७९. | बालमैत्री स्थानीय शासन अवलम्बन घोषणा कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्थापन साथै कुल पुँजीगत बजेटबाट १० प्रतिशत रकम बालमैत्री स्थानीय शासन कार्यक्रमका लागि विनियोजन गरिदिन नपा कार्यालयमा माग गरिने नियमित |
| **ञ) स्वास्थ्यतर्फ** | |
| ८०. | सुत्केरी भेट कार्यक्रम निरन्तर |
| ८१. | बालपोषण कार्यक्रम सर्वोत्तम पिठा वितरण निरन्तर |
| ८२. | गर्भवती महिलालाई पोषण वितरण कार्यक्रम निरन्तर |
| ८३. | ज्येष्ठ नागरिकका लागि गाउँघर क्लिनिक सञ्चालन गर्न आवश्यक रकम व्यवस्था निरन्तर |
| ८४. | महिला स्वास्थ्य स्वयंसेविकाको लागि क्षमता अभिवृद्धि कार्यक्रम निरन्तर |
| ८५. | ठूलागाउँ खोप केन्द्र स्तर वृद्धि ३ वर्ष |
| ८६. | ज्येष्ठ नागरिक तीर्थाटन कार्यक्रमका लागि आवश्यक रकम व्यवस्थापन निरन्तर |
| **ट) शिक्षातर्फ** | |
| ८७. | गुणस्तरीय शिक्षा परियोजना कार्यक्रम निरन्तर |
| ८८. | सामुदायिक विद्यालयका बालबालिकाहरुलाई शैक्षिक सामग्री पोशाक वितरण निरन्तर |
| ८९. | विद्यालयहरुमा बालमैत्री खानेपानी र शौचालयको व्यवस्थापन कार्यक्रम |
| ९०. | शत प्रतिशत विद्यार्थी भर्ना कार्यक्रम निरन्तर |
| ९१. | शारदा माविमामा +२ कृषि विषय अध्यापनका लागि आवश्यक कार्यक्रम |
| ९२. | सामुदायिक पुस्तकालय सञ्चालन २ वर्ष |
| ९३. | भैरव प्रावि विद्यालय भवन संरक्षण निरन्तर |
| **ठ) महिला तफ** | |
| ९४. | महिला अभिमुखीकरण एवं सशक्तीकरण कार्यक्रम निरन्तर |
| ९५. | महिला सिपमूलक तालिम कार्यक्रम निरन्तर |
| ९६. | महिला आर्थिक उपार्जन तथा स्वाभिमानी कार्यक्रम निरन्तर |
| **ड) सांस्कृतिक सम्पदा** | |
| ९७. | जाकिडोल लाखे नाच तथा नागा नाच प्रवर्धन तथा संवर्धन विस्तार कार्यक्रम निरन्तर |
| ९८. | विभिन्न जनजातिहरुका भेषभुषा तथा संस्कृति संरक्षण तथा विकास कार्यक्रम निरन्तर |
| **ढ) दलित तर्फ** | |
| ९९. | दलित तथा पिछडिएका वर्गको आय आर्जना बजेट व्यवस्था निरन्तर |
| १००. | जनजाति वर्ग आयआर्जन कार्यक्रम निरन्तर |
| **ण) मठमन्दिर तर्फ** | |

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं ९ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १०१. | जाकिडोल श्रीकृष्ण मन्दिर जीर्णोद्धार ३ वष |
| १०२. | खत्रीगाउँ दुर्गामन्दिर संरक्षण तथा व्यवस्थापन निरन्तर |
| १०३. | प्राणनाथ माइती वृद्धाश्रम मर्मत सम्भार सञ्चालन एवं व्यवस्थापन निरन्तर |
| १०४. | कोट्का देवीस्थान मन्दिर निर्माण ३ वष |
| १०५. | वडा क्षेत्रका पुराना पाटी पौवाहरु संरक्षण गर्न बजेट व्यवस्थापन |
| १०६. | नौबिसे जागेश्वरी विद्यालय भवन संरक्षण वृद्ध भेटघाट मिलन केन्द्रमा रुपान्तरण निरन्तर |
| १०७. | बुढा महाङ्काल सत्तल निर्माण ३ वर्ष |
| **त) पशुपालन तर्फ** | |
| १०८. | पशु नश्ल सुधार खोप तथा पोषण कार्यक्रम निरन्तर |
| १०९. | पशु तथा कृषि अनुदान तथा बिमा कार्यक्रम निरन्त |
| ११०. | पशु कार्यक्रमका लागि प्रचारप्रसार र तालिम अभिमुखीकरण निरन्तर |
| **थ) खानेपानी तथा विद्युत तर्फ** | |
| १११. | एकीकृत खानेपानी सम्पूण वडाभरि वितरण तीन वष |
| ११२. | साबिक शारदा बतासे ३, ९ र ४ हाल पनौती नपा वडा नं. ९ मा अधुरो रहेको भूमिगत पानीको टयांकी निर्माण, पाइप लाइन विस्तार योजना ३ वष |
| ११३. | जाकिडोल ट्रान्सफर्मर जडान २ वष |
| ११४. | ओमडाँडा ट्रान्सफर्मर जडान २ वष |
| ११५. | विद्युत् लाइन सुधार तथा क्षमता अभिवृद्धि कार्यक्रम निरन्तर |
| ११६. | सडक बत्ती जडान तथा विस्तार कार्यक्रम निरन्तर |
| **द) विविध तर्फ** | |
| ११७. | जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धि तालिम |
| ११८. | जनप्रतिनिधिहरुलाई अध्ययन भ्रमण |
| ११९. | कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्थापन |
| १२०. | वन व्यवस्थापन कार्यक्रम निरन्तर |
| १२१. | वातावरणीय संरक्षण कार्यक्रम निरन्तर |
| १२२. | नदी नियन्त्रण कार्यक्रम निरन्तर |
| १२३. | पूर्ण सरसफाई कार्यक्रम निरन्तर |
| १२४. | रोशीखोला, छिरेखोल्सा,, जाकिडोल खोल्सा, जाकिडोल बतासे खोल्सा नियन्त्रण कार्यक्रम ३ वष |
| १२५. | सार्वजनिक जग्गा संरक्षण कार्यक्रम ानरन्तर |
| १२६. | भण्डारीगाउँ पहिरो नियन्त्रण कार्यक्रम २ वष |
| १२७. | वडा कार्यालय व्यवस्थापन तथा सञ्चालन कार्यक्रम निरन्तर |
| १२८. | फोहोरमैला व्यवस्थापन कार्यक्रम निरन्तर |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं १० | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | कोल्ड स्टोर निर्माण योजना |
| २. | कृषिपर्यटन विकास योजना |
| ३. | बालुवा, जिल्पुडोल सिँचाई योजना |
| ४. | पस्तली, तिमालडोल फाँट, मकैटार, दाहालटार लिफ्टिङ सिँचाई योजना |
| ५. | बेमौसमी तरकारी खेती विकास योजना |
| ६. | प्राङ्गारिक खेती प्रोत्साहान कार्यक्रम |
| ७. | कृषि तालिम केन्द्र स्थापना |
| ८. | दूध चिस्यान केन्द्र स्थापना |
| ९. | जैविक मल उत्पादन कार्यक्र |
| १०. | व्यावसायिक कृषकलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम |
| ११. | पर्यटकीय मार्ग स्थापना तथा सञ्चालन कार्यक्रम |
| १२. | मयलबोट–बनदेवी–नाङ्गेपाखो–फलचोकी भ्यू टावर पैदलबाटो सकी मोटरबाट पागे टोल, द्रौपदा मन्दिर, सत्याल डाँडा, फुलचोकी नाङ्गेपाखामा पिकनिक स्पोट बनाउने योजना |
| १३. | फुलचोकीमा भ्यू टावर निर्माण गर्ने योजना |
| १४. | धार्मिक मार्ग निर्माण योजना |
| १५. | सहकाली डाँडा–कालीदेवी–उग्रेन छयोलिङ गुम्बा–कृष्णमन्दिर–डोलेश्वर मन्दिर–फड्केश्वर मन्दिर–डाङघाटेश्वर मन्दिर–रङ्गमन्दिर (शिशमहल)– पञ्चकन्या मठ |
| १६. | होमस्टे सञ्चालन कार्यक्रम |
| १७. | रङ्गनाथ मन्दिर–नाङ्गेपाखा–दौपद्री देवी मन्दिर नयाँ मोटर बाटो ट्र्याक खोल्ने योजना (१वर्ष) |
| १८. | रङ्गनाथमन्दिरको मुनबिाट पक्की ड्रेन गर्दै जिल्पुडोल नयाँ ट्र्याक निर्माण योजना (१वर्ष) |
| १९. | पहलमान खड्का घरदेखि(मकैटार) दुर्गा भण्डारीको घर हुँदै शंकर थापाको घरसम्म नयाँ ट्र्याक निर्माण (२ वर्ष) |
| २०. | रङ्गनाथ मन्दिर देखि ड्याम सम्मको मोटरबाटो स्तरोन्नति योजना (२ वर्ष) |
| २१. | नागेचौर–बल्थली सडक पक्की योजना (२ वर्ष) |
| २२. | लाकुरीबोट–जुगाउँ सडक पक्की योजना (१ वर्ष) |
| २३. | नाकेडाँडा–सल्मीटार पक्की पुल निर्माण योजना |
| २४. | दाङघाटबाट खल्थली जोड्ने पक्की पुल निर्माण योजना (२ वर्ष) |
| २५. | वडा चक्रपथ निर्माण योजना किटिनी–पस्थली–सिङ्गेपाटी–किटिनी |
| २६. | मयलबोट खानेपानी मर्मत सम्भार आयोजना (२ वर्ष) |
| २७. | दाहालटार खानेपानी डिपबोरिङ आयोजना (३ वर्ष) |
| २८. | पस्थली खानेपानी मूल संरक्षण आयोजना |
| २९. | पढ्ने र पढाउनेमा भएको समस्या समाधान योजना |
| ३०. | प्राविधिक कृषि क्याम्पस स्थापना योजना |
| ३१. | क्याम्पस स्थापना योजना (५ वर्ष) |
| ३२. | नगर अस्पताल निर्माण योजना |
| ३३. | घ्याङ कपुरपानी पहिरो नियन्त्रण कार्यक्रम |
| ३४. | भण्डारी गाउँमुनि रोसी खोला तटबन्ध निर्माण योजना |
| ३५. | बाँदर प्रकोप न्यूनीकरण कार्यक्रम |
| ३६. | वनमा औषधीजन्य वस्तु रोपण कार्यक्रम |
| ३७. | वडा बसपार्क निर्माण योजना |
| ३८. | ढलव्यवस्थापन योजना |
| ३९. | मकैटार र सल्मीटारको बीचमा नगरपालिकाले खरिद गरको डम्पिङ साइटलाई नै प्रयोग गर्ने योजना छ । रोसीखोला किनारमा ट्रिटेमेन्ट सेन्टर बनाउनका लागि विस्तृत अध्ययन गर्ने योजना |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं. ११ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| १. | लड्कु बलथली नहर मर्मत सम्भार योजना |
| २. | लड्कु खोलामा बाँध बाँधी पर्यटकलाई जलविहार गराउने योजना एवं ख्याकुफाँट लिफ्टिङ सिँचाई आयोजना |
| ३. | जरुवा डिपबोरिङ सिँचाई आयोजना |
| ४. | कोल्ड स्टोर निर्माण योजना |
| ५. | कृषि संकलन केन्द्र स्थापना |
| ६. | कृषि प्राविधिकको सहज पहुँच अभिवृद्धि |
| ७. | किबी खेती प्रवर्धन कार्यक्रम |
| ८. | जंगली जनावर क्षति न्यूनीकरण कार्यक्रम |
| ९. | सानो गाउँ अल्छे हुँदै लुकुवा छाप जाने बाटोको नयाँ ट्र्याक खोल्ने योजना (१ वर्ष) |
| १०. | नेपाने ढलान बाटोबाट चिहानडाँडा हुँदै लड्केश्वर विद्यालय जाने बाटोको नयाँ ट्र्याक खोल्ने (१ वर्ष) |
| ११. | रोशीखोला ढलान पुलबाट वडा कार्यालय सडक स्तरोन्नति कार्यक्रम (२ वर्ष) |
| १२. | थुम्की तामाङ गाउँ मोटरबाटो स्तरोन्नति (३ वर्ष) |
| १३. | ख्याकु हुँदै घैधारा जाने बाटो स्तरोन्नति (३ वर्ष) |
| १४. | ख्याकु चोकदेखि करुंगे हुँदै बल्थली जोड्ने बाटो ग्राभेलिङ (२ वर्ष) |
| १५. | पोखरीडाँडा जाने मोटरबाटो स्तरोन्नति (३ वर्ष) |
| १६. | बेसीगाउँ मोटरबाटो पक्की योजना (४ वर्ष) |
| १७. | डाँडागाउँ हुँदै लामाथोक जाने बाटो स्तरोन्नति (४ वर्ष) |
| १८. | लड्कु–पौवा मोटर बाटो स्तरोन्नति (२ वर्ष) |
| १९. | वडा कार्यालयबाट माझटोल हुँदै शङ्खु जाने बाटो स्तरोन्नति (५ वर्ष) |
| २०. | महादेवस्थानबाट रोशीखोला जाने बाटो स्तरोन्नति (२ वर्ष) |
| २१. | महादेवस्थानबाट लड्केश्वर मन्दिर जाने बाटो स्तरोन्नति (१ वर्ष) |
| २२. | छाप मोटरबाटो स्तरोन्नति योजना (१वर्ष) |
| २३. | वडा बसपार्क महादेवथान चौरमा निर्माण (२वर्ष) |
| २४. | नेपाने–बेथानचोक सिमसिम खोला खानेपानी आयोजना (१ वर्ष) |
| २५. | गर्दुवा खोला पुल निर्माण योजना (३ वर्ष) |
| २६. | दाड मोटरबाटोको गर्दुवाखोलामा पुल निर्माण |
| २७. | ख्याकु बलथली जाने सिमखोलामा पुल निर्माण |
| २८. | जरुवा खोला पुल निर्माण |
| २९. | जयचौरबाट चिन्ने जाने ठाउँमा पुल निर्माण |
| ३०. | बृहत् खानेपानी आयोजनाको निरन्तरता कार्यक्रम |
| ३१. | सामुदायिक विद्यालयप्रति जनविश्वास सिर्जना कार्यक्रम |
| ३२. | शिक्षक अभिभावकबीच सदृढ सम्बन्ध स्थापना कार्यक्रम |
| ३३. | बर्थिङ सेन्टर स्थापना कार्यक्रम |
| ३४. | वडा कार्यालय भवन निर्माण योजना |
| ३५. | नेपाने, डाँडागाउँ लड्कु पौवा थुम्की पहिरो रोकथाम आयोजना |
| ३६. | होम स्टे र रिसोर्ट प्रवर्धन कार्यक्रम |
| ३७. | लड्केश्वर मन्दिर धार्मिक पर्यटन विकास योजना |
| ३८. | बालमैत्री बालउद्यान निर्माण योजना |
| ३९. | लड्केश्वर मेला, कार्थिक मेला व्यवस्थापन योजना |
| ४०. | छुवातछुत तथा बोक्सी प्रथा उन्मूलन कार्यक्रम |

*वडाभेलाको छलफलबाट आएका योजनाहरुको विवरण । कतिपय नगरस्तरीय योजनाहरु पनि संलग्न भएका छन् ।*

| वडा नं. ११ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिबरण** |
| ४१. | महिला हिंसा मुक्त कार्यक्रम |
| ४२. | पिछडिएका महिला विशेष कार्फक्रम |
| ४३. | वैदेशिक रोजगारबाट फर्केकालाई उद्यमशील तालिम कार्यक्रम |
| ४४. | बँद्ल नियन्त्रण कार्यक्रम |
| ४५. | देवीथान ठूलो चौर खेलकुद विकास योजना |
| ४६. | एकादशी मेला संरक्षण कार्यक्रम |
| ४७. | डम्फु संस्कार संरक्षण र संवर्धन कार्यक्रम |
| ४८. | गुम्बा विकास कार्यक्रम |


*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

| वडा नं. १२ | |
|---|---|
| **क.स.** | **वडागत योजनाको बिवरण** |
| १. | कृषि उपज संकलन केन्द्र स्थापना |
| २. | अर्गानिक तरकारी खेती फर्म विकास आयोजना |
| ३. | दुग्ध चिस्यान केन्द्र निर्माण कार्यक्रम |
| ४. | विषयगत सहकारकिो अनुगमन तथा नियमन कार्यक्रम |
| ५. | सुन्तला खेती समस्या पहिचान तथा निदान कार्यक्रम |
| ६. | लप्सी खेती विकास कार्यक्रम |
| ७. | कागती खेती आयोजना |
| ८. | कलाती स्याउ खेती आयोजना |
| ९. | दुम्सीडाँडा आलुखेती विकास आयोजना |
| १०. | कोल्ड स्टोर निर्माण योजना |
| ११. | कलाँती–रोशी सडक स्तरोन्नति कार्यक्रम |
| १२. | रोशी–कुशादेवी ग्राभेल योजना (२ वर्ष) |
| १३. | पनौती–जोरघट्ट सडक स्तरोन्नति योजना |
| १४. | रोशी खोला पुल निर्माण योजना |
| १५. | अधुरा खानेपानी आयोजना सम्पन्न तथा नयाँ खोपानी लाइन विस्तार आयोजना (१ वर्ष) |
| १६. | बृहत् खोपानी कलाती निरन्तरता |
| १७. | लीलावती खोला खानेपानी लिफ्टिङ योजना (३ वर्ष) |
| १८. | वडा चक्रपथ निर्माण योजना–सिमलबगरपुल–भालेश्वर मावि–वडा कार्यालय–खाडखोला–गुरुङ गाउँ–डाँडागाउँ–गर्भेडाँडा–दुम्सीडाँडा–कलाँती– गागल–सिमलबगरपुल (५ वर्ष) |
| १९. | खारखोला आसपास सिँचाई जलाशय निर्माण योजना (५ वर्ष) |
| २०. | पानीको मुहान स्रोत संरक्षण योजना |
| २१. | रोशी खोला तटबन्ध निर्माण योजना |
| २२. | कलाँती खोला तटबन्ध निर्माण योजना |
| २३. | कलाँती र डाँडागाउँ पहिरो अति जोखिम बस्तीका लागि बस्ती विकास सम्बन्धी अध्ययन कार्यक्रम |
| २४. | सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि कार्यक्रम |
| २५. | स्वास्थ्यचौकी भवन निर्माण योजनाको निरन्तरता |
| २६. | बालउद्यान निर्माण योजना |
| २७. | स्याकपाल डाँडा र स्याकपाल गुफा संरक्षण योजना |
| २८. | धार्मिक पर्यटन विकास योजना (५वर्ष) |
| २९. | अमलिचौर, मगरगाउँ पर्यटकीय क्षेत्र विकास कार्यक्रम |
| ३०. | भालेश्वर महादेव संरक्षण विकास योजना |
| ३१. | लीलावती, रुस्मती र सुक्खावती त्रिवेणी गन्धर्व घाट संरक्षण योजना |
| ३२. | एकीकृत धार्मिक पर्यटकीय क्षेत्र विकास कार्यक्रम |
| ३३. | उचित स्थानमा वडा कार्यालय भवन निर्माण योजना |
| ३४. | अग्लो स्थानमा रहेको इन्द्रादेवी मन्दिर संरक्षण कार्यक्रम |
| ३५. | गुम्बा विकास तथा संरक्षण कार्यक्रम |
| ३६. | प्राकृतिक झरना पञ्चकन्या पर्यटकीय स्थल निर्माण योजना |
| ३७. | रिसोर्ट प्रवर्धन कार्यक्रम |
| ३८. | होमस्टे प्रवर्धन कार्यक्रम |
| ३९. | ढुंगा खानीमा आवातजावत गर्ने ट्रिपरको टायम कार्ड निर्धारण कार्यक्रम |
| ४०. | ढुंगा खानीबाट आउने प्रदूषण न्यूनीकरण योजना |
| ४१. | घरेलु मदिरा व्यवसायीका लागि वैकल्पिक रोजगारी |

*स्रोतः पनौती नगरपालिकाको बृहत्तर (एकीकृत) बिकास अध्ययन*

# अनसुची २: पनौती नगरपालिका अन्तर्गत गरिने निर्माण तथा योजना सम्बन्धी मापदण्ड, २०७७

# अनसुची ३: माईनुटहरु




आज मिति २०७७/०८/०७ गते मंगलबार पनौती नगरपालिकाको कार्यालयमा 'पनौती नगरपालिकाको पाँचवर्षे बृहत्तर (एकीकृत) योजना तर्जुमा सम्बन्धमा नगरपालिका स्तरीय छलफल आयोजना गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरियो।

उपस्थिति

हस्ताक्षर

१. श्री भीम न्यौपाने — नगरप्रमुख
२. श्री गीता बञ्जारा — नगर उपप्रमुख
३. श्री गुणनाथ सापकोटा — वडाअध्यक्ष – वडा नं १
४. श्री पुरुषोत्तम अधिकारी — " " – वडा नं २
५. श्री किशोर थापा — " " – वडा नं ३
६. श्री बुद्धसिंह थापा — " " – वडा नं ४
७. श्री श्रीधर पाध्या कुइकेल — " " – वडा नं ५
८. श्री सुधीर सापकोटा — " " – वडा नं ६
९. श्री रामचन्द्र नास्तानी — " " – वडा नं ७
१०. श्री केशव बञ्जारा — " " – वडा नं ८
११. श्री शङ्कुल कुमार हुमागाई — " " – वडा नं ९
१२. श्री मोहनबहादुर भण्डारी — " " – वडा नं १०
१३. श्री ताराभान लामा — " " – वडा नं ११
१४. श्री ईश्वरराज अंगम — " " – वडा नं १२
१५. श्री सिता श्रेष्ठ — नगर कार्यपालिका सदस्य
१६. श्री निला अधिकारी — " " "
१७. श्री राधिका विश्वकर्मा — " " "
१८. श्री चाडिका परियार — " " "
१९. श्री भवानी विश्वकर्मा — " " "
२०. श्री केतल रमतेल — " " "
२१. श्री रामकाजी पहरी — " " "
२२. श्री मदन विश्वकर्मा — " " "
२३. श्री हरी प्रसाद चापागाई — प्रमुख प्रशासकीय अधिकृत
२४. श्री इन्द्रप्रसाद अधिकारी — वरिष्ठ " "
२५. सुमन हुमागाई — इन्जिनियर
२६. सुशिल श्रेष्ठ — सब-इन्जिनियर
२७. अनिता श्रेष्ठ — सूचना प्रविधि अधिकृत
२८. पुरुषोत्तम तिमल्सिना — " —— "

२९ सुर्य बहादुर तामाङ, वडा सदस्य
३० राजकुमार सापकोटा
३१) मधुरा वजगाई
३२) महेश्वर अंगाम



आजमिती २०७७-०५-०५ गते सोमबार का दिन पनौति नगरपालीकाको पाँच बर्षे बृहत्तर (एकिकृत) विकास योजना तयारी गर्ने सम्बन्धमा, नगरपालीका मास्टर योजना तर्जुमा सम्बन्धी प्रारम्भिक छलफल सम्बन्धी बैठक बसियो।

उपस्थितीहरु :

१) श्री [illegible] प्रमुख पनौती नगरपालिका
२) गीता बन्जारा उप ..
३ पुरुषोत्तम अधिकारी वडा अध्यक्ष २
४ बुद्धसिंह थापा वडा ७ - अध्यक्ष
५ युधिर सापकोटा वडा अध्यक्ष - ६
६ केशव बञ्जारा वडा अध्यक्ष ८
७ ईश्वर राज ओंगम ,, ,, १२
८ भवानी वि.क. वडा स १०
९ सिता गेळक कार्यपालिका सदस्य - १
१० राधिका विश्वकर्मा .. .. - ४
११ चण्डिका परियार .. .. - ८
१२ केवल खोल ,, ,, - ९
१३ मदन विश्वकर्मा कार्यपालिका सदस्य
१४ रामकाजी पहरी .. ..
१५ तेरामान तामाङ वडा अध्यक्ष ११
१६ श्यामकुल कुमार हुमागाईं वडा अध्यक्ष - ३
१७ राम चन्द्र नास्नानी वडा अध्यक्ष
१८ श्रीधर पाध्याय खड्का ,, ,, ५
१९ किशोर थापा ,, ,, ३
२० गुणानन्द सापकोटा ,, ,, १
२१ मोहन वि. गजुरेल ,, ,, ९
२२ हरी प्रसाद च्यापागाईं प्रमुख प्रशासकीय अधिकृत
२३ इन्द्रप्रसाद अधिकारी वरिष्ठ प्रशासकीय अधिकृत
२४ केशव कार्कि आचार्य [illegible]
२५ सुमन हुमागाईं इन्जिनीयर

१८. [illegible] कुमारी, कामिला सहयोगी

परामर्शदाताको तर्फबाट

| | | |
|---|---|---|
| शोभा पौडेल | [illegible] |
| डा. भागवत रिमाल | Team Leader |
| सुमन कुमार कार्की | Urban Planner |
| राजेश खड्का | Civil Engineer |
| नर बहादुर सिंह | Geographer / GIS Expert |
| रवि श्रेष्ठ | Geomatics Engineer |
| तिलक [illegible] | Engineer |

आज मिति २०७७/०७/०२ गते आइतबारको दिन वडा नं ३ वडा कार्यालयमा कुशादेवीमा (पनौती नगरपालिकाको पाँच बर्षे बृहत्तर (एकीकृत) विकास योजना तयारी गर्ने सम्बन्धमा वडा नं २ र वडा नं ३ को वडास्तरीय छलफल कार्यक्रम आयोजना गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरियो।

उपस्थित

१. किशोर थापा — वडा अध्यक्ष, पनौती न.पा वडा नं ३
२. पुरुषोत्तम अधिकारी — वडा अध्यक्ष, पनौती न.पा वडा नं २
३. ईश्वरी तिमिरे — वडा सदस्य, पनौती न.पा वडा नं ३
४. सरस्वती सुनुवार नेपाली " "
५. विष्णुप्रसाद सापकोटा " "
६. राम तामाङ " "
७. गीता अधिकारी " वडा नं २
८. सुनिता सि. के. " "
९. दिल ब. तामाङ " "
१०. रमेश [illegible] " "
११. [illegible] पनौती ३
१२. गोविन्द सापकोटा " "

आज मिति २०७८।०६।०४ गते मंगलबार वडा नं. ६, पनौती न.पा. को कार्यालयमा पनौती नगरपालिकाको पाँच वर्षे बृहत्तर (एकीकृत) विकास योजना तर्जुमा सम्बन्धमा वडास्तरीय छलफल कार्यक्रम आयोजना गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरियो।

उपस्थिति

१. श्री सुधिर सापकोटा वडा अध्यक्ष वडा नं. ६ वडा कार्यालय पनौती न.पा. [signature]
२. श्री नातीमैयाँ खड्का वडा सदस्य वडा नं. ६ नातीमैयाँ
३. श्री खिनमाया [illegible] वडा सदस्य ,,
४. श्री प्रताप सिंह थापा वडा सदस्य ,, प्रतापसिंह थापा
५. श्री शुभराम हुमागाईं वडा सदस्य ,, [signature]
६. श्री सरिता गजुरेल कर्मचारी सहजकर्ता ,, [signature]
७. श्री राजेन्द्र प्रसाद सापकोटा वडा सचिव [signature]

आज मिति २०७७।०७।०३ गते सोमबारको दिन वडा नं ७ को कार्यालयमा 'पनौती नगरपालिकाको पाँच वर्षे बृहत्तर (एकीकृत) विकास योजना तर्जुमा सम्बन्धमा वडा नं. ७ को वडास्तरीय छलफल कार्यक्रम आयोजना गरी आवश्यक सूचना तथा संकलन गरियो।

उपस्थिति

१. रामचन्द्र मास्नाती वडा अध्यक्ष, वडा नं ७ वडाकार्यालय
२. सुवर्ण मैया श्रेष्ठ वडासदस्य
३. अमला दमिनी " "
४. जीवन सुन्दर रघु श्रेष्ठ " "
५. पुरुषोत्तम आचार्य " "
६. कृष्ण लाल दुवाल वडा सचिव
७. राम बस्नेत

२०७७-०७-०४

आज मिति २०७७।०७।०२ गते आइतबारको दिन वडा नं ८ कार्यालयमा पनौती नगरपालिकाको पाँच वर्षे बृहत्तर (एकीकृत) विकास योजना तयार गर्ने सम्बन्धमा वडा नं ८ को वडास्तरीय [illegible] कार्यक्रम आयोजना गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरियो।

उपस्थित

१. केशव [illegible] — वडा अध्यक्ष पनौती नपा ८ नं वडा कार्यालय

२. शोभा कार्की — महिला वडा सदस्य ८ नं वडा कार्यालय

३. चाहिना परियार — दलित महिला सदस्य ८ नं वडा कार्यालय


४. गौरी नारायण श्रेष्ठ — वडा सदस्य ''

५. सन्तु के.सी. — '' ''

६. [illegible] — वडा सचिव

७. गीता थापा — [illegible] सहजकर्ता

८. अञ्जिता बस्नेत — पनौती - ८



आज मिति २०७६।०६।०४ गते मंगलबार वडा नं १० पनौती न.पा. को कार्यालयमा पनौती नगरपालिकाको पाँच वर्षे बृहत्तर (एकीकृत) योजना तर्जुमा सम्बन्धमा वडा स्तरीय छलफल कार्यक्रम आयोजना गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरियो।

उपस्थिति

१. श्री मोहनबहादुर अधिकारी — वडाअध्यक्ष वडा नं १० पनौती न.पा. [illegible]
२. श्री भगवती कार्की — वडा सदस्य
३. श्री शान्ति अधिकारी नेपाल — " "
४. श्री रवि [illegible] — " "
५. श्री [illegible]बहादुर श्रेष्ठ — " "
६. श्री बालकृष्ण फुयाल
७. श्री [illegible]
८. श्री [illegible]
९. श्री दिवाकर प्रजापति (लेखा सहयोगी) १० [illegible]
१० श्री सोमलाल [illegible] (ओभरसियर)
११ [illegible] वडा [illegible]

आज मिति २०७७।०६।०४ गते मंगलबार वडा नं. ११ को वडा कार्यालयमा पनौती नगरपालिकाको पञ्चवर्षे बृहत्तर (एकीकृत) विकास योजना तर्जुमा सम्बन्धमा वडास्तरीय छलफल कार्यक्रम आयोजना गरी आवश्यक सूचना तथा तथ्यांक संकलन गरियो।

उपस्थिति

१. श्री नारायण लामा — वडाअध्यक्ष वडा नं ११
२. राजेश्वर आचार्य — को वडा कार्यालय, पनौती, सचिव
३. लक्ष्मीराम पराजुली — सु.प्र. शिक्षक ह.सेवी
४. हिरा काजी लामा
५. शंकर लामा (शिक्षक)
६. भोलानाथ आचार्य — [illegible]

# अनसुची ४: तस्विर एवम चित्रहरु















The Coat-of-Arms


Bhawani Bishwokarma
Municipal Member




Gita Banjara
Deputy Mayor
Bhim Neupane
Mayor
















समृद्धिकालागि प्राथमिकताका क्षेत्र-१, मानव पूजी विकास
➢ स्वास्थ्य -रोग नलाग्ने चेतना व्यक्ति व्यक्तिमा, उपचारको सुविधा बस्ति बस्तिमा
➢ शिक्षा -आधारभूत शिक्षामा समान पहुच अनिवार्य
प्रविधिमा आधारित गुणस्तरीय शिक्षा अपरिहार्य
➢ खानेपानी र सरसफाई- जति सफा भोजनालय
उती सफा शौचालय
घरघरमा शुद्ध पिउनेपानी
फोहर विसर्जनमा विशेष सावधानी
People- Awareness & Readiness
















पनौती नगरपालिका
२०७३





एम्बुलेन्स सेवा


पनौती नगरपालिका
न्यायिक समितिको सचिवालय










सहिद शुक्रराज शास्त्री
सहिद दशरथ चन्द
सहिद धर्मभक्त माथेमा
सहिद गंगा लाल श्रेष्ठ
सहिद सगुन तामाकार

# अनसुची ५: पनोती नगरपालिकाको बिबिध नक्साहरु